बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

प्रदेश सचिव

ए.के. रेसिडेन्सी आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रायसुझावका लागि आव्हान गरिएको सार्वजनिक सूचना।

(प्रकाशित मितिः २०८२ चैत २० गते)

प्रस्तावक शेर्पा डेभेलपर्स प्रा.लि., बौद्ध, काठमाडौं महानगरपालिका-६, काठमाडौंले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६, महाँकालमा प्रस्तावित ए.के. रेसिडेन्सी आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिका लागि पेश गरेको छ। प्राप्त प्रतिवेदन अनुसार शेर्पा डेभलपर्स प्रा.लि. को नाममा दर्ता कायम रहेको काठमाडौँ महानगरपालिका वडा नं. ६ (साविक चावहिल-६) स्थित कित्ता नं. २८८, १६८, १३५, १३६, १०७, ९७, १८७, ३३१,९०, १३९, १३८, ३८, ३७, १३७, १९०, ९८, ६८४, ६७४, ६७६, ६८३, ७६६, २२१, ५२२, ५२३, १७४ र ७८५ को कूल ६,९६७.४२ वर्गमिटर (१३-११-०-२.१६) क्षेत्रफल जमिनमा यो आयोजना सञ्चालन हुनेछ भने प्रस्तावित आयोजना अन्तर्गत जमीनको सतहदेखि ४४.७ मिटर उचाई हुने १३ तलाको बहुतले आवासीय भवन निर्माण गरिनेछ, जसमा जम्मा १७९ वटा आवासीय इकाई (Apartment Units) उपलब्ध हुनेछन्। सोही प्रतिवेदन अनुसार यस भवनको तलाहरूको कूल क्षेत्रफल ३१,०२४.८४ वर्गमिटर (बेसमेन्ट बाहेक) रहनेछ भने आयोजना निर्माण चरणमा दैनिक ४४,४०० लिटर र सञ्चालन चरणमा दैनिक ७१,६०० लिटर पानीको आवश्यकता पर्ने देखिएको छ।

बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ४(३) बमोजिम यस प्रतिवेदनमा रायसुझावहरु दिनका लागी सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले प्रस्तावक शेर्पा डेभेलपर्स प्रा.लि., बौद्ध, काठमाडौं महानगरपालिका-६, काठमाडौं रहेको ए.के. रेसिडेन्सी आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको website : *https://mofe.bagamati.gov.np* मा समेत सार्वजनिक गरिएको छ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

प्रतिवेदन हेर्न वा उतार गर्न सकिने स्थानहरु :

श्री काठमाडौं महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, काठमाडौं।
श्री वडा नं. ६ को कार्यालय, काठमाडौं महानगरपालिका।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं।
श्री पुस्तकालय, प्रदेश सभा सचिवालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर।

राय-सुझाव पठाउने ठेगाना :

वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश
वातावरण परीक्षण शाखा
फोन नं. ०५७-५२५६१७
ईमेल: mofe@bagamati.gov.np

बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (१) सँग सम्बन्धित

ए.के. रेसिडेन्सी आयोजनाको

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

काठमाडौं महानगरपालिका, वडा नं. ६, महाँकाल

काठमाडौं जिल्ला, बागमती प्रदेश

पेश गरिने निकायको नाम र ठेगाना

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा नेपाल

फोन नं. : ०५७-५२५६१७

ईमेल : mofe@bagamati.gov.np

मार्फत

जिल्ला समन्वय समितिको कार्यालय

बबरमहल, काठमाडौं

प्रस्तावक

शेर्पा डेभलपर्स प्रा.लि.

काठमाडौं महानगरपालिका - ६, बौद्ध, काठमाडौं जिल्ला

फोनः ०१-४५३३८५६

ईमेलः sherpadevelopers23@gmail.com

चैत्र, २०८२

कार्यकारी सारांश

१. प्रस्तावक

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका, वडा नं. ६, महाँकालमा प्रस्तावित एपार्टमेन्ट भवन **"ए.के. रेसिडेन्सी आयोजना"** को प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि., काठमाडौँ महानगरपालिका -६, बौद्ध, काठमाडौँ जिल्ला रहेको छ। त्यसैले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (वा.प्र.मू.) प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी शेर्पा डेभलपर्स प्रा.लि. को रहेको छ। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन परामर्शदाता संस्था ग्रिन भ्याली कन्सल्ट्यान्ट प्रा.लि., अनामनगर, काठमाडौँले तयार गरेको छ।

२. परिचय

प्रस्तावित ए.के. रेसिडेन्सी आयोजना काठमाडौँ महानगरपालिका वडा नं. ६, महाँकालमा कार्यान्वयन गरिनेछ। प्रस्तावित आयोजना नापी किताब अनुसार शेर्पा डेभलपर्स प्रा.लि. को नाममा दर्ता कायम रहेको जमिनमा सञ्चालन हुने छ। प्रस्तावित जमिन काठमाडौँ महानगरपालिका वडा नं. ६, महाँकाल स्थित साविक का.म.न.पा. (चावहिल), वार्ड नं. ६ अन्तर्गत कित्ता नं. २८८,१६८,१३५,१३६,१०७,९७,१८७,३३१,९०,१३९,१३८,३७,३८,१३७,१९०,९८,६८ ४,६७४,६७६,६८३,७६६,५२२,२२१,७८५,१७४ र ५२३ तथा जमिन क्षेत्रफल ६९६७.४२ वर्गमिटर (१३-११-०-२.१६) रहेको छ । यस स्थानमा प्रस्तावकले १३ तलाको बहुतले आवासीय भवन निर्माण गर्नेछ भने जम्मा १७९ वटा आवासीय इकाई उपलब्ध गराउनेछ। यस सुविधापुर्ण आवासीय भवनमा पर्याप्त खुला क्षेत्र, पार्किङ्ग, जिम, पर्याप्त सुरक्षित खानेपानी आदिको राम्रो व्यवस्था गर्ने योजना रहेको छ । प्रस्तावित आयोजना निर्माणस्थलमा हाल तिनवटा साना आवासीय घर रहेका छन् भने बाँकी स्थान हाल खाली रहेको छ । प्रस्तावित आयोजना निर्माणपुर्व यी भवनहरु भत्काएर जमिन सम्माउने कार्य गरिनेछ । आयोजनाको निर्माण कार्य सम्बन्धित निकायबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत पश्चात् तथा काठमाण्डौ महानगरपालिकाबाट भवन नक्सा स्वीकृत भए पश्चात र निर्माण अनुमति पत्र प्राप्त भए पछी मात्रै निर्माण गरिनेछ ।

३. वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यः

बागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को अनुसूची ३ {दफा ३ को उपदफा (३) र दफा ४ को उपदफा (८) सँग सम्बन्धित} वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव अन्तर्गत खण्ड (ङ) आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रको उपखण्ड १) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय,

व्यावसायिक वा आवासीय र व्यावसायिक दुबै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने तथा उपखण्ड ६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने आयोजनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्दछ । प्रस्तावित आयोजना अन्तर्गत बन्ने भवनको तलाहरुको कुल क्षेत्रफल ३१,०२४.८४ वर्गमिटर (वेशमेन्ट बाहेक) तथा आयोजना निर्माण चरणमा दैनिक ४४,४०० लिटर र सञ्चालन चरणमा दैनिक ७१,६०० लिटर पानीको आवश्यक पर्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन सान्दर्भिक रेहको छ।

४. अध्ययन गर्दा अपनाइएका विधिहरु

वा. प्र. मू. प्रतिवेदन तयारीको क्रममा आयोजनासंग सम्बन्धित प्रकाशित प्रतिवेदनहरुको अध्ययन, वातावरणीय तथा अन्य सम्बन्धित ऐन, नियम, नियमावली, निर्देशिका, सन्धि, आदिको पुनरावलोकन, प्रश्नावली सर्वेक्षण, स्थलगत अध्ययन र अवलोकन, समूहगत छलफल, चेकलिष्ट तथा अन्य वैज्ञानिक विधिहरु अपनाइयो। यस आयोजनाको वा.प्र.मू. को लागि क्षेत्र निर्धारण तथा कार्यसूची बागमती प्रदेश सरकार - वन तथा वातावरण मन्त्रलयको सचिवस्तरीय निर्णयानुसार मिति २०८२/१०/११ गते स्वीकृत भए पश्चात अध्ययन टोलीले २०८२/१०/१२ देखि २०८२/१०/२२ गते सम्म आयोजना क्षेत्रको स्थलगत अध्ययन गरेको थियो। स्थलगत अध्ययनको क्रममा आयोजना प्रत्यक्ष प्रभाव क्षेत्र भित्र रहेकाक तथ्याङ्क संकलन गरिएको थियो। स्थलगत अध्ययनको क्रममा आयोजना क्षेत्रको भौतिक, जैविक तथा सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण सम्बन्धि जानकारी/तथ्याङ्क सङ्कलन गरियो। प्राप्त जानकारी/तथ्याङ्कको आधारमा आयोजना निर्माण तथा सञ्चालन चरणमा सकारात्मक र नकारात्मक प्रभावहरू पहिचान गरीयो। पहिचान गरिएका प्रभावहरुलाई प्रकृति, अवधि (अल्पकालीन, मध्यम र दीर्घकालीनमा), सीमा (स्थलगत, स्थानीय र क्षेत्रीय) र परिमाण (न्यून, मध्यय र उच्च)को आधारमा प्रभावको महत्त्वलाई न्यून, मध्ययम र उच्चमा वर्गिकृत गरियो।

यसैगरी, आयोजना सम्बन्धमा मिति २०८२/१०/१६ गते शुक्रबार बिहान ९ बजे काठमाडौं महानगरपालिका वार्ड नं. ६, बौद्ध स्थित होटल अनुताराको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरीयो। यस कार्यक्रमका बारेमा स्थानीय तथा सरोकारवालाहरुलाई जानकारी दिन "मध्यान्ह राष्ट्रिय दैनिक" पत्रिकामा मिति २०८२/१०/१२ गते सोमबार सूचना प्रकाशन गरी सो सूचना आयोजना स्थानीयको उपस्थितिमा विभिन्न सार्वजनिक स्थानहरु तथा सरोकारवालाहरुको कार्यालयमा टाँस गरिएको थियो। यस्तै, प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको लिखित राय/सुझावको लागि बागमती प्रदेश- वातावरण संरक्षण ऐन २०७७ को दफा ६ को उपदफा (२) र सम्बन्धित अनुसूची ११ वमोजिमको ढाँचामा तयार गरिएको पन्ध्र (१५) दिने सार्वजनिक सूचनालाई प्रमाणित गराइ सोही सूचनालाई काठमाडौं

महानगरपालिकाको कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. ६ को वडा कार्यालय तथा आयोजना क्षेत्रमा रहेका विभिन्न शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरोकारवाला निकाय र स्थानीय क्षेत्रमा टाँस गरी मुचुल्का तयार गरियो। सोही बमोजिमको पन्ध्र (१५) दिने सूचना "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा मिति २०८२/१०/२० गते मंगलबार प्रकाशन गरीयो। नेपाल सरकार - वातावरण संरक्षण नियमावलीको नियम (८) को उपनियम (९) र (१०) बमोजिम स्थानीय तह, विभिन्न सरोकारवाला निकाय, व्यक्ति, समुदाय बाट लिखित राय/सुझावहरु संकलन गरी प्राप्त राय सुझावहरुलाई समेत प्रतिवेदनमा समावेश गरियो ।

५. बिद्यमान वातावरणीय अवस्था

क) भौतिक वातावरण

प्रस्तावित आयोजना काठमाडौं उपत्यकाको बौद्ध स्टुपादेखि ६५० मि. दुरीमा उत्तर-पश्चिम तर्फ रहेको छ। आयोजना क्षेत्र समथल प्रकृतिको रहेको छ। आयोजना क्षेत्र समुद्र सतह देखी १३३० मि. मिटरको उचाईमा अवस्थित रहेको छ। आयोजना क्षेत्रको भु-गर्भको वनावट Gokarna Formation रहेको छ। यस क्षेत्रमा Quaternary चरणको fluvio-lacustrine को बाक्लो तह भएर बनेको meta-sandstone with fine grain, medium grain reddish brown meta-sandstoneको मिश्रण रहेकोछ। प्रस्तावित भवनको क्षेत्रमा भूमिगत पानीको सतह जमिन मुनी ३.१ मि देखि ६.० मि. सम्म रहेको छ। माटो परीक्षण आधारमा भवन निर्माण स्थलमा कुनै लिक्विफिकेशनको सम्भावना रहेको छैन (no possibility of liquefaction)। खानि तथा भु-गर्भ विभाग द्वारा २००२ मा गरेको भूकम्पीय जोखिमको अध्ययनले आयोजना क्षेत्र मध्यम जोखिम क्षेत्रमा (औसत जमिनको गतिवद्र्धन ०.२०g देखी ०.३०g सम्म) रहेको छ।

आयोजना देखि नजिकमा दुईवटा जलवायू मापन स्टेशन रहेको छ (त्रि-भुवन विमानस्थल स्टेशन र पानीपोखरी स्टेशन)। त्रिभुवन विमानस्थल स्टेशनको औसत अधिकतम अधिकतम तापक्रम २५.३ देखी २६.२ डिग्री सेन्टीग्रेट सम्म र औषत न्यूनतम तापक्रम १३.० देखि १४.१ डिग्री सेन्टीग्रेट सम्म रहेको । यसै गरी, पानीपोखरी स्टेशनको औसत अधिकतम अधिकतम तापक्रम २५.९ देखी २९.२ डिग्री सेन्टीग्रेट सम्म र औषत न्यूनतम तापक्रम १३.० देखि १४.४ डिग्री सेन्टीग्रेट सम्म रहेको । यस्तै, त्रिभुवन विमानस्थल स्टेशनको वार्षिक वर्षा १२७९.३ मि.मि. देखी १८२५.६ मि.मि. सम्म तथा पानीपोखरी स्टेशनको वार्षिक वर्षा १२२९.१ मि.मि. देखी १२०५४.० मि.मि. सम्म रहेको छ।

ख) जैविक वातावरण

काठमाडौं शहरको बीच क्षेत्रमा पर्ने आयोजना स्थलमा कुनै पनि प्रकारको सरकारी र सामुदायिक वन क्षेत्र रहेको छैन। आयोजना क्षेत्र देखि नजिकको वन क्षेत्र शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्जको

वन क्षेत्र रहेको छ। आयोजना क्षेत्र शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्जको सीमाना देखी ४.५ कि.मि. दुरीमा रहेको छ। आयोजना स्थल घना शहरी क्षेत्रमा अवस्थित भएको हुनाले आयोजना सञ्चालन हुने क्षेत्र वरपर वनस्पतिको विविधता न्यून रहेको छ। आयोजना क्षेत्रमा पाइने मुख्य रुखका वनस्पतिहरुमा पैयुं, काइयो, कपुर, पिपल, भोगटे, भिमसेन पाती, कल्की फुल, काउलो, खोटे सल्ला, लहरे पिपल, मसला, रुद्राक्ष र सिरिस रहेका छ। आयोजना शहरी क्षेत्रमा अवस्थित भएको हुनाले आयोजना सञ्चालन क्षेत्र वरपर वन्यजन्तु निक्कै नै कम रहेका छन्। आयोजना स्थल वरिपरि पाउने वन्यजन्तुमा रातो बाँदर, लोखर्के, मुस, छेपारो, भ्यागुता, कोइली, मेलवा, भँगेरा, काग, आदि रहेका छन्।

ग) सामाजिक - आर्थिक र साँस्कृतिक वातावरणीय अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार काठमाडौं म.न.पा.मा २३८९६६ घरधुरी रहेकोमा ४३८२५६ पुरूष र ४२४१४४ महिला गरी कूल ८६२४०० जनसंख्या बसोबास गर्दै आएका छन्। आयोजना सञ्चालन हुने काठमाडौं महानगरपालिका वडा नं. ६ कुल जनसंख्या २९५४ घरधुरी १०७७२ रहेको छ। राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकामा बसोबास गर्ने जनसंख्याले मान्ने मुख्य धर्ममा हिन्दु, बौद्ध, ईस्लाम र किरात धर्म रहेको छ। राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको बसोबास गर्ने १२९ जात-जाति मध्य प्रमुख जातजातिमा नेवार (२४.५९%),ब्राह्मण-पहाडी (२१.६३%), क्षेत्री (१८.६६%) तामाङ (७.७५%), मगर (४.१६%), गुरुङ (२.१५%), राई (१.८३%) र बॉकी अन्य जातजाति छन्। राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको बसोबास बासिन्दाहरुले बोलीचालीमा प्रयोग हुने ९५ वटा मातृभाषा मध्य धेरै प्रयोग हुने मातृभाषा नेपाली (५७.३४%), नेपालभाषा (नेवारी-२०.०६%), तामाङ (६.०६%), मौथिली (२.८४%) रहेको छ। यस्तै, राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको साक्षरता दर ९०.४७% र काठमाडौं -२८ को साक्षरता दर ९०.९० रहेको छ। राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको २३८९६६ घरधुरी मध्य ११४९७२ घरधुरीले घरभित्र जडान गरिएको खानेपानी पाइपबाट वितरित पानी, ११००२ घरधुरीले घर बाहिर रहेको खानेपानी धारा र बाँकीले अन्य स्रोतको प्रयोग गर्दछन्। यस्तै काठमाडौं -२८ का २९५४ घरधुरी मध्य २०६४ घरधुरीले घरभित्र जडान गरिएको खानेपानी पाइपबाट वितरित पानी, १०१ घरधुरीले घर बाहिर रहेको खानेपानी धारा र बाँकीले अन्य स्रोतको प्रयोग गर्दछन्।

६. वातावरणीय प्रभाव

क) सकारात्मक प्रभावहरु

निर्माण चरणमा यस आयोजनाले स्थानीय वासिन्दाहरुलाई रोजगारीको अवसर प्रदान गर्नुका साथै निर्माण सम्वन्धी नयाँ सीप तथा प्रविधिको हस्तान्तरण हुन गई दक्षता र प्राविधिक ज्ञानको बिकास हुनेछ। बसोबास गर्ने जनसंख्या, आगन्तुक र कामदारहरुको आवागमन र सवारी साधनको संख्यामा उल्लेख्य वृद्धि हुनगई आयोजना क्षेत्रमा बसोबास गर्ने मानिसहरुको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्नेछ।

आयोजनाको ल्याण्डस्केपिङ्गको क्रममा डिजाइन अनुसार अत्याधुनिक र आकर्षक भवन निर्माण हुने तथा सुन्दर रङ-रोगन गरिने भएकाले समग्र आयोजना क्षेत्रको सुन्दरता बढाउछ। आयोजनाको सुरक्षाका लागि भवन भित्र र बाहिरी खुल्ला क्षेत्रहरूमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड क्यामेराको प्रयोग गरिनेछ। प्रस्तावित बहुतले आवासीय भवनमा सुविधा सम्पन्न अपार्टमेन्टहरू मात्र नभई पर्याप्त खुला क्षेत्र, पार्किङ्ग, जिम, पर्याप्त सुरक्षित खानेपानी आदिको राम्रो व्यवस्था गर्ने योजना रहेको छ।

ख) नकारात्मक प्रभाव

अ) निर्माण पूर्व र निर्माण चरण

भौतिक प्रभाव

विद्यमान भवन भत्काउँदा करिब ३,१०० घ.मि. विग्रन (कन्क्रिट र अन्य निर्माणजन्य) तथा प्रस्तावित भवनको जग खन्ने क्रममा ९,८०० घ.मि. बिग्रन (माटो तथा अन्य) गरी जम्मा १२,९०० घ.मि. विग्रन उत्सर्जनन् हुनेछ। आयोजना निर्माण चरणमा, निर्माण कार्यहरूबाट निर्माणजन्य फोहोर (सिमेन्ट, बालुवा, फलाम, ढुङ्गा, झोला वा खाली बोरा, प्याकेट खोलहरू) सीमित परिमाणमा निस्कनेछ। त्यसैगरी, इलेक्ट्रो- मेकानिकल कार्यहरूबाट रसायन तथा तेल, ग्रिज, पेन्ट्स जस्ता हानिकारक फोहोरहरू निस्कने सम्भावना हुन्छ। आयोजना निर्माण अवधिमा निर्माण कृयाकलाप तथा निर्माण सामाग्रीहरु ढुवानीका कारणले आयोजना स्थलमा वायु तथा ध्वनि प्रदूषण हुने देखिन्छ। निर्माण सामग्री ढुवानीका साधनहरु जस्तै ट्रिप्पर, ट्रयाक्टर, आदिको आवगमन तथा निर्माण कार्यमा प्रयोग हुने मेशिनहरु जस्तै भाइब्रेटर, जेनेरेटर, मार्बल (वा टायल) कटर, कन्क्रिट मिक्सर, आदिले ध्वनि प्रदूषण र कम्पन सृजना गर्दछ। आयोजनाको निर्माण चरणमा दैनिक १८३.०५ के.जि. ठोस फोहर (निर्माणजन्य बाहेक) उत्सर्जन हुने अनुमान गरिएको (३९४ जना कामदारबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) छ। यस आयोजनाको निर्माण चरणमा दैनिक औषतमा ४४,०४१ लिटर पानी खपत हुने अनुमान गरिएको छ। यस पानीको आवश्यकता पुर्ती गर्न आयोजनाले आयोजना क्षेत्रमा डिप बोरिङ्ग

जडान गरी भूमिगत पानीको प्रयोग गर्ने छ। निर्माण चरणको अवधिमा भूकम्प, आगलागि र इलेक्ट्रिक सर्ट सर्किट जस्ता घटना/दुर्घटना कामदारहरू र निर्माण स्थलसँगको नजिकका क्षेत्रहरूमा असर पार्न सक्छ। विद्युतीय सर्ट सर्किट वा निर्माण-चरणमा कामदारहरूको लापरबाहीको कारण आगोका थप जोखिम हुन सक्छ।

जैविक प्रभाव

यस भवन निर्माण गर्दा यस क्षेत्रमा भौतिक संरचना निर्माण भई खालि रहेको जग्गाको स्वरुप परिवर्तन हुनेछ। यसले गर्दा यस स्थानमा वस्ने चरा-चुरङ्गी तथा मुसा, लोखर्के जस्ता जीवहरु यी क्षेत्रबाट भाग्नेछन्। आयोजना सहरी क्षेत्रमा रहेको हुनाले आयोजना क्षेत्रभित्र सौन्दर्यता कायम गर्नको लागि बगैंचा निर्माण गरिने र उक्त बगैंचामा विभिन्न किसिमका फूल तथा बिरुवाहरु रोपण गरिने भएकोले सहरी जैविक विविधता कायम गर्न सकिन्छ।

सामाजिक- आर्थिक तथा साँस्कृतिक प्रभाव

आयोजना निर्माणको क्रममा हुने अन्य सामाजिक-आर्थिक प्रभावहरुमा वर्गीय विभेद, जातिय विभेद र क्षेत्रीय विभेद तथा बाल श्रमबाट पार्ने प्रभाव, महामारीबाट जनस्वास्थ्यमा पार्ने प्रभाव, पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव, निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासोले पार्ने प्रभाव रहेका ।

यसका साथै, निर्माण क्रममा हुने सडक अवरुद्ध, निर्माण उपकरणको सञ्चालन, निर्माण समाग्री ढुवानी ट्रिपर, कन्क्रिट मिक्सर सञ्चालन, आदि कार्यले सृजना गर्ने ध्वनि प्रदुषण तथा अन्य समस्याहरुले मुख्यरुपमा आयोजना क्षेत्रका व्यवसाय तथा यात्रुहरुलाई असहज अवस्था सृजना गर्नेछ। यसैगरी, जग खन्दा गरिने जमिनको उत्खनन् कार्यले नजिकमा रहेका भवनहरुमा क्षती पुर्याउन सक्ने भएकाले स्थानीय क्षेत्रमा थप असर गर्न सक्छ। यस्तै, स्थानीय क्षेत्रमा पर्ने अर्को प्रभाव भनेको प्रस्तावित भवन नजिकमा रहेका आवाशिय भवनहरु भन्दा अग्लो हुने भएकाले यी आवासीय भवनहरुमा (बिशेषगरी उत्तरतर्फ रहेका) सूर्यको प्रकाश वा घाममा अवरोध हुन सक्नेछ।

आ) सञ्चालन चरण

भौतिक प्रभाव

आयोजना क्षेत्र भित्र रहने मानिस, आयोजना सञ्चालनको लागि आवश्यक कामदारहरुको उपस्थितीले गर्दा यस क्षेत्रमा मानिसहरुको बाक्लो भिड-भाड हुनेछ। यस्तै, आयोजना परिसर भित्र सवारीको आवत-जावत हुँदा तथा जेनेरेटरको प्रयोग गरिदा यस क्षेत्रमा ध्वनि र वायु प्रदूषण

हुन सक्दछ। आयोजना सञ्चालनबाट उत्सर्जन् हुने वायु प्रदुषकहरुमा Sulfur dioxide (SO2), Nitrogen oxides (NOX) र Particulate Matter (PM), आदि रहेका छन्।

आयोजनाको सञ्चालन चरणमा औषत दैनिक ६९,८५० लिटर पानी खपत हुने अनुमान गरिएको छ। यस पानीको आवश्यकता पुर्ती भुमिगत पानी मार्फत गरिने भएकाले आयोजना क्षेत्रको भुमीगत पानीको स्रोतमा चाप सृजना भई भुमिगत पानीमा ह्रास हुनेछ। आयोजना सञ्चालनको क्रममा यातायात सवारी, बासिन्दा र कर्मचारीको उपस्थितीले आयोजना क्षेत्र भित्र र आसपासको क्षेत्रमा फोहरको समस्या सृजना गर्दछ। सञ्चालन चरणमा आयोजना क्षेत्रबाट प्रतिदिन १८५.८४ के.जी. ठोस जन्य फोहोर (कुहिने र नकुहिने फोहर) उत्पादन हुने देखिन्छ। आयोजना सञ्चालन चरण ५०,८०० लिटर फोहरपानी उत्सर्जन हुने आँकलन गरिएको छ। फोहर पानीको अव्यवस्थित विसर्जनले TSP को वृद्धि, BOD को मात्रा वृद्धि र जल प्रदूषण हुन सक्छ। यस आयोजनाको सञ्चालनसँगै निष्काशन हुने तरल फोहर तथा मानव मलमूत्रको उचित व्यवस्थापन हुन नसक्दा जटिल समस्या निम्ताउन सक्छ। यस्तै, प्रस्तावित बहुतले भवन सञ्चालन चरणमा भूकम्प र आगो लाग्न सक्ने घटना परिकल्पना गरिएको सम्भावित प्रकोप हो। बिजुली सर्ट सर्किट वा स्टाफको लापरवाहीको कारण आगोको जोखिम हुन सक्छ।

सामाजिक- आर्थिक तथा साँस्कृतिक प्रभाव

आयोजना सञ्चालनमा चरणमा सामाजिक- आर्थिक तथा साँस्कृतिक क्षेत्रमा देखिने मुख्य प्रभावहरुमा मानिसहरुको जनसंख्या वृद्धिका कारण हुने चहलपहलका कारण सम्भावित दुर्घटना, बहु जातियता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह, आयोजना क्षेत्रमा स्वास्थ्य तथा सरसफाईको कमीले पार्ने प्रभाव, भिड व्यवस्थापनसँग सम्बन्धित सवाल, ट्राफिक व्यवस्थापनका सवाल, शान्ति सुरक्षासँग सम्बन्धीत प्रभाव र अपार्टमेन्टमा बस्ने मानिसहरूको भोगाधिकार सम्बन्धी प्रभाव आदि रहेका छन्।

७. वातावरणीय सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरण

क) अनुकूल प्रभाव बढाउने उपायहरु

आयोजनाको निर्माण र सञ्चालन चरणका अनुकूल प्रभाव अभिवृद्धिका उपायहरु निम्न अनुसारका रहेका छन्:

- आयोजनाबाट श्रृजित हुने रोजगारहरु सम्बन्धी स्थानीयहरुलाई सचेत गराउने तथा स्थानीय बासिन्दाहरुलाई रोजगारमा पहिलो प्राथमिकता प्रदान गरिने छ।

- निर्माण चरणमा कामदार तथा कर्मचारीहरुको लागि आवश्यक सामग्रीहरु तथा सञ्चालन चरणमा बसोबास गर्ने बासिन्दा र कर्मचारीहरुको लागि आवश्यक सामग्रीहरु पनि नजिकको पसलबाट खरिद गर्न प्रोत्साहन गरिनेछ।
- बँगैचा र सेट ब्याक क्षेत्रमा मौसमी फुल र स्थानीय प्रजातिका रुखका प्रजातिहरु वृक्षरोपण गरिनेछ। वृक्षरोपण गरिएका स्थानलाई तारबार गरिनेछ।
- आयोजना परिसरको सुरक्षाको लागि निजी सुरक्षा गार्ड खटाइनेछ, मुल प्रवेशद्वारमा सुरक्षाकर्मी, आयोजना परिसर र मुल सडकमा CCTV जडान गरी अनुगमन गरिनेछ।
- सुरक्षा प्रणालीको लागि विभिन्न उपकरणहरु जडान गर्ने तथा सङ्केतहरु प्रयोग गरिनेछ।

ख) नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु

अ) निर्माणपूर्व र निर्माण चरण

भौतिक तथा रसायनिक वातावरण

- स्वीकृत डिजाइन अनुसार भौतिक पूर्वाधारहरुको विकास; सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोपिनेछ।
- Vertical gardening को व्यवस्था राखिनेछ।
- भण्डारण गरिएको निर्माण सामग्रीलाई छोपिनेछ।
- सिमन्टलाई भण्डारण गर्न अस्थायी संरचना निर्माण गरिनेछ। आयोजना निर्माण शुरु गर्नु अगाडि निर्माण क्षेत्रलाई पर्खाल (वा CGI सिट वा अन्य तरिकाले) ले वार लगाइनेछ; निर्माण चरणमा भवनलाई ग्रिन नेटले छोपिनेछ।
- कम आवाज उत्सर्जनन् हुने उपकरणहरु प्रयोग गरिने, उच्च ध्वनि उत्सर्जन हुँने कार्य (जस्तै कंक्रीट खन्याउने वा ड्रिलिंग) गर्दा सम्भव भए सम्म Acoustic blankets or modular sound barriers को प्रयोग गरिने र दिनको समयमा मात्रै गरिनेछ (बिहान ६ बजे देखि बेलुका ७ बजे सम्म)।
- कामदारहरुलाई आवश्यकता अनुसार मास्क, मुख छोप्ने ग्लास तथा हेल्मेटको प्रयोग अनिवार्य गरिनेछ।
- आयोजना स्थलबाट उत्पादित ठोस जन्य फोहोमैला पुन प्रयोग गर्न मिल्ने, कुहिने र नकुहिने गरी छुट्याएर संकलन गर्न भिन्न भिन्न रंगका Dustbin राख्ने व्यवस्था मिलाइनेछ।

- कामदार शिविर र निर्माण क्षेत्रमा पर्याप्त संख्यामा सेप्टिक टयाङ्क सहितको शौचालयको व्यवस्था गरिनेछ (महिला र पुरुषको लागि छुट्टा-छुट्टै)। खुला दिसा-पिसाव गर्न प्रतिवन्ध गरिनेछ।
- निर्माण सामग्री ढुवानीका साधनहरुको आवगमन बिहान ७ बजे अगाडि र बेलुका ८ बजे पछाडि मात्रै गरिनेछ।
- आयोजना परिसर भित्र भूमिगत पानीको पुनः भरणको लागि ३ वटा रिचार्ज पिट निर्माण गरिनेछ।
- आयोजना सञ्चालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ।
- कामदार शिविरबाट निस्किने फोहोर पानी र तरल फोहरलाई Soak Pi t निर्माण गरी विसर्जन गरिनेछ।
- नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा यस आयोजनाको लागि छुट्टै ट्रान्स्फर्मर जडान गरिनेछ। न्यून उर्जा खपत गर्ने जेनरेटर, उपकरण, सवारी-साधनका प्रयोग गरिनेछ। अनावश्यक रुपमा विद्युतिय उपकरणहरु सञ्चालन गरिनेछैन।
- आगलागि, भूकम्प, दुर्घटना, जस्ता आपतकालीन अवस्थामा भीड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था गरिएको छ। आयोजना क्षेत्रमा पर्याप्त मात्रामा fire extinguisher राखिनेछ।
- आयोजनाको संरचना र आयोजनामा संलग्न हुन कामदार, कर्मचारीहरुको विमाको व्यवस्था गरिनेछ।

जैविक वातावरण

- भवन निर्माणमा पर्याप्त वगैचा निर्माण गरी हरियाली हुने गरी निर्माण गरिनेछ; निर्माणस्थलमा चरा-चुरङ्गी तथा लोखर्के जस्ता जीव-जन्तु मार्ने कार्यको पुर्ण रुपमा निषेध गरिनेछ।
- सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोप्ने; Vertical gardening को व्यवस्था राखिनेछ।

सामाजिक- आर्थिक तथा साँस्कृतिक वातावरण

- कामदारहरूलाई सम्मानजनक सेवा सुबिधा प्रदान, रोजगारीको अवसर र ज्यालामा महिला-पुरुष (वा क्षेत्रीय जात-जाति विच) कुनै पनि कसिमको भेदभाव गरिनेछैन, आयोजनाको कार्यमा कुनै पनि किसिमको वालश्रम प्रयोग गरिनेछैन।

- सम्बन्धित सरोकारावाला व्यक्ति/ कामदारहरुको उजरी राख्न आयोजना स्थलमा गनुासो पेटिका राखिनेछ र प्राप्त उजुरीलाई पैतिस (३५) दिन भित्र सम्बोधन गरिनेछ।
- सरुवा तथा संक्रमणीय रोगहरूको रोकथामको लागि संक्रमण रोग ऐन र नियमावलीमा भएका सम्पुर्ण प्रावधानहरु पालना गरिनेछ।
- यसका साथै, नेपाल सरकार, प्रदेश सरकार तथा का.म.न.पा. ले जारी गरेको विभिन्न जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा परिपत्रहरुको पालना गरिनेछ। कामदार शिविरमा सफा र सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ। सरुवा रोग सार्ने माध्यमहरु जस्तै लामखुट्टे, झिंगा, भुसुना आदिको वृद्धि रोक्न आजोजना स्थल वरपर रहेका पानी जम्ने खाल्डाखुल्डी पुरिनेछ र पानी जम्मा हुने खाल्डाखुल्डीमा लामखुट्टे मार्ने स्प्रे प्रयोग गरिनेछ भने सडेगलेका फोहोरमैला र फोहोरपानीको विसर्जन निश्चित स्थान मात्र गरिनेछ।
- निर्माण कार्यमा खटिएका कामदारहरुलाई मास्क, चस्मा, हेल्मेट, Earplugs, पन्जाको प्रयोग अनिवार्य गरीनेछ। आयोजना भित्र पर्याप्त शौचालयको व्यवस्था गरिनेछ। शौचालयमा सेप्टिक ट्याक जडान गरिनेछ।
- निर्माण कार्यमा खटिएका कामदारहरुको अनिवार्य स्वास्थ्य सुरक्षा बिमा र औषधि उपचारको व्यवस्था गरिनेछ।
- संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको व्यवस्था गरिनेछ। नजिकका संरचनाको भौतिक क्षतीको लागि विमाको व्यवस्था गरिनेछ।
- निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासो सम्बोधनको लागि प्रस्तावक, महानगरपालिका, वडा कार्यालयको समन्वयमा व्यवस्थापन गरिनेछ।
- निर्माण सामग्री ढुवानीका साधनहरुको आवगमन बिहान ७ बजे अगाडि र बेलुका ८ बजे पछाडि मात्रै गरिनेछ।
- आयोजनासँग सम्बन्धित सवारी साधनहरु सार्वजनिक सडकमा पार्किङ गरिने छैन।
- आयोजना निर्माणका कारणले निजी र सार्वजनिक संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको लागि विमाको व्यवस्था गरिनेछ। संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको व्यवस्था गरिने, विमाको व्यवस्था, वडा कार्यालय, धरधनी र प्रस्तावकको क्षतिपुर्तीको विस्तृत विवरण उल्लेख गरी त्रिपक्षीय सम्झौता गरिनेछ।
- निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासाहरु प्रस्तावक, महानगरपालिका, वडा कार्यालयको समन्वयमा व्यवस्थापन गरिनेछ।

आ) सञ्चालन चरण

भौतिक-रसायनिक वातावारण

- भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ, आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ।
- आयोजनाको सञ्चालन चरणमा आयोजना स्थललाई वातावरणमैत्री राख्न आयोजना स्थलमा मानिसको स्वास्थ्य र वातावरणलाई असर नगर्ने (वा असर कम गर्ने विकल्पका) रंगहरु मात्र प्रयोग गरिनेछ।
- आयोजना परिसर भित्र भूमिगत पानीको पुनः भरणको लागि ३ वटा रिचार्ज पिट निर्माण गरिनेछ। आयोजना सञ्चालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ।
- शौचालयमा कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान गरिनेछ। ढल निकास योजना NBC 208: 2003- Sanitary and Plumbing design requirements मा आधारित हुनेछ।
- आयोजना सञ्चालनको क्रममा निस्कने फोहरमैलाको व्यबस्थापनको लागि फोहरमैला व्यबस्थापन ऐन, २०६८ र फोहरमैला व्यबस्थापन नियमावली, २०७० वमोजिम गरिनेछ।
- स्नान कक्ष, भान्छा कोठा र सरसफाई गर्दा उत्सर्जित फोहोर पानीलाई विसर्जन गर्न छुट्टा छुट्टै Soak Pit को निर्माण गरिनेछ। सेप्टीटयांकीमा जम्मा भएको फोहोरपानी विसर्जन गर्नको लागि Soak Pit मा जडान गरिनेछ।
- विद्युत खपत कम गर्न सोलार वाटर हिटरको प्रयोग गरिनेछ।
- भवनहको छतमा सौर्य ऊर्जा प्रणाली जडान गरी सम्बन्धित आयोजना परिसरमा सौर्य बत्तिको जडान गरिनेछ। वैकल्पिक उर्जाको लागि डिजेल/पेट्रोल जेनेरेटरको प्रयोग गरिनेछ।
- आगलागि, भूकम्प, जस्ता आपतकालीन अवस्थामा भीड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था गरिएको छ।
- आयोजना क्षेत्रमा पर्याप्त मात्रामा फायर एक्जिट, खुल्ला ठाउँ र हाइड्रन्ट तथा अग्नि प्रतिरोधी सामग्री राखिनेछ। जोखिम पूर्ण क्षेत्रमा फायर अलार्म प्रणाली र स्मोक डिटेक्टर जडान गरिनेछ। आयोजना स्थलमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड गर्ने भिडियो

क्यामराको प्रयोग गरिनेछ। सबै भिडियोको अनुगमन सुरक्षा कोठा (Security room) बाट गरिनेछ।

सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण

- भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ, आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ।
- सरुवा तथा संक्रमणीय रोगहरूको रोकथामको लागि संक्रमण रोग ऐन र नियमावलीमा भएका सम्पुर्ण प्रावधानहरु पालना गरिनेछ। यसका साथै, नेपाल सरकार, प्रदेश सरकार तथा का.म.न.पा. ले जारी गरेको विभिन्न जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा परिपत्रहरुको पालना गरिनेछ।
- सरुवा रोग सार्ने माध्यमहरु जस्तै लामखुट्टे, झिंगा, भुसुना आदिको वृद्धि रोक्न आजोजना क्षेत्रमा नियमित सर-सफाई गरिनेछ।
- सडक क्षेत्रमा तथा सार्वजनिक स्थानमा पर्किङ्ग गर्न रोकिनेछ।
- भवनको वेशमेन्ट २७६ वटा दुई पाङ्ग्रे र २७५ वटा चार पाङ्ग्रे पार्किङ क्षमताको हुनेछ। यस्तै, भिडभाडको अवस्थामा भवन बाहिर रहेको खाली जमिनमा पनि पार्किङ गर्न मिल्ने व्यवस्था गरिने छ।
- अपराधिक गतिविधि न्यूनीकरणको लागि उचित सुरक्षा प्रबन्ध तथा उपकरण जडान गरिनेछ। आयोजना स्थल भित्र पर्याप्त मात्रामा CCTV जडान गरिनेछ।
- सबैले देखिने स्थानमा उजुरी पेटिका राखिनेछ। जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाइनेछ।

८. वातावरणीय अनुगमन

वातावरण संरक्षण ऐनको दफा ३९ (१) र (२) तथा वातावरण संरक्षण नियमावलीको नियम ४५ (१) र (२) ले कुनै पनि प्रस्ताव वा आयोजनाको वातावरणीय अनुगमनको लागि कानूनी व्यवस्था गरेको छ। यस प्रतिवेदनमा उल्लेख भएका वातावरणीय उपायहरुहको कार्यान्वयन गर्ने मूख्य जिम्मेवारी प्रस्तावकको (शेर्पा डेभलपर्स प्रा.लि.) हुनेछ भने प्रतिवेदन अनुसारको कार्य भए-नभएको अनुगमन गर्ने मूख्य जिम्मेवार निकाय बागमती प्रदेश सरकार- वन तथा वातावरण मन्त्रालयको हुनेछ। वातावरणीय अनुगमन स्थलगत निरीक्षण र अनुगमन स्थापित सूचकहरू प्रयोग गरेर गरिनेछ। अनुगमन गतिविधिमा अवलोकन गरिएको प्रभावहरूको परिमाण, प्रभावहरूको प्रकृति र सीमा प्रमाणित गर्न, जानकारी संकलन गर्ने, फोटोहरू लिने तथा स्थानीयसँग

छलफल/अन्तर्क्रिया लगायतका कार्य गरिनेछ। यसका साथै आयोजना क्षेत्रमा विभिन्न नमूना संकलन तथा परीक्षणहरू (वायु, ध्वनि, पानी, आदि) गरी थप विश्लेषण गरिनेछ। आयोजनाको अनुगमन कार्य गर्दा आयोजनासँग सम्बन्ध राख्ने विभिन्न निकायहरूको (प्रभावित स्थानीय तह तथा वडा कार्यालयहरु) सहकार्यमा गरिनेछ।

यस आयोजनाको प्रतिकूल/लाभदायक प्रभावको लागि वातावरणीय व्यवस्थापन कार्यको लागि ने.रू ३७,००,०००।— अनुमान गरिएको छ भने वातावरणीय अनुगमन कार्यको लागि आवश्यकता अनुसार प्रस्तावकले कार्यालय सञ्चालन लागतबाट व्यवस्थापन गर्नेछ।

९. वातावरणीय परीक्षण

वातावरण संरक्षण ऐन २०७६ को दफा १२ बमोजिम वन तथा वातावरण मन्त्रालयले प्रस्ताव कार्यान्वयन शुरु भएको २ वर्ष भुक्तान भएको मितिले ६ महिना भित्र वातावरणीय परीक्षण गर्नेछ। वातावरणीय परीक्षणमा वातावरणीय मूल्याङ्कनको अनुसारको भैसकेका र भैरहेका वातावरणीय कार्यहरुको प्रमाणित गर्न प्रयोग गरिन्छ। वातावरणीय परीक्षणले पूर्व निर्माण, निर्माण र सञ्चालन चरणको अनुगमन संयन्त्रको कार्यक्षमताको पनि मूल्याङ्कन गर्दछ।

१०. निष्कर्ष

यस आयोजनाले आयोजना क्षेत्रको प्रस्तावकको लागि अत्यावश्यक रहेको सुविधा सम्पन्न आवाशिय इकाई उपलब्ध गराउने र बसोबास गर्ने बासिन्दाहरुको लागि आवससँगै आवश्यक अन्य सुविधा उपलब्ध हुने तथा स्थानीय व्यापार व्यवसायमा वृद्धि गराउनेछ। यसैले, प्रस्तावित आयोजना निर्माण गर्दा हुने अनुमान गरिएका सम्भावित वातावरणीय प्रभावहरुको (तथा हाल अनुमान नगरिएका प्रभावहरु समेत) न्यूनीकरण गरी निर्माण गर्नु उपयुक्त देखिन्छ। यस आयोजनाको लागि अन्य वातावरणीय अध्ययनको आवश्यक पर्दैन।

११. प्रस्तावकको प्रतिबद्धता

- यस आयोजना मार्फत निर्माण हुने भवन लगायत अन्य संरचनाहरु काठमाडौं महानगरपालिकाबाट नक्सा पास भए पश्चात मात्रै निर्माण गरिनेछ।
- स्थानीयवासीको समस्याहरु बुझी नियमित रुपमा उनीहरुको राय सुझाव लिइने छ।
- कामदारहरुको लागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपानाइनेछ।
- आयोजनाको प्रस्तावकले यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएका सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभावहरु न्यूनीकरण गर्ने उपायहरु र वातावरणीय व्यवस्थापन योजना अक्षरस पालना गर्नेछ।

विषयसूची

कार्यकारी सारांश i
विषयसूची xiv
तालिकाहरुको सूची xix
चित्रहरु तथा नक्साहरुको सूची xxi
अनुसूचीहरुको सूची xxii
संक्षेपीकरणको सूची (नेपाली) xxiii
संक्षेपीकरणको सूची (अङ्ग्रेजी) xxv
परिच्छेद -१ ..... १
प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना १
१.१ प्रस्तावकको नाम र ठेगाना १
१.२ परामर्शदाताको नाम र ठेगाना १
१.३ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य २
१.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य ४
१.५ अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुरा ४
परिच्छेद -२ ..... ६
प्रस्तावको परिचय ६
२.१ भूमिका ६
२.२ प्रस्तावको परिचय ६
२.३ प्रस्तावको सान्दर्भिकता ८
२.४ अवस्थिति र पहुँच ८
२.५ प्रकृति/ किसिम १२
२.६ संरचनाको जानकारी र अवयव १२
२.७ डिजाइन १५
२.८ आयोजना सम्बन्धी क्रियाकलाप १९
२.८.१ निर्माण अघिको चरण १९
२.८.२ निर्माण चरण १९
२.८.३ सञ्चालन चरण २०
२.९ निर्माण योजना २०

२.१० आवश्यक जग्गा २१
२.११ आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्रीहरु २१
२.१२ आयोजनालाई आवश्यक पर्ने निर्माण प्रविधि २२
२.१३ आयोजनाका लागि आवश्यक पर्ने इन्धन २२
२.१४ आयोजनालाई आवश्यक पर्ने जनशक्ति २३
२.१५ आयोजनाको लागि आवश्यक पर्ने पानी २३
२.१६ आयोजनाको सहायक सुविधाहरु निर्धारण २४
परिच्छेद -३ ..... २६
प्रतिवेदन तयार गर्दा अपनाइएको विधि २६
३.१. सन्दर्भ सामाग्रीहरुको अध्ययन २६
३.२ आयोजनाको प्रभाव क्षेत्र निर्धारण २७
३.३ चेकलिष्टको तयारी २७
३.४ स्थलगत अध्ययन २८
३.४.१ भौतिक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन २८
३.४.२ जैविक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन २९
३.४.३ सामाजिक-आर्थिक- साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन ३०
३.५ छलफल तथा परामर्श ३०
३.६ सार्वजनिक सुनुवाई तथा सार्वजनिक सूचना ३०
३.७ तथ्याङ्कको बिश्लेषण ३१
३.८ प्रभाव विश्लेषण ३३
३.९ प्रतिवेदन तयारी ३४
परिच्छेद -४ ..... ३६
प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड ३६
क) नेपालको संविधान ३६
ख) सान्दर्भिक नीति तथा रणनीतिहरु ३७
ग) सान्दर्भिक ऐनहरु ४०
घ) सान्दर्भिक नियमहरु ५२
ङ) निर्देशिका, दिग्दर्शनहरू तथा कार्यविधि ५७
च) मापदण्डहरू ६०
छ) महासन्धिहरू ६९

परिच्छेद -५..... ७०
विद्यमान वातावरणीय अवस्था..... ७१
५.१ भौतिक वातावरण..... ७१
५.१.१ स्थलाकृति र भू-उपयोग..... ७१
५.१.२ आयोजना क्षेत्रको माटोको अवस्था..... ७१
५.१.३ भुकम्पीय अवस्था..... ७३
५.१.४ भूमि उपयोग तथा प्रयोगको विवरण..... ७३
५.१.५ जलवायु तथा मौसमको विवरण..... ७३
५.१.६ खोला-नाला..... ७४
५.१.७ पानीको गुणस्तर..... ७४
५.१.८ वायुको गुणस्तर..... ७५
५.१.९ ध्वनिको गुणस्तर..... ७७
५.१.१० फोहर मैला व्यवस्थापन..... ७८
५.१.११ रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोग..... ७८
५.२ जैविक वातावरण..... ७८
५.२.१ वन र वनस्पति..... ७८
५.२.२ वन्यजन्तु..... ८०
५.३ सामाजिक - आर्थिक र साँस्कृतिक वातावरणीय अवस्था..... ८१
५.३.१ जनसंख्या..... ८१
५.३.२ जातजात, भाषा र धर्म..... ८२
५.३.३ शिक्षा एवं साक्षरता..... ८४
५.३.४ खानेपानी, सरसफाई तथा स्वास्थ्य..... ८४
५.३.५ पेशा..... ८५
५.३.६ बिद्युत र संचार..... ८५
५.३.७ बैङ्क तथा वित्तीय संस्थाहरू..... ८६
५.३.८ साँस्कृतिक वातावरण..... ८६
परिच्छेद -६..... ८७
प्रस्तावको विकल्प विश्लेषण..... ८७
६.१ डिजाईन..... ८७
६.२ आयोजना स्थल..... ८८

६.३ प्रक्रिया, समय- तालिका ८८
६.४ प्रयोग हुने कच्चा पदार्थ ८९
६.५ वातावरणीय व्यवस्थापन योजना ९०
६.६ कुनै विकल्प छैन ९०
परिच्छेद -७ ..... ९१
प्रस्ताव कार्यन्वयन गर्दा वातावारण पर्ने प्रभाव ९१
७.१ अनुकूल प्रभाव/ सकारात्मक प्रभाव ९१
७.२ प्रतिकूल प्रभाव/ नकारात्मक प्रभाव ९४
७.२.१ भौतिक-रासायनिक अवयव ९४
७.२.२ जैविक अवयव १००
७.२.३ सामाजिक आर्थिक अवयव १००
परिच्छेद -८ ..... १०९
अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय १०९
८.१ वातावरणीय प्रभावहरु पहिचान, विश्लेषण तथा अभिवृद्धि र न्यूनीकरणका उपायहरु १०९
८.२ प्रभाव बढोत्तरी र न्यूनीकरणका उपायहरु तथा लागत अनुमान १२३
८.३ रेकर्ड र सुधारात्मक कार्यहरु (वातावरणीय व्यवस्थापन इकाई तथा गुनासो व्यवस्थापन संयन्त्र) १४९
परिच्छेद -९ ..... १५०
वातावरणीय अनुगमन १५०
९.१ अनुगमनका प्रकार १५०
९.२ स्वअनुगमन १५१
९.३ वातावरणीय अनुगमनका सूचक १५१
९.४ अनुगमनको विधि १५२
९.५ अनुगमनको लागि समय तालिका १५२
९.५ अनुगमन गर्ने निकाय १५२
९.६ अनुगमनको लागत अनुमान १६१
परिच्छेद -१० ..... १६२
वातावरणीय परीक्षण १६२
परिच्छेद -११ ..... १६५
निष्कर्ष तथा प्रतिबद्धता १६५

११.१ निष्कर्ष.....१६५
११.२ प्रस्तावकको प्रतिबद्धता.....१६७
सन्दर्भ सामाग्री.....१६८

तालिकाहरुको सूची

तालिका १.१: वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन टोली १
तालिका १.२: वातावरण संरक्षण ऐन २०७७ मा भएको व्यवस्था र आयोजनाको विशेषताको तुलनात्मक तालिका ३
तालिका २.१: आयोजनाको प्रमुख विशेषताहरु १२
तालिका २.१: आयोजनाको निर्माण तालिका २०
तालिका २.२: आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु २१
तालिका २.३: आयोजनालाई आवश्यक इन्धनको विवरण २३
तालिका ३.१: आयोजनाको प्रभाव क्षेत्र निर्धारण २७
तालिका ३.१: पेट्रोलियम पदार्थको खपतबाट हुने कार्वन उत्सर्जनको रुपान्तरण तालिका... ३२
तालिका ३.२: पानीको गुणहरु र मापन विधि ३२
तालिका ३.३: प्रभावको मुल्याङ्कन तालिका ३४
तालिका ३.४: प्रभावको महत्व सम्बन्धी तालिका ३४
तालिका ४.१: सतहको पानीमा मिसिने उत्सर्जित फोहर पानीको मापदण्ड ६०
तालिका ४.२: हाल कार्यान्वयमा रहेको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड..... ६२
तालिका ४.३: पैठारी गरिने नयाँ डिजेल जेनरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा..... ६३
तालिका ४.४: सञ्चालनमा रहेका डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा..... ६३
तालिका ४.५: आयोजना क्षेत्रको आधारमा ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड..... ६४
तालिका ४.६: राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ..... ६६
तालिका ५.१: आयोजना क्षेत्रको माटोको परीक्षणको सारांश ७२
तालिका ५.२: आयोजना क्षेत्रको औषत न्यूनतम, औषत अधिकतम तापक्रम र वार्षिक वर्षाको विवरण..... ७४
तालिका ५.३: आयोजना क्षेत्र भित्र रहेको बोरिंगबाट संकलन गरिएको पानीको गुणस्तर... ७५
तालिका ५.४: आयोजना क्षेत्र देखी नजिकमा रहेको बायू गुणस्तर मापन केन्द्रको बायू गुणस्तरको विवरण..... ७६
तालिका ५.५: आयोजना क्षेत्रको वायुको गुणस्तर सम्बन्धी तथ्याङ्क ७७
तालिका ५.६: आयोजना क्षेत्रको ध्वनिको गुणस्तर सम्बन्धी विवरण..... ७८
तालिका ५.७: आयोजना क्षेत्रमा पाइने वनस्पतिहरूको सूची ७९

तालिका ५.८: आयोजना क्षेत्रमा पाइने वन्यजन्तुको सुची ८१
तालिका ५.९: आयोजना क्षेत्रको जनसंख्या सम्बन्धी विवरण..... ८२
तालिका ५.१०: आयोजना क्षेत्रको धर्म सम्बन्धी विवरण..... ८२
तालिका ५.११: आयोजना क्षेत्रको जातजाति सम्बन्धी विवरण..... ८३
तालिका ५.१२: आयोजना क्षेत्रको मातृभाषा अनुसारको जनसंख्याको विवरण ८४
तालिका ५.१३: आयोजना क्षेत्रमा खानेपानीको स्रोत..... ८५
तालिका ७.१: अनुकुल प्रभाव मूल्याङ्कन म्याक्ट्रिक्स..... ९३
तालिका ७.२: प्रतिकुल प्रभाव मूल्याङ्कन म्याक्ट्रिक्स १०५
तालिका ८.१: अनुकूल प्रभाव अभिवृद्धिका उपायहरु ११०
तालिका ८.२: प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु.....११२
तालिका ८.३: अनुकूल प्रभाव बढोत्तरीका उपायहरुको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र जिम्मेवारी.....१२३
तालिका ८.४: प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र जिम्मेवारी १२६
तालिका ८.५: वातावरणीय व्यवस्थापन उपायहरुको अनुमानित लागतको सारांश.....१४९
तालिका ९.१: वातावरण अनुगमन म्याट्रिक्स १५३
तालिका १०.१: वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा.....१६३

चित्रहरु तथा नक्साहरुको सूची

चित्र २.१: आयोजना निर्माणस्थलको विद्यमान अवस्था ८
नक्सा २.१: काठमाडौं महानगरपालिकाको वडा नक्सामा प्रस्तावित आयोजना स्थल.....९
नक्सा २.२: टोपोग्राफिक नक्सामा प्रस्तावित आयोजना स्थल १०
नक्सा २.३: गुगल अर्थ नक्सामा आयोजना क्षेत्रको अवस्थिती ११
नक्सा ५.१: आयोजना क्षेत्रको भु-गर्भिय नक्सा ७२
नक्सा ५.२: नेपालको सम्भावित भूकम्पिय जोखिम आंकलन नक्सामा आयोजना क्षेत्र ७३
नक्सा ६.१: काठमाण्डौं जिल्लाको नक्सामा शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज र आयोजना क्षेत्रको अवस्थिती..... ७९

अनुसूचीहरुको सूची

अनुसूची १: स्वीकृत कार्यसूची र पत्र
अनुसूची २: जग्गाधनी पूर्जा, ब्लु प्रिन्ट नक्सा र सम्बन्धित कागजातहरू
अनुसूची ३: आयोजना डिजाइनसँग सम्बन्धित रेखाङ्कन
अनुसूची ४: अध्ययनको क्रममा प्रयोग गरिएको चेकलिष्ट
अनुसूची ५ : समूहगत छलफलका विषयहरु
अनुसूची ६ : सार्वजनिक सुनुवाईको लागि प्रकाशित सूचना, उपस्थिति र प्राप्त रायर सुझावहरू
अनुसूची ७: लिखित राय र सुझावको लागि प्रस्तावकले प्रमाणित गरेको सूचना, सूचना टाँसको मुचुल्का, प्रकाशित सूचना र रायर सुझाव सहितको सिफारिस पत्र
अनुसूची ८: आयोजना क्षेत्रको माटो परिक्षणको संक्षिप्त प्रतिवेदन
अनुसूची ९: आयोजना क्षेत्रबाट संकलन गरिएको नमुना पानीको प्रयोगशाला परीक्षण प्रतिवेदन
अनुसूची १०: काठमाडौं उपत्यका विकास प्राधिकारणमा अनुमति माग गरिएको निस्सा
अनुसूची ११: काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट बोरिङ्ग जडानको लागि प्राप्त स्वीकृती
अनुसूची १२: नेपाल नागरिक उड्डयन प्राधिकरण र पशुपति क्षेत्र विकास कोषबाट प्राप्त पत्रहरु
अनुसूची १३: निर्माण कार्यका कारण हुन सक्ने क्षति सम्बन्धी त्रिपक्षीय सम्झौताको ढाँचा
अनुसूची १४ :अध्ययनको क्रममा खिचिएका तस्वीरहरु
अनुसूची १५: डिजाइनसँग सम्बन्धित परामर्शदाता सँस्थाको Affidivit
अनुसूची १६: अध्ययनमा संलग्न विज्ञको स्वोघोषणा र बायोडाट
अनुसूची १७ :वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्राप्त राय-सुझावहरु सो को सम्बोधन

संक्षेपीकरणको सूची (नेपाली)

आ.व.	:	आर्थिक वर्ष
क्र.स.	:	क्रम संख्या
का.म.न.पा.	:	काठमाडौँ महानगरपालिका
कि.मि.	:	किलो मिटर
कि.वा.घ.	:	किलो वाट घण्टा
के.जि.	:	किलो ग्राम
के.त.का.	:	केन्द्रिया तथ्याङ्क कार्यालय
के.वा.	:	किलो वाट
ग्रा.	:	ग्राम
घ.मि.	:	घन मिटर
नं.	:	नम्वर
ना.वि.	:	नापी विभाग
नि.व्य.	:	निर्माण व्यवसायी
ने.स.	:	नेपाल सरकार
प्रा. लि.	:	प्राइभेट लिमिटेड
बि.सं.	:	बिक्रम सम्वत्
मा.ग्रा.	:	माइक्रो ग्राम
मि.	:	मिटर
मि.मि.	:	मिलि मिटर
मि.लि.	:	मिलि लिटर
मु.अ.क.	:	मूल्य अभिवृद्धि कर
रा.त.का.	:	राष्ट्रिय तथ्याङ्क कार्यालय
रु.	:	रुपैयाँ
लि.	:	लिटर
व.मि.	:	वर्ग मिटर
व.वा.म.	:	बागमती प्रदेश सरकार- वन तथा वातावरण मन्त्रालय
वा.प्र.मू.	:	वातावरणीय प्रभाव मूल्याङ्कन
वा.वि.	:	वातावरण विभाग

से.मि.	:	सेन्टी मिटर
<	:	भन्दा कम

संक्षेपीकरणको सूची (अङ्ग्रेजी)

As	:	Arsenic
BoQ	:	Bill of Quantity
C.F.U.	:	Colony Forming Unit
c/ml	:	Counts per Milliliter
CCTV	:	Closed-Circuit Television
Cd	:	Cadmium
CITES	:	Convention on International Trade in Endangered Species of Wild Fauna and Flora
CN	:	Cynide
CO	:	Carbonmonoxide
Cr	:	Chromium
Cu	:	Copper
DLP	:	Defects Liability Period
DUDBC	:	Department of Urban Development and Building Construction
F	:	Fluoride
g	:	Acceleration Due to Gravity
H	:	Height
HC	:	Hydrocarbon
Hg	:	Mercury
ILO	:	International Labour Organization
IUCN	:	International Union for Conservation of Nature
KN/m^2	:	Kilonewton Per Square Meter
Leq	:	Equivalent Continuous Sound Level
LPG	:	Liquidified Petroleum Gas
m.	:	Meter
mm	:	Mili Meter
NBC	:	Nepal National Building Code
Ni	:	Nickle
NO2	:	Nitrogen Dioxide
NOx	:	Oxides of Nitrogen
NTU	:	Nephelometric Turbidity Unit
O3	:	Ozone
Pb	:	Lead
pH	:	Potential of Hydrogen
PM	:	Particulate Matters
PM10	:	Particulate Matter With a Diameter Of 10 Micrometers or Less
PM2.5	:	Particulate Matter With a Diameter Of 2.5 Micrometers or Less
PPE	:	Personal Protection Equipment
PSTP	:	Packaged Sewage Treatment Plant
PWTS	:	Package Wastewater Treatment System
S	:	Sulphur
Se	:	Selenium
TCU	:	True Colour Units
VAT	:	Value-Added Tax
Zn	:	Zinc
3R	:	Three R (Reduce, Reuse and Recycle)
$\mu g/m^3$	:	Micrograms per Cubic Meter
µs/cm	:	Microsiemens per Centimeter

"	:	Second
%	:	Percentage
’	:	Minute
<	:	Less than
°	:	Degree

परिच्छेद -१

प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

१.१ प्रस्तावकको नाम र ठेगाना

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ६, महाँकालमा प्रस्तावित एपार्टमेन्ट भवन **"ए.के. रेसिडेन्सी आयोजना"** को प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि., काठमाडौं महानगरपालिका -६, बौद्ध, काठमाडौं जिल्ला रहेको छ। त्यसैले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (वा.प्र.मू.) प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी शेर्पा डेभलपर्स प्रा.लि. को रहेको छ। प्रस्तावकको पुरा नाम र ठेगाना निम्नानुसार रहेको छः

शेर्पा डेभलपर्स प्रा.लि.

काठमाडौं महानगरपालिका - ६, बौद्ध, काठमाडौं जिल्ला

फोनः ०१-४५३३८५६

ईमेलः sherpadevelopers23@gmail.com

१.२ परामर्शदाताको नाम र ठेगाना

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची प्रस्तावकको तर्फबाट ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौंले तयार गर्ने सम्झौता भएको छ। सोही अनुसार परामर्शदाता संस्थाले यस वा.प्र.मू. प्रतिवेदन तयार गरेको छ। सेवा प्रदायक परामर्शदाता संस्थाको पुरा नाम र ठेगाना निम्नानुसार रहेको छः

ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौं

फोनः ९८५१११७४३४

ईमेल : consultant.greenvalley@gmail.com

तालिका १.१: वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन टोली

क्र. स	विज्ञको नाम	पद	योग्यता	पद / विज्ञता	कार्यानुभव (वर्ष)	वातावरणीय अध्ययन कार्यानुभव संख्या
१	किरण भुषाल	टोली प्रमुख	वातावरण विज्ञानमा स्नातकोत्तर	वातावरणीय अध्ययन विज्ञ	११	३० भन्दा बढी
२	भावुक राज अर्याल	टोली सदस्य	स्ट्रक्चरल इन्जिनियरिङ्गमा स्नातकोत्तर	भवन इन्जिनियर	८	५ भन्दा बढी

क्र. स	विज्ञको नाम	पद	योग्यता	पद / विज्ञता	कार्यानुभव (वर्ष)	वातावरणीय अध्ययन कार्यानुभव संख्या
३	पविन श्रेष्ठ	टोली सदस्य	वनस्पति विज्ञानमा स्नातकोत्तर	वनस्पति विज्ञ	९	५ भन्दा बढी
४	सुनिल लम्साल	टोली सदस्य	स्नातकोत्तर (भू-गर्भ विज्ञान)	भू-गर्भविद	५	५ भन्दा बढी
५	वम वहादुर ओली	टोली सदस्य	समाजशास्त्रमा स्नातकोत्तर	सामाजिक-आर्थिक विज्ञ	८	८ भन्दा बढी

१.३ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य

बागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को अनुसूची ३ (दफा ३ को उपदफा (३) र दफा ४ को उपदफा (८) सँग सम्बन्धित) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव अन्तर्गत खण्ड (ङ) आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रको उपखण्ड १) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुबै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने तथा उपखण्ड ६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने आयोजनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्दछ । प्रस्तावित आयोजना अन्तर्गत बन्ने भवनको तलाहरुको कुल क्षेत्रफल ३१,०२४.८४ वर्गमिटर तथा आयोजना निर्माण चरणमा दैनिक ४४,४०० लिटर र सञ्चालन चरणमा दैनिक ७१,६०० लिटर पानीको आवश्यक पर्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन सान्दर्भिक रेहकाले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो।

तालिका १मा भएको व्यवस्था र आयोजनाको विशेषताको २०७७वातावरण संरक्षण ऐन :२. तुलनात्मक तालिका

बागमती प्रदेश — वातावरण संरक्षण ऐन २०७७ मा भाएको व्यवस्था	**आयोजनाको विशेषता**	**वा.प्र.मू. आकर्षिक हुने वा नहुने**
१) अनुसूची - ३ (दफा ३ को उपदफा (३) र दफा (४) को उपदफा (८) सँग सम्बन्धित "वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव" को खण्ड (ङ) आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्र		
उपखण्ड (१) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,	तलाहरुको कुल ३१,०२४.८४ वर्गमिटर	आकर्षिक हुने
उपखण्ड (६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,	निर्माण चरण- दैनिक ४४,४०० लिटर सञ्चालन चरण - दैनिक ७१,६०० लिटर	आकर्षिक हुने

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२) को खण्ड (छ) को "उपखण्ड (५) अनुसार सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन तथा उपखण्ड (६) अनुसार राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनगमन र नियमन" स्थानीय तहको अधिकार क्षेत्र हुने व्यवस्था रहेको छ। नेपाल सरकार, वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा २ (ग) बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयससँग सम्बन्धित कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रदेश कानुनले तोकेको प्रदेश सरकारको निकय समक्ष पेश गर्ने व्यवस्था रहेको छ। यस्तै, बागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को दफा ४ को उपदफा (२) खण्ड (ख) अनुसार स्थानीय तहसँग सम्बन्धित प्रस्तावकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा जिल्ला समन्वय समितिको राय सहित मन्त्रालय समक्ष स्विकृतीको लागि पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। यसै अनुरुप बागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को दफा ६ को उपदफा (१) र दफा ४ को उपदफा (२)

को खण्ड (ख) बमोजिम यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्विकृत गर्ने निकाय बागमती प्रदेश सरकार- वन तथा वातावरण मन्त्रालय रहेको छ ।

१.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य आयोजना निर्माण र कार्यान्वयन चरणको समयमा वातावरणको संरक्षण गर्नु हो । वातावरणीय प्रभाव मूल्याङ्कनको प्राथमिक उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

- आयोजना प्रभावित क्षेत्रको भौतिक वातावरण, जैविक वातावरण, सामाजिक- आर्थिक-सांस्कृतिक वातावरण तथा रासायनिक वातावरण सम्बन्धी वस्तुगत अवस्थाको तथ्याङ्क/ सूचना संकलन गर्ने,
- प्रस्तावित प्रस्तावको कार्यन्वयनबाट भौतिक वातावरण, जैविक वातावरण, सामाजिक-आर्थिक- सांस्कृतिक वातावरण तथा रासायनिक वातावरणमा पर्न सक्ने प्रभावहरू पत्ता लगाउने, आंकलन गर्ने तथा मूल्याङ्कन गर्ने,
- प्रस्तावसँग सम्बन्धित विभिन्न विकल्पहरुको विश्लेषण गर्ने,
- सकारात्मक वातावरणीय प्रभावहरूलाई बढोत्तरी र नकारात्मक प्रभावहरूलाई रोकथाम तथा न्यूनीकरण गर्ने व्यवहारिक तथा स्थान बिशिष्ट उपायहरू पत्ता लगाई कार्यन्वयन गर्ने,
- वातावरणीय व्यवस्थापन कार्ययोजना (वा.व्य.का.) तथा वातावरणीय अनुगमन योजना (वा.अ.यो.) तयार गरी कार्यन्वयन गर्ने,
- निर्णयकर्तालाई आयोजना निर्माण तथा कार्यान्वयन गर्नुपूर्व वातावरणीय प्रभाव बढोत्तरी/ न्यूनीकरणका उपायहरुको बारेमा पूर्व सूचना दिने,
- प्रस्ताव कार्यान्वयनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन पर्याप्त रहेको/ नरहेको सुनिश्चित गर्ने ।

१.५ अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुरा

यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तावित भवन निर्माण तथा सञ्चालनबाट आयोजना प्रभावित क्षेत्रको स्थानीय भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभाव तथा त्यस्ता प्रभावको अनकुलन तथा न्यूनकरणका उपायहरु पहिचान गरी सुझाव सिफारिस गरिएको छ। प्रस्तावित आयोजना अन्तर्गत निर्माण हुने भवनको निर्माण गतिविधि र सञ्चालन कार्य गर्दा सोबाट पर्ने प्रभाव, भूमिगत पानी उपभोग गर्दा पर्ने प्रभाव, जनस्वास्थ्यमा पर्ने

प्रभाव, लगायत कुरामा केन्द्रित रही प्रतिवेदन तयार गरिएको छ। यस बाहेक सो क्षेत्रमा यस आयोजना बाहेक अन्य कारणबाट हुने वातावरणीय तथा सामाजिक प्रभावहरु यस अध्ययनमा समावेश गरिएको छैन।

परिच्छेद -२

प्रस्तावको परिचय

२.१ भूमिका

सन् २०२४ मा FRTC ले प्रकाशन गरेको National Land Cover Monitoring System of Nepal, २०२०-२०२२ अनुसार सन् २०२२ मा वन ४३.३८%, कृषि जमिन २२.५९%, घाँसे मैदान १४.७१%, हिउँ (snow and glacier) क्षेत्र ६.९७%, चट्टान क्षेत्र ५.२४%, बसोबास र शहरी क्षेत्र ३.२३% र अन्य क्षेत्रमा ३.८८% रहेको छ । यस्तै, राष्ट्रिय जनगणना, २०७८ को अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जुन २०६८ को जनसंख्याको तुलनामा ८.२२% ले बढी रहेको छ। यस समयमा शहरी जनसंख्या ६३.१९% बाट ६६.०८% पुगेको छ(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)।बढ्दो जनसंख्या सँगै भवन निर्माण तथा पूर्वाधार विकासका गतिविधिहरूले पनि गति लिएको छ। विकास निर्माणको महत्वपूर्ण कार्यभार बोकेको काठमाण्डौ शहर अधिकाशं व्यक्तिहरूको रोजाईको शहर रहेको र यहाँ विकास पूर्वाधारहरूको निर्माणसँगै शहरीकरण र बजारीकरण बढ्दै गईरहेको छ ।

शहरीकरण सँगै जनसंख्याको अत्याधिक चापको कारणले जग्गाको मूल्यमा वृद्धि हुनुका साथै जग्गाको उपलब्धतामा कमी आउनाले शहरबासीहरू व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुन सक्ने आवास सुविधाबाट वञ्चित भईरहेको अवस्था छ । शहरीकरण सँगै आउने आधुनिक जीवनशैलीमा मिश्रित र बहुतले एकिकृत आवासीय भवन अत्यन्त महत्वपूर्ण छन्। पहिलो, ऐतिहासिक दृष्टिले आवासीय भवनहरू र व्यापारिक भवनहरूले शहरी वातावरणको संरचनात्मक सौन्दर्य र व्यवस्थापनमा सकरात्मक टेवा पुर्याउदछ भने दोस्रो यस्ता भवनहरूले इच्छुक व्यक्तिहरूको जीवनशैली र आवासको आवश्यकताहरूलाई पूरा गर्न सहयोग गर्दछ।

यस अवस्थालाई मध्यनजर गर्दै शेर्पा डेभलपर्स प्रा.लि. ले बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका, वडा नं. ६, महाँकालमा एउटा बहुतले आवासीय भवन आयोजना, ए.के. रेसिडेन्सी आयोजना, बनाउन प्रस्ताव गरेको छ।यस ए.के. रेसिडेन्सी आयोजना १३ रोपनी, ११ आना, ० दाम २.१६ पैसा (६,९६७.४२ वर्गमिटर) क्षेत्रफल रहेको निजी जमिनमा कार्यान्वयन हुनेछ।यस आयोजनामा १७९ वटा आवासीय इकाई हुनेछ।यस आयोजनाले काठमाडौंको मूख्य शहरी क्षेत्रमा सुविधा सम्पन्न आवासीय इकाई उपलब्ध गराउनेछ।

२.२ प्रस्तावको परिचय

प्रस्तावित ए.के. रेसिडेन्सी आयोजना काठमाडौं महानगरपालिका वडा नं. ६, महाँकालमा कार्यान्वयन गरिनेछ। प्रस्तावित आयोजना नापी किताब अनुसार शेर्पा डेभलपर्स प्रा.लि. को

देखि १३३० मि.) अवस्थित हुनेछ। आयोजना स्थलको पुर्वर उत्तरतर्फ निजी आवासहरु रहेका छन्, पश्चिम तर्फ जनकल्याण मा.वि. तथा दक्षिण तर्फ सडक (चाबहिल-महाँकाल सडक) रहेको छ। आयोजना क्षेत्र घना वस्ती तथा व्यावसायिक क्षेत्रमा रहेको छ। आयोजना क्षेत्र चक्रपथ स्थित चाबहिल चोक देखि चाबहिल-महाँकाल सडक (पक्की सडक) मार्फत पुग्न सकिनेछ, यस सडकको क्षेत्राधिकार ११ मि. रहेको छ। आयोजना स्थल सम्म यातायात पहुँच सरल र सहज छ।



नक्सा २.१: काठमाडौं महानगरपालिकाको वडा नक्सामा प्रस्तावित आयोजना स्थल

(स्रोतः नापी विभाग, २०७६)



नक्सा २.२: टोपोग्राफिक नक्सामा प्रस्तावित आयोजना स्थल

(स्रोतः नापी विभाग, २०७६)

नक्सा २.३: गुगल अर्थ नक्सामा आयोजना क्षेत्रको अवस्थिती

(स्रोतः गुगल अर्थ, २०२६, retrieved on 2026/03/20)

२.५ प्रकृति/ किसिम

प्रस्तावित आयोजना भवन निर्माण कार्यसँग सम्बन्धित रहेको छ। प्रस्तावित आयोजनाले नेपाल सरकारले निर्धारण गरेको भवन निर्माण सम्बन्धी मापदण्ड र संहितालाई पूर्ण रुपमा पालना गर्दछ। भवन ऐन २०५५ को दफा ८ अनुसार यस आयोजना "क" वर्गको भवनमा (विकसित मुलकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इन्टरनेसनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवन) पर्दछ। यस भवन डिजाइन र निर्माणको क्रममा भवन ऐन तथा नेपाल सरकार र काठमाडौं महानगरपालिकाले जारी गरेका भवन सम्बन्धी मापदण्डहरु पुर्णरुपमा पालना गरिनेछ।

२.६ संरचनाको जानकारी र अवयव

प्रस्तावित आयोजना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. - ६, महाँकालमा अवस्थित हुनेछ । यस आयोजना स्थलको ३४.७% (२४०१.४ वर्गमिटर) भू-भागमा भवनको भौतिक पूर्वाधार निर्माण हुनेछन् भने ६५.३% (४४६९.०५ वर्गमिटर) भू-भागमा निर्माण कार्य हुनेछैन। यस निर्माण कार्य नहुने क्षेत्रमा हरियाली क्षेत्र, पार्किङ्ग क्षेत्र, पानी भण्डारण तथा वितरण क्षेत्र तथा सेट ब्याकले ओगट्ने छ। यस आयोजना अन्तर्गत एकवटा भवन (वेशमेन्ट र माथिल्लो वेशमेन्ट बाहेक १३ तला) तथा भवनको उचाई ४३.७ मिटर हुनेछ। यस प्रस्तावित भवनमा रिसेप्सन, जिम हल, सभा हल, स्टोर, ईलेट्रिकल रुम, शौचालय, लिफ्ट, सिढीं, पार्किङ्ग, लगायत सुविधाहरु रहनेछन् । थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.१: आयोजनाको प्रमुख विशेषताहरु

विवरण	आयोजनाको मुख्य विशेषताहरु
आयोजनाको नाम	ए.के. रेसिडेन्सी आयोजना
आयोजना सञ्चालन हुने प्रदेश, जिल्ला, स्थानीय तह र वडा	बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. - ६, महाँकाल
भू-गर्भ	बलौटे ढूङ्गा (sandstone), माटेढुङ्गा (mudstone) र सङ्गुटिका (conglomerate)
आयोजना सञ्चालन हुने जमिनको विवरण	का.म.न.पा. (चावहिल), वार्ड नं. - ६, कित्ता नं. २८८, १६८, १३५,१३६, १०७, ९७, १८७, ३३१, ९०, १३९, १३८, ३७, ३८, १३७, १९०, ९८, ६८४, ६७४, ६७६, ६८३, ७६६, ५२२, २२१, ७८५, १७४ र ५२३ , क्षेत्रफल ६९६७.४२ वर्गमिटर (१३-११-०-२.१६)

विवरण	**आयोजनाको मुख्य विशेषताहरु**		
जग्गाको स्वामित्व	शेर्पा डेभलपर्स प्रा.लि.		
भवनको उचाई	प्रत्येक तलाको उचाई (Floor to floor height) - न्यूनतम ३.२ मि. Plint level - जमिनको सतह देखी १.० मि. माथि Plint level देखि भवनको उचाई — ४३.७ मि. जमिनको सतह देखी भवनको उचाई - ४४.७ मि.		
Ground coverage	२४०१.४ वर्गमिटर (३४.७%)		
Floor area Ratio	४.४५		
खुला क्षेत्र र हरित क्षेत्र	जम्मा — ४५६९.०५ वर्गमिटर खुला क्षेत्र — ३०४४.३१ वर्गमिटर (४३.९९%) हरित क्षेत्र — १४२४.७४ वर्गमिटर (२१.३१%)		
सेट ब्याक	भवन देखी ६ मि. बेशमेन्ट देखि — ३ मि.		
भवनको संख्या	१		
स्लाबको (slab) प्रकार	Two ways		
जगको किसिम (Type of foundation)	Pile Foundation		
तलाहरुको क्षेत्रफल	३१,०२४.८४ (वेशमेन्ट बाहेक) (बेशमेन्ट सहित — ४१,३११.२९ वर्गमिटर)		
तलाहरुको क्षेत्रफल र उचाई	तलाहरुको क्षेत्रफल र उचाई		
	तला नं	क्षेत्रफल (वर्गमिटर)	उचाई (मि.)
	तल्लो बेसमेन्ट	५४८२.७६	३.६
	माथिल्लो बेसमेन्ट	५४८२.७६	३.०
	भूई तला	२४०१.४	४.०
	पहिलो देखि एघारौं तला	२४३८.३९	३.२
	बाह्रौ तला	१८८५.५२	४.५
	जम्मा	३१,०२४.८४ (वेशमेन्ट बाहेक)	४३.७ (वेशमेन्ट बाहेक)

<table>
<tr><td>विवरण</td><td colspan="5">आयोजनाको मुख्य विशेषताहरु</td></tr>
<tr><td rowspan="15">भवनमा रहेने तला अनुसार एपार्टमेन्ट संख्या</td><td rowspan="2">तला नं</td><td colspan="3">एपार्टमेन्टको प्रकार</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>1BHK</td><td>2BHK</td><td>3BHK</td></tr>
<tr><td>भुई तला</td><td>२</td><td>२</td><td>८</td><td>१२</td></tr>
<tr><td>पहिला तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>दोस्रो तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>तेस्रो तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>चौथो तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>पाचौं तला</td><td></td><td>३</td><td>११</td><td>१४</td></tr>
<tr><td>छैठौं तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>सातौं तला</td><td>२</td><td>३</td><td>११</td><td>१४</td></tr>
<tr><td>आठौं तला</td><td>२</td><td>३</td><td>११</td><td>१६</td></tr>
<tr><td>नवौं तला</td><td></td><td>३</td><td>११</td><td>१४</td></tr>
<tr><td>दशौं तला</td><td></td><td></td><td>१२</td><td>१२</td></tr>
<tr><td>एघारौं तला</td><td>१</td><td>३</td><td>११</td><td>१५</td></tr>
<tr><td>जम्मा</td><td>१७</td><td>३२</td><td>१३०</td><td>१७९</td></tr>
<tr><td rowspan="4">आयोजनामा रहने मानिसहरुको संख्या</td><td colspan="5">निर्माण चरण कामदार - दैनिक औसतमा ३९४ जना सञ्चालन चरणमा जम्मा वस्ने मानिसः ७७६ जना (आयोजनामा बस्ने ६९६ जना र आगन्तुक ८० जना)</td></tr>
<tr><td>एपार्टमेन्टको प्रकार</td><td>1BHK</td><td>2BHK</td><td>3BHK</td><td>जम्मा</td></tr>
<tr><td>एपार्टमेन्ट संख्या</td><td>१७</td><td>३२</td><td>१३०</td><td>१७९</td></tr>
<tr><td>औषतरुपमा बसोबास गर्ने संख्या</td><td>३४</td><td>१२८</td><td>५३४</td><td>६९६</td></tr>
<tr><td colspan="6">अन्य सुविधहरु</td></tr>
<tr><td rowspan="3">पानी भण्डारण क्षमता</td><td colspan="5">अन्डरग्राउण्ड पानी ट्याङ्की -कुल १,८०,००० लिटर</td></tr>
<tr><td colspan="5">३५ वटा २००० लिटर क्षमताको ओभरहेड ट्याङ्क, तातो पानी वितरणको लागि १५ वटा ५५० लिटरको पानी तताउने सोलार प्यानल (which includes 2 no. of 275 litre solar tube panel)</td></tr>
<tr><td colspan="5">अग्नी नियन्त्रण प्रणालीको लागि १,००,००० लिटरको भुमिगत ट्याङ्की</td></tr>
</table>

विवरण	आयोजनाको मुख्य विशेषताहरु
तरल फोहर व्यवस्थापन	PSTP, PWTS, Anaerobic sewerage treatment (जडान क्षमता ६०,००० प्रतिदिन)
सिढीको संख्या	६ वटा आन्तरिक प्रयोजन र १ वटा आपतकालीन प्रयोजन
लिफ्टको संक्या	४
अपाङ्ग मैत्री संरचना	Ramp र Lift
पार्किङ्ग क्षमता	दुई पाङ्ग्रे — २७६ वटा चार पाङ्ग्रे — २७५ वटा
भवनको प्रकार	बहुतले आवासीय भवन
आयोजनाको प्रारम्भिक निर्माण लागत	रु. २,४३,०५,८०,९१० (मु.अ.क. बाहेक)

(सुचक - 1 BHK: सुत्ने कोठा - १, हल - १, भान्सा - १; 2 BHK - सुत्ने कोठा - २, हल - १, भान्सा - १; 3 BHK – सुत्ने कोठा - ३, हल - १, भान्सा - १)

(स्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)

२.७ डिजाइन

२.७.१ आयोजनाको संरचनागत डिजाइन

यस आयोजना अन्तर्गत भवनको डिजाइन नेपाल राष्ट्रिय भवन संहिता पूर्ण रुपमा अनुसरण गरी गरिएको छ। नेपाल राष्ट्रिय भवन संहिताहरु जस्तै: NBC 206: 2024 - Architectural design requirements, NBC 207: 2024 - Electrical design requirements, NBC 208: 2003 - Sanitary and Plumbing design requirements, NBC 105:2020 - Seismic design of buildings in Nepal, NBC 114 : 1994 - Construction safety, आदिको अनुसरण गरिएको छ। आयोजनाको भवन Reinforced Cement Concrete (RCC) संरचनामा आधारित हुनेछ। निर्माण कार्यका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ। नेपाल राष्ट्रिय भवन संहिता NBC 206:2015 - Architectural design requirements को अनुसरण गरी आवश्यकता अनुसार अपाङमैत्री भवन निर्माण गरिनेछ। भवनको Stabilty र भासिने जोखीम न्यूनीकरणको लागि भवनको फाउण्डेशन पाइल फाउण्डेशनको हुनेछ। पाइलको डिजाइन अनुसूची ३ मा समावेश गरिएको छ। यस्तै, प्रस्तावित आयोजना क्षेत्रमा २१.३१% (१४२४.७४ वर्गमिटर) क्षेत्रफल हरित क्षेत्र कायम गरिनेछ भने भवनमा interior garden र vertical garden को पनि व्यवस्था हुनेछ। यसका साथै, भवन डिजाइन र निर्माण चरणमा काठमाडौं उपत्यका विकास प्राधिकरण र काठमाडौं

महानगरपालिकाबाट जारी भएका भवनसँग सम्बन्धित सम्पुर्ण मापदण्ड र कार्यविधिहरुको पुर्णरुपमा पालना गरिनेछ। यसका साथै, यस आयोजना मार्फत निर्माण हुने भवन निर्माण कार्य वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन बागमती प्रदेश सरकार- वन तथा वातावरण मन्त्रालयबाट स्विकृत तथा काठमाडौं महानगरपालिकाबाट नक्सा पास भए पश्चात मात्रै गरिनेछ।

२.७.२ सरुवा रोग तथा जनस्वास्थ्यको सुरक्षा

यस आयोजनाको निर्माण तथा सञ्चालन चरणमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले (काठमाडौं महानगरपालिका) तोकेको सरुवा रोग तथा जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र पेशागत स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण मापदण्डको पूर्ण पालना गरिनेछ ।

२.७.३ प्रकोप व्यवस्थापन

भवनको डिजाइन भवन संहिताको अधिनमा रहेर गरिएको छ । भुकम्पिय जोखिम न्यूनीकरणको लागि भवनको फाउण्डेशन पाइल फाउण्डेशनको हुनेछ। आगलागि, भूकम्प इत्यादी जस्ता आपत्कालीन अवस्थामा भिड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था रहने छ। आयोजना क्षेत्रमा पर्याप्त मात्रामा फायर एक्जिट, फायर हाइड्रेन्ट तथा अग्नि प्रतिरोधी सामग्री राखिनेछ। जोखिम पूर्ण क्षेत्रमा आगलागि नियन्त्रण प्रणाली र स्मोक डिटेक्टर जडान गरिनेछ। भवनमा फायर एक्सटिङ्गयुसर सिलिन्डर, फायर होज रिल, वाटर स्प्रिङ्लर, फायर अलार्म, स्मोक डिटेक्टर, अलार्म सिस्टमको व्यवस्था गरिनेछ। भवन भित्र लबी र सार्वजनिक क्षेत्रहरुमा आपतकालीन बहिर्गमन योजना राखिनेछ। आयोजना स्थलमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड गर्ने भिडियो क्यामराको जडान गरिनेछ। सबै भिडियोको अनुगमन सुरक्षा कोठा (Security room) बाट गरिनेछ । मुख्य प्रवेशद्वार र भवन प्रवेशद्वारहरुमा CCTV क्यामरा जडान गरिनेछ। विजुली (वा वैकल्पिक रुपमा सौर्य उर्जा) प्रयोग गरी रात्रीको समयमा पर्याप्त उज्यालोको व्यवस्था गरिनेछ।

२.७.४ उर्जाको खपत, सौर्य उर्जा र वातावरण मैत्री प्रविधिको प्रयोग

खुल्ला क्षेत्र र मुख्य प्रवेशद्वारमा रात्रीको समयमा पर्याप्त उज्यालोको लागि विजुली (वा वैकल्पिक रुपमा सौर्य उर्जा) प्रयोग गरी बत्ती बालिनेछ । भवनमा विद्युत खपत कम गर्न सोलार वाटर हिटरको प्रयोग गरिनेछ । आयोजना निर्माण तथा सञ्चालन चरणमा आयोजना स्थल वातावरणमैत्री राख्न आयोजना स्थलमा मानिसको स्वास्थ्य र वातावरणलाई असर नगर्ने (वा कम गर्ने विकल्प) रंगहरु मात्र प्रयोग गरिनेछ ।

यस भवन निर्माण र सञ्चालनको क्रममा आवश्यक पर्ने उर्जाको नेपाल विद्युत प्राधिकरणको वितरण प्रणालीबाट विद्युत जडान गरी आपुर्ती गरिने छ । यस्तै, पानी तताउन सोलार प्यानलको प्रयोग गरिनेछ । यस भवन सञ्चालनको क्रममा आवश्यक पर्ने उर्जा खपत कम गर्न निर्माणको क्रममा विभिन्न उर्जा किफायती प्रविधिहरु जडान गरिने छ; जस्तै: thermal insulation, solar panel, free cooling, vegetation and lighting, आदि। आयोजनाको निर्माण चरण र सञ्चालन चरणमा कम उर्जा खपत गर्ने स्टार रेटेड र वातावरण मैत्री विद्युतीय उपकरणहरुको प्रयोगमा जोड दिइनेछ। यस्तै, आयोजना सञ्चालन चरणमा उर्जाको खपत कम गर्नको लागि प्राकृतिक प्रकाश पर्याप्त मात्रमा भवन भित्र छिर्न (Maximum use of natural light) हुने गरी डिजाइन गरिएको छ।

२.७.५ पानीको आपूर्ति र किफायती प्रयोग

आयोजना भित्र पानीको आपुर्तीको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट बितरित खानेपानी प्रणालीबाट दुईवटा धारा जडान गरिनेछ। यस्तै, आयोजना निर्माण परिसरमा हाल एउटा विद्यमान बोरिङ्ग रहेकोछ। यस बोरिङ्गलाई आयोजना निर्माणको क्रममा हटाइनेछ र उपत्यका खानेपानी लिमिटेडबाट बितरित खानेपानी प्रणालीबाट जडान गरिएको धाराबाट आपुर्ती हुने बाहेक अपुग हुने पानीको आपुर्तीको लागि आयोजना स्थलमा निर्माण चरणमा एकवटा नयाँ बोरिङ्ग जडान गरिनेछ। निर्माण चरणमा बोरिङ्ग जडान गर्नको लागि सम्बन्धित निकायबाट (काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड) स्वीकृती प्राप्त भएको छ (अनुसूची ११)।

आयोजना सञ्चालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ। आयोजना सञ्चालन चरणमा भुमिगत पानीको प्रयोग कम गर्नको लागि आयोजना स्थलमा (प्रस्तावित भवनको पश्चिम पट्टी) ५५ मि.*३०मि.*८ मि. आकारको वर्षातको पानी संकलन ट्याङ्क (rain water harvesting tank) निर्माण गरिनेछ। यस ट्याङ्कमा संकलन गरिएको पानीले आयोजना सञ्चालन चरणमा प्रयोग हुने भुमिगत पानीको प्रयोगलाई कम गर्नेछ। यस ट्याङ्कमा संकलन गरिएको पानीले सञ्चालन चरणको सुख्खायाम (कार्तिक देखि जेष्ठ सम्मको) अनुमानित पानीको प्रयोगको आवश्यकताको ७०% माग पुरा गर्दछ। भूमिगत पानीको प्रयोगलाई सन्तुलन राख्नको लागि आयोजना क्षेत्रमा २१.३१ % भू-भाग कंक्रिट बिहिन राखिनेछ। यस कंक्रिट बिहिन क्षेत्रले ground water recharge गर्न मद्दत गर्दछ। आयोजना क्षेत्रमा ground water recharge को लागि water recharge pit हरु निर्माण गरिनेछ।

यस आयोजनामा शौचालयमा कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान गरिनेछ । ढल निकास योजना NBC 208: 2003 - Sanitary and Plumbing design requirements मा आधारित हुनेछ। यस आयोजना अन्तर्गत खानेपानी संकलनको लागि १८०,००० लिटर क्षमताको भूमिगत ट्याङ्क, ३५ वटा २००० लिटर क्षमताको ओभरहेड ट्याङ्क, तातो पानी वितरणको लागि १५ वटा ५५० लिटरको पानी तताउने सोलार प्यानल (which includes 2 no. of 275 litre solar tube panel) र अग्नी नियन्त्रण प्रणालीको लागि १,००,००० लिटरको ट्याङ्की निर्माण गरिनेछ।

२.७.६ ठोस जन्य फोहरमैला तथा फोहरपानी व्यवस्थापन

आयोजना स्थलबाट उत्पादन हुने ठोस फोहरलाई कुहिने र नकुहिने फोहर छुट्याई डस्टबिनहरुमा संकलन गरिनेछ। काठमाडौँ महानगरपालिकामा दैनिक प्रति व्यक्ति ४६४.६ ग्राम फोहर उत्सर्जन हुने आधारमा (स्रोतः ADB, 2013) आयोजनाको निर्माण चरणमा दैनिक १८३.०५ के.जि. ठोस फोहर (निर्माणजन्य बाहेक) उत्सर्जन हुने अनुमान गरिएको (३९४ जना कामदारबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) छ। पुनः प्रयोग योग्य फोहरहरुलाई पुनःप्रयोग गरिनेछ भने पुनः चक्रिय फोहरहरुलाई बिक्री गरिनेछ। अन्य फोहरहरुलाई सुरक्षित भण्डारण गरी निर्माण क्षेत्रमा भरणको लागि र जमिन सम्याउन प्रयोग गरिनेछ । यस्तै, निर्माण सामग्री धोईपखाली गर्दा निस्कने तरल फोहरहरुलाई निर्माण क्षेत्रमा Soak pit निर्माण गरी व्यवस्थापन गरिनेछ।

यस्तै, आयोजना सञ्चालन चरणमा निस्कने फोहरमैलाको व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम गरिनेछ। सञ्चालन चरणमा दैनिक ४६४.६ के.जि. गरिएको (७७६ जना मानिसहरुबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) उत्सर्जन हुने अनुमान गरिएको छ। यी फोहरहरुलाई कुहिने र नकुहिने गरी संकलन गरी संकलन गरिनेछ। संकलित फोहर वर्गिकरणको लागि फोहर वर्गिकरण स्थल भण्डरण गरिनेछ। फोहर वर्गिकरणको लागि Zero Waste अवधारणा लागु गरिनेछ। कुहिने फोहरलाई संकलन गरी जैविक मल बनाई बँगैचा वा गमलामा प्रयोग गरिनेछ। फोहरको प्रकृति अनुसार पुनःप्रयोग योग्य फोहर र पुनः चक्रिय फोहर वर्गिकरण गरीनेछ र सोही अनुसार प्रयोग गरिनेछ।

सञ्चालन चरणमा शौचालय जन्य फोहरलाई सेप्टिक ट्याङ्टीमा संकलन गरिनेछ। आयोजना सञ्चालनको क्रममा दैनिक ३०,००० लिटर फोहर पानी उत्सर्जन हुने अनुमान गरिएको छ। आयोजना स्थलबाट निस्कने अन्य फोहरपानीको व्यवस्थापन गर्न दैनिक ६०,००० लिटर क्षमताको फोहर पानी प्रशोधन प्लान्ट (जस्तैः Thermax- Atom MBR STP) को जडान गरिनेछ।

वाथरुम र शौचालयबाट निस्कने फोहोरपानीलाई उक्त फोहोरपानी प्रशोधन प्लान्टमा प्रशोधन गरेपछि मात्र सार्वजनिक ढलमा मिसाइनेछ। ढलमा मिसाउने फोहरपानीको गुणस्तर निष्काशन हुने फोहर पानीको मापदण्ड, २०६९ ले तोके बमोजिम हुनेछ। निर्माण र सञ्चालन चरणमा उत्सर्जित विसर्जन गर्नु पर्ने फोहरमैलालाई काठमाडौं महानगरपालिकाको फोहरमैला संकलन प्रणालीलाई हस्तान्तरण गरिनेछ। आयोजनाको निर्माण चरण पुर्व प्रस्तावकले काठमाडौं महानगरपालिकासँग फोहर व्यवस्थापनको लागि सम्झौता गर्नेछ।

२.८ आयोजना सम्बन्धी क्रियाकलाप

२.८.१ निर्माण अघिको चरण

निर्माण अघिको चरणमा प्रस्तावक र निर्माण व्यवसायीको संयुक्त प्राविधिक टोलीबाट यस आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरिएका सम्पुर्ण डिजाईन र लागत सम्बन्धी प्रारम्भिक अध्ययन गरिनेछ। यस आयोजनालाई आवश्यक पर्ने जग्गा रेखांकित गरी संयुक्त सर्वेक्षण गरिनेछ। कुनै परिमार्जन वा परिष्कृत गर्नुपरेमा प्रस्तावक र निर्माण व्यवसायीको संयुक्त प्राविधिक टोलीबाट सोको परिष्कृत नक्सा तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गरिनेछ। वा.प्र.मू. प्रतिवेदनमा पहिचान गरिएका आयोजनालाई आवश्यक पर्ने सहायक सुविधाहरु (कामदार शिविर र निर्माण सामग्री भण्डारण स्थल) निर्माण गरिनेछ। आयोजनामा प्रयोग हुने हरेक प्रकारको निर्माण सामग्रीहरू जस्तै ढुंगा, इट्टा, गिट्टी, बालुवा, सिमेन्ट, फलामको डण्डी, तार आदिको नमुना संकलन गरी गुणस्तरीय जाँच गराइ आवश्यक गुणस्तरको पुगेको खण्डमा मात्रै प्रयोग गरिनेछ। कंक्रिटमा डिजाइन अनुसारको चेक जाँच गराइ र मिश्रणको अनुपात सम्बन्धित निकायबाट स्वीकृत गरिनेछ।

२.८.२ निर्माण चरण

माथिका सम्पूर्ण कार्य पूरा भएपछि भवन निर्माण तथा आयोजनासँग सम्बन्धित अन्य भौतिक निर्माणका कार्यहरुको थालनी गरिनेछ। यसको लागि आवश्यक माटो काट्ने र पुर्ने काम सुरु गरिनेछ। सो कार्य स्वीकृत नक्सा अनुसार छ/छैन भनी नियमित रुपमा चेक जाँच गरिनेछ।

विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरिए बमोजिमको डिजाईन अनुसार भवनको जग हाल्ने काम सुरु गर्दै अन्य निर्माण कार्यलाई सुचारु गरिनेछ। निर्माण कार्य सुरु हुनु भन्दा अगाडि सम्बन्धित निकायबाट (काठमाडौं महानगरपालिका) नक्सा पास गराइने छ। निर्माण कार्यहरु स्वीकृत मापदण्ड तथा उचित गुणस्तर अनुसार बनेको/नबनेको नियमित रुपमा चेक जाँच गरिनेछ। यस बीचमा भवनको geometry, structure आदि नक्सा अनुसार छ/छैन भनी अध्ययन तथा चेकजाँच गरिनेछ र कुनै परिमार्जन गर्नु परेमा यसै बीचमा गरिनेछ। भवनको निर्माण भए

पश्चात भवनसँग सम्बन्धित अन्य कार्यहरु (रंग-रोगन, धारा, बत्ति आदि) लाई पूर्णता दिईनेछ। यस आयोजना पूर्णरूपमा तयार भएपछि निर्माण सम्पन्न नक्सा तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराइनेछ। प्रस्तावकले आयोजनाको निर्माणसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापको चेकजाँच पश्चात आयोजना स्थललाई सञ्चालनमा ल्याउनेछ।

२.८.३ सञ्चालन चरण

सञ्चालन चरणमा गरिने मुख्य क्रियाकलापहरुमा आयोजना स्थलमा रहेको भवनको नियमित मर्मत सम्भार, सरसफाई एवं रङ्गरोगन रहेका छन्। सञ्चालन चरणमा आवश्यकता अनुसार कामको प्रकृति हेरेर वातावरणीय अध्ययन गराइ भवनसँग आधारित संरचनाहरुको थपघट समेत गरिनेछ।

२.९ निर्माण योजना

यस आयोजनाको भौतिक संरचना निर्माण तथा भवन तयारीको लागि ३ वर्ष र निर्माण अवधिमा भएका त्रुटी सच्याउने अवधि (Defects liability period- DLP) १ वर्ष गरी आयोजनाको अवधि ४ वर्ष अनुमान गरिएको छ। आयोजना सञ्चालन तथा कार्यान्वयन गर्नका लागि लाग्ने समय निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.१: आयोजनाको निर्माण तालिका

आयोजना सँग सम्बन्धित क्रियाकलापहरु	पहिलो वर्ष		दोश्रो वर्ष		तेश्रो वर्ष		चौथो वर्ष	
	पहिलो ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना
१) विद्यमान पूर्वाधारहरुको व्यवस्थापन								
२) बोलपत्र आब्हान तथा आयोजनाको ठेक्का								
३) आयोजनाको भौतिक चरण								
४) आयोजनाको अनुगमन तथा मूल्याङ्कन								

आयोजना सँग सम्बन्धित क्रियाकलापहरु	पहिलो वर्ष		दोश्रो वर्ष		तेश्रो वर्ष		चौथो वर्ष	
	पहिलो ६ महिना	अन्तिम ६महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना
५) निर्माण अवधिमा भएका त्रुटी सच्याउने अवधि								

(श्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)

२.१० आवश्यक जग्गा

आयोजना निर्माण क्षेत्र शहरी आवासिय क्षेत्र रहेकोछ। प्रस्तावित आयोजना प्रस्तावकको (शेर्पा डेभलपर्स प्रा.लि.) नाममा दर्ता कायम रहेको काठमाडौँ महानगरपालिका वार्ड नं. - ६ महाँकाल स्थित साविक का.म.न.पा. (चावहिल), वार्ड नं. - ६ अन्तर्गत कित्ता नं. २८८, १६८, १३५,१३६, १०७, ९७, १८७, ३३१, ९०, १३९, १३८, ३७, ३८, १३७, १९०, ९८, ६८४, ६७४, ६७६, ६८३, ७६६, ५२२, २२१, ७८५, १७४ र ५२३ तथा जमिन क्षेत्रफल ६९६७.४२ वर्गमिटर (१३-११-०-२.१६) क्षेत्रफलमा फैलिएको जग्गामा कार्यान्वयन हुनेछ। यस आयोजनाले कुनै पनि सरकारी वा वन क्षेत्रको जमिन प्रयोग गर्नेछैन।

२.११ आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्रीहरु

यस आयोजनामा ईट्टा, ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, सिमेन्ट, टाइलहरू, एलुमिनियम पाता, आदि निर्माण सामग्रीहरु प्रयोग हुनेछ। निर्माण कार्यको लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि आयोजनाले (निर्माण व्यवसायी) नजिकमा रहेका बिक्रेताबाट (वातावरणीय अध्ययन प्रकिया पुरा गरेका स्थानबाट ढुवानी गर्ने) खरिद गर्नेछ। आयोजनालाई आवश्यक पर्ने मुख्य निर्माण सामग्रीहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

तालिका २.२: आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु

क्र.स.	सामग्री	परिमाण	एकाई
१	बालुवा	९००,९००	घन मिटर
२	गिट्टी, एग्रिग्रेट	८८४,०५९	घन मिटर
३	काठ	५,९४१	घन फिट
४	प्लाई	३४१,२०८	वर्ग फिट

५	फलामको डण्डी	५,५००.६८६	मेट्रिक टन
६	सिमेन्ट	२१,९२५	मेट्रिक टन
७	ईट्टा	१३,७४९,९४४	वटा
८	टायल	४१६,७२१	वर्ग फिट

(स्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)

२.१२ आयोजनालाई आवश्यक पर्ने निर्माण प्रविधि

आयोजना सञ्चालन तथा कार्यान्वयन गर्दा वातावरण मैत्री सजिलै उपलब्ध र सकेसम्म स्थानीय निर्माण प्रविधिमा जोड दिइनेछ। लक्षित समयसीमा भित्र निर्माण कार्य सम्पन्न गरीसक्नु पर्ने भएकोले उपलब्ध आधुनिक प्रविधि र उपकरणहरुको अधिकतम प्रयोग गर्नुका साथै अधिकतम मानवश्रोतको समेत प्रयोग गरी आयोजना कार्यान्वयन गरिनेछ। आयोजना निर्माणको क्रममा जमिन कटान, भरण तथा सम्याउन लागि एक वटा ब्याकहो लोडर, निर्माण सामग्री ढुवानीको लागि २ वटा ट्रिप्पर, ५ वटा मिनी ट्रक, वालुवा सिमेन्ट रोडा घोल्नको लागि कंक्रिट मिक्सर, क्रेन र अन्य निर्माणसँग सम्बन्धित यन्त्रहरुको प्रयोग गरिनेछ।

२.१३ आयोजनाका लागि आवश्यक पर्ने इन्धन

निर्माण कार्य सञ्चालन तथा निर्माण सामग्री ढुवानीको क्रममा विभिन्न इन्धनहरुको प्रयोग हुनेछ। प्रस्तावित आयोजना कार्यान्वयनको लागि निम्न बमोजिमको मात्रा र किसिममा इन्धनहरुको प्रयोग हुने अनुमान गरिएको छ। आयोजना कार्यान्वयन गर्दा ईन्धनहरु जस्तै डिजेल, पेट्रोल, LPG आदिको प्रयोग हुने गर्दछ । मूख्य रूपमा डिजेल र पेट्रोल निर्माण कार्यको लागि प्रयोग गरीन्छ भने कामदार शिविरका लागि एल.पि. ग्याँस प्रयोग गरीन्छ । यी सबै उर्जाका मागहरू निर्माण व्यवसायीले आयोजना क्षेत्र बाहिरबाट पूरा गर्नेछ जसले गर्दा स्थानीय ईन्धनको मागमा दबाब पर्ने छैन। यस आयोजना कार्यान्वयन गर्दा पेट्रोलियम पदार्थको खपतबाट वातावरणमा कूल जम्मा १३०.९७ मे.ट. कार्बन उत्सर्जन हुने अनुमान गरिएको छ। यस आयोजना कार्यान्वयनको लागि आवश्यक इन्धनहरुको विवरण र उक्त इन्धनहरुको खपतबाट वातावरणमा उत्सर्जन हुने कार्बनको मात्रा सम्बन्धी विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.३: आयोजनालाई आवश्यक इन्धनको विवरण

सि.नं.	इन्धनको किसिम	स्रोत	इकाई	प्रयोग हुने मात्रा	कार्बन उत्सर्जन (मे.ट.)	कैफियत
१.	डिजेल	नेपाल आयल निगमका आधिकारिक विक्रेता	लि.	४०,०००	१०५.६	IPCC, २००६ अनुसार कार्बन उत्सर्जन आँकलन
२.	पेट्रोल		लि.	५०००	११.५	
३.	मट्टीतेल		लि.	१३००	३.२८	
४.	खाना पकाउने ग्याँस	स्थानीय आधिकारिक विक्रेता	सिलिन्डर	२५०	१०.५९	
जम्मा					**१३०.९७**	

(श्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)

२.१४ आयोजनालाई आवश्यक पर्ने जनशक्ति

यस आयोजनालाई तिन वर्षमा (९९० कार्य दिन) सम्पन्न गर्नको लागि दैनिक रुपमा जम्मा १२६ जना दक्ष कामदार (१० जना प्राविधिक र ११६ जना अन्य दक्ष) र २६८ अदक्ष कामदार गरी जम्मा ३९४ कामदार आवश्यक पर्दछ। यसरी, आयोजनाको निर्माण चरणमा २३२,६५० दक्ष मानव दिन र ३७१,२५० अदक्ष मानव दिन गरी जम्मा ६०३,९०० मानव दिन आवश्यक पर्ने अनुमान गरिएको छ (श्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)।

२.१५ आयोजनाको लागि आवश्यक पर्ने पानी

यस भवनको निर्माण कार्यको लागि निर्माण अवधिभर दैनिकरुपमा औसतमा ५,००० लिटर प्रति दिन) आवश्यक पर्ने अनुमान गरिएको छ (स्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)। यसैगरी, NBC 208: 2003 (Sanitary and Plumbing Design Requirements) अनुसार आवासीय भवनको लागि दैनिक १०० लिटर पानी प्रति व्यक्ति आवश्यक पर्नेछ। यही मापदण्डको आधारमा निर्माण कार्यमा खटिएका ३९४ जना कामदारहरुबाट औसतमा दैनिक ३९,४०० लिटर पानी खपत हुने अनुमान गरिएको छ। निर्माण क्रियाकलापहरु र निर्माण कामदारहरुको आवश्यकतालाई जोड गर्दा आयोजनाको निर्माण चरणमा दैनिक ४४,४०० लिटर पानी आवश्यक पर्ने अनुमान गरिएको छ।

Nepal National Building Code NBC 208: 2003 (Sanitary and Plumbing Design Requirements) अनुसार आयोजना सञ्चालन चरणमा यस एपार्टमेन्टमा बसोबास गर्ने ६९६ जना लागि दैनिक ६९६०० लिटर आवश्यक पर्दछ। यस्तै, भवनको सरसफाई, बँगैचा तथा अन्य प्रयोजनको लागि दैनिक २,००० लिटर गरी सञ्चालन चरणको लागि दैनिक ७१,६०० लिटर पानी खपत हुने अनुमान गरिएको छ ।

यस आयोजनाको निर्माण र सञ्चालन चरणको लागि आवश्यक पर्ने पानी काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत तथा आयोजना स्थलमा एउटा बोरिङ्ग जडान (भूमिगत पानीको लागि) गरी आपुर्ती गरिनेछ। भूमिगत पानीको उत्खनन् तथा उपयोग गर्दा स्थानीय सरकारको (काठमाडौं महानगरपालिका) नीति, नियम अनुसार गरिनेछ भने अन्य प्रचलित नियम-कानुनको पालना गरिनेछ। निर्माण चरणमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत औसतमा दैनिक ४४,४०० लिटर र बाँकी (४,४०० लिटर) पानीको लागि भूमिगत पानीको प्रयोग गरिनेछ। यस्तै, सञ्चालन चरणमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत औसतमा दैनिक ४०,००० लिटर र बाँकी (२७,२०० लिटर) पानीको लागि वर्षातको पानी र भूमिगत पानीको प्रयोग गरिनेछ।

२.१६ आयोजनाको सहायक सुविधाहरु निर्धारण

❖ कामदार शिविर

आयोजनाको लागि आवश्यक पर्ने कामदार शिविर आयोजना स्थल भित्र रहेको खुल्ला क्षेत्रमा निर्माण गरिनेछ। शिविरमा पुरुष र महिलालाई सुत्ने स्थान फरक-फरक स्थानमा व्वस्थापन गरिनेछ। कामदार सुत्नको लागि जमिनबाट कम्तिमा पनि १ मि. अग्लो खाटको व्यवस्था गरिनेछ। यस बाहेक शिविर स्थलमा शौचालय सुविधाको लागि हाल रहेको पार्किङ्ग सँगै रहेको शौचालयको प्रयोग गरिनेछ। महिला र पुरुषको लागि छुट्टा-छुट्टै शौचालयको व्यवस्थापन गरिनेछ।

कामदार शिविरमा कामदारहरुको खानेपानी आपुर्तीको लागि हाल आयोजना परिसर भित्र रहेको दुईवटा धाराको पानी (काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट बितरित खानेपानी प्रणालीबाट) प्रयोग गरिनेछ। पिउने बाहेक अन्य प्रयोजनाको लागि अपुग हुने पानीको आपुर्तीको लागि आयोजना स्थलमा निर्माण चरणमा एकवटा बोरिङ्ग जडान गरिनेछ।

❖ निर्माण सामग्री भण्डारण

आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामग्री भण्डारण स्थल आयोजना स्थल भित्र रहेको खुल्ला क्षेत्रमा निर्माण गरिनेछ । भण्डारण क्षेत्रमा तारबार तथा सामग्री छोप्ने व्यवस्था गरिनेछ।

भण्डारण क्षेत्रमा बालुवा, गिट्टी जस्ता धुलो उत्सर्जनन् हुन सक्ने सामग्री भण्डारण गर्दा त्रिपालले छोपिनेछ भने सिमेन्ट भण्डारणको लागि अस्थाई भण्डारण कक्ष (वा गोदाम) निर्माण गरिनेछ । यस्तै, डिजेल, पेट्रोल, लुब्रिकेन्ट्स, पेन्ट्स तथा अन्य रासायनिक पदार्थ भण्डारण गर्दा भूइमा प्लास्टिक सिट राखि स्टिल, फाइबरग्लास वा कन्क्रिटको ट्याङ्कमा अथवा उत्पादकले तय गरेको भण्डारण विधि अनुसार भण्डारण गरिनेछ ।

❖ विग्रन व्यवस्थापन क्षेत्र

निर्माण कार्यका क्रममा विभिन्न भौतिक संरचनाहरुको लागि जमिन सम्याउँदा, जग खन्दा, हाल विद्यमान भवन भत्काउँदा केही मात्रामा विग्रन उत्पन्न हुन्छ । विद्यमान भवन भत्काउँदा करिब १,७०० घ.मि. विग्रन (कन्क्रिट र अन्य निर्माणजन्य) तथा प्रस्तावित भवनको जग खन्ने क्रममा ३,८०० घ.मि. विग्रन (माटो तथा अन्य) गरी जम्मा ५,५०० घ.मि. विग्रन उत्सर्जनन् हुनेछ। यी विग्रनजन्य सामग्रीहरु आयोजना क्षेत्रमा जमिन सम्याउन, ब्याक फिलिंग, Landscaping र अन्य प्रयोजनमा प्रयोग गरिनेछ । यसै, यस आयोजनाको लागि विग्रन व्यवस्थापन क्षेत्र आवश्यक रहेको छैन।

परिच्छेद -३

प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तथा वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ मा व्यवस्था भएका प्रक्रियाहरूको अनुसरण गरी प्रस्तावित कार्यको वातावरणीय अध्ययन गरियो। वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसूची १० बमोजिम तयार गरिएको कार्यसूची सोही ऐनको दफा ६ को उपदफा (१) बमोजिम मिति २०८२/१०/११ गतेको बागमती प्रदेश सरकार - वन तथा वातावरण मन्त्रलयको सचिवस्तरीय निर्णयानुसर स्वीकृत भएको कार्यसूची (अनुसूची- १) को आधारमा वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (३) मा आधारित रहेर तथा अनुसूची ६ को ढाँचामा यस वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन तयार गरियो। प्रतिवेदन तयारी गर्दा अपनाईएको मुख्य गतिविधिहरु निम्नानुसार रहेको छ।

३.१. सन्दर्भ सामाग्रीहरुको अध्ययन

आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक- आर्थिक र साँस्कृतिक वातावरणको द्वितीय तथ्याङ्क हासिल गर्न सन्दर्भ सामाग्रीहरु जस्तै ए.के. रेसिडेन्सी आयोजना निर्माणको लागि तयार पारिएको ईन्जिनियरिङ्ग प्रतिवेदन, आयोजनासँग सम्बन्धीत नेपाल सरकार, बागमती प्रदेश सरकार र काठमाडौं महानगरपालिकाको नीति, ऐन, नियम तथा निर्देशिकाहरु, अघिल्ला मिल्दाजुल्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, आयोजना कार्यान्वयन हुने काठमाडौं महानगरपालिकाको प्रोफाईल, के.त.का. ले प्रकाशन गरेको जिल्लाको वस्तुगत विवरण आदिको पुनरावलोकन गरियो। खानी तथा भूगर्भ विभागले सन् १९९४ मा प्रकाशन गरेको नेपालको भौगोलिक नक्सा, शहरी विकास मन्त्रालयले २०७७ मा प्रकाशन गरेको नेपालको सम्भावित भूकम्पीय खतरा आंकलन नक्सा, नापी विभागबाट सन् १९९६ मा प्रकाशित टोपोग्राफिक नक्सा (२७८५ ०६A Kathmandau)तथा २०७६ मा प्रकाशित गरेको स्थानीय तह र वडा नक्सा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सन् २०२२ मा प्रकाशन गरेको Birds of Nepal (An Official Checklist), IUCN ले प्रकाशन गरेको The Status of Nepal's Mammals: The National Red List Series, नेपाल सरकारले सन् २००० मा प्रकाशन गरेको National Register of Medicinal Plants, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २०७५ मा प्रकाशन गरेको नेपालमा पाईने सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिहरु आदिको अध्ययन गरी आवश्यक द्वितीय तथ्याङ्क हासिल गरी प्रतिवेदनमा समावेश गरियो। यस्तै आयोजना क्षेत्रमा पाइने वनस्पतिहरु पहिचानको लागि निम्न अनुसार पुस्तकहरुको प्रयोग गरिएको छ।

- Rajbhandari, K. R., Rai, S. K. & Chhetri, R. (2021). A handbook of the flowering plants of Nepal, Volume-3, 331 pp. (including 131 plates). Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-8-7
- Rajbhandari, K.R., Joshi, L., Chhetri, R. & Khatri, S. (2020). A handbook of the gymnosperms of Nepal. Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-7-0
- Shrestha, K., Bhandari, P. & Bhattarai, S. (2022). Plants of Nepal (Gymnosperms and Angiosperms). pp.102 and 48 colour plates. Heritage Publishers & Distributors Pvt.Ltd., Kathmandu, Nepal
- Rokaya, M.B., Sigdel, S.R., Kasaju, S.K. & Sherpa, La D. (2024). Plants of Kathmandu Valley: A Pictorial Guide. 2024. illus. (col.). VIII, 500 p.

३.२ आयोजनाको प्रभाव क्षेत्र निर्धारण

प्रस्तावित आयोजनाको गतिविधिहरुको निकटता र प्रभावहरुको परिमाणको आधारमा आयोजनाको प्रभाव क्षेत्र निर्धारण गरिएको छ । स्थलगत सर्वेक्षणको क्रममा मुख्य जानकार व्यक्तिहरुसँग प्रस्तावित आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको बारेमा छलफल गर्नुका साथै आयोजना स्थलमा भवनले ओगटेको क्षेत्र, निर्माण समाग्री ढुवानीको लागि प्रयोग गरिने साधन, निर्माण कार्यमा प्रयोग हुने प्रविधि तथा उपकरण, निर्माण समाग्री भण्डारण स्थल, आयोजनाका सहायक सुविधाहरु आदिको विश्लेषण गरी अध्ययन टोलीको विज्ञताको आधारमा आयोजना प्रभावित क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

तालिका ३.१: आयोजनाको प्रभाव क्षेत्र निर्धारण

प्रभाव वर्गीकरण	प्रभाव क्षेत्रको विवरण
प्रत्यक्ष प्रभाव क्षेत्र	आयोजनाको परिसर भित्र (प्रत्यक्ष निर्माण कार्य हुने क्षेत्र)
अप्रत्यक्ष प्रभाव क्षेत्र	निर्माण कार्यको करण अप्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने सम्भावित क्षेत्र (प्रत्यक्ष प्रभाव क्षेत्रबाट ५०० मिटर अर्धब्यासमा रहेका क्षेत्र)
समग्र प्रभाव क्षेत्र	काठमाडौं महानगरपालिकाको बाँकी क्षेत्र

३.३ चेकलिष्टको तयारी

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को आधारमा भौतिक, जैविक र सामाजिक–आर्थिक र साँस्कृतिक वातावरणको अवस्था र संभावित प्रभावहरुको पहिचान गर्नका लागि २०८२/१०/११ गतेको बागमती प्रदेश सरकार - वन तथा वातावरण मन्त्रलयको सचिवस्तरीय निर्णयबाट स्वीकृत भएको कार्यसूचीमा संलग्न चेकलिस्टहरु बमोजिम अध्ययनको

लागि आवश्यक चेकलिस्ट तयार गरियो। अनुसूची ४ मा अध्ययनमा प्रयोग गरिएका चेकलिष्टहरु संलग्न गरिएको छ ।

३.४ स्थलगत अध्ययन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको मिति २०८२/१०/१२ देखि २०८२/१०/२२ गते सम्म भ्रमण गरी भौतिक, जैविक र सामाजिक–आर्थिक र साँस्कृतिक वातावरणको आधारभूत तथ्याङ्क सङ्कलन गरियो। आधारभूत तथ्याङ्क सङ्कलन गर्न स्थलगत सर्वेक्षण, अध्ययन, अनुसन्धान र मुख्य जानकार व्यक्तिसंग अन्तरवार्ता गरियो।

३.४.१ भौतिक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन गर्न अध्ययन टोलीद्वारा प्रस्ताव कार्यान्वयन क्षेत्रको स्थलगत अवलोकन, पैदल मार्ग सर्वेक्षण र समूहगत छलफल गरियो । भौतिक वातावरण सम्वन्धी तथ्याङ्कहरु निम्न विधिद्वारा सङ्कलन गरियो ।

क. तापक्रम र वर्षा : Environment Statistics of Nepal, 2024 मा प्रकाशित जल तथा मौसम विभागको त्रिभुवन विमानस्थल र पानीपोखरी स्टेशनको तथ्याङ्कलाई लिइएको थियो।

ख. वायुको गुणस्तरः आयोजना कार्यन्वयन क्षेत्रमा दुई स्थानमा (मुख्य सडकमा रहेको प्रवेशद्वार र प्रस्तावित भवनको पछाडि) वायुको गुणस्तर संकलन गरिएको छ। उक्त स्थानहरुको २४ घण्टाको PM1, PM2.5, PM10, सम्बन्धी तथ्याङ्क Smart CAIR Air Monitor बाट संकलन गरिएको थियो।

प्रस्तावको कार्यान्वयन गर्दा सवारी साधन र मेसिनरीहरुमा पेट्रोलियम पदार्थको प्रयोगबाट हुनसक्ने सम्भावित कार्बन उत्सर्जनको मात्रा नेशनल ग्रीनहाउस ग्यास ईन्भेन्टरीहरुका लागि IPCC Guidelines for National Greenhouse Gas Inventories, 2006 ले निर्दिष्ट गरे बमोजिम पत्ता लगाईएको थियो।

ग. पानीको गुणस्तरः आयोजना कार्यन्वयन गर्दा पानीको गुणस्तरमा प्रभाव पर्न सक्ने आयोजना परिसरमा रहेको बोरिङ्गको पानीको नमूना मिति २०८२/११/१३ गते संकलन गरी नेपाल सरकारद्वार मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गरी उक्त पानीको विभिन्न गुणहरु जस्तै रंग, अम्लियपना, Electrical Conductivity, Total Suspended Solids, Turbidity, Ammonia, Chloride, आदिको परीक्षण गरिएको थियो। परीक्षण गरिएको पानीको गुणस्तरलाई राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ सँग तुलना गरी विश्लेषण गरिएको थियो।

घ. ध्वनिको गुणस्तर : डिजिटल साउण्ड लेबल मिटर (Sound Level Meter) को सहायतामे २०८२/१०/१५ गते बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म (प्रत्येक पटक ३० मिनेटसम्म)

आयोजना कार्यन्वयन क्षेत्रमा (प्रस्तावित भवनको पछाडि) ध्वनिको गुणस्तर मापन गरिएको थियो।

ङ. भौगर्भिक अनुसन्धान : स्थलगत अध्ययन तथा अवलोकन गरी चेकलिस्टको र भौगर्भिक नक्साको आधारमा आयोजना स्थलको माटोको प्रकार, चट्टानको प्रकार, आयोजना क्षेत्र तथा नजिकमा रहेका खानीज पदार्थहरु, भौगर्भिक संरचनाहरुको गठनको र भूमिगत पानीको सतह, आदि बारेमा तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको थियो।

च. सवर्जिनिक सम्पतिहरु : स्थलगत अध्ययन/अवलोकन गरी चेकलिस्ट अनुसार सार्वजनिक पुर्वाधार र संरचनाहरु जस्तैः-विद्युतीय पोल, टेलिफोन पोल, पानीको धारा आदिको टिपोट गरी सूचीकरण गरिएको थियो।

छ. अन्यः अध्ययन टोलीले स्थानीय बासिन्दाहरूसँग त्यस क्षेत्रको भौतिक अवस्था खास गरेर फोहरमैला व्यावस्थापन पद्धति, चट्टान, माटो, बाढीले डुबान गरेको क्षेत्र, कटान हुने क्षेत्र, जलाधार तथा खोलानालामा पानीको अवस्था बारे समूहगत छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने सम्भावित प्रभावका बारेमा समेत जानकारी सङ्कलन गरियो ।

३.४.२ जैविक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन

स्थलगत अवलोकन गरी आयोजना क्षेत्रमा पाइने वनस्पति सम्बन्धी विवरण संकलन गरियो। आयोजना क्षेत्रमा पाइने रुख, घाँस र झाडी प्रजातिहरु स्थलगत अध्ययनको आधारमा सूचीकरण गरियो। वनस्पतिहरु पहिचानको लागि Plants of Kathmandu Valley: A Pictorial Guide, 2024 (Rokaya et. Al, 2024) पुस्तकको प्रयोग गरिएको थियो। यस्तै, प्रस्ताव कार्यान्वयनले वनस्पतिमा पार्न सक्ने प्रभावहरु सम्बन्धी विवरण संकलन गरियो। अध्ययनको क्रममा प्रयोग भएको चेकलिष्ट अनुसूची ४ मा संलग्न गरिएको छ।

क) वनस्पति

प्रस्ताव कार्यान्वयन गरिने क्षेत्रमा पाईने वनस्पतिका प्रजातिहरु (रुख, घाँस, झाडी, बुट्यान र मिचाहा) प्रजातिहरुको विवरण, उपलब्धता र स्थितिको बारेमा जानकारीहरु लिन अध्ययन टोलीद्वारा स्थलगत अवलोकन गरिनुका साथै आयोजना नजिकमा पाइने वनस्पतिहरुको टिपोट गरिएको थियो। आयोजना क्षेत्रमा पाइने वनस्पतिहरुको विवरण विवरण अनुसूची-४ (ख) बमोजिम टिपोट गरिएको छ।

ख. वन्यजन्तु विवरण (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप):

द्वितीय स्रोतका तथ्याङ्कहरुको पुनरावलोकन, आयोजना प्रभावित क्षेत्रको स्थलगत अध्ययन र अवलोकन, आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुसँग छलफल गरी आयोजना क्षेत्रमा पाईने

वन्यजन्तु (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप) का प्रजातिहरु बारेमा तथ्याङ्क गरिएको थियो। वन्यजन्तु (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप) पहिचानको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्रकाशित Birds of Nepal: An Official Checklist, २०२२ र The Status of Nepal's Mammals: The National Red List Series पुस्तकहरुको प्रयोग गरिएको थियो।

३.४.३ सामाजिक-आर्थिक- साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन

आयोजना क्षेत्रको सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धित तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको प्रतिवेदनबाट संकलन गरियो। साथै स्थानीय जानकार व्यक्ति र सरोकारवाला निकायहरुसँग छलफल आयोजना गरी आयोजना क्षेत्रको सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन गरियो। उक्त छलफलमा प्रस्तावित आयोजना कार्यान्वयनबाट सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणमा पार्न सक्ने प्रभावहरुमा समेत जानकारी लिइएको छ ।

३.५ छलफल तथा परामर्श

वा.प्र.मू. अध्ययन टोलीले प्रस्तावित प्रस्ताव कार्यान्वयन गर्दा देखिन सक्ने वातावरणीय सवालहरु पहिचान गर्न आयोजना क्षेत्रका स्थानीय जनताहरूसँग छलफल गरी आवश्यक राय सुझावहरू लिइएको छ। आयोजना भवनले ओगटेको क्षेत्र, निर्माण समाग्री ढुवानीको लागि प्रयोग गरिने साधन, निर्माण कार्यमा प्रयोग हुने प्रविधि तथा उपकरण, निर्माण समाग्री भण्डारण स्थल, आयोजनाका सहायक सुविधाहरु आदिको बिश्लेषण गरी आयोजनाको प्रभाव क्षेत्र निर्धारण गर्न समेत मुख्य जानकार व्यक्तिहरुसँगको छलफल गरिएको छ।

३.६ सार्वजनिक सुनुवाई तथा सार्वजनिक सूचना

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको सिलसिलामा ए.के. रेसिडेन्सी निर्माण आयोजनाको बारेमा र यस आयोजनाको लागि तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन प्रस्तुति गरी उपस्थित सरोकारवाला व्यक्तिहरुबाट राय सुझाव संकलन गरी सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको थियो। यस सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा स्थानीय सराकरवालाहरुलाई जानकारी प्रदान गर्न "मध्यान्ह राष्ट्रिय दैनिक" पत्रिकामा मिति २०८२/१०/१२ गते सोमबार सूचना प्रकाशन गरियो (अनुसूची ६)। सोही सूचना काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौं महानगरपालिका वडा नं. ६ को वडा कार्यालय तथा आयोजना क्षेत्रमा रहेका विभिन्न शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरोकारवाला निकाय र स्थानीय क्षेत्रमा टाँस गरी मुचुल्का तयार गरियो। सूचना सम्प्रेषण अनुसार मिति २०८२/१०/१६ गते

शुक्रबार बिहान ९ बजे काठमाडौं महानगरपालिका वार्ड नं. ६, बौद्ध स्थित होटल अनुताराको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरीयो। उक्त कार्यक्रममा प्रस्तावित आयोजनाको लागि तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन प्रस्तुति गरी कार्यक्रममा सहभागी व्यक्ति, संघ/ संस्थाहरुबाट राय सुझाव संकलन गरियो। सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी व्यक्ति, संघ/ संस्थाहरुको उपस्थिति, प्राप्त राय सुझाव (अनुसूची ६) तथा तस्वीरहरुलाई प्रतिवेदनमा समावेश गरिएको छ।

बागमती प्रदेश- वातावरण संरक्षण ऐन २०७७ को दफा ६ को उपदफा (२) बमोजिम सार्वजनिक सुनुवाई आयोजना भए पश्चात प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको लिखित राय/सुझावको लागि सोही ऐनको अनुसूची ११ वमोजिमको ढाँचामा प्रस्तावकले तयार गरेको स्वीकृत सूचनालाई (अनुसूची- ७) प्रस्ताव कार्यान्वयन हुने बमोजिम काठमाडौं म.न.पा. कार्यालय, काठमाडौं म.न.पा. वडा नं. ६ को वडा कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था, सम्बन्धित सरोकारवाला निकाय तथा स्थानीय सार्वजनिक स्थलहरुको सूचनापाँटीमा सूचना टाँस गरी मुचुल्का तयार गरियो। सोही बमोजिमको पन्ध्र (१५) दिने सूचना "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा मिति २०८२/१०/२० गते मंगलबार प्रकाशन गरियो। नेपाल सरकार - वातावरण संरक्षण नियमावलीको नियम (८) को उपनियम (९) र (१०) बमोजिम स्थानीय तह, प्रभावित वार्ड र अन्य सरोकारवाला संस्थाबाट लिखित राय / सुझावहरु संकलन गरी प्राप्त राय सुझावहरुलाई समेत प्रतिवेदनमा समावेश गरियो।

३.७ तथ्याङ्कको बिश्लेषण

संकलन गरिएको सूचना /तथ्याङ्कहरुलाई Arc Map Version 10.2, Autocad, MS- Excel, र GIS को प्रयोगबाट बिश्लेषण गरियो । सन्दर्भ सामग्रीहरुको पुनरावलोकन तथा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क/ सूचनाहरुलाई विश्लेषण गरियो ।

कार्बन उत्सर्जनको बिश्लेषण विधि

प्रस्तावको कार्यान्वयन गर्दा विभिन्न निर्माण क्रियाकलापमा प्रयोग हुने सवारी साधन र मेसिनरीहरुमा पेट्रोलियम पदार्थको खपतबाट हुनसक्ने सम्भावित कार्बन उत्सर्जनको मात्रा तल तालिका ३.२ मा प्रस्तुत गरिए अनुसार पत्ता लगाइ विश्लेषण गरियो। त्यसै गरी आयोजना क्षेत्रबाट संकलन गरिएको पानीको नमुनाहरुको विभिन्न गुणहरु तल तालिका ३.३ मा प्रस्तुत गरिए अनुसारको मापन विधिद्वारा परीक्षण गरी विश्लेषण गरियो।

तालिका ३.१: पेट्रोलियम पदार्थको खपतबाट हुने कार्वन उत्सर्जनको रुपान्तरण तालिका

सि.नं.	पेट्रोलियम पदार्थ	IPCC इकाई	IPCC निर्देशिका अनुसार विभिन्न पेट्रोलियम पदार्थको CO_2 उत्सर्जन मान (कि.ग्रा.)	
			CO_2उत्सर्जन प्रति ग्यालन	CO_2उत्सर्जन प्रति लिटर
१	पेट्रोल	ग्यालन	८.७८	२.३१९४३१७१३
२	डीजेल	ग्यालन	१०.२१	२.६९७१९७९२६
३	एल.पि.जी.	ग्यालन	५.६८	१.५००४९७९६५
४	मट्टीतेल	ग्यालन	७५.२	१९.८६५७४७७

नोटः- १ग्यालन = ३.७८५४१ लिटर

(स्रोत: IPCC Guidelines for National Green House Gas Inventories, 2006)

पानीको गुणहरु र मापन विधि

तालिका ३.२: पानीको गुणहरु र मापन विधि

क्र. स.	गुणहरु	विधि
१	Color (TCU)	2120 B. Visual Comparison Method, APHAAWWA-WEF
२	pH	४५०० H+ B, Electrometric method APHAAWWA-WEF
३	Electrical Conductivity (μS/cm)	2510 B, Laboratory Method APHA-AWWAWEF
४	Turbidity (NTU)	2130 B. Nephelometric method APHAAWWA-WEF
५	Total Dissolved Solid	2540 C, Total Dissolved Solid Dried at 180℃APHA-AWWA-WEF
६	Ammonia	4500 NH3 F. Phenate method APHA-AWWA-WEF
७	Total Hardness	2340 C. EDTA Titrimetric Method APHAA-WWA-WEF
८	Iron	Direct Air Acetylene (AAS) Method. 3111 B APHA-AWWA-WEF
९	Nitrate	4500-NO2 B. APHA-AWWA-WEF
१०	Chloride	4500-Cl- B. Argentometric Method APHAAWWA-WEF

क्र. स.	गुणहरु	विधि
११	Coliform	P/A vials

(**स्रोतः** सडक तथा पुल आयोजनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण टेम्प्लेट, २०७७)

ध्वनिको औषत स्तर

आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र अन्तर्गत विभिन्न स्थानहरुको ध्वनिको औषत स्तर (Leq : Equivalent Noise Level) निम्न सुत्रको प्रयोग गरी पत्ता लगाईयो ।

$$\text{Leq} = 10log(\sum_{i=1}^{n} fi\ 10^{Li/10})dB\ (A)$$

जहाँ,

fi= ध्वनिको तीव्रता मापन गरिएको समयको अंश (fraction of time for which the sound level persists)

i= समय अन्तराल (time interval)

n= मापनको मात्रा (number of observations)

Li= ध्वनिको तीव्रता (sound intensity)

३.८ प्रभाव विश्लेषण

सन्दर्भ सामग्रीहरु (जस्तै प्रस्तावित प्रस्तावसँग सम्बन्धित अघिल्लो मिल्दो प्रकृतिका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, आयोजना क्षेत्रको टोपो नक्सा) पुनरावलोकन तथा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क/ सूचनाहरुलाई विश्लेषण गरी प्रस्ताब सँग सम्वन्धित नीति, कानून, नियम, निर्देशिका, फिल्डबाट प्राप्त सामग्रीहरु, पूर्व अनुभब तथा बिशेषज्ञताको आधारमा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० अनुसार Checklist Method प्रयोग गरेर सम्भावित अनुकूल र प्रतिकूल प्रभावहरुको पहिचान गरियो । उक्त प्रभावहरुलाई भौतिक वातावरण, जैविक वातावरण, सामाजिक- आर्थिक र साँस्कृतिक वातावरण र रासायनिक वातावारण गरी चार शीर्षकमा छुट्याइयो। पहिचान गरिएका सम्भावित अनुकूल र प्रतिकूल प्रभावहरुको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरुको अनुमान गरियो । राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० बमोजिम प्रभावलाई प्रकृति (Nature), परिणाम (Magnitude), सीमा (Extent), र समायावधि (Duration) मा वर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect), परिमाणलाई उच्च, मध्यम र न्यून, सीमालाई क्षेत्रीय, स्थानीय र स्थान निर्दिष्ट र अवधिलाई दीर्घकालीन, मध्यकालीन र अल्पकालीनमा विभाजन गरीयो । आयोजनाका क्रियाकलापले विद्यमान वातावरणीय अवस्थामा प्रत्यक्ष रुपमा असर गर्ने प्रभावलाई प्रत्यक्ष प्रभाव

र आयोजनाका क्रियाकलापले विद्यमान वातावरणीय अवस्थामा अप्रत्यक्ष रुपमा असर गर्ने प्रभावलाई अप्रत्यक्ष प्रभाव मानियो । जुन प्रभावलाई न्यूनीकरण गर्न सकिदैन त्यस्तो प्रभावलाई उच्च, आंशिकरुपमा कम हुनेलाई मध्यम र पूर्ण रुपमा परिवर्तन गर्न सकिनेलाई न्यून परिमाण मानियो । प्रत्यक्ष प्रभाव क्षेत्र भित्र मात्र सीमित रहने प्रभावलाई स्थान निर्दिस्ट, समग्र प्रभाव क्षेत्र सम्म रहनेलाई स्थानीय र समग्र प्रभाव क्षेत्र बाहिर सम्म रहने प्रभावलाई क्षेत्रीय सीमा मानियो । प्रभावको अवधि ३ वर्ष सम्म रहनेलाई अल्पकालीन, ३ देखि २० वर्ष सम्म जारी रहनेलाई मध्यकालीन र २० वर्ष भन्दा धेरै समय रहनेलाई दीर्घकालीनको रुपमा लिइयो । राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा उल्लेख गरिएको अंकगणितिय गणना विधिलाई यस अध्ययनमा अपनाइयो।

तालिका ३.३: प्रभावको मुल्याङ्कन तालिका

परिमाण	मान	सीमा	मान	अवधि	मान	प्रकार
उच्च	६०	क्षेत्रीय	६०	दीर्घकालीन	२०	प्रत्यक्ष
मध्यम	२०	स्थानीय	२०	मध्यकालीन	१०	अप्रत्यक्ष
न्यून	१०	स्थान निर्दिस्ट	१०	अल्पकालीन	०५	-
(सरलीकरण: प्रकार-Nature, परिमाण-Magnitude, हद- Extent, अवधि- Duration, महत्व- Significance)						

(स्रोत: वातावरण संरक्षण नियमावली, २०७७)

माथिको तालिका अनुसार प्रभावको मुल्याङ्कन गर्दा, प्रभावको परिमाण, सीमा र अवधिको मानलाई जोड्दा आउने जम्मा मानलाई विज्ञहरुको निर्णय अनुसार प्रभावको महत्व निक्यौंल गरियो।

तालिका ३.४: प्रभावको महत्व सम्बन्धी तालिका

सि.नं.	जम्मा मान	प्रभावको महत्व	कैफियत
१.	< ४५	न्यून महत्वपुर्ण प्रभाव	
२.	४५ - ७५	मध्यम महत्वपुर्ण प्रभाव	
३.	> ७५	उच्च महत्वपुर्ण प्रभाव	

(स्रोत: राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०)

३.९ प्रतिवेदन तयारी

वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ दफा ६ को उपदफा (१) बमोजिम स्वीकृत कार्यसूची, स्थलगत अध्ययन तथा अवलोकनबाट संकलन गरिएको तथ्याङ्क/ सूचना/ राय सुझाव,

दफा ३ को उपदफा (४) बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त राय सुझाब तथा दफा ६ को उपदफा (२) अनुसार प्रकाशित सूचना बाट प्राप्त राय सुझावहरुलाई समेत समावेश गरी वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (३) मा आधारित रहेर तथा अनुसूची ६ को ढाँचामा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदनलाई तयार गरिएको छ। यस प्रतिवेदन तयारीको क्रममा यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्रनिर्धारण प्रतिवेदन तथा कार्यसुची स्वीकृत पत्रमा समावेश गरिएका शर्तहरु पनि सम्बोधन गरिएको छ।

परिच्छेद -४

प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नका लागि तथा प्रस्ताव कार्यान्वयन गर्नका निमित्त सो सम्बन्धित निर्दीष्ट कार्यविधि तथा प्रचलित ऐन, कानुन तथा नियमका वारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ। यस प्रतिवेदन निम्न वमोजिमका नीति, ऐन, नियमावली, निर्देशिका तथा मापदण्डहरुको अधिनमा रही तयार गरिएको हो ।

क) नेपालको संविधान

नेपालको संविधानको धारा २५ को उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन र धारा २५ को उपधारा (३) अनुसार उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ ।

धारा ३० स्वच्छ वातावरणको हक को उपधारा (१) मा प्रत्येक नागरीकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ, उपधारा (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ र उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने कुरा उल्लेख गरिएको छ ।

धारा ३४ श्रमको हक को उपधारा (१) मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ भने उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने कुरा व्यवस्था गरिएको छ। यसैगरी, धारा ३७ आवासको हक अन्तर्गत उपधारा (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र उपधारा (२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

धारा ५१ राज्यका नीतिहरुको उपधारा (च) विकास सम्बन्धी नीति को उपधारा (२) र उपधारा (३) मा क्रमश विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने र विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने भन्ने कुरा व्यवस्था गरिएको छ । धारा ५१ को उपधारा (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिहरुको व्याख्या गरिएको छ ।

ख) सान्दर्भिक नीति तथा रणनीतिहरु

➢ श्रम तथा रोजगार नीति, २०६२

देशमा काम गर्ने नागरिकलाई लगानी-मैत्री वातावरण बनाई उत्पादनमूलक, बिना भेदभाव र शोषण मुक्त बनाउन बि.सं. २०६२ मा श्रम तथा रोजगार नीति जारी गरिएको हो । यस नीतिको मुख्य उद्देश्यको रुपमा काम गर्ने क्षेत्रलाई सुरक्षित, स्वास्थ्य र उत्पादनमुलक बनाउन पेशागत सुरक्षा र प्रजनन् स्वास्थको प्रर्वद्धन र विकास गर्नुपर्ने, सुरक्षा तथा स्वास्थ्य समितिको काम र कर्तव्य र जनचेतना मुलक स्रोतको विकास र यसको बृहत प्रचार गरी अपनाउनुपर्ने सावधानीका उपायहरुको चेतनामुलक कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसैगरी यस नीतिमा बाल मजदुरहरुको प्रयोगलाई निरुत्साहित गर्न अपनाउनुपर्ने कार्यहरु उल्लेख गरिएका छन् ।

➢ भू-उपयोग नीति, २०७५

नेपाल सरकारले उपलब्ध भूमि तथा भूमिस्रोतको महत्तम (Optimum) उपयोग गरी देशको दीगो सामाजिक, आर्थिक तथा वातावरणीय विकास हासिल गरी उच्चतम प्रतिफल प्राप्त गर्न भूमिको वर्गीकरण गरी सो अनुरुप उपयोग, नियमन र व्यवस्थापन सुनिश्चित गर्न राष्ट्रिय भू उपयोग नीति, २०६९ पुनरावलोकन गरी भू उपयोग नीति, २०७५ जारी गरेको हो । यस नीतिमा विकास र वातावरण बीच सन्तुलन कायम राखी वातावरणका दृष्टिले संवेदनशिल क्षेत्रको पहिचान तथा संरक्षण गर्ने तोकिएको मापदण्ड विपरीत प्राकृतिक स्वरुपमा परिवर्तन हुने गरी गरिने भूमिको उपयोगलाई निरुत्साहित गरिने उल्लेख गरिएको छ ।

➢ राष्ट्रिय भूमि नीति, २०७५

राष्ट्रिय भूमि नीति, २०७५ को दीर्घकालीन लक्ष्य भनेको भूमिको न्यायिक वितरण, महत्तम उपयोग र सुशासन मार्फत मुलुकको आर्थिक समृद्धि र जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने हो । राष्ट्रिय भूमि नीति, २०७५ को रणनीति तथा कार्यनीतिहरु अन्तर्गत बुदा नं. १.४.१ मा सार्वजनिक हितका लागि राज्यले प्रचलित कानूनको अधिनमा रही जग्गा प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ ।

➢ राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६

विश्वव्यापी तापक्रममा भएको वृद्धिको असर, जलवायु परिवर्तन सम्बन्धी प्राकृतिक प्रकोपहरू जस्तै हिमताल फुट्ने, बाढी र अनिकालको साथसाथै मानव स्वास्थ्यमा देखिएका नकारात्मक प्रभावहरुलाई कम गर्नका लागि राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लाई लागू गरिएको हो । पर्यटन, उर्जा क्षेत्र र समाजको उत्थानका लागि नीतिको सहयोगमा प्रगतिशील समाज निर्माणको

दिशामा विभिन्न क्षेत्रलाई निर्देशित गर्ने उद्देश्यका साथ यस नीतिलाई लागू गरिएको हो । यस नीतिको मूख्य लक्ष्य भनेको जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुऱ्याउने हो । यस नीतिको उद्देश्य भनेको संकटापन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने, जलवायु परिवर्तनका प्रतिकूल असर तथा प्रभावको जोखिममा रहेका पारिस्थितिकिय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने, न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तीय स्रोतहरुको न्यायोचित परिचालन गर्ने, जलवायु परिवर्तन सम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने, राज्यका सबै तह र बिषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरुमा जलवायु परिवर्तनका बिषयहरुलाई मुल प्रवाहिकरण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई मुल प्रवाहिकरण गर्ने हो ।

- **राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालको संविधानले अवलम्बन गरेको मर्यादित र उचित श्रम अभ्यासको अवधारणालाई आधार मानी राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ तर्जुमा गरी कार्यान्वयन गरेको छ । राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ ले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत एवं कानूनी सुधार तथा परिमार्जन गर्ने, सुरक्षित तथा स्वस्थ कार्यस्थलका लागि नियमन तथा प्रोत्साहन गर्ने, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसँग सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने र व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी अनुगमन, निरीक्षण, अध्ययन र अनुसन्धान लगायतका विषयमा सम्बद्ध निकायहरुबीच सहकार्य र समन्वय गर्ने जस्ता विभिन्न रणनीतिहरु अवलम्वन गरेको छ । यो नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको अध्यक्षतामा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने भनि व्यवस्था गरिएको छ। साथै प्रदेश र स्थानीय तहले पनि आ—आफ्नो संरचना भित्र अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ भनी परिकल्पना गरिएको छ । नीति कार्यान्वयनको समिक्षा तीनवटै तहका सरकारबाट प्रत्येक वर्ष गरिने व्यवस्था गरेको छ । नीति कार्यान्वयनको परीक्षण गरी प्राप्त नतीजा र प्रभावका आधारमा नीतिको संशोधन एवम् परिमार्जनको व्यवस्था गरेको छ । यो नीति पाँच-पाँच वर्षमा पुनरावलोकन गरिने उल्लेख छ ।

➢ राष्ट्रिय वातावरण नीति, २०७६

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरीकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार प्रदान गर्दछ जसका लागि वातावरण-मैत्री विकास कार्यहरू आवश्यक पर्दछ । वातावरण संरक्षण बहुआयामिक राष्ट्रिय तथा अन्तरदेशीय विषय रहेको हुँदा नेपालले वातावरण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा प्रतिबद्धता जाहेर गरेको छ । दिगो विकासको अवधारणा अनुरुप वर्तमान र अन्तरपुस्ता समन्वयका लागि वातावरणीय स्रोतमाथि न्यायोंचित पहुँच र तिनको बुद्धिमत्तापूर्ण उपयोगको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन्छ । यसका लागि तीनै तहका सरकार, नागरीक समाज, समुदाय, निजी क्षेत्र र व्यक्ति-व्यक्तिबीच आपसी समन्वय र सहकार्यको आवश्यकताको पृष्ठभूमिमा राष्ट्रिय वातावरण नीति, २०७६ तर्जूमा गरिएको छ ।

यस नीतिको मूख्य लक्ष्य भनेको प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवद्र्धन गरी नागरीकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्नु हो । यस नीतिको मूख्य उद्देश्यहरू भनेको सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्ने; सबै स्रोतहरूबाट सिर्जित फोहरमैलाको व्यवस्थापन गर्ने; शहरी तथा नगर क्षेत्रको हरियाली विस्तार गर्ने; विकासको सबै आयामहरूमा वातावरणीय चासोलाई मूल प्रवाहीकरण गर्ने; प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने; वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागीता जुटाउने, वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने; सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने । त्यस्तै, ध्वनि, जल र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रणका लागि केही मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन् । जलवायु अनुकूलित गाउँ कार्यक्रम पनि सञ्चालनमा ल्याइएको छ । देशको कूल वन क्षेत्रको करीब ४० प्रतिशत वन क्षेत्र स्थानीय वन उपभोक्ता समूहबाट व्यवस्थापन भई हरियाली प्रवद्र्धन हुँदै आएको छ । यो नीतिले सबै प्रकारको प्रदूषण नियन्त्रण गर्न प्रभावकारी प्रणाली बनाउँदछ । अस्पताल, उद्योग र यातायात प्रणालीको सञ्चालनमा वातावरण-मैत्री प्रविधिलाई प्रोत्साहित गर्दछ र उत्पादनमा रासायनलाई नियन्त्रण गरेर उद्देश्य हासिल गर्नेछ ।

➢ राष्ट्रिय शहरी नीति, २०८१

राष्ट्रिय शहरी नीति, २०८१ ले सन् २०३६ भित्र नेपालका शहरी क्षेत्रहरुको शहरी पूर्वाधार अवस्था सुचक कम्तीमा ५० प्रतिशत हुने गरी १५ प्रतिशतले वृद्धि गर्ने लक्ष्य लिएको छ । यसका लागि यस नितिले मुख्य रुपमा ४ वटा नीति अवलम्बन गरको छः नीति १ - समुन्नत

राष्ट्रिय शहरी प्रणाली र शहरीस्वरुपको विकास गर्ने; नीति २ — उत्थानशील अरी पूर्वाधारको पहुँचमा बिस्तार गर्ने; नीति ३ — व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने; र नीति ४ — अन्तरक्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने ।

- **सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२- २०८५/८६)**

- खण्ड १.१ - सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धताको विकास गरिने दीर्धकालीन राष्ट्रिय लक्ष्य लिइएको छ ।
- खण्ड १.५.२ उद्देश्य उपखण्ड १ - राजनितिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशान कामय गरिने उद्देश्य लिइएको छ ।
- खण्ड ७.३ परिमाणात्मक लक्ष्य

आ.व. २०७९/८० मा २०९ वटा सरकारी कार्यालय भवन प्रवलीकरण तथा नयाँ निर्माण गरिएकोमा आ.व. २०८५/८६ सम्म थप ५०० सरकारी कार्यालय भवन प्रवलीकरण तथा नयाँ निर्माण गरिने लक्ष्य लिइएको छ।

ग) सान्दर्भिक ऐनहरु

- **प्राचीन स्मारक संरक्षण ऐन, २०१३**

प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३ ले प्राचीन स्मारक रहेको ठाउँ वा स्थानलाई संरक्षित संमारक क्षेत्र घोषणा गर्न सकिने कानूनी व्यवस्था गरेको छ । यस्तै, दफा ४ ले निजी स्वामित्वमा रहेको प्राचीन स्मारक वा प्राचीन स्मारक भित्रको निजी वा संस्थागत घर-जग्गा नेपाल सरकारले किन्न सक्ने कानूनी व्यवस्था गरेको छ । यसैगरी, दफा ८ ले प्राचीन स्मारकको जमिन खन्न नदिने र दफा १६ ले पुरातात्विक उत्खनन् गर्न स्विकृति लिनु पर्ने कानूनी व्यवस्था गरेको छ ।

- **संक्रमण रोग नियन्त्रण ऐन २०२०**

संक्रमण रोग नियन्त्रण ऐन २०२० को दफा २ अनुसार मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकार वा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारवाही गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ । यसैगरी यस ऐन वा यस ऐन अन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर कैद वा जरिवाना वा दुवै सजाय हुनेछ ।

- **भूमि सम्बन्धी ऐन, २०२१**

मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पूँजी र जनसंख्याको भार झिकी अर्थ व्यवस्थाको अन्य क्षेत्रमा लगाउन नेपाल सरकारले भूमिसम्बन्धी ऐन २०२१ लागु गरेको छ । भूमिसम्बन्धी नियम ३९(ट) मा जिल्ला भू-उपयोग सम्बन्धी गठित समितिको स्वीकृति नलिइ एक उपयोगको लागि निर्धारित जग्गा अर्को उपयोगमा ल्याउन पाइने छैन । सोहि नियम अन्तर्गत निर्धारित भू-उपयोगको जग्गाको उपयोग परिवर्तन गर्ने स्वीकृत माग गर्दा अनुसूची –२१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने अनिवार्य गरेको छ ।

- **गुठी संस्थान ऐन, २०३३**
    - दफा ३ - गुठी संस्थान कायम रहने
    - दफा उपदफा (१) - गुठी संस्थान ऐन, २०२१ अन्तर्गत स्थापना भएको गुठी संस्थान यसै ऐन अन्तर्गत स्थापना भएको मानी कायमै रहनेछ ।
    - दफा ६ - कर्मचारी तथा सल्लाहकारको नियुक्ति सम्बन्धी व्यवस्था
    - दफा ७ - विद्वत समितिको गठन सम्बन्धी व्यवस्था
    - दफा १६ - राजगुठीको बन्दोबस्त र सञ्चालन सम्बन्धी व्यवस्था
    - दफा १९ - छुट गुठीको हक दायित्व संस्थानमा सर्ने सम्बन्धी व्यवस्था
    - दफा २० - निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने सम्बन्धी व्यवस्था
    - दफा २२ - गुठी जिमीदारी उन्मूलन सम्बन्धी व्यवस्था
    - दफा २७ - मोहियानी हक लाग्ने सम्बन्धी व्यवस्था
- **मालपोत ऐन, २०३४**
    - दफा ३ - मालपोत कार्यालयको स्थापना : उपदफा (१) नेपाल सरकारले प्रत्येक जिल्लामा आवश्यकतानुसार मालपोत कार्यालयको स्थापना गर्नेछ।
    - दफा ६ - जग्गाको दर्ता : उपदफा (१) मालपोत कार्यालयले जिल्लाभित्रको प्रत्येक जग्गा तोकिएबमोजिम दर्ता गरी राखेछ ।
    - दफा ८- रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम
    - दफा ८ उपदफा (१) - प्रचलित कानून बमोजिम लिखतको रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम मालपोत कार्यालयले गर्नेछ।
- **काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५**

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐनको दफा ३ बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरण स्थापना गरिएको हो । दफा ५ बमोजिम काठमाडौं उपत्यकालाई प्रशासनिक, पर्यटन,

सांस्कृतिक एवं आर्थिक केन्द्रमा विकास गर्ने र अन्य विकासका योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार दिइएको छ । दफा ७.१ बमोजिम भौतिक विकास योजना कार्यान्वयन गर्न प्राधिकरणले समय-समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बढीमा तिन वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि योजना क्षेत्र भित्र पर्ने सोहि सूचनामा तोकिएको क्षेत्रमा जुनसुकै प्रकारको अचल सम्पत्ति प्राधिकरणको पूर्व स्वीकृति विना कुनै प्रकारले भौतिक परिवर्तन गर्न वा टुक्राउन नपाउने गरी रोक लागउन सक्नेछ ।

- **नगर विकास ऐन, २०४५**
  - दफा ३ - नगर योजना तर्जुमा र स्वीकृति सम्बन्धी व्यवस्था
  - दफा ४ उपदफा १ - नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्नेछ ।
  - दफा ८ उपदफा १ - नगर योजना तर्जुमा सम्बन्धी कामको लागि समितिले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी दुई वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि नगर योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति समितिको पूर्व स्वीकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।
- **संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४**
  - दफा ३ - स्वीकृति नलिइ संयुक्त आवास भवन निर्माण गर्न नपाउनेः अन्य प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले पनि अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिइ संयुक्त आवास भवनको निर्माण गर्न वा गर्न लगाउन हुँदैन ।
  - दफा ४ - स्वीकृतिको लागि निवेदन दिनु पर्नेः संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहने संगठित संस्थाले संयुक्त आवास भवन निर्माण सम्बन्धी प्रस्तावित नक्सा, स्ट्रक्चरल डिजाइन, जग्गाको क्षेत्रफल तथा स्वामित्वको विवरण, आवास इकाई बिक्री वितरण प्रकृया, सामूहिक क्षेत्र तथा सुविधा सम्बन्धी विवरण र संयुक्त आवास भवन सञ्चालन योजना समेत संलग्न गरी संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने स्वीकृतिको लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

- दफा ८- आवास इकाईको बिक्री तथा अन्य व्यवस्थाः उपदफा (१) संस्थापकले आवास इकाईको पूरै रकम भुक्तानी लिइ वा किस्ताबन्दीमा भुक्तानी लिने गरी आवास इकाई बिक्री गर्न सक्नेछ ।

➢ **भवन ऐन, २०५५**

भवन ऐन, २०५५ को मुख्य उदेश्य आगलागि,भूकम्प र अन्य प्राकृतिक विपद्बाट भवनहरुलाई यथासम्भव सुरक्षित राखी भवन निर्माण कार्यलाई नियमित गर्ने रहेको छ । यस ऐनको दफा ८ ले भवन संहिता तर्जुमा तथा कार्यान्वयन गर्ने प्रयोजनको लागि भवनलाई क, ख, ग र घ वर्ग गरी चार वर्गमा वर्गीकरण गरेको छ । दफा ९ ले भवनको वर्गको आधारमा भवन संहिता लागु गर्ने सम्बन्धी व्यवस्था गरेको छ । दफा १० अनुसार कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्दा भवन संहितामा तोकिएको अनुरुप बनाउनु पर्नेछ र त्यसरी भवन निर्माण गर्दा सो भवनको नक्सा र डिजाइन जुन स्तरको डिजाइनकर्ता, इन्जिनीयर वा आर्किटेक्टबाट प्रमाणित गराइएको हो कम्तिमा सोही स्तरको डिजाइनकर्ता वा निजीको प्रतिनिधि, इन्जिनीयर वा आर्किटेक्टको रेखदेखमा निर्माण गर्नु पर्नेछ । दफा ११ र १२ मा भवन डिजाइन तथा नक्सा स्वीकृत गर्ने र १३ मा भवन निर्माणको सुपरिवेक्षण गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । दफा १४ ले यो ऐन बमोजिम नक्सा स्वीकृत नगराइ वा स्वीकृत नक्सा वा भवन संहितामा उल्लेखित मापदण्ड विपरित हुनेगरी भवन निर्माण गरेमा त्यस्तो निर्माण कार्य तुरुन्त रोक्न, भवन वा त्यसको कुनै भाग भत्काउन र जरिवाना समेत गराउन सक्ने कानूनी व्यवस्था गरेको छ ।

➢ **बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र बालबालिका सम्बन्धी ऐन, २०७५**

बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरुको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाल श्रम ऐन २०५१ बनेको हो । यस ऐनको दफा ३(१) बमोजिम कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन । यस ऐनको दफा ४ बमोजिम कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन । बाल श्रम ऐन आयोजना अन्तर्गत पर्ने हरेक कार्यहरूमा पालना गरिनेछ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाहरुका विभिन्न अधिकारहरु, बाल न्याय सम्बन्धी व्यबस्था,विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र बालबालिकाहरु विरुद्धका कसुरहरु आदिको व्यबस्था गरेको छ ।

- **कम्पनी ऐन, २०६३**
  - दफा ३ उपदफा (१) - मुनाफाको उद्देश्य लिइ कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरुसँग समूहबद्ध भई प्रबन्धपत्रमा उल्लेख भए बमोजिम एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि कम्पनी संस्थापना गर्न सक्नेछ ।
  - दफा ७ कम्पनी संगठित संस्था हुने :
  - दफा ७ उपदफा (१) यस ऐन बमोजिम संस्थापित कम्पनी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।
- **खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३**
  - दफा ३ बोर्ड गठन गर्न सक्नेः उपदफा (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन प्रारम्भ हुँदाका बखत 'कुनै सरकारी निकाय वा संस्थानले सञ्चालन गरिरहेको एक वा एकभन्दा बढी नगरपालिका क्षेत्रको सेवा प्रणाली तथा सेवालाई प्रभावकारीरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सम्बन्धित नगरपालिकासँग परामर्श गरी आवश्यकता अनुसार खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ।
  - दफा ४- बोर्ड स्वशासित संस्था हुनेः
  - दफा ७ उपदफा (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले काठमाडौं उपत्यकाभित्रका नगरपालिका क्षेत्रको खानेपानी सेवा तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न गराउनको लागि छुट्टै काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।
- **फोहरमैला व्यवस्थापन ऐन, २०६८**

फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरिएको हो। यस ऐनको दफा ३(१) बमोजिम फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर

स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्यास प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ । त्यसैगरी यस ऐनको दफा ४(२) बमोजिम उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ । यस ऐनको दफा ४(३) बमोजिम कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकिरहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन स्थानीय तहलाई अनुरोध गरेमा वा स्थानीय तहले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा स्थानीय तहले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिइ फोहरमैलाको व्यवस्थापन गरीदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ। साथै यस ऐनको दफा ६(१) बमोजिम स्थानीय तहले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ।

- **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ३ देखी दफा २० सम्म अपाङ्गता भएका व्यक्ति लाई विभिन्न विशेष अधिकार गरिएको छ । जस्तै प्रचलित कानुन अनुसारको अधिकार उपभोग गर्न पाउने (दफा ३), भेदभाव विरुद्धको अधिकार (दफा ४), सामुदायिक जीवनको अधिकार (दफा ९), विभिन्न किसिमका संरक्षण (दफा १०) । यस्तै, यस ऐनको दफा ७ बमोजिम अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्वारा प्रदत्त अधिकारका अतिरिक्त अन्य व्यक्ति सरह समान आधारमा प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ । यस ऐनको दफा १५ (१) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार हुनेछ । यस्तै, दफा २१ देखि २४ ले निशुल्क शिक्षाको व्यवस्था तथा छात्रवृत्तिको उपलव्ध गराउने व्यवस्था गरेको छ ।

- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्वन्धि व्यवस्था गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्दै जनसहभागीता ,

उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न यो ऐन जारी भएको हो । यस ऐनको दफा ११ उपदफा २ को खण्ड (छ) मा स्थानीय स्तरका विकास आयोजना र परियोजना सम्वन्धि नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन र सोही दफाको उपदफा २ को खण्ड (ञ) मा स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्वन्धि नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन स्थानीय तहको काम, कर्तव्य र अधिकारको रुपमा व्यवस्था गरेको छ ।

- **मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४**
  - दफा ३ - कुनै खास कसूरको अभियोजन, अनुसन्धान, पुर्पक्ष, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारबाही वा मुद्दा हेर्ने अधिकार क्षेत्रको सम्बन्धमा छुट्टै ऐनद्वारा विशेष व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ र त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले असर पार्ने छैन
  - दफा ४ देखी ३१ - कसुरको सूचना तथा अनुसन्धान सम्बन्धी विभिन्न व्यवस्थाहरु समावेश
- **मुलुकी देवानी संहिता ऐन, २०७४**

मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद २ मा देवानी कानुनका सामान्य सिद्धान्तको विवरण तथा व्याख्या गरिएको छ । जस्तैः अदालतले अन्यथा आदेश गरेकामा बाहेक मुद्दाको कारबाही, सुनुवाई र किनारा खुला हुनु पर्ने, मुद्दाको कारबाही, सुनुवाई र किनारा कानुन बमोजिम अधिकार प्राप्त अदालतबाट मात्र हुने, हक-बेहकको प्रश्नको निरूपण अदालतबाट हुने । यस ऐनको दफा ५ अनुसार कानुनको अज्ञानता क्षम्य नहुने तथा दफा ६ सार्वजनिक हित विपरित हुने गरी काम गर्न नपाउने र दफा ६ मा कानुन विपरितको काम अमान्य हुने व्यवस्था गरिएको छ । यसैगरी, दफा ८ अनुसार गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने र दफा ९ मा अरुलाई दुःख दिन नहुने तथा दफा १० अनुसार अरुको गल्तीको फाइदा लिन नपाउने जस्ता व्यवस्था गरिएको छ । यसैगरी, परिच्छेद अन्तर्गतका दफाहरूमा नागरिक अधिकार र सुविधा सम्बन्धी गरिएको र दफा १७ मा हरेक नागरिक कानुनको दृष्टीमा समान हुने व्यवस्था गरिएको छ । यसैगरी, परिच्छेद ३ मा अदालतको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गरिएको छ ।

- **श्रम ऐन,२०७४**

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरिएको हो।

परिच्छेद — ४, १६(१) बमोजिम कुनै प्रतिष्ठानले कुनै शिक्षण संस्थासँग सम्झौता गरी त्यस्तो संस्थाको स्वीकृत पाठ्यक्रम अनुसार कुनै व्यक्तिलाई प्रशिक्षार्थीको रुपमा काममा लगाउन सक्नेछ । तर स्वीकृत पाठ्यक्रम विपरीत काममा लगाएमा निजलाई नियमित रोजगारीमा रहेको श्रमिक मानिनेछ । परिच्छेद — ७, २८(१) बमोजिम रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन। यस ऐनको दफा ३०(१) बमोजिम रोजगारदाताले कुनै श्रमिकलाई दफा २८ को अधिनमा रही निर्धारण गरेको कार्य समयभन्दा बढी समय काममा लगाउनु परेमा प्रतिदिन चार घण्टा र एक हप्तामा चौबीस घण्टाभन्दा बढी नहुने गरी लगाउन सकिने छ । यस ऐनको दफा ३१(१) बमोजिम रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ ।

- **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**

यस ऐनले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्घाट सर्वसाधारण जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कानूनी व्यवस्था निर्धारण गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् व्यवस्थापन कोष तथा विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणा, कसुर सजाय सम्बन्धी व्यवस्था ऐनले गरेको छ ।

- **सामाजिक सुरक्षा ऐन, २०७५**

सामाजिक सुरक्षा ऐन, २०७५ क परिच्छेद - २ को दफा ३ देखी २० सम्म सामाजिक सुरक्षा भत्ता पाउने नेपाली नागरीकको विवरण, विभिन्न प्रकारका सामाजिक सुरक्षा भत्ताको विवरण र सामाजिक सुरक्षा भत्ताको अभिलेखिकरण सम्बन्धित व्यवस्था गरिएको छ । यस्तै, दफा १३ ले दोहोरो सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था तथा दफा १५ ले सामाजिक सुरक्षा भत्ता लिन नपाउने व्यक्तिहरुको विवरण दिएको छ । यस्तै, दफा २१ मा सामाजिक सुरक्षा भत्तामा हुने सक्ने कसुरको विवरण तथा कारवाहीको व्यवस्था गरेको छ । यसैगरी, दफा २६ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको अभिलेखको अनुगमन लगायतका व्यवस्था गरिएको छ ।

- **वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५**
  - दफा ३ - व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयता

- दफा ३ उपदफा (१) - प्रत्येक व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुनेछ ।
- दफा ३ उपदफा (२) - कुनै पनि व्यक्तिको शारीरिक गोपनीयताको विषय निजको शरीर वा स्वास्थ्य परीक्षण गर्दा, उपचार गर्दा वा आपतकालीन उद्धार कार्य गर्दाको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको मञ्जुरीविना अनतिक्रम्य रहनेछ।
- दफा ४ उपदपा (१) - प्रत्येक व्यक्तिलाई पारिवारिक जीवन कायम राख वा पारिवारिक अखण्डता कायम राखको लागि पारिवारिक गोपनीयता कायम राख पाउने अधिकार हुनेछ।
- दफा ५ उपदपा (१) - कुनै पनि व्यक्तिको मञ्जुरी नलिइ निजको जीऊ वा निजको साथमा रहेको वा निजले प्रयोग गर्ने कुनै वस्तुको तलासी लिन हुँदैन ।
- दफा ७. उपदफा (१) - प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुनेछ।
- दफा १० उपदफा (१) - प्रत्येक व्यक्तिलाई निजको सम्पत्ति तथा त्यस्तो सम्पत्ति सम्बन्धी विवरण गोप्य राख पाउने अधिकार हुनेछ।

➢ **भू-उपयोग ऐन, २०७६**

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारले भू-उपयोग ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ । यस ऐन बमोजिम नेपालको भू-बनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजात उपयोग र आवश्यकताको आधारमा भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल तथा सिमसार क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक महत्व क्षेत्र र नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा वर्गीकरण गरिएको छ । भू-उपयोग ऐन, २०७६ को दफा ७ बमोजिम जग्गाधनी स्रेस्ता र प्रमाणपूर्जा अद्यावधिक गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । ऐन दफा ८ को उपदफा १ अनुसार दफा ४ बमोजिम वर्गीकरण गरिएका जग्गाहरु अर्को प्रयोजनमा प्रयोग हुने गरी भू-उपयोग परिवर्तन गर्न नपाईने व्यवस्था भए पनि दफा ८ को उपदफा ७ को ख अनुसार राष्ट्रिय गौरवका वा प्राथमिकता प्राप्त विकास आयोजनाहरु, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायतका आयोजना स्थापना गर्नु परेमा नेपाल सरकारले विद्यमान भू-उपयोगी परिवर्तन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

- **वातावरण संरक्षण ऐन,२०७६**

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरीकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएको हो । वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद - २ को दफा ३ को उपदफा (१) अनुसार प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गनुपर्ने व्यवस्था रहेको र ऐनको दफा ३ को उपदफा २ (क) अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम संघको अधिकार क्षेत्र भित्र पर्ने बिषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एक भन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकिएको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन भए मन्त्रालय समक्ष स्वीकृतिको लागि पेश गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४ देखि ७ मा प्रस्ताव स्वीकृतिको लागि गर्नुपर्ने प्रकियागत व्यवस्था गरेको छ । सोही ऐनको दफा ८ ले त्यस्तो प्रस्ताव तोकिएको निकायबाट स्वीकृत गराएपछि मात्र कार्यान्वयन गर्नुपर्ने कुरालाई निर्देशन गरेको छ।

- **बागमती प्रदेश - वातावरण संरक्षण ऐन, २०७७**
    - दफा ३ - विकास तथा अन्य पूर्वाधारका आयोजनाहरु निर्माण गर्नू पूर्व तोकिय बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने
    - दफा ३ उपदफा ४ - वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई गर्नु पर्ने
    - दफा ५ - विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने
    - दफा ६ - क्षेत्र निर्धारण तथा कार्यसूची तयार गर्नु पर्ने
    - दफा ७ - वातावरणीय व्यवस्थापन योजना तयार तयार गर्नु पर्ने
    - दफा ८ - पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने सम्बन्धी व्यवस्था
    - दफा ९ - सेवा सुरु भएपछी वातावरणीय सुपरिवेक्षण गर्नु पर्ने

- दफा १० - वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराइ आयोजना कार्यान्वयन गराए रोक लगाउन सक्ने सम्बन्धी व्यवस्था

➢ **काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७**

- दफा ३: वातावरण संरक्षण गर्नुपर्ने:
  - उपदफा (१) आफ्नो क्षेत्रभित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी महानगरपालिकाको हुने छ ।
  - उपदफा (२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु प्रत्येक महानगरबासीको कर्तव्य हुने छ ।
- दफा ४: वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने
  - उपदफा (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी महानगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने छ ।
- दफा ६: वातावरणीय अध्ययन गर्नुपर्ने
  - उपदफा (१) प्रचलित कानुन तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नुपर्ने छ ।
  - उपदफा (२) प्रस्तावकले महानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेस गर्नुपर्ने छ ।
  - उपदफा (३): प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्ने छ ।
  - उपदफा (४): उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुने छ ।

- उपदफा (५): उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने सर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने छ ।
- उपदफा (६): कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्ने छ ।
- उपदफा (१०): यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावक महानगरपालिका आँफै भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानुन बमोजिम स्वीकृत हुने छ ।

- दफा ८: वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने
- दफा १३: हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्य गर्न सक्ने :
- दफा १४: प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने
  - उपदफा (१): कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जनस्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।
  - उपदफा (६): कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सोको जानकारी गराइ महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, बिक्री वितरण, भण्डारणमा बन्देज लगाउन सक्ने छ र आवश्यक कारबाहीका लागि सिफारिस गर्ने छ ।

➢ **संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७**

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा १३ को उपदफा १ मा राष्ट्रिय स्तर वा राष्ट्रिय महत्त्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नु पर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठुलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा संघले गर्नेछ र यसरी आयोजना तर्जुमा गर्दा संघीय संसदका सदस्यहरुको परामर्शकारी भूमिका रहने कानूनी व्यवस्था रहेको छ । सोही दफाको उपदफा ६ बमोजिम विषयगत समितिले संघ,

प्रदेश र स्थानीय तहबाट तर्जुमा हुने आयोजनासंग सम्बन्धित निकाय बीच आवश्यक समन्वयको व्यवस्था मिलाउने कानूनी व्यवस्था रहेको छ ।

- **खानेपानी तथा सरसफाइ ऐन, २०७९**

खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ६ मा पानीको मुल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु र दिगोरुपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य रहेको विषय उल्लेख गरिएको छ । दफा ३७ अनुसार कसैले तोकिएको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव मलमुत्रलाई सिधै नदि, खोला, ताल, तलैया, जलाशय, मानव वस्ति वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुँदैन, कसैले आफुबाट उत्सर्जित फोहोरपानी ढल निकास प्रणालीमा मिसाउन पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनु पर्ने कानूनी प्रावधान रहेको छ । त्यसैगरी दफा ४२ बमोजिम जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषण गर्ने वा पानीको परिमाण वा बहावमा असर पर्ने कुनै कार्य गरेमा तथा तोकिएको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव मलमुत्रलाई सिधै नदि, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाए वा पठाएमा तिन महिना देखि एक वर्ष सम्म कैद वा पाँच लाख रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ ।

घ) सान्दर्भिक नियमहरु

- **भूमि सम्बन्धी नियमहरु, २०२१**

भूमि सम्बन्धी नियमहरु, २०२१ ले मोहियानी हक, मोहिहरुको लागत तथा मोहियानी हक सम्बन्धी हदबन्दी, जग्गाको अधिकतम हदबन्दी, क्षतिपुर्ती तथा विक्री वितरण अनिवार्य बचत तथा ऋणको व्यवस्था, भू-उपयोग सम्बन्धी व्यवस्था, जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी सम्बन्धी कानूनी व्यवस्थाको बारेमा उल्लेख गरेको छ ।

- **मालपोत नियमावली, २०३६**
  - नियम ३ - जग्गा दर्ता सम्बन्धी व्यवस्था
  - नियम ४ - नापी नक्सा छुट भएको जग्गा दर्ता गर्ने सम्बन्धी व्यवस्था
  - नियम ५ - मालपोतको लगत सम्बन्धी व्यवस्था
  - नियम ६ - मालपोत असूल हुन बाँकी जग्गाको फाँटवारी सम्बन्धी व्यवस्था

- **नगर विकास कोष नियमावली, २०५४**
  - नियम ३ - कोषको लगानी नीतिः- कोषले लगानी गर्दा लगानीको सुरक्षा, तरलता तथा त्यसबाट प्राप्त हुने लाभांश वा प्रतिफल समेतलाई ध्यानमा राखी विभिन्न क्षेत्रहरूमा लगानी गर्न सक्नेछ।
  - नियम ४ — उपनियम (१) कोषको लगानी नीति निर्धारण गर्न तथा कोषको रकम सुरक्षित क्षेत्रमा लगानी गर्ने सम्बन्धमा कोषलाई सुझाव पेश गर्ने काम समेतको लागि कोषले एक लगानी प्रर्वद्धन समिति गठन गर्नेछ ।
  - नियम ५ - कोषले ऐनको दफा ७ बमोजिम नगर विकाससँग सम्बन्धित निकायहरूलाई नगर विकास सेवा सम्बन्धी परामर्श सेवा प्रदान गरे वापत लिन पाउने शुल्क समितिले तोकिदिए बमोजिम हुनेछ ।
  - नियम ११ - प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले नगर विकाससँग सम्बन्धित निकायलाई दिने ऋणमा लिने व्याज दरको निर्धारण समितिले लगानी प्रर्वद्धन समितिको सिफारिशमा गर्नेछ ।
  - नियम १२ - ऋणीले ऋण सम्झौतामा उल्लेख भएबमोजिम कुल ऋणको साँवा तथा व्याज रकमलाई एक वा एकभन्दा बढी किस्ताहरूमा विभाजन गरी कोषलाई नियमित रूपमा ऋणको साँवा तथा व्याज रकमको भुक्तानी गर्नु पर्नेछ।

- **संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०**
  - नियम ३ - स्वीकृतिको लागि निवेदन दिनुपर्नेः ऐनको दफा ४ बमोजिम संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्न चाहने संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।
  - नियम ४ - स्वीकृति दिनेः (१) नियम ३ बमोजिम निवेदन प्राप्त हुन आएमा अधिकार प्राप्त अधिकारीले निवेदनसाथ प्राप्त कागजातहरू आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदकलाई संयुक्त आवास भवन निर्माण गरी सञ्चालन गर्ने स्वीकृति दिन हुने देखिएमा अनुसूची-२ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।
  - नियम ५ - स्वीकृति रद्द गर्नेः संस्थापकले नियम ४ बमोजिम स्वीकृति पाएको मितिले दुई वर्षभित्र प्रचलित कानून बमोजिम नक्सा पास नगरेमा अधिकार प्राप्त अधिकारीले त्यसरी आफूले दिएको स्वीकृति रद्द गर्नेछ ।

- नियम ६- अनुगमन तथा निरीक्षण गर्न सक्नेः (१) ऐन वा यस नियमावली बमोजिम संस्थापकद्वारा संयुक्त आवास भवन निर्माण तथा सञ्चालन भए नभएको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।
- नियम ७ - प्रमाणपत्र दिनुपर्नेः ऐनको दफा ८ को उपदफा (४) बमोजिम आवास एकाइ बिक्री गर्दा वा भाडा वा अन्य तरिकाले भोग गर्न दिंदा संस्थापकले आवास एकाइ धनीलाई दिनुपर्ने प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिमको हुनेछ ।

➢ **बाल श्रम नियमावली, २०६२**

यस नियमावलीको नियम ४(१) बमोजिम बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि निजले सो काम गर्न सक्ने नसक्ने विषयमा बालकको स्वास्थ्य परीक्षण गर्न प्रतिष्ठानले कामको प्रकृति र बालकको उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ । साथै प्रतिष्ठानमा काम गर्ने बालकले श्रम ऐन, २०७४ बमोजिम तोकिदिएको पारिश्रमिक र भत्तामा कम नहुने गरी मासिक पारिश्रमिक र भत्ता पाउनेछ ।

➢ **काठमाडौ उपत्यका खानेपानी व्यबस्थापन बोर्ड नियमावली, २०६४**

- नियम ३ उपनियम (१) बोर्डले यो नियमावली प्रारम्भ भएपछि काठमाडौ उपत्यका भित्र संस्थानले सञ्चालन तथा व्यवस्थापन गरी रहेको सेवा र सो सँग सम्बन्धित सेवा प्रणाली वोर्डमा हस्तान्तरण गराइ लिनेछ ।
- नियम ६ उपनियम (१) बोर्डले नियम ५ को उपनियम (१) बमोजिम कुनै सरकारी निकाय वा स्थानीय निकायले सञ्चालन तथा व्यवस्थापन गरिरहेको कुनै सेवा आफूले सञ्चालन गरिरहेको सेवा प्रणालीको संजाल भित्र पारी सञ्चालन गर्न गराउन आवश्यक देखेमा त्यस्तो सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिन नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।
- नियम ७ उपनियम (१) - नियम ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्ति, उपभोक्ता समिति वा स्थानीय निकायले निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवा प्रणाली बोर्डको सेवा प्रणालीसँग आवद्ध गरी सञ्चालन गर्न आबश्यक र उचित देखिएमा बोर्डले सम्वन्धित उपभोक्ता समिति वा स्थानीय निकाय वा अन्य निकायसँग वार्ता गरी त्यस्तो सेवा प्रणाली प्राप्त गरी सञ्चालन र व्यवस्थापन गर्न सक्ने छ ।
- नियम ११ - बोर्डले भूमिगत श्रोतको पानीको नियमन गर्ने

- नियम ११ उपनियम (१) - बोर्डले आफ्नो भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको नियमित रुपमा अनुगमन तथा नियमन गर्न सक्नेछ ।
- नियम ११ उपनियम (२) - उपनियम (१) बमोजिम आफ्नो भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको अनुगमन गर्ने प्रयोजनको लागि बोर्डले पानीको गुणस्तर तथा वातावरणीय प्रभावलाई समेत बिचार गरी आफ्नो भौगोलिक क्षेत्र भित्रको कुनै भागमा भूमिगत पानी निकाल्नबाट रोक लगाउन वा निश्चित परिमाण वा गहिराईबाट मात्र पानी निकाल्न सकिने गरी परिमाणात्मक बन्देज लगाउन सक्नेछ ।

➢ **भवन नियमावली, २०६६**

भवन नियमावली २०६६ को नियम ३ को उपनियम १ मा भवन निर्माण गर्नु अघि स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ । उपनियम २ मा ऐनको दफा ११ को उपदफा (२) मा उल्लेखित ‘क÷ वा ’ख÷ वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजाइन र ‘ग’ वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा तयार गरी स्वीकृतिको लागि अनुसूची -१ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको शहरी विकास कार्यालयमा दरखास्त दिनु पर्ने कानूनी व्यवस्था रहेको छ।

➢ **काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८**

यस नियमावलीको नियम ३ अनुसार काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ५ बमोजिमका भौतिक योजना तर्जुमा गर्दा काठमाडौं उपत्यकाको दिगो विकास तथा व्यवस्थापनको लागि काठमाडौं उपत्यकालाई एउटै योजना इकाईको रुपमा दीर्घकालीन विकास अवधाराणा, सम्बन्धित नीति, मापदण्ड, विषयगत योजना तथा नक्सालाई समेत आधार लिइ तर्जुमा गर्नु पर्नेछ । नियम ४ बमोजिम प्रधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय, स्थानीय तह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नु पर्नेछ । यस्तै नियम ५ बमोजिम प्राधिकरणले भौतिक विकास योजना कार्यान्वयन गर्न वा कुनै निर्माण सम्बन्धमा आवश्यक पर्ने मापदण्ड तयार गरी नेपाल सरकारबाट स्वीकृत गराइ लागू गर्न वा गराउन सक्नेछ ।

➢ **फोहरमैला व्यवस्थापन नियमावली, २०७०**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ३, ५ र ७ ले क्रमश फोहरमैला पृथकीकरण तथा व्यवस्थापन, हानिकारक वा रासायनिक फोहरमैला निष्काशन तथा व्यवस्थापन र फोहरमैला ढुवानी सम्बन्धी व्यवस्था गरेको छ । यस नियमावलीको नियम ३

(१) बमोजिम स्थानीय निकायले ऐनको दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्नेछ । यसरी तोकिएकोमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले सोही बमोजिम पृथकीकरण गर्नु पर्नेछ । यस नियमावलीको नियम ५ (१) बमोजिम हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला अन्य फोहरमैलासँग मिसाई निष्काशन गर्न हुँदैन ।

- **श्रम नियमावली, २०७५**

श्रम नियमावली, २०७५ को नियम १६ (१) बमोजिम रोजगारदाताले प्रतिष्ठानको कामको प्रकृतिको आधारमा प्रतिष्ठानमा काम गर्ने समयको निर्धारण गरी सोको जानकारी सबै श्रमिकलाई गराउनु पर्नेछ । यस नियमावलीको नियम ३४ (१) बमोजिम ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएको बाहेक रोजगारदाताले कार्यस्थलमा कार्यरत श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउँदा प्रतिष्ठानको कार्य प्रकृति अनुसार कार्यस्थलमा अपनाउनु पर्ने सुरक्षा सतर्कता, श्रमिकको स्वास्थ्य, कार्यस्थलमा हुनसक्ने सम्भावित दुर्घटना, कार्यस्थलमा म्याशिनरी यन्त्र उपकरण सञ्चालन गर्दा अपनाउनु पर्ने सावधानी, स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने रसायनिक पदार्थको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी लगायत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितता गर्ने आधारलाई समेटिने गरी बनाउनु पर्नेछ।

- **व्यक्तिगत गोपनीयता नीति नियमावली, २०७७**
  - नियम ३- लिखतको गोपनीयता हुने सम्बन्धी व्यवस्था
  - नियम ४ उपनियम (१) - ऐनको दफा १९ को उपदफा (१) बमोजिम विद्युतीय माध्यममा रहेको कुनै व्यक्तिको वैयक्तिक सूचना कुनै प्रकारले अन्य कुनै व्यक्तिले प्रयोग गर्नु परेमा सम्बन्धित व्यक्तिको मञ्जुरी लिनु पर्नेछ ।
  - नियम ५ - विद्युतीय तथ्याङ्कको गोपनीयता सम्बन्धी व्यवस्था
  - नियम १० - वैयक्तिक तथ्याङ्कको सङ्कलन, प्रशोधन र विश्लेषण सम्बन्धी व्यवस्था

- **वातावरण संरक्षण नियमावली, २०७७**

वातावरण संरक्षण नियामावली, २०७७ को नियम ३ देखि १३ सम्म संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्दा अपनाउनु पर्ने चरण बद्ध प्रक्रियाहरु क्षेत्र निर्धारणका कागजात, कार्यसूची, सार्वजनिक परामर्श र सुनुवाई, र वातावरणीय अनुगमनको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ । वातावरणीय कानूनले सम्बन्धित मन्त्रालयलाई वातावरणीय गतिविधिहरूको अनुगमन गर्ने लगायत न्यूनीकरणका

उपायहरू अवलम्बन गर्ने अधिकार दिन्छ भने वन तथा वातावरण मन्त्रालयलाई वातावरणीय लेखा परीक्षणका लागि अधिकार प्रदान गर्दछ । यस नियमावलीको अनुसूची - ३ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ । यस आयोजनाका लागि वन तथा वातावरण मन्त्रालयलाई अन्तिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न अधिकृत गरिएको छ । यस नियमावलीले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन चाहिने विभिन्न प्रकारका विकास गतिविधिहरूलाई सूचीबद्ध गर्दछ । साथसाथै यस नियमावलीले कार्यसूची, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका लागि मस्यौदाको रूपरेखा पनि उपलब्ध गराउँदछ ।

- **भू-उपयोग नियमावली २०७९**

भु-उपयोग नियमावली २०७९ को नियम ३ अनुसार नेपाल सरकारले भु-उपयोग कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्ने तथा स्थानीय तहसँग परामर्श गर्न सक्नेछ । यसैगरी दफा ४ बमोजिम नेपालको भू-वनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतको अधारमा वर्गिकरण गरिएको स्थानीय तहको भू-उपयोग क्षेत्र नक्सा तथा सोको विवरण तयार गर्नु पर्नेछ । नियम ५ अनुसार स्थानीय तहको भू-उपयोग क्षेत्रको वर्गिकरण स्थानीय आवश्यकता, नियम ४ बमोजिम प्राप्त भू-उपयोग क्षेत्र नक्समा नियम ८ मा उल्लेखित भुउपयोग क्षेत्रको वर्गिकरणका आधार, मापदण्ड र क्षेत्रफलको आधारमा गर्नु पर्नेछ । भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार, मापदण्ड तथा भूउपयोग क्षेत्रको न्यूनतम क्षेत्रफलको वारेमा विवरण नियमावालीको अनुसूची १ मा समावेश गरिएको छ ।

ङ) निर्देशिका, दिग्दर्शनहरू तथा कार्यविधि

- **राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका, २०५०**

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडि नै एक राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० लागू गरीसकेको छ । वातावरणीय पक्षहरूलाई विकास आयोजना र कार्यक्रमहरूमा एकीकृत गर्न नेपाल सरकारले राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० विकसित गरेको हो । यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागीता जुटाउनु पर्ने, आवश्यक सूचनाहरूको संकलन गर्ने, विवादका विषयहरूको गम्भिरताको मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरूको प्राथमिकता क्रम निर्धारण गर्ने कुरा गर्ने कुरा प्रष्ट रुपमा जोड दिएकोछ ।

- **राष्ट्रिय भवन संहिता, २०६०**

भवन निर्माण संहिता विशुद्ध प्राविधिक सुत्रबद्ध ऐन हो । जसको उद्देश्य नेपालका सबै क्षेत्रमा सुरक्षित घर निर्माण गरी मानविय क्षति न्यूनीकरण गर्ने र सुरक्षित समाजको स्थापना गर्ने नै हो। वास्तवमा भूकम्प प्रतिरोधात्मक र सुरक्षित घर भवन निर्माण गर्नु गराउनु भनेको भूकम्पीय क्षतिबाट बच्ने सबै भन्दा भरपर्दो र दीर्घकालीनउत्तम उपाय हो । यसलाई भवन ऐन, २०५५ तथा नियमावली, २०६६ ले निदृष्ट गरेको छ । यसलाई सबै स्थानीय तहहरुमा नक्सा पास प्रकृयामा नै समावेश गरी अनिवार्य गर्दै लागिएको छ । राष्ट्रिय भवन संहिता अन्तर्गत NBC १०५; २०२०: Seismic Design of Buildings in Nepal, NBC २०३; २०१५ Guideline for Earthquake Resistant Building Construction low strength masonry, NBC २०४; २०१५ Guidelines for Earthquake Resistant Building Construction Earthen Building, NBC २०२; २०१५ Guideline on Load Bearing Masonry, NBC २०६; २०१५ Architectural Design Reguirement, Sanitary and Plumbing Design Requirement, NBC 20७; २००३ Electricial Design Requirement for Public Building जस्ता २३ वटा संहिता पुस्तिकाहरु रहेका छ । २०७२ सालको भूकम्पपछि कतिपय संहिताहरु परिमार्जित पनि भएका छन् ।

- **मलुकी देवानी कार्यविधि संहिता, २०७४**

मलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद - २ मा देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्तहरु वर्णन गरी परिच्छेद - ३ मा अदालतको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गरिएको छ । यस्तै, परिच्छेद - ५ मा विभिन्न कानुनी प्रकीयाको लागि हदम्याद सम्बन्धी व्यवस्था गरिएको छ ।

- **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**
  - दफा ३ - विशेष कानूनी व्यवस्था भएकोमा असर नपर्ने
  - दफा ४ - ३१: कसुरको सूचना तथा अनुसन्धान सम्बन्धी विभिन्न व्यवस्था
- **काठमाडौं महानगरपालिकाको सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८**
  - दफा ३ - प्रस्ताव छनोट गर्ने र सूची तयार गर्नेः
    - उपदफा (१) - कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा कार्ययोजनाको आधारमा वातावरणीय अध्ययनका निम्ति आवश्यक पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रम पहिचान गरी सूची तयार गर्नुपर्ने छ ।

- उपदफा ३ - उपदफा (१) बमोजिम वातावरणीय अध्ययन आवश्यक पर्ने आयोजना तथा कार्यक्रमको पहिचान तथा सूची तयार गर्दा सङ्घीय वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने छ ।

- दफा ४ - कार्यसूची तयारी तथा स्वीकृति गर्नुपर्नेः
  - उपदफा (१) - प्रस्तावकले सक्षिप्त वातावरणीय अध्ययनका लागि अनुसूची - ३ र प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची - ४ बमोजिमको ढाँचामा प्रत्येक आयोजना वा कार्यक्रमका लागि छुट्टाछुट्टै कार्यसूची तयार गर्नुपर्ने छ ।
- दफा ५ - सार्वजनिक सुनुवाइ गर्नुपर्नेः
  - उपदफा (१)ः प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाइको आयोजना गरी राय सुझाव सङ्कलन गर्नुपर्ने छ ।
- दफा ७ः अध्ययन प्रतिवेदनको स्वीकृतिः
  - उपदफा (१)ः दफा ६ बमोजिम तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पेस गर्नुपर्ने छ ।

➢ **काठमाडौं महानगरपालिकाको फोहरमैला सङ्कलन र ढुवानी सम्बन्धी कार्यविधि, २०८१**

- दफा ३ उपदफा (२) — फोहरको वर्गिकरण — कुहिने फोहर, नकुहिने फोहर, स्यानिटरी फोहर, हानिकारण फोहर र पटके फोहर
- दफा ३ उपदफा (३) — उपदफा (२) बमोजिमको फोहरलाई स्रोतमै वर्गीकरण गर्नु प्रत्येक फोहर उत्पादकको दायित्य हुनेछ ।
- दफा ४ - फोहर उत्पादकले उपलब्ध गराएको वर्गीकृत फोहरलाई सेवा प्रादायकले अलग अलग स्वरुपमा सङ्कलन गर्नु पर्नेछ ।
- दफा १० - सेवाप्रदायकले फोहर नदेखिने, नखस्ने र नचुहिने गरी व्यवस्थित तवरले फोहरमैला ढुवानी गर्नुपर्नेछ ।
- दफा १७ (क) - आफुले उत्पादन गरेको फोहर आफ्ने घर परिसर भित्र वर्गिकरण गरी अरुलाई असर नगर्ने गरी छुट्टाछुट्टै राख्ने

च) मापदण्डहरू

- **सतहको पानीमा मिसिने उत्सर्जित फोहर पानीको मापदण्ड, २०६२**

तालिका ४.१: सतहको पानीमा मिसिने उत्सर्जित फोहर पानीको मापदण्ड

क्र.स.	मानक	Tolerance सीमा
१	Total suspended solid (मिलीग्राम/लिटर), अधिकतम	३०-२०० मिलीग्राम/लिटर
२	Total suspended solid को आकार	८५० माइक्रोनको सिभवाट छिर्ने
३	pH	५.५ देखि ९.०
४	तापमान	मिश्रण स्थानदेखि १५ मिटरको दुरिमा ४० डिग्रि सेल्सियस भन्दा कम हुनु पर्ने
५	Bio-chemical oxygen demand (२० डिग्रि सेल्सियसमा ५ दिन) मिलीग्राम/लिटर, अधिकतम	३०-१०० मिलीग्राम/लिटर
६	Oil and greese particles, मिलीग्राम/लिटर, अधिकतम	१० मिलीग्राम/लिटर
७	Phenolic particles, मिलीग्राम/लिटर, अधिकतम	१ मिलीग्राम/लिटर
८	Cynide (as CN), मिलीग्राम/लिटर, अधिकतम	०.२ मिलीग्राम/लिटर
९	Sulphide (as S), मिलीग्राम/लिटर, अधिकतम	२ मिलीग्राम/लिटर
१०	रेडियो-एक्टिभ पदार्थ	
	Alpha emitters, c/ml, Max	१०-७
	Beta emitters, c/ml, Max	१०-७
११	किटनासक	अनुपस्थीत
१२	Total residual Chlorine, मिलीग्राम/लिटर, अधिकतम	१ मिलीग्राम/लिटर
१३	Fluoride (as F), मिलीग्राम/लिटर, अधिकतम	२ मिलीग्राम/लिटर

क्र.स.	मानक	Tolerance सीमा
१४	Arsenic (as As), मिलीग्राम/लिटर, अधिकतम	०.२ मिलीग्राम/लिटर
१५	Cadmium (as, Cd), मिलीग्राम/लिटर, अधिकतम	२ मिलीग्राम/लिटर
१६	Hexavalent Chromium (as Cr), मिलीग्राम/लिटर, अधिकतम	०.१ मिलीग्राम/लिटर
१७	Copper (as Cu), मिलीग्राम/लिटर, अधिकतम	३ मिलीग्राम/लिटर
१८	Lead (as Pb), मिलीग्राम/लिटर, अधिकतम	०.१ मिलीग्राम/लिटर
१९	Mercury (as Hg), मिलीग्राम/लिटर, अधिकतम	०.०१ मिलीग्राम/लिटर
२०	Nickle (as Ni), मिलीग्राम/लिटर, अधिकतम	३ मिलीग्राम/लिटर
२१	Selenium (as Se), मिलीग्राम/लिटर, अधिकतम	०.०५ मिलीग्राम/लिटर
२२	Zinc (as Zn), मिलीग्राम/लिटर, अधिकतम	५ मिलीग्राम/लिटर
२३	Ammonium –Nitrogen, मिलीग्राम/लिटर, अधिकतम	५० मिलीग्राम/लिटर
२४	Chemcial Oxygen demand, मिलीग्राम/लिटर, अधिकतम	२५० मिलीग्राम/लिटर
२५	Silver, मिलीग्राम/लिटर, अधिकतम	०.१ मिलीग्राम/लिटर

(**स्रोतः** वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०७५)

- **वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९**

वातावरण संरक्षण नियमावलीमा नेपाल सरकारले वातावरण प्रदूषण नियन्त्रणको लागि आवश्यक मापदण्ड बनाई लागू गर्न सक्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार नेपाल सरकारले २०६९ श्रावण २९ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ लागू गरेको छ । हाल लागू रहेको यो मापदण्ड अनुसार ९ प्रदूषकको मापदण्ड निम्न तालिका अनुसार तोकिएको छ ।

तालिका ४.२: हाल कार्यान्वयमा रहेको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड

क्र.स.	पारामिटर	इकाई	औसत समय	अधिकतम सघनन्
१.	Total Suspended Particles (TSP)	मा.ग्रा./ घ.मि.	वार्षिक	-
			२४ घण्टे	२३०
२.	Particulate Matters (PM10)	मा.ग्रा./ घ.मि.	वार्षिक	-
			२४ घण्टे	१२०
३.	Sulfur Dioxide (SO2)	मा.ग्रा./ घ.मि.	वार्षिक	५०
			२४ घण्टे	७०
४.	Nitrogen Dioxide (NO2)	मा.ग्रा./ घ.मि.	वार्षिक	४०
			२४ घण्टे	८०
५.	Carbon Monoxide	मा.ग्रा./ घ.मि.	८ घण्टे	१०,०००
६.	Lead	मा.ग्रा./ घ.मि.	वार्षिक	०.५
७.	Benzene	मा.ग्रा./ घ.मि.	वार्षिक	५
८.	PM2.5	मा.ग्रा./ घ.मि.	२४ घण्टे	४०
९.	Ozone (O3)	मा.ग्रा./ घ.मि.	८ घण्टे	१५७

द्रष्टव्यः २४ घण्टे र ८ घण्टे मात्रा एक आर्थिक वर्षको कम्तिमा ९५ प्रतिशत दिनहरुमा तोकिएको सीमाभित्र हुनुपर्दछ अर्थात ३६५ दिनमा १८ दिनभन्दा बढी तोकिएको सीमा नाघ्नु हुँदैन । धेरै जसो विकसित राष्ट्रहरुले टि.यस.पी. (TSP) लाई नियमन नगरी पी.यम. (PM१०) लाईमात्र नियमन गरेको पाईन्छ तर नेपालमा TSP को मात्रा उच्च रहेकोले यसलाई नियमन भित्र राखेको छ ।

(**स्रोतः** वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०७५)

- **नेपाल सवारी प्रदूषण मापदण्ड, २०८२**

पेट्रोल, ग्यास र डिजेलबाट सञ्चालन हुने सवारी साधनहरूको लागि नेपाल सवारी प्रदूषण मापदण्ड, २०८२ लाई लागू गरिएको हो । दुई, तीन र चार पाँग्रे सवारीहरुको लागि उत्सर्जन मापदण्ड एकदम विशिष्ट हुनेछ । यस आयोजनाले प्रयोग गर्ने सवारी साधनहरूले निर्माण र सञ्चालन अवधिको बखत नेपाल सवारी प्रदूषण मापदण्ड, २०८२ को पालना गर्नेछन् ।

➢ डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड, २०६९

वातावरण संरक्षण नियमावलीमा नेपाल सरकारले वातावरण प्रदूषण नियन्त्रणको लागि आवश्यक मापदण्ड बनाई लागू गर्न सक्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार नेपाल सरकारले २०६९ कार्तिक १३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड, २०६९ लागु गरेको छ । पैठारी गरिने नयाँ डिजेल जेनरेटरका लागि उत्सर्जन मापदण्ड भारत III सँग समान स्तरमा छ भने र हाल सञ्चालनमा रहेका डिजेल जेनरेटरका लागि उत्सर्जन मापदण्ड भारत II सँग समानस्तरमा छ जसको विवरण तालिका ४.३ र तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.३: पैठारी गरिने नयाँ डिजेल जेनरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा

उत्सर्जन सीमा (ग्रा./ के.वा.घ.)			
वर्ग (के.वा.)	CO	HC + NOx	PM
के.वा. <८	८.००	७.५०	०.८०
८ - १९	६.६०	७.५०	०.८०
१९ - ३७	५.५०	७.५०	०.६०
३७ - ७५	५.००	४.७०	०.४०
७५ - १३०	३.००	४.००	०.३०
१३० — ५६०	३.५०	४.००	०.२०

द्रष्टव्य: यो मापदण्ड युरो III अथवा भारत III सँग समानस्तरमा रहेको छ ।

(**स्रोतः** वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०७५)

तालिका ४.४: सञ्चालनमा रहेका डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा

उत्सर्जन सीमा (ग्रा./ कि.वा.घ.)				
वर्ग (कि.वा.)	**CO**	**HC**	**NOx**	**PM**
कि.वा. <८	८.००	१.३०	९.२०	१.००
८ — १९	६.६०	१.३०	९.२०	०.८५
१९ — ३७	६.५०	१.३०	९.२०	०.८५

उत्सर्जन सीमा (ग्रा./ कि.वा.घ.)				
वर्ग (कि.वा.)	**CO**	**HC**	**NOx**	**PM**
३७ — ७५	६.५०	१.३०	९.२०	०.८५
७५ = कि.वा. <१३०	५.००	१.३०	९.२०	०.७०
१३० = कि.वा. <५६०	५.००	१.३०	९.२०	०.५४

द्रष्टव्य: यो मापदण्ड युरो II अथवा भारत II सँग समानस्तरमा रहेको छ ।

(**स्रोतः** वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०७५)

- **ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९**

नेपाल सरकारले दिवा तथा रात्रि समयको बेला विभिन्न क्षेत्रहरूको लागि ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ तर्जुमा गरेको छ । वातावरणीय अवस्था अनुगमन गर्न वन तथा वातावरण मन्त्रालय अन्तर्गत वातावरण विभाग स्थापना गरिएको छ । सरकारले लागू गरेको ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ ले परिवेशमा ध्वनि गुणस्तर कायम राख्का लागि गुणस्तरीय मापदण्डहरू तयार गरेको छ । यस आयोजनाले निर्माण र सञ्चालन अवधिको बखत तालिका ४.५ मा देखाइएको ध्वनिको गुणस्तरको लागि बनाएको मापदण्डहरूको पालना गर्नुपर्नेछ ।

तालिका ४.५: आयोजना क्षेत्रको आधारमा ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड

क्षेत्र	ध्वनि सीमा Leq (डेसिबेल)	
	दिवा	रात्रि
औद्योगिक क्षेत्र	७५	७०
व्यापारिक क्षेत्र	६५	५५
ग्रामीण आवास क्षेत्र	४५	४०
शहरी आवास क्षेत्र	५५	५०
मिश्रित आवास क्षेत्र	६३	५५
शान्त क्षेत्र	५०	४०

(**स्रोतः** वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०७५)

- **वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२**

देशका केही स्थानीय निकायहरुमा स्वीकृत भवन निर्माण मापदण्ड लागू भएको अवस्था भए पनि धेरैजसो स्थानीय निकायहरुमा सो अवस्था नरहेकाले अनियन्त्रित र असुरक्षित वस्तीहरु बढदै गइरहेका छन् । यस्तो अनियन्त्रित विकासलाई एउटा सकारात्मक दिशा तर्फ डोर्याउनु आवश्यक भइसकेको छ । यसर्थ, नगर विकास ऐन २०४५ को दफा २३ र काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा २६ ले भौतिक योजना कार्यान्वयन गर्न निर्देशन दिने र नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ को अनुसूची - २, खण्ड २३ को बूँदाहरु २ र ४ ले दिएको अधिकार प्रयोग गरी सुरक्षित एवं भूकम्प प्रतिरोधात्मक वसोवास, भौतिक योजनाको तर्जुमा तथा कार्यान्वयन, र भवन ऐन २०५५ ले तोकेका क, ख, ग र घ वर्गका भवनहरु निर्माण गर्न गराउनका लागि नेपाल सरकारले यो वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागू गरेको छ । यस मापदण्डमा केन्द्रीय सहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरीवेक्षण समिति, भवनको ढाँचा तयार गर्न र निर्माण सुपरीवेक्षण सम्बन्धी व्यवस्थाहरु, सार्वजनिक क्षेत्राधिकार भित्र बनेका गैर कानूनी संरचनाहरु हटाउन, खुल्ला क्षेत्र सम्बन्धी व्यवस्था, भवन निर्माण स्थलमा निर्माण अनुमतिपत्र राख्नुपर्ने, भवन निर्माण सम्बन्धी नमूना मापदण्डका आधारमा निर्माण अनुमति दिनु पर्ने, भू-उपयोग योजना कार्यान्वयन सम्बन्धी व्यवस्था, सार्वजनिक जमीन र सडकको सीमा घट्ने गरी हालसाविक गर्न बन्देज, योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्डहरु, सुरक्षित वस्ती विकासका लागि आवश्यक Norms and standard आदि विषयहरु समावेश छन्।

- **नेपालका सहरी क्षेत्रमा दिसा जन्य लेदो व्यवस्थापन सम्बन्धी संस्थागत र नियामक ढाँचा, २०७३**

(Institutional and Regulatory Framework for Faecal Sludge Management in Urban Areas in Nepal, २०१७)

नेपालका सहरी क्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी संस्थागत र नियमक ढाँचा, २०७३ को मुख्य उद्देश्य नेपालका सहरी क्षेत्रहरुमा दिसाजन्य लेदो व्यवस्थापनको लागि सङ्कलन र ढुवानी, प्रशोधन र विसर्जनसँग सम्बन्धित प्रभावकारी योजना, कार्यान्वयन, अनुगमन र नियमनमा सहजीकरण गर्नु रहेको छ । यस ढाँचाको संस्थागत भूमिका र जिम्मेवारीहरू शिर्षक अन्तर्गत दिसाजन्य लेदो व्यवस्थापनको लागि समग्र जिम्मेवारी, विशिष्ट भूमिका र जिम्मेवारीहरू, सरसफाई प्रणालीको निर्माण तथा विसर्जन, दिसाजन्य लेदो सङ्कलन र ढुवानी, दिसाजन्य लेदोको प्रशोधन,

विसर्जन तथा अन्तिम प्रयोग, वातावरणीय अनुगमन र नियमपालन, सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, तालिम र अनुसन्धान, नीति समन्वय, प्राविधिक सहायता र कोष सम्बन्धित विषयहरुलाई समावेश गरिएको छ ।

- **राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९**

तालिका ४.६: राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९

क्र.स.	मानक	अधिकतम सघनन् सीमा	कैफियत
Physical parameter			
१	Turbidity	५ NTU	
२	pH	६.५ – ८.५	
३	रंग	५ TCU	
४	Total dissolved solids, अधिकतम	५०० (१५००*) मिलीग्राम/लिटर	
५	स्वाद र गन्ध	आपत्तिजनक हुन नहुने	
६	Electrical Conductivity	१५०० μs/cm	
७	Iron	०.३ (३) मिलीग्राम/लिटर	
८	Manganese	०.२० मिलीग्राम/लिटर, अधिकतम	
९	Arsenic	०.०५ मिलीग्राम/लिटर, अधिकतम	
१०	Fluoride	०.०५-१.५० मिलीग्राम/लिटर, अधिकतम	
११	Ammonia	१.५० मिलीग्राम/लिटर, अधिकतम	
१२	Chloride	२५० मिलीग्राम/लिटर, अधिकतम	
१३	Sulphate	२५० मिलीग्राम/लिटर, अधिकतम	
१४	Nitrate	५० मिलीग्राम/लिटर, अधिकतम	
१५	Copper	१ मिलीग्राम/लिटर, अधिकतम	
१६	Tin	३ मिलीग्राम/लिटर, अधिकतम	
१७	Aluminium	०.२० मिलीग्राम/लिटर, अधिकतम	
१८	Total hardness	५०० मिलीग्राम/लिटर, अधिकतम	
१९	Residual Chlorine	०.१-०.५ मिलीग्राम/लिटर, अधिकतम	

क्र.स.	मानक	अधिकतम सघनन् सीमा	कैफियत
Microbiological parameter			
२०	ई. कोली	० C.F.U./१०० मि.लि.	

(श्रोतः नेपाल राजपत्र, २०७९, भाग ५, खण्ड ७२, संख्या १६)

- **काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८०**

  - दफा ३ बेसमेन्ट (Basement) सम्बन्धी व्यवस्थाः बेसमेन्ट सम्बन्धी व्यवस्था
  - दफा ८: १७ मिटर (अधिकतम पाँच तला) भन्दा अग्ला सबै किसिमका भवनको निर्माण व्यवस्थाः
    - (क) पुरानो सहरी क्षेत्रबाहेकका अन्य क्षेत्रमा जुनसुकै प्रयोजनका लागि निर्माण हुने १७ मिटर (अधिकतम पाँच तलासम्म) भन्दा अग्ला सबै किसिमका भवनहरूको हकमा भुइँतला देखिने भवनको वरिपरिको न्यूनतम सेटब्याक ५.० मिटर छोडेको हुनुपर्नेछ । सडकतर्फ सडकको क्षेत्राधिकार (ROW) पछि २.० मिटर छोडेपछि Ramp, Step, जमिनमुनि सेप्टी टैंक, सीकपिट निर्माण गर्न बाधा हुनेछैन ।
    - (ख) जुनसुकै क्षेत्रमा जुनसुकै प्रयोजनका लागि निर्माण हुने १७ मिटर (अधिकतम पाँच तलासम्म) भन्दा अग्ला वा जम्मा क्षेत्रफल दश हजार वर्ग फिटभन्दा माथि भएका भवनको अनिवार्य Geotechnical Investigation गर्नुपर्नेछ ।
  - दफा ९: पार्किङ सम्बन्धी व्यवस्थाः
    - (क) संरक्षित स्मारक उपक्षेत्रबाहेक अन्य क्षेत्रमा जुनसुकै प्रयोजनका लागि ४ आनाभन्दा बढी क्षेत्रफल भएको जग्गामा निर्माण हुने भवनको हकमा भवनको जम्मा क्षेत्रफल (total built-up area) को २० प्रतिशत क्षेत्रफल पार्किङ प्रयोजनका लागि अनिवार्य व्यवस्था गर्नुपर्नेछ । यसरी पार्किङको व्यवस्था गर्दा सडकको क्षेत्राधिकारमा नपर्ने गरी सेटब्याकमा पर्ने जग्गाको क्षेत्रफल समेत प्रयोग गर्न पाइनेछ ।
    - (ख) काठमाडौं महानगरपालिका क्षेत्रभित्र निर्माण भई व्यावसायिक प्रयोजनमा उपयोग गरिएका भवनहरूले आफ्नो लागि आवश्यक पार्किङको व्यवस्था आफै गर्नुपर्नेछ ।
  - दफा ११: आवासीय क्षेत्रः

- (क) व्यापारिक उपक्षेत्रः व्यापारिक उपक्षेत्र भन्नाले आवासीय क्षेत्र अन्तर्गत प्रमुख खुद्रा तथा थोक व्यापार हुने मापदण्डमा उल्लेखित १४ मिटर वा सो भन्दा बढी चौडाइ र फुटपाथको व्यवस्था भएका सम्पूर्ण सडक राजमार्ग, विशेष सडक, चक्रपथ आदि सडक मार्गसँग जोडिएका कित्ताहरू र ती सडकको छेउबाट २५ मिटरको दुरीले छुने दायाँबायाँका सम्पूर्ण कित्ताहरूका क्षेत्रहरू पर्दछन् । २५ मिटर दुरीमा पर्ने कित्ताहरूको कम्तिमा ३ मिटरसम्मको भाग २५ मिटरको दुरीभित्र परेमा मात्र व्यापारिक उपक्षेत्र मानिनेछ । यस उपक्षेत्रमा निर्माण हुने व्यापारिक कम आवासीय (मिश्रित) प्रयोजनका भवनमा जमिन तला र पहिलो तला मात्र व्यापारिक प्रयोजन गर्न सकिनेछ ।

- दफा १३: संयुक्त आवास संयुक्त आवास सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः
  - (क) संयुक्त आवास (Apartment Housing), सामूहिक आवास (Group Housing) र आवासयोग्य घडेरी बिकास (Residential Plot Development) को हकमा उपत्यका विकास प्राधिकरणले उपलव्ध गराएको योजना अनुमतिपत्र (Planning Permit) अनुसार नै हुनेछ । तर सेटब्याक र उचाइ सम्बन्धी व्यवस्था भने यसै मापदण्ड बमोजिम हुनेछ ।
  - (ख) संयुक्त आवास भवनको लागि आवासको जग्गासँग जोडिने प्रवेश मार्गको बाटोको चौडाइ घटीमा पनि ८ मिटरको हुनुपर्नेछ ।
  - (ग) माथि खण्ड (क) र (ख) मा जुनसुकै व्यवस्था उल्लेख भएको भएतापनि पुरानो सहरी क्षेत्रमा निर्माण हुने संयुक्त आवास भवनको उचाइ सम्बन्धी मापदण्ड पुरानो सहरी क्षेत्रको लागि तोकिए बमोजिम हुनेछ ।

➢ **काठमाडौं महानगरपालिका प्रदूषण नियन्त्रण मापदण्ड, २०८१**

- दफा ३ - काठमाडौं महानगरपालिका क्षेत्रलाई प्रदूषणमुक्त क्षेत्रका रूपमा विकास गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । यसका लागि सचेतनात्मक, प्रवर्द्धनात्मक र नियन्त्रणात्मक क्रियाकलाप गर्ने उल्लेख छ । महानगरपालिकाको क्षेत्रलाई प्रदूषणमूक्त बनाउन प्रत्येक व्यक्ति, सरकारी तथा गैरसरकारी र निजी संस्थाको कर्तव्य हुने समेत उल्लेख छ ।
- दफा ४ - मापदण्डले तोके विपरीत प्रदूषण हुने गरी कुनै उद्योग, कलकारखाना, प्रविधि, उपकरण वा कुनै व्यापार—व्यवसाय गरेको पाइए त्यस्तो कार्य तत्काल रोक लगाउन सक्ने व्यवस्था रहेको छ ।

- दफा ५ अन्तर्गतको अनुसूची १ - वायु प्रदूषणको न्यूनतम मापदण्ड रहेको छ ।
- अनुसूची १ खण्ड (क) - पेट्रोलबाट चल्ने सवारी—साधनबाट निष्काशन हुने धुँवाको मापदण्ड रहेको छ ।
- अनुसूची १ खण्ड (ख) - डिजेलबाट चल्ने सवारी—साधनबाट निष्काशन हुने धुँवाको मापदण्ड रहेको छ ।
- अनुसूची १ खण्ड (ग) - इन्सिनेटरहरूबाट निष्काशन हुने धुँवा तथा चिम्नीको उचाइको मापदण्ड रहेको छ ।
- अनुसूची १ खण्ड (घ) - उद्योग प्रतिष्ठानमा जडान भएका ब्वाइलरको सञ्चालनबाट निष्काशन हुने धुँवा तथा चिम्नीको उचाइ सम्बन्धी मापदण्ड रहेको छ ।
- अनुसूची १ खण्ड (ङ) - वायुको गुणस्तर सम्बन्धी मापदण्ड रहेको छ ।
- दफा ६ अन्तर्गतको अनुसूची २ - ध्वनि प्रदूषण नियन्त्रण सम्बन्धी मापदण्ड रहेको छ।
- अनुसूची २ खण्ड (क) - ध्वनिको सीमा मापदण्ड रहेको छ ।
- खण्ड (ख) - घरेलु उपकरणबाट उत्सर्जन हुने अधिकतम ध्वनिको सीमाको मापदण्ड रहेको छ ।
- दफा ७ अन्तर्गतको अनुसूची ३ - जल प्रदूषण नियन्त्रण गर्ने मापदण्ड रहेको छ ।
- दफा ८ अन्तर्गतको अनुसूची ४ - भूमि प्रदूषण नियन्त्रण सम्बन्धी मापदण्ड रहेको छ।
- अनुसूची ५ - दृश्य प्रदूषण सम्बन्धी मापदण्ड रहेको छ ।

छ) महासन्धिहरू

- **समान मूल्यको कामका लागि पुरुष र महिला कामदारहरूका लागि समान पारिश्रमिक सम्बन्धी महासन्धि, सन् १९५१ (ILO महासन्धि १००)**

यस महासन्धि रोजगारीमा लैङ्गिक भेदभावमा केन्द्रित छ र यसले समान मूल्यको कामका लागि महिला-पुरुषलाई समान पारिश्रमिकको सिद्धान्तहरूलाई रूपरेखा दिएको छ । धारा २ ले यस कार्यका लागि राष्ट्रिय कानून वा नियमहरू, ज्याला निर्धारणका लागि कानूनी रूपमा स्थापित वा मान्यता प्राप्त संस्थागत संरचना र रोजगारदाता र कामदारहरू बीचको सामूहिक सम्झौताहरूको मध्ययनबाट र समान मूल्यको कामका लागि महिला-पुरुषलाई समान पारिश्रमिक लागु गर्न पर्ने कुरा अंगिकार गरेको छ ।

➢ अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, १९८९

यस महासन्धिले एक राष्ट्र-राज्यभित्र बसोबास गर्ने आदिवासी तथा जनजाति समुदायका अधिकारबारे अन्तर्राष्ट्रिय श्रम संगठनको त्रि-पक्षद्वारा गरिएको सर्वसम्मतिको प्रतिनिधित्व गर्दछ, जहाँ यी अधिकारको रक्षा गर्ने दायित्व सरकारको काँधमा हुन्छ । यो आदिवासीहरूका जीवन-पद्धति र संस्कृतिहरूको सम्मान; भूमि तथा प्राकृतिक स्रोत प्राप्त गर्ने उनीहरूको अधिकारको मान्यता तथा विकासका प्राथमिकतालाई आफ्नै ढङ्गले परिभाषित गर्ने अधिकारमा आधारित रहेका छ । यो महासन्धिले आदिवासीहरूलाई असर पार्ने खालका पक्षपातपूर्ण अभ्यासहरू माथि विजय प्राप्त गर्ने र उनीहरूलाई आफ्नो जीवनलाई प्रभाव पार्ने निर्णय प्रक्रियामा सहभागी बन्न सक्षम तुल्याउने लक्ष्य लिएको छ । यसैले परामर्श र सहभागिताका आधारभूत सिद्धान्त नै यस महासन्धिका प्रमुख अङ्ग हुन् । यसका साथै, यस महासन्धिमा रोजगार तथा व्यावसायिक तालिमसँगै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा; प्रथागत कानून, परम्परागत संस्था; भाषा; धार्मिक आस्था तथा सीमापारका सहयोग लगायतका विभिन्न मुद्दालाई समेटेको छ।

➢ बाल अधिकार सम्बन्धी महासन्धी, सन् १९८९

बाल अधिकार सम्बन्धी महासन्धीले प्रत्येक बालबालिकालाई उनीहरूको अधिकारको रक्षा गर्ने र पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यस महासन्धीले धेरै भन्दा धेरै बालबालिका बाँच्न, विकास गर्न र उनीहरूको हितका बारे निर्णय लिने कार्यहरू गरेको छ।

परिच्छेद -५

विद्यमान वातावरणीय अवस्था

५.१ भौतिक वातावरण

५.१.१ स्थलाकृति र भू-उपयोग

प्रस्तावित आयोजना काठमाडौं उपत्यकाको बौद्ध स्टुपादेखि ६५० मि. दुरीमा उत्तर-पश्चिम तर्फ रहेको छ। आयोजना क्षेत्र समथल प्रकृतिको रहेको छ। आयोजना क्षेत्र समुद्र सतह देखी १३३० मि. मिटरको उचाईमा अवस्थित रहेको छ। प्रस्तावित क्षेत्र काठमाडौं उपत्यकाको मध्य भागमा अवस्थित रहेको छ। काठमाडौं उपत्यकाको वरिपरी चन्द्रागिरी, शिवपुरी, नागार्जन र फूलचोकी जस्ता उच्च पहाडी श्रृंखलाहरू रहेका छन्। आयोजना क्षेत्रको भु-गर्भको वनावट Gokarna Formation रहेको छ। यस क्षेत्रमा Quaternary चरणको fluvio-lacustrine को बाक्लो तह भएर बनेको meta-sandstone with fine grain, medium grain reddish brown meta-sandstone को मिश्रण रहेको छ। यस क्षेत्रको माटो मुख्यरुपमा केही organic matter सहितको कालिमाटी प्रकृतिको रहेको छ। यसै गरी, यस क्षेत्रमा २० मिटर मोटाई भएको चिम्टाइलो माटो र बालुवाको मिश्रण माटो रहेकोछ। माटोको pH मान औसत ५.५ देखि ६.५ सम्म छ।

५.१.२ आयोजना क्षेत्रको माटोको अवस्था

प्रस्तावित भवनको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन तयार गर्ने क्रममा आयोजना क्षेत्रमा रहेको जमिनको बनोटको बारेको यकिन तथ्याङ्क संकलन गर्न आयोजना क्षेत्रमा ६ स्थानमा borehole को माध्यमबाट माटो परीक्षण (Soil investigation through 6 bore hole at site) गरिएको थियो। यस अध्ययनले आयोजना क्षेत्रमा भूमिगत पानीको सतह जमिन मुनी ३.१ मि देखि ६.० मि. सम्म रहेको देखाएको छ। माटो परीक्षण आधारमा माटोको बहन क्षमता (bearing capacity) आंकलन गरिएको छ। माटो परीक्षणको अनुसार भवन निर्माण स्थलमा कुनै लिक्विफिकेशनको सम्भावना रहेको छैन (no possibility of liquefaction)। यस क्षेत्रमा जमिन भासिने जोखिम रहेको छैन। माटोको बहन क्षमताको आधारमा प्रस्तावित भवनको फाउण्डेशनको लागि mat foundation with Borepile प्रस्तावित गरिएको छ। यस्तै, रोलिङ मेशिनद्वारा ६० से.मि. सम्म कम्प्याक्ट बोल्डर सोलीङ राख्न प्रस्ताव गरिएको छ।

तालिका ५.१: आयोजना क्षेत्रको माटोको परीक्षणको सारांश

Footing size 9 m*m)	Depth of footing in m.	Allowable bearing capacity by Tezaghi's method in KN/m^2	Settlement in mm (77mm)	Minimum Allowable bearing capacity (KN/m^2)	Modulus of subgrade in reaction in KN/m^2
40.0*18.5	6.1	167.35	91.17 KN/mm^2 at 73.1mm	91.17	3741.59

(स्रोतः ए.के. रेसिडेन्सी भवन निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२६)



नक्सा ५.१: आयोजना क्षेत्रको भु-गर्भिय नक्सा

(स्रोतः खानी तथा भुगर्भ विभाग, २०११)

५.१.३ भुकम्पीय अवस्था

खानि तथा भु-गर्भ विभाग द्वारा २००२ मा गरेको भूकम्पीय जोखिमको अध्ययनले आयोजना क्षेत्र मध्यम जोखिम क्षेत्रमा पर्दछ। आयोजना क्षेत्रको बेडरक र अन्य अवस्थालाई आधारमानी यस क्षेत्रको औसत जमिनको गतिवद्धन ०.२०g देखी ०.३०g सम्म रहेको छ।



नक्सा ५.२: नेपालको सम्भावित भूकम्पिय जोखिम आंकलन नक्सामा आयोजना क्षेत्र

(स्रोतः खानि तथा भु-गर्भ विभाग, २००२)

५.१.४ भूमि उपयोग तथा प्रयोगको विवरण

काठमाडौं जिल्लाको अधिकांश क्षेत्र कृषि भूमि, वस्ती क्षेत्र र वन क्षेत्र अन्तर्गत पर्दछ। आयोजना क्षेत्र व्यवसायिक क्षेत्र अन्तर्गतको dense built up area रहेको छ जहाँ आवासिय, व्यवसायिक र संस्थागत भवनहरु रहेका छन्।

५.१.५ जलवायु तथा मौसमको विवरण

काठमाडौं जिल्ला उच्च उचाईको पहाडहरु उपस्थितीका कारण ग्रीष्म ऋतुमा समेत गर्मी अत्याधिक नहुने, तर हिउँदमा बढी जाडो हुने गर्दछ। कहिलेकाहीं हिउँदमा तापक्रम शून्य भन्दा पनि तल झरी ऋणात्मक अंकमा पुग्दछ। हिउँद ऋतुका केही दिन दिनभरी नै चिसो हुने गर्दछ। आयोजना देखि नजिकमा दुईवटा जलवायू मापन स्टेशन रहेको छ (त्रि-भुवन विमानस्थल स्टेशन र पानीपोखरी स्टेशन)। त्रिभुवन विमानस्थल स्टेशनको औसत अधिकतम अधिकतम

तापक्रम २५.३ देखी २६.२ डिग्री सेन्टीग्रेट सम्म र औषत न्यूनतम तापक्रम १३.० देखि १४.१ डिग्री सेन्टीग्रेट सम्म रहेको। यसै गरी, पानीपोखरी स्टेशनको औसत अधिकतम अधिकतम तापक्रम २५.९ देखी २९.२ डिग्री सेन्टीग्रेट सम्म र औषत न्यूनतम तापक्रम १३.० देखि १४.४ डिग्री सेन्टीग्रेट सम्म रहेको। यस्तै, त्रिभुवन विमानस्थल स्टेशनको वार्षिक वर्षा १२७९.३ मि.मि. देखी १८२५.६ मि.मि. सम्म तथा पानीपोखरी स्टेशनको वार्षिक वर्षा १२२९.१ मि.मि. देखी १२०५४.० मि.मि. सम्म रहेको छ। थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.२: आयोजना क्षेत्रको औषत न्यूनतम, औषत अधिकतम तापक्रम र वार्षिक वर्षाको विवरण

क्र.स.	वर्ष	औषत तापक्रम (डिग्री सेन्टीग्रेट)				वार्षिक वर्षा (मि.मि.)	
		त्रि-भुवन विमानस्थल		पानीपोखरी		त्रि-भुवन विमानस्थल	पानीपोखरी
		अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम		
१	२०१६					१४८२.८	१२२९.१
२	२०१७	२६.२	१३.०	२९.२	१४.०	१२७९.३	१३८८.०
३	२०१८	२५.६	१३.०	२७.६	१३.०	१५२९.०	१५५६.४
४	२०१९	२५.६	१४.१	२५.९	१३.७	१५२९.३	१८४०.९
५	२०२०	२५.३	-	-	-	१५१७.१	१७९५.७
६	२०२१	२५.६	-	२६.५	-	१७१०.०	१५२९.७
७	२०२२	२५.६	१४.०	२६.३	१४.४	१८२५.६	२०५४.०

(स्रोतः Environment Statistics of Nepal, 2024)

५.१.६ खोला-नाला

आयोजनाको प्रत्यक्ष र अप्रत्यक्ष क्षेत्रमा कुनै खोला-नाला रहेका छैनन् । धोबीखोला (रुद्रमती) आयोजना क्षेत्र देखी करिब १.२ कि.मि. उत्तरमा तथा बागमती नदी १.४ कि.मि. दक्षिणमा रहेका छन् । यी नदी/खोलामा हिउँद/सुख्खा याममा पानीको बहाब न्यून रहने तर मनसुनको समयमा पानीको बहाव धेरै रहेनेछ । शहरी क्षेत्रबाट बग्ने भएकोले यी खोला-नदीहरुमा ढलबाट प्राप्त तरल फोहरहरु बगेको पाइन्छ ।

५.१.७ पानीको गुणस्तर

प्रस्तावित आयोजना क्षेत्र भित्र रहेको बोरिंगको पानीको नमुना संकलन गरी पानीको गुणस्तर Soil Water and Air Testing Laboratories Pvt. Ltd. (SWAT), बबरमहल, काठमाडौँमा परीक्षण गरियो। पानीको गुणस्तर परीक्षण प्रतिवेदन अनुसूची-९ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.३: आयोजना क्षेत्र भित्र रहेको बोरिंगबाट संकलन गरिएको पानीको गुणस्तर

सुचक	इकाई	नतिजा
Colour	TCU	N.D.
Electrical conductivity	µS/cm	60
pH	-	७.४
Turbidity	NTU	२.६६
Total Dissolved Solids	mg/l	३०
Ammonia	mg/l as NH_3	०.०४
Total Hardness	mg/l as $CaCO_3$	१८
Iron	mg/l as Fe	०.२५
Nitrate	mg/l	२.८६
Chloride	mg/l as Cl	३.९१
Total Coliform	-	Absent

(नमुना संकलन मिति- २०८२/११/१३)

(स्रोतः स्थलगत अध्ययन, २०८२)

५.१.८ वायुको गुणस्तर

आयोजना क्षेत्रको वायु प्रदूषण केवल यस क्षेत्रभित्रका गतिविधिहरू वा स्थानीय स्रोतहरूको कारण मात्र नभई, समग्र उपत्यका भरिका स्रोतहरू, सीमापार प्रदूषण, अन्य क्षेत्रीय स्रोतहरू, र उपत्यकाको भौगोलिक बनावटबाट उत्पन्न साझा चुनैती हो । महानगरपालिका भित्रको विभिन्न स्थानहरुको वास्तविक समय (रियल टाईम)को वायु गुणस्तर सम्बन्धी जानकारी गराउनको लागि काठमाडौं महानगरपालिकाले ड्यासबोर्ड सञ्चालन गरेको छ (स्रोतः https://kathmandu.gov.np/kmc-air-quality-monitoring)। यस ड्यासबोर्डमा रहेको आयोजना क्षेत्र देखि नजिकमा रहेको चाबहिल र बौद्ध स्टेशनको २०८२-०८-१० देखि २०८२-०८-१६ सम्मको एक हप्ताको (प्रत्येक दिनको २४ घण्टाको) PM2.5, PM10, PM1, आद्रता सम्बन्धी तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ । यस तथ्याङ्कलाई वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ सँग तुलना गर्दा आयोजना क्षेत्रको वायूको गुणस्तर मापदण्ड भन्दा धेरै रहेकाले स्वास्थ्यको हिसाब राम्रो नरहेको अनुमान गरिएको छ ।

तालिका ५.४: आयोजना क्षेत्र देखी नजिकमा रहेको बायू गुणस्तर मापन केन्द्रको बायू गुणस्तरको विवरण

स्थान	प्यारामिटर	इकाई	मापन गरिको मिति							राष्ट्रिय मापदण्ड	अवस्था
			२०८२-११-२०	२०८२-११-२१	२०८२-११-२२	२०८२-११-२३	२०८२-११-२४	२०८२-११-२५	२०८२-११-२६		
बौद्ध	PM2.5	मा.ग्रा./घ.मि.	८३.३६	८५.१४	८२.९१	७६.६९	१२४.१८	१३३.५१	१०४.९	४०	मापदण्ड भण्दा धेरै
	PM10	मा.ग्रा./घ.मि.	१९०.८५	१७३.९४	१९०.२४	१७५.११	२५८.	२६६.१९	२२१.७	१२०	मापदण्ड भण्दा धेरै
	PM1	मा.ग्रा./घ.मि.	१७७.९४	१६७.०६	१७७.२६	१६३.२४	२३८.६७	२४५.३६	२०४.५५		
	आद्रता	%	६०.६	५९.२	६०.४	५६.५	६८.६	६९.५	६५.२		

(स्रोतः https://kathmandu.gov.np/kmc-air-quality-monitoring)

यस्तै, आयोजना कार्यन्वयन क्षेत्रमा दुई स्थानमा (मुख्य सडकमा रहेको प्रवेशद्वार र प्रस्तावित भवनको पछाडि) वायुको गुणस्तर संकलन गरिएको थियो। उक्त स्थानहरुको २४ घण्टाको PM1, PM2.5, PM10, सम्बन्धी तथ्याङ्क Smart CAIR Air Monitor बाट संकलन गरिएको थियो। मुख्य सडकमा रहेको प्रवेशद्वारमा मिति २०८२/१०/१५ गते बिहान ६ बजे देखि २०८२/१०/१६ गते बिहान ६ बजे सम्म र प्रस्तावित भवनको पछाडिपट्टी मिति २०८२/१०/१७ गते बिहान ६ बजे देखि २०८२/१०/१८ गते बिहान ६ सम्म Smart CAIR Air Monitor बाट मापन गरिएको औषत वायुको गुणस्तर तल तालिकामा प्रस्तुत गरिएको छ । आयोजना स्थलको PM1, PM2.5 र PM10 वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ को सीमा बाहिर रहेको पाईयो।

तालिका ५.५: आयोजना क्षेत्रको वायुको गुणस्तर सम्बन्धी तथ्याङ्क

मापन गरिएको स्थान	**मिति**	**मापन गरिएको प्यारामिटर र मान**		
		P.M. 2.5	P.M 10	P.M 1
		$\mu g/m^3$	$\mu g/m^3$	$\mu g/m^3$
मुख्य सडकमा रहेको प्रवेशद्वार	२०८२/१०/१५ गते बिहान ६ बजे देखि २०८२/१०/१६ गते बिहान ६ बजे सम्म	८६.६७	१७३.४	१५४.२
प्रस्तावित भवनको पछाडि	२०८२/१०/१७ गते बिहान ६ बजे देखि २०८२/१०/१८ गते बिहान ६ बजे सम्म	७९.१	१५४.३	१४४.२
वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (२४ घण्टे)		४० (अधिकतम सघनन्)	१२० (अधिकतम सघनन्)	

(स्रोतः स्थलगत सर्वेक्षण, २०८२**)**

५.१.९ ध्वनिको गुणस्तर

डिजिटल साउण्ड लेबल मिटर (Sound Level Meter) को सहायताले २०८२/१०/१५ गते बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म (प्रत्येक पटक ३० मिनेटसम्म) आयोजना कार्यन्वयन क्षेत्रमा (प्रस्तावित भवनको पछाडि) ध्वनिको तीव्रता (Sound Intensity) मापन गरी औषत ध्वनिको स्तर (Leq : Equivalent Noise Level) विश्लेषण गर्दा आयोजना क्षेत्रमा औषत ध्वनिको

स्तर {६१.८२ dB(A)} रहेको पाइयो। यस ध्वनिको स्तर ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ को व्यापारिक क्षेत्र अन्तर्गतको दिवा ध्वनि सीमा भित्र रहेको पाईयो।

तालिका ५.६: आयोजना क्षेत्रको ध्वनिको गुणस्तर सम्बन्धी विवरण

सि.नं.	मिति	समय	स्थान	औषत ध्वनिको स्तर (L_{eq}) dB(A)	
				मापन	राष्ट्रिय मापदण्ड, २०६९
१.	२०८२/१०/१५	बिहान ७ बजे देखि साँझ ७ बजे सम्म	आयोजना क्षेत्र	६१.८२	६५ (व्यापारिक क्षेत्र)

(**स्रोतः** स्थलगत सर्वेक्षण, २०८२)

५.१.१० फोहर मैला व्यवस्थापन

यस क्षेत्रमा निस्कने ठोस फोहरमैला काठमाडौं महानगरपालिकाले व्यवस्थापन गरेको छ। काठमाडौं महानगरपालिकाले ठोस फोहरमैला ल्याण्डफिल साइटमा व्यवस्थापन गरेको छ।

५.१.११ रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोग

आयोजनाको निर्माणको लागि विभिन्न किसिमका रासायनिक पदार्थहरु जस्तै रङ्ग, सिमेन्ट, इन्धन, आदि आवश्यक पर्दछ। यी र यस्ता सामग्रीहरुको भण्डारण आयोजनाको भण्डारण क्षेत्रमा उत्पादकले संलग्न गरेको भण्डारण विधि र आयोजनाका वातावरणविज्ञ वा सुपरिवेक्षण इन्जिनियरको निगरानीमा गरिनेछ।

५.२ जैविक वातावरण

५.२.१ वन र वनस्पति

काठमाडौं शहरको बीच क्षेत्रमा पर्ने आयोजना स्थलमा कुनै पनि प्रकारको सरकारी र सामुदायिक वन क्षेत्र रहेको छैन। आयोजना क्षेत्र देखि नजिकको वन क्षेत्र शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्जको वन क्षेत्र रहेको छ। आयोजना क्षेत्र शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्जको सीमाना देखी ५.९ कि.मि. दुरीमा रहेको छ। काठमाण्डौं जिल्लाको नक्सामा शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज र आयोजना क्षेत्रको अवस्थिती निम्न नक्सामा प्रस्तुत गरिएको छ।



नक्सा ६.१: काठमाण्डौं जिल्लाको नक्सामा शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज र आयोजना क्षेत्रको अवस्थिती

(स्रोतः नापी विभाग, २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०८२)

आयोजना स्थल घना शहरी क्षेत्रमा अवस्थित भएको हुनाले आयोजना सञ्चालन हुने क्षेत्र वरपर वनस्पतिको विविधता न्यून रहेको छ। आयोजना क्षेत्रमा पाइने मुख्य रुखका वनस्पतिहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.७: आयोजना क्षेत्रमा पाइने वनस्पतिहरूको सूची

क्र.स.	स्थानीय नाम	वैज्ञानिक नाम	संरक्षणको अवस्था		
			ने.स.	CITES	IUCN Redlist
रुखहरु					
१	पैयुं	*Prunus cerasoides*	-	-	*LC*
२	काइयो	*Grevillea robusta*	-	-	*LC*
३	कपुर	*Cinnamomum camphora*	-	-	*LC*
४	पिपल	*Ficus religiosa*	-	-	*LC*

क्र.स.	स्थानीय नाम	वैज्ञानिक नाम	संरक्षणको अवस्था		
			ने.स.	CITES	IUCN Redlist
५	भोगटे	*Citrus medica*	-	-	*LC*
६	भिमसेन पाती	*Buddleja asiatica*	-	-	*LC*
७	कल्की फुल	*Callistemon citrinus*	-	-	
८	काउलो	*Persea odoratissima*	-	-	
९	खोटे सल्ला	*Pinus roxburghii*	-	-	*LC*
१०	लहरे पिपल	*Populus jacquemontiana*	-	-	
११	मसला	*Eucalyptus camaldulensis*	-	-	*LC*
१२	रुद्राक्ष	*Elaeocarpus angustifolius*	-	-	*LC*
१३	सिरिस	*Albizia lebbeck*	-	-	*LC*
घाँस र झाडी प्रजाति					
१	दुबो	*Cynodon dactylon*	-	-	-
२	काँस	*Saccharum Spondaneum*	-	-	-
३	नर्कट	*Arundo donas*	-	-	-
४	ऐसेलु	*Rubus ellipticus*	-	-	-
५	वनमारा	*Lantana camara*	-	-	-

(Note: **IUCN Redlist** category –LC =Least Concern)

(स्रोतः स्थलगत अध्ययन, २०८२, https://www.iucnredlist.org/)

५.२.२ वन्यजन्तु

आयोजना शहरी क्षेत्रमा अवस्थित भएको हुनाले आयोजना सञ्चालन क्षेत्र वरपर वन्यजन्तु निक्कै नै कम रहेका छन्। आयोजना स्थल वरिपरि पाउने वन्यजन्तु निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.८: आयोजना क्षेत्रमा पाइने वन्यजन्तुको सुची

क्र.स.	स्थानीय नाम	वैज्ञानिक नाम	संरक्षणको अवस्था		
			ने.स.	CITES	IUCN Redlist
स्तनधारी					
१	रातो बाँदर	*Macaca mulatta*	-	-	LC
२	लोखर्के	*Funambulus pennantii*	-	-	LC
३	मुसा	*Mus musculus*	-	-	LC
उभयचर र घर्सने जीवहरु					
१	छेपारो	*Calotes versicolor*	-	-	LC
२	भ्यागुता	*Rana tigrina*	-	-	LC
चरा-चुरुङ्गी					
१	कोइली	*Eudynamys scolopaceus*	-	-	*LC*
२	मलेवा	*Columba livia*	-	-	*LC*
३	तामे ढुकुर	*Streptopelia orientalis*	-	-	*LC*
४	कालो काग	*Corvus splendens*	-	-	*LC*
५	भंगेरा	*Passer domesticus*	-	-	*LC*

(Note: IUCN Redlist category –LC =Least Concern)

(स्रोतः स्थलगत अध्ययन, २०८२, https://www.iucnredlist.org/)

५.३ सामाजिक - आर्थिक र साँस्कृतिक वातावरणीय अवस्था

५.३.१ जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार काठमाडौं म.न.पा.मा २३८९६६ घरधुरी रहेकोमा ४३८२५६ पुरूष र ४२४१४४ महिला गरी कूल ८६२४०० जनसंख्या बसोबास गर्दै आएका छन्। आयोजना सञ्चालन हुने काठमाडौं महानगरपालिका वडा नं. ६ मा कुल जनसंख्या १५९४९ घरधुरी ५९२४७ रहेको छ।

तालिका ५.९: आयोजना क्षेत्रको जनसंख्या सम्बन्धी विवरण

क्षेत्र	घरधुरी	जनसंख्या			औसष परिवार संख्या	लैङ्गिक अनुपात
		जम्मा	पुरुष	महिला		
काठमाडौं म.न.पा.	२३८९६६	८६२४००	४३८२५६	४२४१४४	३.६	१०३.३
काठमाडौं - ६	१५९४९	५९२४७	२८९३८	३०३०९	३.७१	९५.४८

(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)

५.३.२ जातजात, भाषा र धर्म

राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकामा बसोबास गर्ने जनसंख्याले मान्ने मुख्य धर्ममा हिन्दु, बौद्ध, ईस्लाम, किरात र क्रिश्चियन धर्म रहेको छ। थप विवरण निम्न तालिकमा प्रस्तुत गरिएको छ।

तालिका ५.१०: आयोजना क्षेत्रको धर्म सम्बन्धी विवरण

क्र.स.	**धर्म**	**जनसंख्या**			
		पुरुष	**महिला**	**जम्मा**	**जम्मा जनसंख्याको प्रतिशत**
१	हिन्दु	३५३५८२	३४०८३५	६९४४१७	८०.५२
२	बौद्ध	५८९२८	६२९०१	१२१८२९	१४.१३
३	ईस्लाम	१३०८१	६१०३	१९१८४	२.२२
४	क्रिश्चियन	६७०३	७८३१	१४५३४	१.६९
५	किरात	५१७३	५६७७	१०८५०	१.२६
६	अन्य	७८९	७९७	१५८६	०.१८
	जम्मा	४३८२५६	४२४१४४	८६२४००	१००

(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)

राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको बसोबास गर्ने १२९ जात-जाति मध्य प्रमुख जातजातिमा नेवार (२४.५९%),ब्राह्मण-पहाडी (२१.६३%), क्षेत्री (१८.६६%) तामाङ (७.७५%), मगर (४.१६%), गुरुङ (२.१५%), राई (१.८३%) र बॉकी अन्य जातजाति छन्। थप विवरण निम्न तालिकमा प्रस्तुत गरिएको छ।

तालिका ५.११: आयोजना क्षेत्रको जातजाति सम्बन्धी विवरण

क्र.स.	जात-जाति	जनसंख्या			
		पुरुष	महिला	जम्मा	प्रतिशत (%)
१	नेवार	१०३५३१	१०८५५८	२१२०८९	२४.५९
२	ब्राह्मण-पहाडी	९४९३०	९१५८६	१८६५१६	२१.६३
३	क्षेत्री	८०७११	८०२१८	१६०९२९	१८.६६
४	तामाङ	३२३००	३४५२६	६६८२६	७.७५
५	मगर	१७४१५	१८४८३	३५८९८	४.१६
६	विदेशी	१७१४२	८२६१	२५४०३	२.९५
७	गुरुङ	८६०५	९९५७	१८५६२	२.१५
८	राई	७११५	८६६९	१५७८४	१.८३
९	मुसलमान	७६३८	४३६३	१२००१	१.३९
१०	थारू	६३००	५०३२	११३३२	१.३१
११	विश्वकर्मा	६०१९	५३०९	११३२८	१.३१
१२	परियार	५३०२	५०९४	१०३९६	१.२१
१३	शेर्पा	४६६६	५३०१	९९६७	१.१६
१४	ठकुरी	४८७५	४६९५	९५७०	१.११
१५	अन्य	४१७०७	३४०९२	७५७९९	८.७९
	जम्मा	४३८२५६	४२४१४४	८६२४००	१००

(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)

राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौं महानगरपालिकाको बसोबास गर्ने ८६२४०० जनसंख्याको बोलीचालीमा प्रयोग हुने ९५ वटा मातृभाषा मध्य धेरै प्रयोग हुने मातृभाषा नेपाली (५७.३४%), नेपालभाषा (नेवारी-२०.०६%), तामाङ (६.०६%), मौथिली (२.८४%) रहेको छ। थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.१२: आयोजना क्षेत्रको मातृभाषा अनुसारको जनसंख्याको विवरण

क्र.स.	मातृभाषा	बोल्ने जनसंख्या			
		पुरुष	महिला	जम्मा	जम्मा प्रतिशत (%)
१	नेपाली	२४७९६४	२४६५३८	४९४५०२	५७.३४
२	नेपालभाषा (नेवारी)	८४५३०	८८४९१	१७३०२१	२०.०६
३	तामाङ	२५३५६	२६९८८	५२३४४	६.०७
४	मौथिली	१५१२८	९३३९	२४४६७	२.८४
५	भोजपुरी	१३८९७	६८५८	२०७५५	२.४१
६	मगर	८१२१	८४३१	१६५५२	१.९२
७	हिन्दी	८५३३	५४२९	१३९६२	१.६२
८	गुरुङ	४५६३	५२५९	९८२२	१.१४
९	शेर्पा	३८८६	४४०३	८२८९	०.९६
१०	थारु	४६०७	३६०६	८२१३	०.९५
११	राई	२४८०	३११८	५५९८	०.६५
१२	अन्य	१९१९१	१५६८४	३४८७५	४.०४
	जम्मा	४३८२५६	४२४१४४	८६२४००	१००.००

(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)

५.३.३ शिक्षा एवं साक्षरता

राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौँ महानगरपालिकाको साक्षरता दर ९०.४७% र काठमाडौँ -६ को साक्षरता दर ८५.००% रहेको छ।

५.३.४ खानेपानी, सरसफाई तथा स्वास्थ्य

राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८ अनुसार काठमाडौँ महानगरपालिकाको २३८९६६ घरधुरी मध्य ११४९७२ घरधुरीले घरभित्र जडान गरिएको खानेपानी पाइपबाट वितरित पानी, ११००२ घरधुरीले घर बाहिर रहेको खानेपानी धारा र बाँकीले अन्य स्रोतको प्रयोग गर्दछन् । यस्तै काठमाडौँ - ६ का १५९४९ घरधुरी मध्य १११८२ घरधुरीले घरभित्र जडान गरिएको खानेपानी पाइपबाट वितरित पानी, २२४८ घरधुरीले जार/बोतलको पानीमा निर्भर रहेका छन र बाँकीले अन्य स्रोतको प्रयोग गर्दछन् ।

तालिका ५.१३: आयोजना क्षेत्रमा खानेपानीको स्रोत

खानेपानीको स्रोत	घरधुरी संख्या			
	काठमाडौं म.न.पा.		काठमाडौं - ६	
	घरधूरी संख्या	प्रातिशत (%)	घरधूरी संख्या	प्रातिशत (%)
घरभित्र जडान गरिएको खानेपानी पाइप	114972	४८.११	१११८२	७०.११
घर बाहिर रहेको खानेपानी धारा	११००२	४.६०	९९०	६.२१
ट्युववेल, ह्याण्डपम्म	६२५७	२.६२	८६८	५.४४
छोपिएको ईनार/कुना	३३८५	१.४२	३४९	२.१९
नछोपिएको ईनार/कुना	१८३०	०.७७	१४६	०.९२
मुलको पानी	१६८५	०.७१	८८	०.५५
जार/बोतल	९४५३५	३९.५६	२२४८	१४.०९
अन्य	५३००	२.२२	७८	०.४९
जम्मा	२३८९६६	१००	१५९४९	१००

(स्रोतः राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण, २०७८)

५.३.५ पेशा

आयोजना क्षेत्रको अर्थतन्त्र मुख्यतयाः सेवामुलक व्यवसायहरु, नोकरी, व्यापार (थोक, खुद्रा बजार), साना उद्योग, होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ।

५.३.६ बिद्युत र संचार

आयोजना क्षेत्रमा नेपाल बिद्युत प्राधिकरणले विद्युत प्रशारण गरिरहेको छ. आयोजना क्षेत्रको सम्पुर्ण घरधुरीमा बत्ती बाल्न बिद्युतको प्रयोग गरिरहेका छन्। आयोजना क्षेत्रमा नेपाल विद्युत प्राधिकरणले विद्युत प्रदान गरिरहेको छ। आवश्यकता अनुसार जेनेरेटर, ईन्भर्टर तथा सोलाको प्रयोग पनि गरिएका छन्।

आयोजना कार्यान्वयन हुने क्षेत्रमा दुरसञ्चार सुबिधा राम्रो छ। नेपाल टेलिकम र एनसेल यस क्षेत्रका प्रमुख दुरसञ्चार सेवा प्रदायक हुन्। विभिन्न कम्पनीहरूले आयोजना क्षेत्रमा इन्टरनेट

सुविधा समेत प्रदान गरिरहेका छन्। आयोजना क्षेत्रमा आधुनिक सञ्चार सेवा जस्तै मोवाईल सेवा, इन्टरनेट सेवा सजिलै उपलब्ध रहेको छ।

५.३.७ बैङ्क तथा वित्तीय संस्थाहरू

आयोजना क्षेत्रमा राष्ट्रियस्तरका सरकारी तथा निजी बाणिज्य बैंक र विकास बैंकका शाखाहरू जस्तै नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक, कृषि विकास बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, एनआईसी एसिया, प्रभु बैंक लिमिटेड, नेपाल एसबिआई बैंक, ग्लोबल आईएमइ बैंक लिमिटेड, सानिमा बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, लक्ष्मी बैंक लिमिटेड, सनराईज बैंक लिमिटेड, सिद्धार्थ बैंक, माछापुच्छ्रे बैंक, मेघा बैंक, हिमालयन बैंक आदि सञ्चालनमा रहेका छन्। विभिन्न विषयगत कार्य क्षेत्र भएका सहकारी संस्थाहरू तथा लघु वित्त संस्थाहरू समेत यस क्षेत्रमा सञ्चालनमा रहेका छन्।

५.३.८ साँस्कृतिक वातावरण

आयोजना प्रभावित क्षेत्रमा हिन्दु धर्म मान्ने जनसंख्याको बाहुल्यता बढी पाइएको छ। यस क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरुमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, तिज, श्रीपञ्चमी, माघी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, मातातीर्थ औंसी, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा आदि रहेका छन्।

परिच्छेद -६

प्रस्तावको विकल्प विश्लेषण

ए.के. रेसिडेन्सी आयोजनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा आयोजना सम्बन्धि विषयहरुको विकल्प विश्लेषण गरिएको छ। यस अध्यायमा प्रस्तावित आयोजनाको उद्देश्यहरु हासिल गर्न प्रस्तावसंग सम्बन्धित विभिन्न विषयहरुमा विकल्प विश्लेषण गरिएको छ। विकल्प विश्लेषणको क्रममा सर्वोत्कृष्ट वैकल्पिक उपायहरुको पहिचान गर्दा जसबाट धेरै भन्दा धेरै लाभ प्राप्त गर्न सकिन्छ साथै वातावरणीय दृष्टिकोणमा स्वीकार्य र आर्थिक तथा प्राविधिक रुपमा उचित रहेको विकल्प नै छनौट गरिएको छ। तसर्थ आयोजनासंग सम्बन्धित उपयुक्त किसिमको विकल्पहरुलाई यस अध्यायमा समेटिएको छ।

६.१ डिजाईन

वातावरणीय प्रभाव मूल्याङ्कन आयोजनाको प्रस्तावित डिजाईन र विभिन्न सम्भावित विकल्पहरुको तुलनामा केन्द्रित रहेको छ। आर्थिक र वातावरणीय रुपमा सवल आयोजनाको उचित डिजाईनलाई वातावरणीय प्रभाव मूल्याङ्कनमा सिफारिस गरिएको छ। कम उर्जा लागत वा दिनको प्रकाश प्रयोग हुने डिजाईन चयन गरिएको छ। ए.के. रेसिडेन्सी आयोजनाको निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिताहरु जस्तै NBC 206: 2024- Architectural design requirements, NBC 207: 2003- Electrical design requirements, NBC 208: 2003- Sanitary and Plumbing design requirements, NBC 105:2025- Seismic design of buildings in Nepal, NBC 114 : 1994- Construction safety, भवन ऐन २०५५, वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० आदिको पूर्ण रुपमा अनुसरण गरिनेछ। यस आयोजनाका भवन तथा अन्य संरचनाहरु रिइन्फोसर्ड सिमेन्ट कंक्रिट संरचनामा आधारित हुनेछ। निर्माण कार्यका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ। भवन संरचनालाई प्राविधिक रुपमा सवल, वातावरणमैत्रि र सर्वव्यापी रुपमा स्वीकार्य बनाउनको लागि लैंगिक-मैत्री, अपांग मैत्री, बाल मैत्री र बृद्ध मैत्री हुने गरी डिजाईन तयार गरिएको छ।

यसैगरी, प्रस्तावित आयोजनाको लागि वातावरणीय प्रभावहरू कम गर्न वा कम गर्न उपयुक्त इञ्जिनियरिंग डिजाइनहरू र स्थान विशिष्ट उपायहरू अपनाइएको छ। पानीको निकास, ढल निकास, फोहरको व्यवस्थापन लगायत अन्य डिजाइन संरचना स्थलगत अध्ययनमा आधारित छ। यस आयोजनाको भवन डिजाइन स्वीकृत गराँउदा भवन ऐन २०५५ को दफा ८ बमोजिम भवन वर्गीकरण गरिनेछ। साथै सम्बन्धित स्थानीय तहको (काठमाडौँ महानगरपालिका) भवन

संहिता अनुसार निर्माण गरिने संरचनाहरुको नक्सा पास (वा निर्माण ईजाजत) लिइनेछ। भवन निर्माण गर्दा भवन संहिताले तोकेको स्तर अनुरुप निर्माण गर्नेछ। यसले गर्दा आयोजना अन्तर्गतका भवन तथा अन्य संरचनाहरुमा सुरक्षा जोखिम र अन्य प्रकोप जोखिम न्यून हुनेछ।

६.२ आयोजना स्थल

काठमाडौँमा बढ्दो शहरीकरणसँगै जनसंख्याको अत्याधिक चापको कारणले जग्गाको मूल्यमा वृद्धि हुनुका साथै जग्गाको उपलब्धतामा कमी आउनाले शहरबासीहरू व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुन सक्ने आवास सुविधाबाट वञ्चित भईरहेको अवस्था छ । खुल्ला क्षेत्र, चौडा बाटो, मानिस पेटी, पर्याप्त खानेपानीको व्यवस्था, फोहोर व्यवस्थापन प्रणाली तथा सरसफाई, व्यवस्थित ऊर्जा वितरण उपलब्ध हुनुका साथै मापदण्ड अनुरूपको भवन तथा ढल निकास, हरियाली वातावरण तथा सामाजिक सुरक्षा आदि इत्यादि विशेषताहरूका कारण शहरी सुगम स्थलहरूमा बहुतले आवासीय भवनहरूको माग बढेको पाइन्छ । मानिसहरूको आवश्यकता तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दै शेर्पा डेभलपर्स प्रा.लि. ले बागमती प्रदेशको काठमाण्डौ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ६, महाँकालमा ए.के. रेसिडेन्सी आयोजना निर्माण तथा सञ्चालन गर्ने उद्देश्य राखेको छ । काठमाण्डौ महानगरपालिकको व्यवस्थित शहरीकरणको योजनालाई सार्थक बनाउँदै व्यवस्थित सुरक्षित बसोबासको लागि अवसर सिर्जना गर्न, अव्यवस्थित शहरीकरण, कोलाहाल र प्रदूषण मुक्त तथा सफा र सुबिधासम्पन्न आवास सुविधामा बस्न चाहने इच्छुक परिवारहरूलाई सुविधा सम्पन्न अपार्टमेन्ट बिक्री गरी सुविधा सम्पन्न आवास स्थल प्रदान गर्ने भएकाले यस आयोजनाको सान्दर्भिकता रहेको छ ।

६.३ प्रक्रिया, समय- तालिका

प्रक्रिया

प्रस्तावित भवन निर्माण गर्दा जमिनमुनि खन्नु पर्ने, जमिन सम्याउनु पर्ने, जमिनमा ढलान गर्नु पर्ने, ईट्टाको पर्खाल लगाउनु पर्ने, आकाशबाट परेको पानीलाई एकै धारमा बगाउन आवश्यक स्थानमा नाली निर्माण गर्नु पर्ने, Shear पर्खाल निर्माण गर्नु पर्ने जस्ता क्रियाकलापहरु परम्परागत शैली मात्र प्रयोग गरेर गर्दा समय, जनशक्ति र लागत बढी लाग्ने देखिन्छ। आयोजनालाई खर्च किफायती र बलियो बनाउन परम्परागत तथा आधुनिक विधिको दुबैको प्रयोग गरिनेछ। आयोजनाको आवश्यकता र स्थानीय जनताको भूमिगत पानीको मागलाई सन्तुलन राख्न आयोजना स्थलमा करिब २०% भू-भाग कंक्रिट बिहिन राखिनेछ। शौचालयमा कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान गरिनेछ । ढल निकास योजना NBC 208: 2003- Sanitary and Plumbing design requirements मा आधारित हुनेछ। शौचालय तथा स्नान कक्षको लागि उपयुक्त क्षमताको

सेफ्टी ट्यांकीको व्यवस्था गरिनेछ। सेफ्टी ट्यांकीमा रहेको फोहर पानीलाई पूर्ण प्रशोधन गर्न सोक पिटहरु (Soak pit) निर्माण गरिनेछ।

समय-तालिका

वर्षा ऋतुमा बहिरी निर्माण कार्य रोकिनेछ। बाँकी महिनाहरुमा निर्माण कार्य गरिनेछ। असोज देखि जेठ सम्म सुख्खा मौसमको कारण निर्माण अवधि अधिक उपयुक्त हुन्छ। यसका साथै, रातको समयमा निर्माण कार्य बाट उत्पन्न हुने आवाज ठुलो सुनिने भएकोले निर्माण कार्य दिनको समय गरिने गरी प्रस्ताव गरिएको छ।

६.४ प्रयोग हुने कच्चा पदार्थ

❖ कच्चा पदार्थ

यस आयोजनाको लागि आवश्यक पर्ने मूख्य निर्माण सामग्रीहरूमा ईट्टा, बालुवा, गिट्टी,सिमेन्ट, टाइलहरू, एलुमीनियम पाता, रंगहरू, वार्निश, टोर स्टीलको डन्डी, पिभिसी पाइप आदि पर्दछन्। आयोजनाको लागि आवश्यक निर्माण सामग्रीहरू आयोजना कार्यान्वयन हुने क्षेत्रमा सजिलैसँग उपलब्ध हुने भएकोले प्रस्ताव गरिएको कच्चा पदार्थ नै उपयुक्त हुने देखिन्छ। ढुङ्गा र बालुवा आयोजना स्थानीय बिक्रेताहरुबाट खरिद गर्नेछ।

आयोजना परिसर भित्रको बत्तिको लागि सौर्य उर्जा प्रयोग गरिनेछ। भवनहरुमा विद्युत खपत कम गर्न सोलार वाटर हिटरको प्रयोग गरिनेछ। आयोजना निर्माण तथा सञ्चालन चरणमा आयोजना स्थल वातावरणमैत्री राख्र आयोजना स्थलमा मानिसको स्वास्थ्य र वातावरणलाई असर नगर्ने (वा कम गर्ने विकल्प) रंगहरु मात्र प्रयोग गरिनेछ। आयोजनाको निर्माण चरण र सञ्चालन चरणमा कम उर्जा खपत गर्ने स्टार रेटेड र वातावरण मैत्री विद्युतीय उपकरणहरुको प्रयोगमा जोड दिइनेछ ।

❖ निर्माण सामग्री भण्डारण

आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामग्री भण्डारण स्थल आयोजना स्थल भित्र रहेको खुल्ला क्षेत्रमा निर्माण गरिनेछ। भण्डारण क्षेत्रमा तार बार तथा सामग्री छोप्ने व्यवस्था गरिनेछ। भण्डारण क्षेत्रमा बालुवा, गिट्टी जस्ता धुलो उत्सर्जनन् हुन सक्ने सामग्री भण्डारण गर्दा त्रिपालले छोपिनेछ भने सिमेन्ट भण्डारणको लागि अस्थाई भण्डरण कक्ष (वा गोदाम) निर्माण गरिनेछ। यस्तै, डिजेल, पेट्रोल, लुब्रिकेन्ट्स, पेन्ट्स तथा अन्य रासायनिक पदार्थ भण्डारण गर्दा भूइमा प्लास्टिक सिट राखि स्टिल, फाइबरग्लास वा कन्क्रिटको ट्याङ्कमा अथवा उत्पादकले तय गरेको भण्डारण विधि अनुसार भण्डारण गरिनेछ।

६.५ वातावरणीय व्यवस्थापन योजना

प्रस्तावित आयोजनाको वातावरणीय व्यवस्थापन योजनाको लागि निम्न बमोजिमको बिकल्पहरु रहेका छन् ।

- ठोस फोहरमैलाको लागि स्रोतमा नै वर्गीकरण गरी कुहिने र नकुहिने फोहरलाई छुट्याइने छ भने कुहिने फोहरमैलाको जैविक मल बनाउने तथा संक्रमण रहित पारी पुनः प्रयोग गरिने र पुनः चक्रिय फोहरमैलालाई बिक्री गर्ने।
- फोहर पानी प्रशोधन गरी विभिन्न प्रयोजनको लागि प्रयोग गर्ने।
- वैकल्पिक ऊर्जाको स्रोतको लागि सोलार प्रविधि प्रयोग गर्ने।
- भूमिगत पानीको स्रोत पुनः सिंचन गर्न रिचार्ज पिट निर्माण गर्ने
- आकाशे पानी संकलन गर्ने प्रविधिको प्रयोग गर्ने।

६.६ कुनै विकल्प छैन

प्रस्ताव कार्यान्वयन नगर्ने विकल्प भन्नाले प्रस्तावित भवन निर्माण नै नगर्ने र सो आयोजनालाई पुर्ण रुपमा निषेध गर्ने भन्ने बुझिन्छ। प्रस्ताव कार्यान्वयन नगर्दा ए.के. रेसिडेन्सी सञ्चालन नहुने देखिन्छ। यस्तै, आयोजना कार्यान्वयन नहुँदा यस क्षेत्रमा आर्थिक तथा रोजगारीका सम्भावनाहरू गुम्ने, आयोजना स्थलमा बाँकी रहेका खाली जग्गा अतिक्रमण हुन सक्ने, भौगोलिक सौन्दर्य दिनप्रतिदिन बिग्रँदै जाने र नकारात्मक गतिविधि बढ्ने देखिन्छ। त्यस कारण सावधानीका उपायहरु अपनाई आयोजना स्थलमा प्रस्तावित आयोजना निर्माण गर्दा उपयुक्त हुन्छ।

विकल्पको विश्लेषण गर्दा प्रस्तावित आयोजना निर्माण तथा सञ्चालन नगर्ने विकल्पलाई अस्विकार गरिएको छ। यदि प्रस्तावित आयोजना कार्यान्वयन नगर्ने हो भने यस क्षेत्रमा सुविधा सम्पन्न आवासिय एपार्टमेन्ट उपलब्ध नहुने अवस्था समेत सृजना हुने देखिएको छ। त्यसकारण प्रस्तावित आयोजना निर्माण कार्य गर्दा उपयुक्त हुन्छ।

परिच्छेद -७

प्रस्ताव कार्यन्वयन गर्दा वातावारण पर्ने प्रभाव

प्रस्तवित आयोजनाको निर्माण तथा सँचालनको क्रममा हुने वातावरणीय प्रभावको पूर्वानुमान स्थलगत अध्ययनको क्रममा पहिचान गरिएको मुद्दाहरुमा आधारित छ। प्रभावहरुलाई विभिन्न प्रकृतिमा विभाजित गरिएको छ (जस्तै प्रत्यक्ष र अप्रत्यक्ष), प्रभावको परिमाण (जस्तै उच्च, मध्यम र कम), प्रभावको अवधि (जस्तै छोटो अवधि, मध्य-अवधि, र दिर्घ-अवधि) र प्रभावको सीमा (स्थान निर्दिष्ट, स्थानीय र क्षेत्रीय)। प्रभावहरुको पहिचान र पूर्वानुमान आयोजनाको पूर्व निर्माण, निर्माण/स्तरोन्नति र सञ्चालन चरणहरूको समयमा प्रस्तावित कार्य/क्रियाकलापहरूमा उचित ध्यान दिएर गरिएको छ। स्थानीय सरोकारवालाहरूले उठाएका मुद्दाहरूलाई यस अध्यायमा पनि समेटिएको छ।

७.१ अनुकूल प्रभाव/ सकारात्मक प्रभाव

❖ रोजगारीको अवसर र प्राविधिक सीपमा वृद्धि

यस आयोजनाको ३ वर्षको निर्माण चरणको लागि दैनिक १२६ जना दक्ष कामदार (१० जना प्राविधिक र ११६ जना अन्य दक्ष) र २६८ अदक्ष कामदार गरी जम्मा ३९४ कामदारहरुले रोजगारीको अवसर पाउने छन्। यस्तै, आयोजना सञ्चालनको चरणमा २० जना कार्मचारी रहने छन्। यस्तै, आयोजना निर्माण कार्यमा संग्लग्न हुने दक्ष एवं श्रमिक कामदारहरू विभिन्न दक्षताका छन्। निर्माण समयमा विभिन्न अनुभवी तथा दक्ष इन्जिनियर, डकर्मि, सिकर्मि, वेल्डर, इलेक्ट्रिसियन, आदि कार्यरत हुनेछन्। यसरी अनुभवी व्यक्तिहरूसँग काम गर्दा आयोजनासँग सम्बन्धित प्रविधि एवं सीपहरू स्थानान्तरणको अवसरहरू हुनेछ। यसै क्रममा अदक्ष जनशक्तिहरूले पनि आफ्नो कौशलता बढाउन र अनुभव बटुल्न सक्नेछन्। यसले भविष्यमा यस्तै आयोजनाहरूमा काम पाउने अवसरलाई बढाउँछ । यसरी स्थानीय व्यक्तिहरूले कार्य हासिल गरी दक्षता र आफ्नो क्षमता अभिवृद्धि गर्ने अवसर प्राप्त गर्दछन्। उक्त प्रभाव अप्रत्यक्ष, न्यून परिमाण, स्थानीय सीमा र दिर्घकालीन अवधिको रहनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाण, स्थानीय सीमा र दिर्घाकालीन अवधिको हुनेछ।

❖ व्यवसायमा वृद्धि

निर्माण अवधिमा, निर्माण कार्यमा संलग्नको माग पूरा गर्न विभिन्न प्रकारका व्यावसायिक गतिविधिहरू सञ्चालनमा आउँदछन्। सामान्यतया, यी व्यावसायिक गतिविधिहरूमा कामदारको लागि खाना र चिया पसल, किराना पसल आदि हुनेछन् । स्थानीय उत्पादनहरू जस्तै दाल, दूध,

मासु, तरकारीहरू, फलफूल आदिको माग निर्माण अवधिमा बढ्नेछ जसले स्थानीय र बजारका लागि थप प्रोत्साहन दिन सक्छ । यसले स्थानीय अर्थव्यवस्थामा योगदान पुऱ्याउँछ।

यसका साथै, आयोजनामा ६९६ जना बस्ने हुने अनुमान गरिएको छ। यस सँगसँगै आयोजना कर्मचारी र आगन्तुकहरुले गर्दा आयोजना क्षेत्र वरिपरि मानिसहरुको आवागमन र सवारी साधनको संख्यामा उल्लेख्य वृद्धि हुन गई आयोजना क्षेत्रमा बसोबास गर्ने मानिसहरुको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्नेछ। सञ्चालन चरणको अवधिमा रोजगारीका अतिरिक्त विभिन्न होटल तथा अन्य व्यवसायले स्थानीयको आर्थिक गतिविधि वृद्धि गर्छ। यी सबै गतिविधिहरूले स्थानीयको अर्थ व्यवस्था र जीवनस्तरमा सुधार पुर्याउनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाण, स्थानीय स्तर र दिर्घकालीन अवधिको हुनेछ।

❖ आयोजना क्षेत्रको सौन्दर्य बढ्ने

आयोजनाको ल्याण्डस्केपिङ्गको क्रममा डिजाइन अनुसार अत्याधुनिक र आकर्षक भवन निर्माण हुने तथा सुन्दर रङ-रोगन गरिने भएकाले समग्र आयोजना क्षेत्रको सुन्दरता बढाउछ। आयोजनाका संरचनाहरूले आयोजना क्षेत्रको दृश्य, सुन्दरता बढाउन मद्दत गर्छ। साथै यस आयोजनाको मौलिक डिजाइन एक आकर्षणको स्रोत हो। यी संरचनाहरूले आयोजना क्षेत्रको दृश्य सुन्दर बढाउन मद्दत गर्छ। आयोजना परिसर भित्र बगैंचा प्रस्ताव गरिएको छ। आयोजना स्थल परिसरमा बगैंचाका लागि स्थानीय, सुगन्धित र सजावटका बिरूवा रोपण लागि छनोट गरिनेछ। सजावट बिरूवाको नियमित हेरचाह गरिनेछ। बगैंचाको स्थापनाले पर्यावरणीय अवस्थामा सुधार गर्छ। आयोजना क्षेत्रमा प्रस्तावित बगैंचाले सुन्दरता थप बढाउँछ। यस किसिमको प्रभाव अप्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र दिर्घाकालीन अवधिको हुनेछ।

❖ सुरक्षाको व्यवस्था

आयोजनाको सुरक्षाका लागि भवन भित्र र बाहिरी खुल्ला क्षेत्रहरूमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड क्यामेराको प्रयोग गरिनेछ। सबै भिडियोको अनुगमन कोठा (monitoring room) द्वारा अनुगमन र नियन्त्रण गरिनेछ। मुख्य प्रवेशद्वारहरूमा रहेका सबै सुरक्षा पोष्टहरूमा क्यामेरा (CCTV) को जडान गरिनेछ। सार्वजनिक स्थानहरूमा सुरक्षाका लागि अलार्म र विभिन्न सङ्केतहरू राखिने छन्। यस किसिमको प्रभाव अप्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र दिर्घाकालीन अवधिको हुनेछ।

❖ सुविधा सम्पन्न आवासको उपलब्धता

प्रस्तावित बहुतले आवासीय भवनमा सुविधा सम्पन्न अपार्टमेन्टहरू मात्र नभई पर्याप्त खुला क्षेत्र, पार्किङ्ग, जिम, पर्याप्त सुरक्षित खानेपानी आदिको राम्रो व्यवस्था गर्ने योजना रहेको छ। यस किसिमको प्रभाव प्रत्यक्ष, उच्च परिमाण, स्थानीय सीमा र दिर्घाकालीन अवधिको हुनेछ।

तालिका ७.१: अनुकुल प्रभाव मूल्याङ्कन म्याक्ट्रिक्स

क्र.स.	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	महत्त्व
१	रोजगारीको अवसर र प्राविधिक सीपमा वृद्धि	प्रत्यक्ष	उच्च (६०)	स्थानीय स्तर (२०)	दीर्घकालीन (२०)	१००	उच्च महत्वपूर्ण
२	व्यवसायमा वृद्धि	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय स्तर (२०)	दीर्घकालीन (२०)	६०	मध्यम महत्वपूर्ण
३	आयोजना क्षेत्रको सौन्दर्य बढ्ने	अप्रत्यक्ष	मध्यम (२०)	स्थानीय स्तर (२०)	दीर्घकालीन (२०)	६०	मध्यम महत्वपूर्ण
४	सुरक्षाको व्यवस्था	अप्रत्यक्ष	मध्यम (२०)	स्थानीय स्तर (२०)	दीर्घकालीन (२०)	६०	मध्यम महत्वपूर्ण
५	सुविधा सम्पन्न आवासको उपलब्धता	प्रत्यक्ष	उच्च (६०)	स्थानीय स्तर (२०)	दीर्घकालीन (२०)	१००	उच्च महत्वपूर्ण

७.२ प्रतिकूल प्रभाव/ नकारात्मक प्रभाव

७.२.१ भौतिक-रासायनिक अवयव

७.२.१.१ निर्माणपूर्व र निर्माण चरण

- **विद्यमान भौतिक संरचनाहरु हटाउने, विग्रन व्यवस्थापन र निर्माणजन्य फोहरका कारणले पर्ने असर**

निर्माण कार्यका क्रममा विभिन्न भौतिक संरचनाहरुको लागि जमिन सम्याउँदा, जग खन्दा, हाल विद्यमान भवन भत्काउँदा केही मात्रामा बिग्रन उत्पन्न हुन्छ। विद्यमान भवन भत्काउँदा करिब ३,१०० घ.मि. विग्रन (कन्क्रिट र अन्य निर्माणजन्य) तथा प्रस्तावित भवनको जग खन्ने क्रममा ९,८०० घ.मि. बिग्रन (माटो तथा अन्य) गरी जम्मा १२,९०० घ.मि. विग्रन उत्सर्जनन् हुनेछ। आयोजना निर्माण चरणमा, निर्माण कार्यहरूबाट निर्माणजन्य फोहोर (सिमेन्ट, बालुवा, फलाम, ढुङ्गा, झोला वा खाली बोरा, प्याकेट खोलहरू) सीमित परिमाणमा निस्कनेछ। त्यसैगरी, इलेक्ट्रो-मेकानिकल कार्यहरूबाट रसायन तथा तेल, ग्रिज, पेन्ट्स जस्ता हानिकारक फोहोरहरू निस्कने सम्भावना हुन्छ। वेल्डिङको काम गर्दा बाँकी रहेका वेल्डिङ रड तथा मेटल कार्यबाट पैदा हुने धातुको धूलो फोहोरहरू निस्कने सम्भावना छ। यसरी निस्किएका फोहोरहरू जथाभावी विसर्जन गर्दा जमिनमा प्रतिकूल प्रभाव पर्न सक्छ। वर्षाको समयमा नजिकै रहेको खोलामा मिसिन गई पानीको गुणस्तरमा पनि असर गर्छ।

यो प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाण, स्थान निर्दिष्ट र अल्पकालीन अवधिको हुनेछ।

- **भू-उपयोग परिवर्तनसँग सम्बन्धी सवाल**

आयोजनाले शेर्पा डेभलपर्स प्रा.लि. को स्वामित्व रहेको ६९६७.४२ वर्गमिटर जमिन प्रयोग गर्नेछ। यस भवन निर्माण स्थल विद्यमान अवस्थामा पनि भवन, टहरा लगायतका संरचना रहेकाले यस आयोजनाका कारण हुने भु-उपयोगको प्रभाव प्रत्यक्ष प्रकृतिको, न्यून परिमाण, स्थान निर्दिष्ट र दीर्घाकालीन अवधिको हुनेछ।

- **कम्पन, ध्वनि र वायु प्रदूषणसँग सम्बन्धी सवाल**

आयोजना निर्माण अवधिमा निर्माण कृयाकलाप तथा निर्माण सामाग्रीहरु ढुवानीका कारणले आयोजना स्थलमा वायु तथा ध्वनि प्रदूषण हुने देखिन्छ। निर्माण सामग्री ढुवानीका साधनहरु जस्तै ट्रिप्पर, ट्रयाक्टर, आदिको आवगमन तथा निर्माण कार्यमा प्रयोग हुने मेशिनहरु जस्तै भाइब्रेटर, जेनेरेटर, मार्बल (वा टायल) कटर, कन्क्रिट मिक्सर, आदिले ध्वनि प्रदूषण र कम्पन सृजना गर्दछ। निर्माण अवधिमा उत्सर्जन हुने मूख्य बायु प्रदुषकहरुमा धुवाँ, धुलो, Sulfur dioxide

(SO2), Nitrogen oxides (NOX) र Particulate Matter (PM) आदि रहेका छ। यस किसिमको प्रभाव प्रत्यक्ष/अप्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको रहनेछ।

❖ **जल प्रदूषण**

सतह तथा भूमिगत पानी प्रदूषण निर्माणको क्रममा हुने प्रमुख प्रभावहरू हुन्। निर्माण शिविरबाट फोहोर पानी उत्पादन हुन्छ। त्यस्तै प्रयोग गरिएको इन्धन इत्यादिले फोहोर पानीको प्रवाहमा तेल र ग्रीज पदार्थ बढाउन सक्छ। आयोजना स्थलको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रमा कुनै पनि खोला तथा नदीनाला नभएको र सबै निर्माण सम्बन्धी गतिविधिहरू संलग्न निर्माण साइटमा सीमित हुने भएकोले पानीको स्रोतमा कुनै ठूलो असर पर्दैन। यस प्रभावलाई प्रत्यक्ष/ अप्रत्यक्ष प्रकृतिको, परिमाणमा न्यून, स्थान विशेष र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ **ठोस फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रसँग सम्बन्धी सवाल**

आयोजना स्थलबाट उत्पादन हुने ठोस फोहरलाई कुहिने र नकुहिने फोहर छुट्याई डस्टबिनहरुमा संकलन गरिनेछ । काठमाडौं महानगरपालिकामा दैनिक प्रति व्यक्ति ४६४.६ ग्राम फोहर उत्सर्जन हुने आधारमा (स्रोतः ADB, 2013) आयोजनाको निर्माण चरणमा दैनिक १८३.०५ के.जि. ठोस फोहर (निर्माणजन्य बाहेक) उत्सर्जन हुने अनुमान गरिएको (३९४ जना कामदारबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) छ।

ठोस जन्य फोहरमैला, फोहर पानी, मानव मलमूत्र तथा विग्रनको अव्यवस्थित विसर्जन गर्ने, खुल्ला स्थानमा (पानीको स्रोत नजिक खुल्ला स्थान) दिशा-पिसाव गर्ने, निर्माण कार्यमा प्रयोग हुने रासायनिक सामग्रीहरु जस्तैः रंग लुब्रिकेंट्स/डिजेल आदिको भण्डारणबाट हुने चुवाहटले भूमिगत पानीका स्रोतहरु प्रदूषण हुने सम्भावना रहेको छ। निर्माण सामग्री धोईपखाली गर्दा तरल फोहोरहरु उत्सर्जन हुन्छ। यसरी निष्कासन हुने फोहोरहरुको उचित व्यवस्थापन नहुदा यसले पानीको स्रोत प्रदूषित साथै जनस्वास्थ्यमा पनि नराम्रो प्रभाव पार्नेछ।

यस किसिमको प्रभाव प्रत्यक्ष/अप्रत्यक्ष, मध्यम परिमाण, स्थान निर्दिष्ट सीमा र अल्पकालीन अवधिको रहनेछ।

❖ **निर्माण समाग्रीको ढुवानी र भण्डारणसँग सम्बन्धी सवाल**

आयोजना निर्माणको लागि ढुङ्गा, बालुवा, ग्राभेल, गिट्टी (चिप्स) सामग्री, आदि आवश्यक छन्। भण्डारण गरिएको निर्माण सामग्रीहरू वर्षाको पानीले बगाएर नजिकको जमिन, पानीको स्रोतहरुलाई प्रदुषित गर्न सक्छ। हावा-हुरीको समयमा हावाले उडाएर वायु प्रदूषण गर्न सक्छ। प्रस्तावित आयोजनाको निर्माण गर्न आवश्यक सामग्रीहरु भण्डारणबाट जल, वायु तथा भूमि

प्रदुषण हुने जोखिम हुन्छ। यस किसिमका सम्भावित प्रभाव प्रत्यक्ष किसिमको हुनुका साथै न्यून परिमाण, स्थान-निर्दिष्ट र अल्पकालीन अवधि हुनेछ।

❖ **भुमिगत पानीको प्रयोग तथा उच्च पानी उपभोगसँग सम्बन्धित सवालहरु**

यस आयोजनाको निर्माण चरणमा निर्माण क्रियाकलापहरुको लागि दैनिक औषतमा ४६४१ लिटर पानी र निर्माण कार्यमा खटिएका कामदारहरुबाट दैनिक औषतमा ३९,४०० लिटर पानी गरी दैनिक औषतमा ४४,०४१ लिटर पानी खपत हुने अनुमान गरिएको छ। यस पानीको आवश्यकता पुर्ती गर्न आयोजनाले आयोजना क्षेत्रमा डिप बोरिङ्ग जडान गरी भूमिगत पानीको प्रयोग गर्ने छ। भुमिगत पनीको खपतले यस क्षेत्रको भूमिगत जलस्रोतको सतहलाई ह्रास पुर्याउने छ। यस किसिमका प्रभावहरु प्रत्यक्ष प्रकृतिको हुनेछ भने परिमाणमा मध्यम, सीमामा स्थानीय र अल्पकालीन अवधिको हुनेछ।

❖ **माटो प्रदूषण**

ठोस जन्य फोहरमैला, फोहर पानी, मानव मलमूत्र तथा विग्रनको अव्यवस्थित विसर्जन गर्ने, खुल्ला स्थानमा (पानीको स्रोत नजिक खुल्ला स्थान) दिशा-पिसाव गर्ने, निर्माण कार्यमा प्रयोग हुने रासायनिक सामग्रीहरु जस्तैः रंग लुब्रिकेंट्स/डिजेल आदिको भण्डारणबाट हुने चुवाहटले आयोजना क्षेत्रको जमिन वा माटोलाई दूषित पार्न सक्छ। कामदार शिविरबाट उत्सर्जन हुने मानव मलमूत्र, फोहोर पानी, ठोस जन्य फोहरहरु जस्तै प्लाष्टिकका टुक्रा, खेर गएको खानेकुरा आदिले समेत आयोजना स्थलको माटो प्रदूषण गर्न सक्छ। यो प्रभाव प्रत्यक्ष रुपको, परिमाणमा मध्यम, स्थान निर्दिष्ट र अल्पकालीन अवधिको हुनेछ।

❖ **उच्च उर्जा खपतबाट पर्ने प्रभाव**

निर्माण चरणको बखत उर्जा खपत अधिक हुन सक्छ। डिजेल जेनरेटर र निर्माण उपकरण सवारी-साधनका लागि डिजलको खपत, प्रशासनिक उर्जा उपभोग, आदि निर्माण चरणका उर्जा खपतका प्रमुख स्रोतहरू हुन्। निर्माण चरणमा निर्माण कार्य जस्तै उच्च उर्जा खपत हुने विभिन्न मेसिनको प्रयोग, विजुली वत्तीको प्रयोगले स्थानीयमा विद्युत आपूर्तिमा प्रभाव हुन सक्छ । फलस्वरुप स्थानीय आपूर्तिमा अनियमितता हुन सक्छ। यस प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको रहनेछ।

- **आगलागि, भूकम्पीय तथा अन्य सम्भावित प्रकोपहरू**

निर्माण चरणको अवधिमा भूकम्प, आगलागि र इलेक्ट्रिक सर्ट सर्किट जस्ता घटना/दुर्घटना कामदारहरू र निर्माण स्थलसँगको नजिकका क्षेत्रहरूमा असर पार्न सक्छ। विद्युतीय सर्ट सर्किट वा निर्माण-चरणमा कामदारहरूको लापरबाहीको कारण आगोका थप जोखिम हुन सक्छ। यस

प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थान निर्दिष्ट र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएका छ।

- **रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोगले पार्ने प्रभाव**

निर्माण कार्यमा प्रयोगको लागि इन्धन, लुब्रिकेन्ट्स, बिटुमिन, सिमेन्ट, रङ्ग तथा अन्य रसायनहरुको आवश्यकता हुन्छ। यी सामग्रीको चुहावट हुने, पोखिनाले सतह र भूमिगत पानीको प्रदूषण र जमिनको प्रदूषण र मानव स्वास्थ्यको समस्या जस्ता जोखिमहरु हुनेछ। यसैगरी, भण्डारण स्थलमा भण्डारण गरिएको अवस्थामा मानविय त्रुटीबाट आगलागि पनि हुन सक्ने छ। सम्भावित प्रभाव प्रकृति प्रत्यक्ष, परिमाण न्यून, स्थानीय सीमा र अल्पकालीन अवधि हुनेछ।

७.२.१.२ सञ्चालन चरण

- **ध्वनि र वायु प्रदूषण**

आयोजना क्षेत्र भित्र रहने बासिन्दा र अन्गतुकको उपस्थितीले गर्दा यस क्षेत्रमा मानिसहरुको बाक्लो भिड-भाड हुनेछ। यस्तै, आयोजना परिसर भित्र सवारीको आवत-जावत हुँदा तथा जेनेरेटरको प्रयोग गरिदा यस क्षेत्रमा ध्वनि र वायु प्रदूषण हुन सक्दछ। आयोजना सञ्चालनबाट उत्सर्जन् हुने वायु प्रदुषकहरुमा Sulfur dioxide (SO2), Nitrogen oxides (NOX) र Particulate Matter (PM), आदि रहेका छन्। यस प्रभावलाई प्रत्यक्ष परिमाणमा मध्यम, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

- **भूमिगत जलस्रोतमा ह्रास**

NBC 208: 2003 (Sanitary and Plumbing Design Requirements) अनुसार तयार गरिएको आयोजनाको Sanitary and Plumbing Design प्रतिवेदन अनुसार आयोजना सञ्चालन चरणमा बासिन्दा र अन्गतुकको लागि दैनिक ६९,८५० लिटर आवश्यक पर्दछ। यस पानीको माग पुरा गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत औसतमा दैनिक २०,००० लिटर र बाँकी (४९,८४५ लिटर) पानीको आवश्यकता पुर्ती भुमिगत पानी मार्फत गरिने भएकाले आयोजना क्षेत्रको भुमीगत पानीको स्रोतमा चाप सृजना भई भुमिगत पानीमा ह्रास हुनेछ। थप, आयोजना निर्माणको क्रममा आयोजना क्षेत्रमा कंक्रिट सतह निर्माण गर्ने भएकाले आयोजना स्थलमा रहेको भू-भागलाई पानी नछिर्ने भूभागमा परिवर्तन गर्न सक्छ। यसले, एकातिर वर्षातमा भूमिगत पानी रिचार्जमा बाधा पुर्याउँछ र अर्कोतर्फ अत्यधिक बहावको कारण डुबान हुन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाण, स्थानीय सीमा र दीर्घाकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ भूमिगत जल प्रदूषणसँग सम्बन्धी सवाल

यस आयोजनाले अधिकांश क्षेत्र कन्क्रिट सतहको हुनेछ जसले प्राकृतिक वर्षालाई भुमिगत पानी रिचार्ज हुनबाट रोक्छ। यससँगै आयोजना सञ्चालन चरणमा उच्च मात्रामा भुमिगत पानी प्रयोग गरिनाले भुमिगत पानीको स्तर घट्ने र cone of depression सृजना हुनेछ; यसले नजिकमा रहेको प्रदूषित सतह र shallow aquifers बाट दूषित पानी तान्छ। आयोजना क्षेत्रबाट निस्कने तरल फोहर पानी यस क्षेत्रको भुमिगत पानीलाई थप दुषित बनाउनेछ। जसले गर्दा आयोजना सञ्चालनको लागि प्रयोग गरिने भुमिगत स्रोतलाई नै अझ कमजोर बनाउँछ। यस प्रभाव प्रत्यक्ष, उच्च परिमाण, स्थानीय सीमा र दिर्घकालीन अवधिको रहनेछ।

❖ ठोस जन्य फोहरमैला पार्ने प्रभाव

आयोजना सञ्चालनको क्रममा यातायात सवारी, बासिन्दा र अन्गतुकको बाक्लो उपस्थितीले आयोजना क्षेत्र भित्र र आसपासको क्षेत्रमा फोहरको समस्या सृजना गर्दछ। आयोजना सञ्चालनको चरणमा जैविक र अजैविक दुवै किसिमको ठोस फोहरको उत्पादन हुन्छ। त्यस्ता फोहरहरूमा खानाको फोहर (विशेष गरी किचन क्षेत्रबाट निस्कने), कागजको फोहर, प्लास्टिकजन्य, फुटेका भाँडा, फर्निचर, सिसा, आदि पनि हुनेछन्। त्यसै गरी आयोजना सञ्चालन चरणमा आयोजना क्षेत्रबाट प्रतिदिन १८५.८४ के.जी. ठोस जन्य फोहोर (कुहिने र नकुहिने फोहर) उत्पादन हुने देखिन्छ ।

कुहिने र नकुहिने फोहरको अव्यवस्थित व्यवस्थापनले वरपरको वातावरण प्रदूषित हुन सक्छ। कुहिने फोहरको उचित व्यवस्थापन वा भण्डारण नहुँदा दुर्गन्ध बढ्न सक्छ र यसले बसोबास गर्ने बासिन्दा, कर्मचारी तथा स्थानीय समुदायका स्वास्थ्यलाई असर गर्न सक्छ। यी बाहेक आयोजनाको सञ्चालनको चरण उत्सर्जित हानिकारक विद्युतीय फोहोर (E-Waste) हरु जस्तै बिग्रिएको वा टुटे फुटेका चिम/ वल्ब (CFL वा LED), ट्युबलाइट, बिग्रिएको वा टुटे फुटेका विद्युतीय उपकरण/ कम्पूटरका पार्टपुर्जा, तारका टुक्रा, बिग्रिएको मोबाइल आदि निस्कने सक्ने छन्, जुन सामान्यता जोखिमपूर्ण हुन्छ। यस्तै, ढल निकासीको नालीमा ठोस जन्य फोहर जम्मा भई नालालाई अवरोध गराइ थप समस्यालाई जटिल बनाउन छ। यी फोहरको उचित व्यवस्थापन हुन नसके स्थानीय वातावरण प्रदूषण हुन सक्छ । उक्त प्रभाव प्रत्यक्ष, उच्च परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको रहनेछ। यी प्रभावहरु प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय स्तर र दीर्घकालीन अवधिको रहनेछ।

❖ फोहर पानी तथा मानव मलमूत्रले पार्ने प्रभाव

शौचालय, बाथरुम, रेष्टुरेन्ट, आदिबाट तरल फोहर तथा मानव मलमुत्र उत्सर्जन हुनेछ। फोहर पानी-पाइपको चुहावट र ढल निकासका अनुचित व्यवस्थाले वरपरको वातावरण विगार्न सक्छ। आयोजना स्थलमा फोहोर पानी भान्सा, वाथरूम र शौचालयबाट उत्पन्न हुन्छ। आयोजना सञ्चालन चरणमा दैनिक ५०,८०० लिटर फोहरपानी उत्सर्जन हुने आँकलन गरिएको छ। फोहर पानीको अव्यवस्थित विसर्जनले TSP को वृद्धि, BOD को मात्रा वृद्धि र जल प्रदूषण हुन सक्छ। यस आयोजनाको सञ्चालनसँगै निष्काशन हुने तरल फोहर तथा मानव मलमूत्रको उचित व्यवस्थापन हुन नसक्दा जटिल समस्या निम्ताउन सक्छ। यस्तै, ढल निकासीको नालीमा ठोस-फोहर जम्मा भई नालालाई अवरोध भएमा थप समस्यालाई जटिल बनाउन छ। ढल निकास नाला/पाइपको चुहाबटको कारण फोहर पानी पानीको स्रोतमा मिसिन गई सतही तथा भूमिगत पानी दूषित पारी यसले समुदायको स्वास्थ्यलाई थप असर गर्दछ। तरल फोहोरको राम्रो व्यवस्थापन नभएमा पिउने पानी वा भूमिगत पानीका स्रोतमा मिसिएर समस्या निम्त्याउन सक्छ। त्यस्तै दुर्गन्ध र विभिन्न रोग पनि निम्त्याउन सक्ने देखिन्छ। यस किसिमको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र दीर्घाकालीन अवधिको रहनेछ।

❖ ढल प्रणाली व्यवस्थापन

आकाशे पानी निकासको अपर्याप्त व्यवस्थाको कारण आयोजना परिसरमा पानी जम्ने समस्या हुन सक्छ। जमिनको सतह बन्द हुनुका कारण पानी जमिन भित्र पस्न सक्दैन र भूमिगत पानी पुनर्भरणमा समस्या आउन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा न्यून, स्थानीयमा सिमीत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ उच्च उर्जा खपतबाट पर्ने प्रभाव

आयोजना भित्र बसोबास गर्ने बासिन्दा र आवासिय इकाईमा जडान हुने विभिन्न विद्युतिय उपकरणहरुको संचलाको लागि उच्च मात्रामा बिधुत खपत हुने देखिन्छ। यस सँगै हिटर (पानी/कोठा तताउने), एयर कन्डिसनर र अन्य विद्युतिय उपकरणहरूको सञ्चालनले गर्दा बिद्युत माग अझ बढ्न जान्छ। यसले स्थानीय विद्युत आपूर्तिमा भार सृजना हुन्छ। उक्त प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको रहनेछ।

❖ विपद जोखिमबाट पर्ने प्रभाव (भुकम्प, आगलागि, आदि)

बहुतले भवन सञ्चालन चरणमा भूकम्प र आगो लाग्न सक्ने घटना परिकल्पना गरिएको सम्भावित प्रकोप हो। बिजुली सर्ट सर्किट वा स्टाफको लापरवाहीको कारण आगोको जोखिम हुन सक्छ।

यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ **ईलेक्ट्रोनिक फोहरसँग सम्बन्धित सवाल**

आयोजना निर्माण पश्चात भवनमा रहेका आवाशिय इकाईहरुबाट ल्यापटप, कम्प्युटर, ग्याजेट, विद्युतीय उपकरणहरू, आदि जस्ता इलेक्ट्रोनिक उपकरणहरूको ठूलो मात्रामा आवश्यकता पर्दछ जसले गर्दा ई-फोहोर पनि उत्पादन हुनेछ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थान निर्दिस्ट र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

७.२.२ जैविक अवयव

❖ **आयोजना क्षेत्रमा रहेको वन्यजन्तुको वासस्थानमा पर्ने असर सम्बन्धी सवाल**

यस भवन निर्माण गर्दा यस क्षेत्रमा भौतिक संरचना निर्माण भई खालि रहेको जग्गाको स्वरुप परिवर्तन हुनेछ। यसले गर्दा यस स्थानमा वस्ने चरा-चुरङ्गी तथा मुसा, लोखर्के जस्ता जीवहरु यी क्षेत्रबाट भाग्नेछन्। आयोजना क्षेत्र काठमाण्डौंको बीच शहरी क्षेत्रमा भएको र यसको वरिपरि कुनै वन क्षेत्र र वन्यजन्तु र चरा चुरूङ्गीहरुको वासस्थान नरहेकोले यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा न्यून, स्थान निर्दिष्ट र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ **वनस्पति तथा हरियालीको क्षतिसँग सम्बन्धित सवाल**

यस आयोजना निर्माण गर्दा भवन निर्माण स्थलमा रहेका रुखविरुवाहरु रुखहरु काटनु पर्ने हुन्छ। परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालीन अवधिको र उल्लेखनीय रहेको छ ।

७.२.३ सामाजिक आर्थिक अवयव

७.२.३.१ निर्माण चरण

❖ **कार्यस्थलमा हुने लैङ्गिक हिंसा, महिला-पुरुष बीच भेदभाव तथा बाल श्रम संलग्नताको सम्भावनाका सवाल**

आयोजनाको निर्माण चरणमा निर्माण कार्यको लागि श्रमिकको रुपमा विभिन्न जातजाति, वर्ग र समुदायहरुको प्रयोग हुने छन्। निर्माण चरणमा कामदारहरुले पाउने रोजगारी तथा तलब सुबिधामा पुरुष महिला बीच लैंगिक विभेद, धनी गरिब बीच वर्गीय विभेद, बहुसंख्यक, अल्पसंख्यक तथा पिछडिएको जात जाति बीच जातिय विभेद र हिमाल, पहाड तथा तराईका कामदार बीच क्षेत्रीय विभेद हुने सम्भावना रहेको छ। महिलाहरुलाई शारीरिक कमजोरीका कारण आयोजना गतिविधिहरुमा समान रोजगारीको अवसर प्राप्त नहनुका साथै महिला हिंसा समेत हुने देखिन्छ।

नेपालको कानुनले बालश्रमलाई निषेध गरेपनि निर्माण कार्यमा बाल श्रमको प्रयोग हुने सम्भावना उच्च रहेको छ। साथै निर्माण चरणमा आयोजना क्षेत्र आसपास आर्थिक गतिविधि वृद्धि हुन गई सञ्चालनमा आउने विभिन्न व्यापार, व्यवसाय तथा होटल व्यवसायमा समेत बाल श्रमको प्रयोग हुने सम्भावना रहेको छ । यस किसिमको प्रभाव अप्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको रहनेछ।

❖ जनस्वास्थ्यमा पर्ने प्रभाव

कामदार शिविर वरपर सरसफाई नभएमा तथा कामदार शिविर र निर्माण कार्य स्थलमा स्वच्छ सुरक्षित खानेपानी तथा शौचालयको व्यवस्था नभएको खण्डमा कामदारहरुमा विभिन्न प्रकारका संक्रामक रोगहरु जस्तै झाडापखाला, हैजा, टाइफाइड, भाइरल, जण्डिस, आँउ, निमोनिया, औलो, डेंगु, कालाजार, रुघाखोकी, पेटमा इन्फेक्सन, छालामा फंगस, आँखा पाक्ने जस्ता रोगको संक्रमण हुने सम्भावना उच्च रहेको देखिन्छ। त्यसै गरी आयोजना स्थल वरपर सडेगलेका फोहोरमैला र फोहोर पानीको अव्यवस्थित विसर्जन र वर्षातको समयमा खाल्टा खुल्टिमा जम्ने फोहोर पानीका कारण झिंगा वा लामखुट्टे मौलाउँने र विभिन्न किसिमका सरुवा रोगहरु छिट्टै नै फैलने सम्भावना समेत उच्च रहेको छ। प्रभाव प्रत्यक्ष/अप्रत्यक्ष प्रकृति, मध्यम परिमाणमा, स्थान निर्दिस्ट र अल्पकालीन अवधिको हुनेछ।

❖ पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव

निर्माण कार्यमा खटिएका कामदारहरु निर्माण गतिविधिहरुसंग सम्बन्धित विभिन्न प्रकारको स्वास्थ्य जोखिम र सुरक्षा जोखिमको प्रत्यक्ष सम्पर्कमा हुन्छन्। निर्माण स्थलको सरसफाई, उत्खनन् कार्यहरु, विभिन्न प्रकृतिका मेशिनरी यन्त्र उपकरण सञ्चालन ईत्यादिमा सुरक्षा उपायहरु नअपनाउँदा चोटपटक लाग्न सक्छ र दुर्घटनामा पर्न सक्छन्। आयोजनाको निर्माण चरणमा कामदारहरु उच्च ध्वनि, धुलो र धुँवाको सम्पर्कमा रही काम गर्नु पर्ने भएकोले श्रमिकहरुको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने देखिन्छ। निर्माण कार्यमा स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने रासायनिक पदार्थको प्रयोगले कामदारको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ। आयोजना स्थलबाट निर्माण अवधिमा उत्पन्न धुलो धुवाँको कारणले निर्माण कार्यमा खटिएका कामदारहरु र स्थानीयमा स्वास-प्रस्वास सम्बन्धी रोग, आँखा चिलाउने रोग, मानसिक रोग, मुटुको समस्याहरु देखा पर्न सक्छन्। ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ।

आयोजनाको निर्माण चरणमा कामदारहरु भवनको माथिल्लो तल्लाहरुको बाहिरी भागमा काम गर्दा लड्ने वा खस्ने, कार्यस्थलमा चिप्लीएर हात खुट्टा भाँचिने, निर्माण कार्यमा प्रयोग हुने सवारी

साधन र उपकरणबाट हात खुट्टामा चोट लाग्ने सम्भावना समेत रहेको छ। व्यक्तिगत सुरक्षा सामग्रीहरुको अभावले तथा निर्माण कार्यको सुपरिवेक्षणको कमिले अझै यी जोखिमलाई अझै बढाउदछ। यस प्रभाव प्रत्यक्ष प्रकृति, मध्यम परिमाणमा, स्थानीय र अल्पकालीन अवधिको लागि हुनेछ। यस प्रभाव प्रभाव प्रत्यक्ष प्रकृति, मध्यम परिमाणमा, स्थानीय र अल्पकालीन अवधिको लागि हुनेछ।

❖ कामदार शिविरद्वारा हुने प्रभाव

निर्माण कार्यमा संलग्न कामदारहरूले खुला दिशा, पिसाब गरेमा मानव मलमूत्र अर्को चिन्ताको विषय हुन्छ। निर्माण कार्यमा ३९४ जना कामदार संलग्न हुने भएकोले फोहरको परिमाण ठूलो हुन्छ। फोहोरको उचित व्यवस्थापन नगरी जथाभावी फोहोर फालिएमा यसले वातावरणीय सुन्दरता बिगार्नुका साथै रोग फैलिएर जन स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव पार्नेछ। प्रभाव प्रत्यक्ष प्रकृति, उच्च परिमाणमा, स्थान- निर्दिष्ट र अल्पकालीन अवधिको हुनेछ।

❖ स्थानीय आवासीय क्षेत्र र सार्वजनिक पूर्वाधारमा पर्न सक्ने असर

निर्माण क्रममा हुने सडक अवरुद्ध, निर्माण उपकरणको सञ्चालन, निर्माण समाग्री ढुवानी ट्रिपर, कन्क्रिट मिक्सर सञ्चालन, आदि कार्यले सृजना गर्ने ध्वनि प्रदुषण तथा अन्य समस्याहरुले मुख्यरुपमा आयोजना क्षेत्रका व्यवसाय तथा यात्रुहरुलाई असहज अवस्था सृजना गर्नेछ। यी समस्याहरु यस क्षेत्रमा बसोबास गर्ने स्थानीय तथा सरोकारवालाहरुको मूख्य गुनासोहरु हुनेछ। यसैगरी, जग खन्दा गरिने जमिनको उत्खनन् कार्यले नजिकमा रहेका भवनहरुमा क्षती पुर्याउन सक्ने भएकाले स्थानीय क्षेत्रमा थप असर गर्न सक्छ। यस्तै, स्थानीय क्षेत्रमा पर्ने अर्को प्रभाव भनेको प्रस्तावित भवन नजिकमा रहेका आवाशिय भवनहरु भन्दा अग्लो हुने भएकाले यी आवासीय भवनहरुमा (बिशेषगरी उत्तरतर्फ रहेका) सूर्यको प्रकाश वा घाममा अवरोध हुन सक्नेछ। यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, मध्यम परिमाण, स्थानीय स्तर र दिर्घकालीन अवधिको हुनेछ।

❖ ट्राफिक व्यवस्थापन र दुर्घटनाका सवाल

निर्माण चरणमा भवनलाई आवश्यक सामग्रीको ढुवानी, भवनको ढलान गर्दा कन्क्रिट (रेडिमिक्स कन्क्रिट) ल्याउने र सञ्चालन गर्ने, आदि कार्य भवनको अगाडिको सडकबाट गर्नु पर्ने भएकाले यस सडकको ट्राफिक चाप बढ्नेछ। यसैगरी, आयोजनाको निर्माण कार्यको क्रममा भवन निर्माण स्थल अगाडिको सडकमा ढुवानीका सवारीको पार्किङले गर्दा सडक अवरुद्ध भई ट्राफिकमा समस्या हुने सम्भावना रहेको छ। यस किसिमको प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाण, स्थानीय स्तर र अल्पकालीन अवधिको हुनेछ।

७.२.३.२ सञ्चालन चरण

❖ मानिसहरुको जनसंख्या वृद्धिका कारण हुने चहलपहलका कारण सम्भावित दुर्घटना

यस आयोजना मानिसहरु बसोबास गर्ने प्रयोजनको लागि प्रयोग हुनेछ। आयोजनाको पूर्ण सन्चालनको चरणमा धेरै संख्यामा सवारी साधनहरूको आवतजावत हुन्छ। ट्राफिकको चापमा वृद्दी पछि दुर्घटनाको संख्या पनि बढ्न सक्छ।

आयोजना सञ्चालनको क्रममा स्थानीय स्रोत र पूर्वाधार जस्ता बिजुली, पानी आपूर्ति, फोहर व्यवस्थापन र ढल- निकासी प्रणाली सुविधा आवश्यक पर्दछ। यस आवश्यकता पूर्ति गर्दा वर्तमान अवस्थामा विद्यमान सामुदायिक स्रोतहरूमा चाप तथा दबाब पार्दछ। उक्त प्रभाव अप्रत्यक्ष प्रकार, न्यून परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ।

❖ बहु जातियता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह

प्रस्तावित बहुतले आवासीय भवनमा १७९ वटा अपार्टमेन्ट पनि रहनेछ, जहाँ विभिन्न जाति, संस्कृति र धर्मबाट आएका मानिसहरूको बसोवास हुन्छ र भवनमा काम गर्ने कामदारहरु पनि विभिन्न जाति, संस्कृति र धर्मबाट आएका हुन्छन्। यस सन्दर्भमा सानो छलफल र झगडा अपेक्षित हुन्छ साथै सामान्य बहस र झगडा निम्त्याउन सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा न्यून, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ आयोजना क्षेत्रमा स्वास्थ्य तथा सरसफाईको कमीले पार्ने प्रभाव

आयोजना सञ्चालन हुदाँ विभिन्न प्रकारका फोहरहरु निष्काशन हुने गर्दछन्। यी फोहरहरुको निष्काशन हुने ठाँउमै वर्गीकरण गर्ने, ढुवानी गर्ने, व्यवस्थापन गर्ने कार्य नगरिएको खण्डमा आयोजना क्षेत्र दुर्गन्धित हुनेछ। आयोजना भित्र रहेका बासिन्दा र अन्गतुकले प्रयोग गर्ने शौचालयहरुको फोहर हुने, बिश्रामस्थल तथा बासिन्दा र अन्गतुकको आवतजावत भै रहने स्थलमा सरसफाईमा कमी भई एपार्टमेन्टमा बसोबास गर्ने मानिसहरु तथा स्थानीयहरुको जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाण, स्थान निर्दिष्ट र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

❖ भिड व्यवस्थापनसँग सम्बन्धित सवाल

यस आयोजनाको प्रवेशद्वारको संख्या र चौडाइ अपर्याप्त भएमा भीड व्यवस्थापन गर्न कठिनाइ हुन सक्छ। साँघुरो ठाउँमा कोचाकोच गरी उभिँदा विभिन्न संक्रमक रोगहरू फैलन सक्ने जोखिम रहेको हुन्छ। उक्त प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ।

❖ ट्राफिक व्यवस्थापनका सवाल

यस भवनको सञ्चालनको क्रममा बासिन्दा र अन्गतुकले आवागमन बढे सँगै सवारीको संख्या, मानिसहरुको चहलपहलले तथा भवन बाहिर गरिने अस्तब्यस्त पार्किङ्गले सडक अवरुद्ध हुने र ट्राफिक दुर्घटना हुने सम्भावना बढ्नेछ। प्रभाव प्रत्यक्ष प्रकृति, न्यून परिमाणमा, स्थानीय सीमामा र दिर्घकालीन अवधिको लागि हुनेछ।

❖ शान्ति सुरक्षासँग सम्बन्धीत प्रभाव

आयोजना सञ्चालन अवधिमा जनसंख्या (बसोबास गर्ने मानिस, कर्मचारी, कामदार) वृद्धि हुनेछन। एपार्टमेन्टमा बस्ने मानिस, स्थानीय क्षेत्रका बसिन्दा र कर्मचारी/कामदार बीच आपसी मन-मुटाव वा अन्य कारणले कानून र व्यवस्था/आदेशको पालना गर्न कठिनाई हुनेछ। यसका साथै, व्यक्तिगत सामानहरु तथा ग्याजेटहरू हराउने तथा चोरी हुन सक्नेछ। आयोजना क्षेत्र नजिकमा महत्वपुर्ण सरकारी तथा गैर-सरकारी कार्यालयहरु रहेकाले यस क्षेत्रको शान्ति सुरक्षाको सवाल निकै नै महत्वपुर्ण रहन्छ। यदि सुरक्षा प्रणाली कमजोर रहदा आपराधिक गतिविधिहरू बढ्ने तथा समग्र शान्ति सुरक्षामा असर पर्न सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

❖ अपार्टमेन्टमा बस्ने मानिसहरूको भोगाधिकार सम्बन्धी प्रभाव

प्रस्तावित बहुतले आवासीय भवनमा १७९ वटा आवासीय इकाई (अपार्टमेन्ट) रहनेछ। सञ्चालनमा आईसके पश्चात् त्यहाँ बसोबास गर्ने मानिसहरूलाई प्रस्ट नक्सा, कित्ता नम्बर वा स्वामित्व प्रमाणपत्रको अभावले भविष्यमा कानुनी विवाद उत्पन्न हुन सक्छ। भवनको सामुहिक क्षेत्र (जस्तैः पार्किङ्ग, बगैंचा, छत) को प्रयोग अधिकारमा विवाद वा असमानता हुन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, सीमामा स्थान निर्दिस्ट र अवधिमा दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

तालिका ७.२: प्रतिकुल प्रभाव मूल्याङ्कन म्याक्ट्रिक्स

क्र.स.	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	महत्त्व
१) निर्माणपूर्व र निर्माण चरण							
१.क) भौतिक अवयव							
१	विद्यमान भौतिक संरचनाहरु हटाउने तथा निर्माणको क्रममा उत्सर्जन हुने विग्रनहरुका कारणले पर्ने असर	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	३५	न्यून
२	भू-उपयोग परिवर्तन	प्रत्यक्ष	न्यून (१०)	स्थान निर्दिष्ट (१०)	दिर्धाकालीन (२०)	४०	न्यून
३	कम्पन, ध्वनि र वायु प्रदूषण	प्रत्यक्ष/ अप्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (५)	४५	मध्यम
४	जल प्रदुषण	प्रत्यक्ष/ अप्रत्यक्ष	न्यून (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	२५	न्यून
५	ठोस फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रसँग सम्बन्धी सवाल	प्रत्यक्ष/ अप्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	३५	न्यून
६	निर्माण समाग्रीको ढुवानी र भण्डारणले पार्ने प्रभाव	प्रत्यक्ष	न्यून (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	२५	न्यून
७	भुमिगत पानीको प्रयोग तथा उच्च पानी उपभोगसँग सम्बन्धित सवालहरु	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (५)	४५	मध्यम
८	माटो प्रदूषण	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	३५	न्यून
९	उच्च उर्जा खपतबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (५)	४५	मध्यम

क्र.स.	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	महत्त्व
१०	आगलागि, भूकम्पीय तथा अन्य सम्भावित प्रकोपहरू	अप्रत्यक्ष	उच्च (६०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (५)	७५	मध्यम
११	रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोगले पार्ने प्रभाव	प्रत्यक्ष	न्यून (१०)	स्थानीय (२०)	अल्पकालीन (५)	३५	न्यून
क.२) जैविक अवयव							
१	आयोजना क्षेत्रमा रहेको वन्यजन्तुको वासस्थानमा पर्ने असर असर सम्बन्धी सवाल	अप्रत्यक्ष	न्यून (१०)	स्थान निर्दिष्ट (१०)	दिर्घाकालीन (२०)	४०	न्यून
२	वनस्पति तथा हरियालीको क्षतिसँग सम्बन्धित सवाल	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दिर्घाकालीन (२०)	६०	मध्यम
क.३) सामाजिक आर्थिक अवयव							
१	कार्यस्थलमा हुने लैङ्गिक हिंसा, महिला-पुरुष बीच भेदभाव तथा बाल श्रम संलग्नताको सम्भावनाका सवाल	अप्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (५)	४५	मध्यम
२	जनस्वास्थ्यमा पर्ने प्रभाव	प्रत्यक्ष/ अप्रत्यक्ष	मध्यम (२०)	स्थान-निर्दिष्ट (१०)	अल्पकालीन (५)	३५	न्यून
३	पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (५)	४५	मध्यम
५	कामदार शिविरद्वारा हुने प्रभाव	प्रत्यक्ष	उच्च (६०)	स्थान-निर्दिष्ट (१०)	अल्पकालीन (५)	७५	मध्यम
६	स्थानीय आवासीय क्षेत्र र सार्वजनिक पूर्वाधारमा पर्न सक्ने असर	अप्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दिर्घाकालीन (२०)	६०	मध्यम

क्र.स.	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	महत्त्व
७	ट्राफिक व्यवस्थापन र दुर्घटनाका सवाल	प्रत्यक्ष	उच्च (६०)	स्थानीय (२०)	अल्पकालीन (५)	८५	उच्च
२) सञ्चालन चरण							
२.क) भौतिक अवयव							
१	ध्वनि र वायु प्रदूषण	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	६०	मध्यम
२	भूमिगत जलस्रोतमा ह्रास	प्रत्यक्ष	उच्च (६०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	१००	उच्च
३	भूमिगत जल प्रदूषणसँग सम्बन्धी सवाल	प्रत्यक्ष	उच्च (६०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	१००	उच्च
४	ठोस जन्य फोहरमैला पार्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	६०	मध्यम
५	फोहर पानी तथा मानव मलमूत्रले पार्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	६०	मध्यम
६	ढल प्रणाली व्यवस्थापन	प्रत्यक्ष	न्यून (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	५०	मध्यम
७	उच्च उर्जा खपतबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	६०	मध्यम
८	विपद जोखिमबाट पर्ने प्रभाव (भुकम्प, आगलागि, आदि)	अप्रत्यक्ष	उच्च (६०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	१००	उच्च
९	ईलेक्ट्रोनिक फोहरसँग सम्बन्धित सवाल	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिस्ट (१०)	दीर्घकालीन (२०)	५०	मध्यम
ख.२) सामाजिक आर्थिक अवयव							
१	मानिसहरुको चापका कारण सम्भावित दुर्घटना	अप्रत्यक्ष	न्यून (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	५०	मध्यम

क्र.स.	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	महत्त्व
२	बहु जातियता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह	अप्रत्यक्ष	न्यून (१०)	स्थान निर्दिस्ट (१०)	दीर्घकालीन (२०)	४०	न्यून
३	आयोजना क्षेत्रमा स्वास्थ्य तथा सरसफाईको कमीले पार्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिस्ट (१०)	दीर्घकालीन (२०)	५०	मध्यम
४	भिड व्यवस्थापनसँग सम्बन्धित सवाल	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	५०	मध्यम
५	ट्राफिक व्यवस्थापनका सवाल	प्रत्यक्ष	न्यून (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	५०	मध्यम
६	शान्ति सुरक्षासँग सम्बन्धीत प्रभाव	अप्रत्यक्ष	उच्च (६०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	१००	उच्च
७	अपार्टमेन्टमा बस्ने मानिसहरूको भोगाधिकार सम्बन्धी प्रभाव	प्रत्यक्ष	उच्च (६०)	स्थान निर्दिस्ट (१०)	दीर्घकालीन (२०)	९०	उच्च

परिच्छेद -८

अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

आयोजनाको कार्यान्वयनबाट हुने अनुकूल र प्रतिकूल प्रभावहरुको मात्रा पहिचान गरी ती प्रभावहरुलाई रणनीति बनाएर कम गर्ने उपकरण वातावरणीय व्यवस्थापन कार्ययोजना हो । यस प्रस्तावको कार्यान्वयनबाट आयोजना स्थल वरपरको भौतिक तथा रासायनिक वातावरण, जैविक वातावरण र आर्थिक- सामाजिक वातावरणमा सकरात्मक र नकारात्मक दुवै प्रकृतिका प्रभावहरु पर्ने देखिन्छ । वातावरणीय व्यवस्थापन कार्ययोजनामा उल्लेख गरिएका सकरात्मक प्रभावलाई वढोत्तरी गर्ने र नकरात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरुले गर्दा प्रस्ताव कार्यान्वयन क्षेत्रको समग्र विकास निर्माण र वातावरण संरक्षण सन्तुलित हुनेछ। वातावरणीय व्यवस्थापन कार्ययोजनामा पहिचान गरिएको प्रत्येक प्रभावहरुको विस्तृतरुपमा मुल्याङ्कन गरी सकरात्मक प्रभावलाई वढोत्तरी गर्न र नकरात्मक प्रभावहरुलाई न्यूनीकरण गर्नका लागि लागत प्रभावकारी उपायहरु समावेश गरिएको छ। प्रस्तावकले यस आयोजनाको लागि तयार गरिएको वातावरणीय व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरी आयोजना सञ्चालन गर्नेछ।

८.१ वातावरणीय प्रभावहरु पहिचान, विश्लेषण तथा अभिवृद्धि र न्यूनीकरणका उपायहरु

क) क्षतिपूर्ति उपायको अवलम्बन

कम गर्न वा हटाउन नसकिने खालका प्रतिकूल प्रभावहरुको लागि क्षतिपूर्तिका उपायहरुमा अवलम्बन गरिएको छ। क्षतिपूर्तिका उपायहरूमा विशेष गरी आयोजनाबाट नास भएका निजी र सार्वजनिक संरचनाहरुको पुनःस्थापना, स्थानान्तरण वा क्षतिपूर्तिका क्रियाकलापहरू रहेका छन्।

ख) सुधारात्मक उपायको अवलम्बन

प्रतिकूल प्रभावहरूलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपायहरु अबलम्बन गरिएको छ। सुधारात्मक उपायहरूमा विशेष गरी प्रदूषण नियन्त्रण, आयोजनाको कारण हुने प्रदुषणको रोकथाम, दिगो र आयोजनाबाट हुने अन्य असरहरू सुधार गर्ने क्रियाकलापहरू समावेश गरिएको छ।

ग) प्रतिरोधात्मक उपायको अवलम्बन

केही गम्भीर खालका प्रभावलाई त्यस्ता प्रभाव देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मुल गर्न प्रतिरोधात्मक उपायहरू अवलम्बन गरिएको छ। प्रतिरोधात्मक उपायहरूमा विशेष गरी पेशागत स्वास्थ्य सुरक्षासँग सम्बन्धित कार्यक्रम तथा क्रियाकलाप, अनुगमनका क्रियाकलाप, सचेतनामूलक कार्यक्रम, आयोजना क्षेत्रमा जनचेतना जगाउने जगाउने साईन बोर्डहरू राख्ने आदि समावेश गरिएको छ।

तालिका ८.१: अनुकूल प्रभाव अभिवृद्धिका उपायहरु

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	अभिवृद्धिका / बढोत्तरीका उपायहरु
१	आयोजनाका संरचनाहरुको निर्माण तथा आयोजना सञ्चालन	रोजगारीको अवसर तथा सीपमा वृद्धि	प्रत्यक्ष	६०	२०	२०	१००	सुधारात्मक उपायः रोजगारी सृजना क्षमता वृद्धि र सीप विकास तालिम सञ्चालन सुधारात्मक उपाय: वडा कार्यालयको समन्वयमा स्थानीयलाई सीप र दक्षताको आधारमा रोजगारीमा प्राथमिकता
२		व्यवसायमा वृद्धि	प्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः स्थानीय बजारबाट निर्माण सामग्री, दैनिक उपभोग्य वस्तु र स्थानीय उत्पादनको खरिद, कामदार तथा कर्मचारीहरुको लागि आवश्यक सामग्रीहरु स्थानीय बजारबाट आपुर्ती गरिने सुधारात्मक उपायः बसोबास गर्ने मानिस र कर्मचारीहरुको उपस्थितीले स्थानीय क्षेत्रमा रहेका चिया पसल, खाजा घर, किराना पसल र अन्य व्यवसायमा वृद्धि

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	अभिवृद्धिका / बढोत्तरीका उपायहरु
३	आयोजनाको सञ्चालन	एपार्टमेन्ट सञ्चालनको लागि उचित स्थानको उपलब्धता	प्रत्यक्ष	६०	२०	२०	१००	सुधारात्मक उपायः आवश्यक सम्पूर्ण भौतिक पूर्वाधारहरुको निर्माण, पार्किंग क्षेत्र निर्धारण
४	आयोजनाको सञ्चालन	आयोजना क्षेत्रको सौन्दर्य बढ्ने	अप्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः सेट व्याक, ग्रिन जोन र खाली ठाउँमा वृक्षारोपण
५	आयोजनाको सञ्चालनको क्रममा सुरक्षा व्यवस्था	सुरक्षाको व्यवस्था	अप्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः मुल प्रवेशद्वारमा सुरक्षाकर्मी, आयोजना परिसर र मुल सडकमा CCTV जडान गरी अनुगमन गरिने
६	आयोजना निर्माण पश्चात अपार्टमेन्टको विक्रि	सुविधा सम्पन्न आवासको उपलब्धता	अप्रत्यक्ष	६०	२०	२०	१००	सुधारात्मक उपायः देशका विभिन्न स्थानबाट राजधानीमा बसोबास गर्न आउने र राजधानीमा विभिन्न पेशा-व्यवसाय गर्ने परिवारहरुलाई व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुन सक्ने आवास सुविधाबाट बञ्चित भईरहेको अवस्थामा ईच्छुक परिवारहरूलाई सुबिधा सम्पन्न अपार्टमेन्ट उपलब्ध गराइने

तालिका ८.२: प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
क) निर्माणपूर्व र निर्माण चरण								
क.१) भौतिक प्रभाव								
१	विद्यमान भवन भत्काउने, जगको लागि जमिन खन्न र निर्माण कार्य	निर्माणजन्य फोहर, विग्रन र किसिमका फोहरहरुको उत्सर्जन	प्रत्यक्ष	१०	१०	५	२५	प्रतिरोधात्मक उपायः विद्यमान भवन भत्काउनु अगाडि भवनमा रहेका तार, सिसाजन्य सामग्री, झ्याल तथा अन्य बाहिर संरचनामा रहेका मेटल (फलाम र अन्य) लाई निकालेर कवाडीमा बिक्री-वितरण गरिनेछ; भवन भत्काउन नियमित पानी छर्किनेछ, भवन भत्काउँदा निस्कने ईट्टाहरु पुन प्रयोग गरिनेछ (वा कवाडीमा विक्रि गरिनेछ) तथा अन्य कन्क्रिट र अन्य विग्रन आयोजना परिसरमा ब्याक फिलिंग, Landscaping र अन्य प्रयोजनमा प्रयोग गरिने
२	खाली जमिनमा नयाँ भवन निर्माण गर्ने	भू-उपयोग परिवर्तन	प्रत्यक्ष	१०	१०	२०	४०	प्रतिरोधात्मक उपायः स्वीकृत डिजाइन अनुसार भौतिक पूर्वाधारहरुको विकास; सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोप्ने; Vertical gardening को व्यवस्था राखिने
३	निर्माण सामग्री ढुवानी तथा निर्माण कार्यमा विभिन्न उपकरण, मेशनरीको प्रयोग तथा निर्माण कार्य	कम्पन, ध्वनि र वायु प्रदूषण	प्रत्यक्ष/ अप्रत्यक्ष	२०	२०	५	४५	प्रतिरोधात्मक उपायः निर्माण सामग्री ढुवानीको लागि उचित व्यवस्थापन, निर्माण कार्यमा विभिन्न उपकरण र सवारी साधनको उचित प्रयोग; कामदारलाई PPE को व्यवस्था

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
								प्रतिरोधात्मक उपायः भण्डारण गरिएको निर्माण सामग्री छोपिनेछ; सिमन्टलाई भण्डारण गर्न अस्थायी संरचना निर्माण गरिनेछ; आयोजना निर्माण शुरु गर्नु अगाडि निर्माण क्षेत्रलाई पर्खाल (वा CGI सिट वा अन्य तरिकाले) ले वार लगाइनेछ; निर्माण चरणमा भवनलाई ग्रिन नेटले छोपिनेछ; कम आवाज उत्सर्जनन् हुने उपकरणहरु प्रयोग गरिने, उच्च ध्वनि उत्सर्जन हुँने कार्य (जस्तै कंक्रीट खन्याउने वा ड्रिलिंग) गर्दा सम्भव भए सम्म Acoustic blankets or modular sound barriers को प्रयोग गरिने र दिनको समयमा मात्रै गरिने
४	निर्माण सामग्री धोई-पखाली गर्ने, निर्माण कार्यमा प्रयोग हुने इन्धन, रसायनिक पदार्थ पोखिने, आदि	जल प्रदूषण	प्रत्यक्ष	१०	१०	५	२५	प्रतिरोधात्मक उपायः निर्माण शिविर, सामान भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट, मिश्रण क्षेत्रबाट उत्पादन हुने फोहोर पानीलाई जथाभावी विसर्जन गर्न दिईने छैन भने खाडलमा जम्मा गरिनेछ; आकाशे पानी र फोहोरपानीको मिश्रण हुन नदिन निर्माण कार्य वर्षाको समयमा गरिने छैन; फोहोर पानीमा प्रयोग गरिएको तेल र रासायनिक पदार्थहरूको मिसावटमा निषेध गरिनेछ; सबै निर्माण सम्बन्धी गतिविधिहरू निर्माण स्थलमा सीमित हुनेछ।
५	ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको विसर्जन	ठोस फोहरमैला, फोहर पानी तथा मानव	प्रत्यक्ष/ अप्रत्यक्ष	२०	१०	५	३५	प्रतिरोधात्मक उपायः विग्रन, ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको उचित व्यवस्थापन; भण्डरण गरिएका निर्माण सामग्रीलाई छोपिने; कामदारहरुको लागि सुत्र र खाना पकाउनको लागि

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
		मलमूत्रसँग सम्बन्धी सवाल						अस्थायी संरचना निर्माण गरिनेछ; निर्माण स्थलमा शौचालय (महिला र पुरुषको लागि छुट्टा-छुट्टै) निर्माण गरिनेछ; शौचालयको दैनिक सर-सफाई गरिने छ; निर्माण सामग्री धोइ-पखाल्ने कार्यबाट निस्कने फोहर पानीलाई सोक पिटमा थिग्राइनेछ
६	निर्माण समाग्रीको ढुवानी र भण्डारण	निर्माण समाग्रीको ढुवानी र भण्डारणले पार्ने प्रभाव	प्रत्यक्ष	१०	१०	५	२५	सुधारात्मक उपायः निर्माण समाग्रीको भण्डारण र ढुवानीको लागि उचित व्यवस्थापन; निर्माण सामग्री भण्डारण गर्दा त्रिपालले छोपिनेछ; सिमन्टलाई भण्डारण गर्न अस्थायी संरचना निर्माण गरिनेछ
७	निर्माण क्रियाकालप तथा कामदार शिविरमा पिउन र सरसफाई कार्यको लागि भूमिगत पानीको प्रयोग	भुमिगत पानीको ह्रास	प्रत्यक्ष	२०	२०	५	४५	सुधारात्मक उपायः वर्षाको पानी संकलनको लागि ट्यांकी र पुनः भरणको लागि रिचार्ज पिट निर्माण गरिने प्रतिरोधात्मक उपायः ग्रिन बेल्ट र सेट ब्याक अन्तर्गतका अधिकांश क्षेत्र कन्क्रिट बिहिन राखिनेछ
८	विग्रन, ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको विसर्जन	माटो प्रदूषण	प्रत्यक्ष	२०	१०	५	३५	प्रतिरोधात्मक उपायः ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको उचित व्यवस्थापन, शौचालयको व्यवस्था, खुल्ला शौचको निषेध, निर्माण सामग्री धोईपखाली गर्दा तरल फोहोरहरुलाई Soak pit मा जम्मा गर्ने वा थिग्राउने; फोहर संकलनको लागि डस्ट विनको प्रयोग; उत्सर्जित फोहरहरुलाई कुहिने र नकुहिने गरी छुट्याईने र ३R सिद्धान्त अनुसार फोहरको व्यवस्थापन गरिने

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
९	निर्माण कार्यको लागि आवश्यक उर्जाको खपत	उच्च उर्जा खपतबाट पर्ने प्रभाव	प्रत्यक्ष	२०	२०	५	४५	सुधारात्मक उपायः उर्जाको किफायती उपयोग
१०	मानव सृजित (जस्तैः आगलागि) तथा प्राकृतिक विपद (जस्तैः भूकम्प, बाढी, डुबान आदि)	आगलागि, भूकम्पीय तथा अन्य सम्भावित प्रकोपहरू	प्रत्यक्ष	६०	१०	५	७५	प्रतिरोधात्मक उपायः सम्भावित प्रकोपहरूसंग प्रतिरोध गर्ने प्रणालीको विकास, विमाको व्यवस्था
११	रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोग	रासायनिक सामग्री र इन्धनको भण्डारण तथा प्रयोगले पार्ने प्रभाव	प्रत्यक्ष	१०	२०	५	३५	प्रतिरोधात्मक उपायः रङ्ग तथा अन्य रसायनहरुको भण्डारणमा उत्पादकले तय गरेको कार्यविधि अनुसार भण्डारण गरिने; रङ्ग र रसायनहरुको भण्डारण र प्रयोग तालिम प्राप्त व्यक्तिहरुबाट मात्रै गरिने; रङ्ग र रसायनहरुको भण्डारण स्थलमा fire extinguisher राखिने
क.२) जैविक अवयव								
१	निर्माण कार्यले चरा-चुरङ्गी तथा मुसा, लोखर्के जस्ता जीवहरुको बासस्थानमा असर हुने	मुसा, लोखर्के लगायतका वन्यजन्तुको वासस्थानमा पर्ने असर असर सम्बन्धी सवाल	अप्रत्यक्ष	१०	१०	२०	४०	प्रतिरोधात्मक उपायः भवन निर्माणमा पर्याप्त बगैचा निर्माण गरी हरियाली हुने गरी निर्माण गरिनेछ; निर्माणस्थलमा चरा-चुरङ्गी तथा लोखर्के जस्ता जीव-जन्तु मार्ने कार्यको पुर्ण रुपमा निषेध गरिनेछ

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
२	भवन निर्माणले आयोजना क्षेत्रमा फोहर उत्सर्जन् गर्ने र आयोजना क्षेत्रमा रहेका विरुवाहरु नष्ट गर्ने	वनस्पति तथा हरियालीको क्षतिसँग सम्बन्धित सवाल	प्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोप्ने; Vertical gardening को व्यवस्था राखिने
क.३) सामाजिक आर्थिक प्रभाव								
१	निर्माण क्रियाकालपमा महिला-पुरुष सँगै काम गर्ने	कार्यस्थलमा हुने लैङ्गिक हिंसा, महिला-पुरुष बीच भेदभाव तथा बाल श्रम संलग्नताको असर	अप्रत्यक्ष	२०	२०	५	४५	सुधारात्मक उपायः कामदारहरूलाई सम्मानजनक सेवा सुबिधा प्रदान, रोजगारीको अवसर र ज्यालामा महिला-पुरुष (वा क्षेत्रीय जात-जाति विच) कुनै पनि कसिमको भेदभाव गरिनेछैन, आयोजनाको कार्यमा कुनै पनि किसिमको वालश्रम प्रयोग गरिनेछैन
२	कामदार शिविरको अव्यवस्थित सञ्चालन, फोहर छर्रिने, खुल्ला शौच जस्ता कार्य	महामारी र जनस्वास्थ्यमा प्रभाव	प्रत्यक्ष/ अप्रत्यक्ष	२०	१०	५	३५	सुधारात्मक उपायः सरुवा तथा संक्रमणीय रोगहरू सम्बन्धी मापदण्ड पालना गरी सचेतना जगाउने कार्यक्रम सञ्चालन, आयोजना क्षेत्रको नियमित सरसफाई प्रतिरोधात्मक उपायः फोहर पानी तथा मानव मलमूत्रको उचित व्यवस्थापन, शिविरमा सुत्न लागि कम्तिमा एक फिट उचाईको खटियाको

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
								प्रवन्ध गरिनेछ, शौचालयको व्यवस्था, खुल्ला शौचको निषेध, जनस्वास्थ्य र सरसफाई सम्बन्धी जनचेतना
३	निर्माण क्रियाकालप, कामदार सिविर सञ्चालन	पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव	प्रत्यक्ष	२०	२०	५	४५	प्रतिरोधात्मक उपायः कामदारहरूलाई PPE, First Aid Kit Box, सफा र सुरक्षित पिउने पानी र स्वास्थ्य बिमाको व्यवस्था
४	कामदार शिविर सञ्चालन	कामदार शिविरद्वारा हुने प्रभाव	प्रत्यक्ष	६०	१०	५	७५	प्रतिरोधात्मक उपायः आधारभूत सेवा सुबिधा सहित कामदार शिविरको व्यवस्थापन, कामदारहरुको लागि सुत्न र खाना पकाउनको लागि अस्थायी संरचना निर्माण गरिनेछ, सुत्न लागि कम्तिमा एक फिट उचाईको खटियाको प्रवन्ध गरिनेछ; निर्माण स्थलमा शौचालय (महिला र पुरुषको लागि छुट्टा-छुट्टै) निर्माण गरिने, शौचालयको दैनिक सर-सफाई गरिने छ सुधारात्मक उपायः निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासो सम्बोधन
५	ढुवानी साधनले सडकमा अवरोध गर्ने, निर्माण क्रियाकलापका कारण ध्वनि र वायुँ प्रदुषण, जग खन्ने,पाइल निर्माण गर्ने र अन्य निर्माण	स्थानीय आवासीय क्षेत्र र सार्वजनिक पूर्वाधारमा पर्न सक्ने असर	अप्रत्यक्ष	२०	२०	५	४५	क्षतिपूर्ति उपायः संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको व्यवस्था गरिने, विमाको व्यवस्था, वडा कार्यालय, धरधनी र प्रस्तावकको क्षतिपुर्तीको विस्तृत विवरण उल्लेख गरी त्रिपक्षीय सम्झौता गर्ने सुधारात्मक उपायः निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासो सम्बोधन; भवनको चारै तर्फ न्यूनतम सेटब्याक बराबरको क्षेत्र छोडिनेछ।

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
	क्रियाकलापले गर्दा नजिकमा रहेका निजी र सार्वजनिक संरचनाहरुमा क्षती पुग्ने							
६	निर्माण कार्यमा सवारी साधनको आवागमन	ट्राफिक व्यवस्थापन र दुर्घटनाका सवाल	प्रत्यक्ष	६०	२०	५	८५	सुधारात्मक उपायः निर्माण कार्यमा प्रयोग गरिने सवारी साधनको आवागमनको समय, पार्किंग क्षेत्रको व्यवस्थापन, सवारीको आवात-जावतको अनुमगन
ख) सञ्चालन चरण								
ख.१) भौतिक प्रभाव								
१	आयोजना सञ्चालन	ध्वनि र वायु प्रदूषण	प्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः ध्वनि र वायु प्रदूषणको न्यूनीकरणको लागि वैकल्पिक उर्जाको प्रयोगमा जोड तथा उपकरण र सवारी साधनको नियमित चेकजाँच प्रतिरोधात्मक उपायः भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ, आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ; फोहरलाई खुलारुपमा जलाउने (आगो लागउने) निषेध गरिनेछ ।

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
२	घरायसी प्रयोजन तथा भवन र सडक सरसफाईमा भुमिगत पानीको प्रयोग	भूमिगत जलस्रोतमा ह्रास	प्रत्यक्ष	६०	२०	२०	१००	प्रतिरोधात्मक उपायः पानीको किफायती उपयोग प्रणाली विकास गर्नुका साथै वर्षाको पानी संकलनको लागि ट्यांकी र पुनः भरणको लागि रिचार्ज पिटको निर्माण; फोहर पानी प्रशोधन गरी पुन प्रयोग गर्ने प्रणाली विकास गरिने
३	भुमिगत पानीको उच्च प्रयोग	दुषित पानी भुमिगत पानीमा मिसिएर भुमिगत जल प्रदुषण हुने	प्रत्यक्ष	६०	२०	२०	१००	प्रतिरोधात्मक उपायः भुमिगत पानीको पुरःभरण र रिचार्जको व्यवस्था; जमिनमा फोहर पानी चुहावट भएमा तत्कालै रोकथाम गरिने; फोहरपानी संकलन पाइप, manhole, र ढल प्रणालीको नियमित मर्मत-सम्भार गरिनेछ
४	आयोजना सञ्चालन	ठोस जन्य फोहरमैला पार्ने प्रभाव	प्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः हानिकारक फोहोरमैला सहित ठोस जन्य फोहरमैलाको उचित व्यवस्थापन
५	सरसफाई र शौचालयको सञ्चालन	फोहर पानी तथा मानव मलमूत्रले पार्ने प्रभाव	अप्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः फोहर पानी तथा मानव मलमूत्र व्यवस्थापनको सेप्टिक ट्याङ्क र Soak pit निर्माण गरी नियमित सर-सफाई, फोहर पानी प्रशोधन प्लान्ट जडान गरिने
६	आयोजना सञ्चालन	ढल प्रणाली व्यवस्थापन	प्रत्यक्ष	१०	२०	२०	५०	सुधारात्मक उपायः फोहोर पानी पाइपको चुहावट नियन्त्रण गर्न समय समयमा मर्मत र अनुगमन गरिनेछ; प्रचलित कानुनहरूको आधारमा फोहोर पानीको फोहोर नगरपालिका ढल निकास प्रणालीमा विसर्जन गरिनेछ ।

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
७	बत्ति बाल्न र विद्युतीय उपकरणको सञ्चालन	उच्च उर्जा खपतबाट पर्ने प्रभाव	प्रत्यक्ष	२०	२०	२०	६०	सुधारात्मक उपायः कम उर्जा खपत गर्ने उपकरण प्रयोग गरिने, पानी तताउन सौर्य उर्जा (सोलार) को प्रयोग गरिने, रात्रीकालीन बत्तिको लागि सौर्य ऊर्जाको प्रयोग गर्ने, उर्जाको किफायती उपयोग
८	मानव सृजित (जस्तैः आगलागि) तथा प्राकृतिक विपद (जस्तैः भूकम्प, बाढी, डुबान आदि)	विपद जोखिमबाट पर्ने प्रभाव (भुकम्प, आगलागि, आदि)	अप्रत्यक्ष	६०	२०	२०	१००	प्रतिरोधात्मक उपायः सम्भावित प्रकोपहरूसंग प्रतिरोध गर्ने प्रणालीको विकास
९	एपार्टमेन्ट भित्र प्रयोग हुने ईलेक्टिकल र ईलेक्ट्रोनिक्स उपकरण विग्रने	ईलेक्ट्रोनिक फोहर उत्सर्जनबाट हुने असर	प्रत्यक्ष	२०	१०	२०	५०	सुधारात्मक उपायः ईलेक्ट्रोनिक फोहर र अन्य किसिमका फोहोर छुट्टा-छुट्टै संकलन र व्यवस्थापन
ख.२) सामाजिक आर्थिक प्रभाव								
१	एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावत	हो-होल्ला र सम्भावित दुर्घटना	अप्रत्यक्ष	१०	२०	२०	५०	प्रतिरोधात्मक उपायः भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ, आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ, आगन्तुकहरुको लागि waiting room र विश्रामस्थलको व्यवस्था गरिनेछ

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
								सुधारात्मक उपायः आयोजना बाहिरको सडकमा पार्किङ नगर्न अनुरोध गरिनेछ, आयोजना भित्रबाट बाहिर निस्कने सवारीको लागि बाहिरको मुख्य सडकको सवारीको अवस्था हेरेर मात्रै बाहिर निस्कनको लागि सुरक्षा गार्डले निर्देशन गर्नेछ
२	विभिन्न जाति, संस्कृति र धर्मबाट आएका मानिसहरूको बसोवास	बहु जातियता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह	अप्रत्यक्ष	१०	१०	२०	४०	सुधारात्मक उपायः विविध जाति र सामाजिक संस्कृतिलाई सम्मान गर्न सचेतना दिइनेछ; सामाजिक र सांस्कृतिक समस्याको बारेमा कुनै विवाद उत्पन्न भएमा तुरून्तै त्यस समस्याको समाधान गरिनेछ।
३	एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावत	आयोजना क्षेत्रमा स्वास्थ्य तथा सरसफाईको कमीले पार्ने प्रभाव	प्रत्यक्ष	२०	१०	२०	५०	सुधारात्मक उपायः सरुवा तथा संक्रमणीय रोगहरू सम्बन्धी मापदण्ड पालना गरी सचेतना जगाउने कार्यक्रम सञ्चालन, कार्यस्थल सफा र स्वच्छ राख्ने
४	एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावत	भिड व्यवस्थापनसँग सम्बन्धित सवाल	प्रत्यक्ष	२०	२०	२०	५०	सुधारात्मक उपायः ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनिकरण; आयोजना क्षेत्रमा प्रशस्त खुल्ला क्षेत्रको व्यवस्था
५	एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र	ट्राफिक व्यवस्थापनका असर	प्रत्यक्ष	१०	२०	२०	५०	सुधारात्मक उपायः सडक क्षेत्रमा तथा सार्वजनिक स्थानमा पर्किङ्ग गर्न रोकिनेछ; भवन अगाडिको सडकमा ट्राफिक जाम भएको खण्डमा ट्राफिक व्यवस्थापनको लागि ट्राफिक प्रहरीसँग समन्वय गरिने; आयोजना

क्र.स.	क्रियाकलापहरु	वातावरणीय प्रभाव	प्रकार	परिमाण	सीमा	अवधि	जम्मा जोड	न्यूनीकरणका उपायहरु
	आगन्तुकहरुको आवत-जावत							बाहिरको सडकमा पार्किङ नगर्न अनुरोध गरिनेछ, आयोजना भित्रबाट बाहिर निस्कने सवारीको लागि बाहिरको मुख्य सडकको सवारीको अवस्था हेरेर मात्रै बाहिर निस्कनको लागि सुरक्षा गार्डले निर्देशन गर्नेछ
६	एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावत	अपराधिक गतिविधिले शान्ति सुरक्षामा पार्ने असर	प्रत्यक्ष	६०	२०	२०	१००	सुधारात्मक उपायः अपराधिक गतिविधि न्यूनीकरणको लागि उचित सुरक्षा प्रबन्ध तथा उपकरण जडान
७	अपार्टमेन्टमा बस्ने मानिसहरूको भोगाधिकार सम्बन्धी प्रभाव	प्रस्ट नक्सा, कित्ता नम्बर वा स्वामित्व प्रमाणपत्रको अभावले हुने कानुनी विवाद	६०	१०	२०	९०	९०	प्रस्तावित भवनको अपार्टमेन्ट खरिद गरी बस्ने मानिसहरूलाई जग्गा तथा भवन स्वामित्व प्रचलित कानुन अनुरप दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ; भवनको सामुहिक क्षेत्र (जस्तैः पार्किङ्ग, बगैंचा, छत) को प्रयोग सम्बन्धी नियमहरू बनाई सामुहिक क्षेत्रमा टाँस गरिनेछ; अपार्टमेन्ट सञ्चालक समितिले साझा सम्पतिको हेरचाह गर्ने प्रावधान मिलाउनेछ; प्रत्येक खरिदकर्ताहरूसँग बिक्री मूल्य, किस्ता खुल्ने गरी स्पष्ट कानुनी सम्झौता गरिनेछ; सबै खरिदकर्तालाई समान व्यवहारका साथै विवाद उत्पन्न भएमा तत्काल समाधान गर्न आन्तरिक समिति तयार गरिनेछ।

८.२ प्रभाव बढोत्तरी र न्यूनीकरणका उपायहरु तथा लागत अनुमान

तालिका ८.३ र तालिका ८.४ मा क्रमश प्रभाव बढोत्तरी र प्रभाव न्यूनीकरणका उपायहरु विस्तृत रुपमा व्यख्या गरिएको छ भने तालिका ८.५ मा खर्चहरुको साराशं प्रस्तुत गरिएको छ ।

तालिका ८.३: अनुकूल प्रभाव बढोत्तरीका उपायहरुको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र जिम्मेवारी

सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	के- के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (*)	अनुगमन तथा मूल्याङ्कन
१) आयोजना निर्माण र सञ्चालनको क्रममा रोजगारीको अवसर तथा सीपमा वृद्धि	आयोजनाबाट श्रृजित हुने रोजगारहरु सम्बन्धी स्थानीयहरुलाई सचेत गराउने तथा स्थानीय बासिन्दाहरुलाई रोजगारमा पहिलो प्राथमिकता प्रदान गरिने छ। सीप नभएका कामदारहरुले प्राविधिक सीप भएका कामदारहरुसँग काम गर्दा प्राविधिक सीप आर्जन गर्नेछन्।	आयोजना क्षेत्र	वडा कार्यालयको समन्वयमा	निर्माण र सञ्चालन चरण	प्रस्तावक र नि.व्य.	निर्माण र सञ्चालन लागतमा समावेश गरिने	व.वा.म., का.म.न.पा., प्रस्तावक
२) आयोजना निर्माण र सञ्चालनको क्रममा व्यवसायमा वृद्धि हुने	निर्माण चरणमा कामदार तथा कर्मचारीहरुको लागि आवश्यक सामग्रीहरु तथा सञ्चालन चरणमा बसोबास गर्ने बासिन्दा र कर्मचारीहरुको लागि आवश्यक सामग्रीहरु पनि नजिकको पसलबाट खरिद गर्न प्रोत्साहन गरिनेछ।	आयोजना वरिपरि	प्रभावित वडाको समन्वयमा	निर्माण र सञ्चालन चरण	प्रस्तावक र नि.व्य.	थप लागत नलाग्ने	व.वा.म., का.म.न.पा., प्रस्तावक

सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	के- के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (*)	अनुगमन तथा मूल्याङ्कन
	कामदार र कर्मचारीहरुको उपस्थितीले स्थानीय क्षेत्रमा रहेका चिया पसल, खाजा घर, किराना पसल र अन्य व्यवसायमा वृद्धि हुनेछ। सञ्चालन चरणमा बसोबास गर्ने मानिस र कार्मचारीहरुको उपस्थितीले थप व्यवसायिक गतिविधि सृजना गर्नेछ।						
३) एपार्टमेन्ट सञ्चालनको लागि उचित स्थानको उपलब्धता	आवश्यक सम्पूर्ण भौतिक पूर्वाधारहरुको निर्माण, पार्किंग क्षेत्र निर्धारण	आयोजना क्षेत्र	स्विकृत डिजाइन अनुसार	निर्माण र सञ्चालन चरण	प्रस्तावक र नि.व्य.	थप लागत नलाग्ने	व.वा.म., का.म.न.पा., प्रस्तावक
४) आयोजना क्षेत्रको सौन्दर्य बढाउने	बँगैचा र सेट ब्याक क्षेत्रमा मौसमी फुल र स्थानीय प्रजातिका रुखका प्रजातिहरु वृक्षरोपण गरिनेछ। वृक्षरोपण गरिएका स्थानलाई तारबार गरिनेछ।	आयोजना परिसर	आकर्षक र सजावटमा प्रयोग हुने प्रजाति छनोट	सञ्चालन चरण	प्रस्तावक	लागत ५००,०००	व.वा.म., का.म.न.पा., प्रस्तावक
५) आयोजना क्षेत्रको सुरक्षाको व्यवस्था	निर्माण चरणमा निर्माण क्षेत्रको सुरक्षाको लागि नि.व्या. ले निजी सुरक्षागार्डको व्यवस्थापन गर्नेछ। मुल प्रवेशद्वारमा सुरक्षाकर्मी, आयोजना परिसरमा CCTV	आयोजना परिसर	डिजाइन अनुरुप निर्माण गरि	निर्माण र सञ्चालन चरण	प्रस्तावक	निर्माण र सञ्चालन लागतमा समावेश गरिने	व.वा.म., का.म.न.पा., प्रस्तावक

सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	के- के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (*)	अनुगमन तथा मूल्याङ्कन
	जडान गरी अनुगमन गरिनेछ। रात्रिको समयमा उच्च रिजोलुसनको भिडियो रेकर्ड गर्न सक्षम CCTV को प्रयोग गरिनेछ। सार्वजनिक स्थानहरूमा सुरक्षाका लागि अलार्म र सङ्केतहरू राखिनेछ।		सञ्चालन चरणमा नियमित अनुगमन गरी				
अनुकूल प्रभाव बढोत्तरीका उपायहरुको कार्यान्वयनको लागत						५००,०००।०	

तालिका ८.४: प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र जिम्मेवारी

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
क) निर्माण चरण							
क.१) भौतिक-रासायनिक अवयव							
१) विद्यमान भौतिक संरचनाहरु हटाउने तथा निर्माणको क्रममा उत्सर्जन हुने विग्रनहरुका कारणले पर्ने असरको न्यूनीकरण	विद्यमान भवन भत्काउनु अगाडि भवनमा रहेका तार, सिसाजन्य सामग्री, झ्याल तथा अन्य बाहिर संरचनामा रहेका मेटल (फलाम र अन्य) लाई निकालेर कवाडीमा बिक्री-वितरण गरिनेछ। भवन भत्काउन नियमित पानी छर्किनेछ। भवन भत्काउँदा निस्कने ईट्टाहरु पुन प्रयोग गरिनेछ (वा कवाडीमा विक्रि गरिनेछ) तथा अन्य कन्क्रिट र अन्य विग्रन आयोजना परिसरमा ब्याक फिलिंग, Landscaping र अन्य प्रयोजनमा प्रयोग गरिनेछ।	आयोजना क्षेत्र	सुपरभाइजर र ईन्जनियरको सुपरिवेक्षणमा	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., का.म.न.पा. र वडा कार्यालय
२) भू-उपयोग परिवर्तनको न्यूनीकरण	स्वीकृत डिजाइन अनुसार भौतिक पूर्वाधारहरुको विकास; सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोपिनेछ। Vertical gardening को व्यवस्था राखिनेछ।	आयोजना क्षेत्र	स्वीकृत गुरुयोजना र डिजाइन अनुसार निर्माण गर्ने	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
३) कम्पन, ध्वनि र वायु प्रदूषण न्यूनीकरण गर्ने	भण्डारण गरिएको निर्माण सामग्रीलाई छोपिनेछ। सिमन्टलाई भण्डारण गर्न अस्थायी संरचना निर्माण गरिनेछ। आयोजना निर्माण शुरु गर्नु अगाडि निर्माण क्षेत्रलाई पर्खाल (वा CGI सिट वा अन्य तरिकाले) ले वार लगाइनेछ; निर्माण चरणमा भवनलाई ग्रिन नेटले छोपिनेछ। कम आवाज उत्सर्जन हुने उपकरणहरु प्रयोग गरिने, उच्च ध्वनि उत्सर्जन हुँने कार्य (जस्तै कंक्रीट खन्याउने वा ड्रिलिंग) गर्दा सम्भव भए सम्म Acoustic blankets or modular sound barriers को प्रयोग गरिने र दिनको समयमा मात्रै गरिनेछ (बिहान ५ बजे देखि बेलुका ९ बजे सम्म)। राती काम गर्दा पर्याप्त उज्यालोको व्यवस्था गरिनेछ। कामदारहरुलाई आवश्यकता अनुसार मास्क, मुख छोप्ने ग्लास तथा हेल्मेटको प्रयोग अनिवार्य गरिनेछ।	आयोजना क्षेत्र	निर्माण कार्यको नियमित सुपरिवेक्षण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
४) निर्माण सामग्री धोई-पखाली र अन्य निर्माण कार्यबाट निस्कने तरल फोहरको व्यवस्थापन	निर्माण शिविर, सामान भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट, मिश्रण क्षेत्रबाट उत्पादन हुने फोहोर पानीलाई जथाभावी विसर्जन गर्न दिईने छैन भने खाडलमा जम्मा गरिनेछ; आकाशे पानी र फोहोरपानीको मिश्रण हुन नदिन निर्माण कार्य वर्षाको समयमा गरिने छैन; फोहोर पानीमा प्रयोग गरिएको तेल र रासायनिक पदार्थहरूको मिसावटमा निषेध गरिनेछ; सबै निर्माण सम्बन्धी गतिविधिहरू निर्माण स्थलमा सीमित हुनेछ।	आयोजना क्षेत्र	सोक पिट निर्माण गरी, निर्माण कार्यको नियमित सुपरिवेक्षण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय
५) सतही र भूमिगत जल प्रदूषण न्यूनीकरण गर्न विग्रन, ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको उचित व्यवस्थापन	आयोजना स्थलबाट उत्पादित ठोस जन्य फोहोमैला पुन प्रयोग गर्न मिल्ने, कुहिने र नकुहिने गरी छुट्याएर संकलन गर्न भिन्न भिन्न रंगका Dustbin राख्ने व्यवस्था मिलाइनेछ। पुन प्रयोग गर्न मिल्ने फोहोरहरु बिक्रेतालाई बिक्री गर्ने व्यवस्था गरिनेछ भने अन्य फोहोर मैलालाई का.म.न.पा. सँग समन्वय गरेर विसर्जन गरिनेछ। रङ्ग तथा अन्य रसायनहरुको भण्डारणमा उत्पादकले तय गरेको कार्यविधि अनुसार भण्डारण गरिनेछ। कामदार	आयोजना क्षेत्र	निर्माण कार्यको नियमित सुपरिवेक्षण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश बाहेक २००,०००	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	शिविरबाट निस्किने फोहोर पानी र तरल फोहरलाई Soak Pit निर्माण गरी विसर्जन गरिनेछ । निर्माण जन्य फोहरमैलाहरुलाई नियमित संकलन गरी फोहर संकलन स्थलमा भण्डारण गरिनेछ। सिमेन्टको बोराहरु, तरका टुक्रा, टुक्रा प्लास्टिकहरुलाई संकलन गरेर का.म.न.पा. संग समन्वय विसर्जन गरिनेछ। कामदार शिविर र निर्माण क्षेत्रमा पर्याप्त संख्यामा सेप्टिक टयाङ्क सहितको शौचालयको व्यवस्था गरिनेछ (महिला र पुरुषको लागि छुट्टा-छुट्टै); शौचालयको दैनिक सर-सफाई गरिने छ ।खुला दिसा-पिसाव गर्न प्रतिवन्ध गरिनेछ।						
६) निर्माण समाग्रीको भण्डारण र ढुवानीको लागि उचित व्यवस्थापन	निर्माण सामग्री भण्डारण गर्दा त्रिपालले छोपिनेछ; सिमन्टलाई भण्डारण गर्न अस्थायी संरचना निर्माण गरिनेछ।सिमेन्टहरुको भण्डारणको लागि अस्थाई टहरा निर्माण गरिनेछ।निर्माण सामग्री ढुवानीका साधनहरुको आवगमन बिहान ७ बजे अगाडि र बेलुका ८ बजे पछाडि मात्रै गरिनेछ।	निर्माण सामग्री भण्डारण क्षेत्रमा	नियमित सुपरिवेक्षण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश बाहेक ५००,०००	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
७) भुमिगत पानीको ह्रासको न्यूनीकरण	आयोजना परिसर भित्र भूमिगत पानीको पुनः भरणको लागि ३ वटा रिचार्ज पिट निर्माण गरिनेछ। आयोजना सञ्चालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ। आयोजना सञ्चालन चरणमा भुमिगत पानीको प्रयोग कम गर्नको लागि आयोजना स्थलमा वर्षातको पानी संकलन ट्याङ्क (rain water harvesting tank) निर्माण गरिनेछ। भूमिगत पानीको प्रयोगलाई सन्तुलन राख्नको लागि आयोजना क्षेत्रमा करिब २१.३१% भू-भाग कंक्रिट बिहिन राखिनेछ।	आयोजना क्षेत्र	वर्षातको पानी संकलनको लागि ट्याङ्क निर्माण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश बाहेक रिचार्ज पिटको लागि १०,००,०००	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय
८) माटो प्रदूषण न्यूनीकरण गर्न विग्रन, ठोस जन्य फोहरमैला, फोहर पानी तथा मानव मलमूत्रको उचित व्यवस्थापन	कामदार शिविर र निर्माण क्षेत्रमा पर्याप्त संख्यामा सेप्टिक टयाङ्क सहितको शौचालयको व्यवस्था गरिनेछ। खुला दिसा-पिसाव गर्न प्रतिवन्ध गरिनेछ। ठोस जन्य फोहोरमैला, फोहोर पानी तथा मानव मलमूत्रलाई सिधै माटो वा जमिनमा विसर्जन गर्न पूर्णरुपमा रोक लगाइनेछ। आयोजना स्थलबाट	आयोजना क्षेत्र	आयोजना क्षेत्रको नियमित सर-सफाई र फोहर व्यवस्थापन गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश रकम बाहेक ५,००,०००	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	उत्पादित ठोस जन्य फोहोमैला Dustbin राख्ने व्यवस्था मिलाइनेछ। पुन प्रयोग गर्न मिल्ने फोहोरहरु बिक्रेतालाई बिक्री गर्ने व्यवस्था गरिनेछ भने अन्य फोहोरमैलालाई Landfill Site मा विसर्जन गरिनेछ। उत्खनन् गरिएका माटो तथा बिग्रनलाई आयोजना स्थल वरपर खाल्डाखुल्डी पूर्ण प्रयोग गरिनेछ। रङ्ग तथा अन्य रसायनहरुको भण्डारणमा उत्पादकले तय गरेको कार्यविधि अनुसार भण्डारण गरिनेछ। कामदार शिविरबाट निस्किने फोहोर पानी र तरल फोहरलाई Soak Pit निर्माण गरी विसर्जन गरिनेछ ।		का.म.न.पा. सँग समन्वय गरी				
९) उर्जाको किफायती उपयोग	नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा यस आयोजनाको लागि छुट्टै ट्रान्स्फर्मर जडान गरिनेछ। न्यून उर्जा खपत गर्ने जेनरेटर, उपकरण, सवारी-साधनका प्रयोग गरिनेछ। अनावश्यक रुपमा विद्युतिय उपकरणहरु सञ्चालन गरिनेछैन।	आयोजना क्षेत्र	नेपाल विद्युत प्राधिकरणसँग को समन्वयमा	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
१०) सम्भावित प्रकोपहरूसंग प्रतिरोध गर्ने प्रणालीको विकास	आगलागि, भूकम्प, दुर्घटना, जस्ता आपतकालीन अवस्थामा भीड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था गरिएको छ। आयोजना क्षेत्रमा पर्याप्त मात्रामा fire extinguisher राखिनेछ। सौर्य उर्जा प्रयोग गरी रात्रीको समयमा पर्याप्त उज्यालोको व्यवस्था गरिनेछ। आयोजना खटिने कामदारहरुलाई सम्भावित प्रकोपहरुको बारे नियमित जानकारी प्रदान गरिनेछ। आयोजनाको संरचना र आयोजनामा संलग्न हुन कामदार, कर्मचारीहरुको विमाको व्यवस्था गरिनेछ।	आयोजना क्षेत्र	प्रकोप व्यवस्थापनको लागि उपकरण जडान गरी प्रकोप व्यवस्थापक नियुक्ती गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय
११) रासायनिक सामग्री भण्डारण तथा प्रयोगको व्यवस्था	रङ्ग तथा अन्य रसायनहरुको भण्डारणमा उत्पादकले तय गरेको कार्यविधि अनुसार भण्डारण गरिनेछ। रङ्ग र रसायनहरुको भण्डारण र प्रयोग तालिम प्राप्त व्यक्तिहरुबाट मात्रै गरिनेछ। रङ्ग र रसायनहरुको भण्डारण स्थलमा fire extinguisher राखिने छ।	निर्माण सामग्री भण्डारण क्षेत्रमा	उत्पादकले तय गरेको कार्यविधि अनुसार भण्डारण गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
क.२) जैविक वातावारण							
१) निर्माण कार्यले चरा-चुरङ्गी तथा मुसा, लोखर्के जस्ता जीवहरुको बासस्थानमा असर हुने	भवन निर्माणमा पर्याप्त वगैचा निर्माण गरी हरियाली हुने गरी निर्माण गरिनेछ; निर्माणस्थलमा चरा-चुरङ्गी तथा लोखर्के जस्ता जीव-जन्तु मार्ने कार्यको पुर्ण रुपमा निषेध गरिनेछ।	आयोजना निर्माण क्षेत्र	डिभिजन वन कार्यालयको समन्वयमा	निर्माण चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, व.वा.म., क.म.न.पा. र वडा कार्यालय
२) भवन निर्माणले आयोजना क्षेत्रमा फोहर उत्सर्जन् गर्ने र आयोजना क्षेत्रमा रहेका विरुवाहरु नष्ट गर्ने	सेट व्याक र ग्रिन जोनमा फुल र स्थानीय प्रजातिका रुखहरु रोप्ने; Vertical gardening को व्यवस्था राखिनेछ।	आयोजना क्षेत्र र नजिका वन क्षेत्र	डिभिजन वन कार्यालयको समन्वयमा	निर्माण चरण	प्रस्तावक	१०,००,००००	व.वा.म., का.म.न.पा., प्रस्तावक
क.३) सामाजिक-आर्थिक र सांस्कृतिक अवयव							
१) कार्यस्थलमा हुने लैङ्गिक हिंसा, महिला-पुरुष बीच भेदभाव तथा बाल श्रम संलग्नताको रोकथाम	कामदारहरूलाई सम्मानजनक सेवा सुबिधा प्रदान, रोजगारीको अवसर र ज्यालामा महिला-पुरुष (वा क्षेत्रीय जात-जाति विच) कुनै पनि कसिमको भेदभाव गरिनेछैन, आयोजनाको कार्यमा कुनै पनि किसिमको वालश्रम प्रयोग गरिनेछैन।	आयोजना क्षेत्र	नियमित अनुगमन	निर्माण चरण	प्रस्तावक, नि.व्या.	थप लागत नलाग्ने	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	सम्बन्धित सरोकारावाला व्यक्ति/ कामदारहरुको उजरी राख्न आयोजना स्थलमा गनुासो पेटिका राखिनेछ र प्राप्त उजुरीलाई पैतिस (३५) दिन भित्र सम्बोधन गरिनेछ ।						
२) सरुवा तथा संक्रमणीय रोगहरू सम्बन्धी मापदण्ड पालना गरी सचेतना जगाउने कार्यक्रम सञ्चालन	सरुवा तथा संक्रमणीय रोगहरूको रोकथामको लागि संक्रमण रोग ऐन र नियमावलीमा भएका सम्पुर्ण प्रावधानहरु पालना गरिनेछ। यसका साथै, नेपाल सरकार, प्रदेश सरकार तथा का.म.न.पा. ले जारी गरेको विभिन्न जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा परिपत्रहरुको पालना गरिनेछ। कामदार शिविरमा सफा र सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ। सरुवा रोग सार्ने माध्यमहरु जस्तै लामखुट्टे, झिंगा, भुसुना आदिको वृद्धि रोक्न आजोजना स्थल वरपर रहेका पानी जम्ने खाल्डाखुल्डी पुरिनेछ र पानी जम्मा हुने खाल्डाखुल्डीमा लामखुट्टे मार्ने स्प्रे प्रयोग गरिनेछ भने सडेगलेका फोहोरमैला र फोहोरपानीको विसर्जन निश्चित स्थान मात्र गरिनेछ। आयोजना क्षेत्रको नियमित सरसफाई नियमित रुपमा गरिनेछ। झाडापखाला, हैजा, टाइफाइड, डेङ्गी लगायतका	आयोजना क्षेत्र	स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी नियमित सर-सफाई गरी शौचालयमा सेप्टिक ट्यांकको जडान गरी	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	सरुवा तथा संक्रामक रोगबाट बच्ने र सचेतना जगाउने कार्यक्रम कामदारहरुलाई वार्षिक रुपमा सञ्चालन गरिनेछ।						
३) कामदारहरूलाई PPE, First Aid Kit Box, सफा र सुरक्षित पिउने पानी र स्वास्थ्य बिमाको व्यवस्था	निर्माण कार्यमा खटिएका कामदारहरुको अनिवार्य स्वास्थ्य सुरक्षा बिमा र औषधि उपचारको व्यवस्था गरिनेछ। कामदारहरुलाई PPE (Safety Helmets, Reflecting Jackets, Safety Boots, Mask, Earplugs) को व्यवस्था गरिनेछ। उचाईमा काम गर्ने कामदारहरुलाई बिशेष सुरक्षा सामग्री (Safety belt) को प्रयोग अनिवार्य गरिनेछ। कार्यस्थल र कामदार शिविरमा कामदारहरूको लागि सफा र सुरक्षित पिउने पानी र लैंगिकमैत्री शौचालयको व्यवस्था गरिनेछ। प्राथमिक उपचारसँग सम्बन्धित First Aid Kit Box कार्यस्थल र कामदार शिविरमा राखिनेछ। तालिम प्राप्त कामदारहरुलाई मात्रै वेल्डिङ र विजुलीको काममा लगाइनेछ। नियमितरुपमा स्वास्थ्य परीक्षण गरिनेछ।	आयोजना क्षेत्र	तालिम र सुरक्षा सामग्री प्रयोग गरी विमाको व्यवस्था	निर्माण चरण	प्रस्तावक, नि.व्या.	आयोजना निर्माण लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
४) आधारभूत सेवा सुबिधा सहित कामदार शिविरको व्यवस्थापन	आधारभूत सेवा सुबिधा सहित कामदार शिविरको व्यवस्थापन, कामदारहरुको लागि सुत्न र खाना पकाउनको लागि अस्थायी संरचना निर्माण गरिनेछ, सुत्न लागि कम्तिमा एक फिट उचाईको खटियाको प्रवन्ध गरिनेछ। कामदार शिविरमा सम्पूर्ण आधारभूत सुविधा प्रदान गर्नुका साथै सेप्टिक ट्याङ्क सहितको लैंगिकमैत्री शौचालय तथा सफा र सुरक्षित पिउने व्यवस्था मिलाइनेछ। शौचालयको दैनिक सर-सफाई गरिनेछ। कामदार शिविरमा फोहोमैला पुन प्रयोग गर्न मिल्ने, कुहिने र नकुहिने गरी छुट्याएर संकलन गर्न भिन्न-भिन्न रंगको Dustbin को व्यवस्था गरिनेछ। पुन प्रयोग गर्न मिल्ने सामग्रीहरु बिक्रेतालाई बिक्री गरिनेछ भने अन्य फोहोल मैलालाई का.म.न.पा. संग समन्वय गरेर Landfill Site मा विसर्जन गरिनेछ। फोहोर जलाउने कार्य पूर्णरुपले निषेध गरिनेछ।	आयोजना क्षेत्र	आधारभूत सेवा सुबिधा प्रदान गरी तालिम	निर्माण चरण	प्रस्तावक, नि.व्या.	निर्माण लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	कामदारहरुको लागि आचार संहिता बनाई पालना गर्न लगाईनेछ।						
५) स्थानीय आवासीय क्षेत्रमा पर्न सक्ने असरको व्यवस्थापन	संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको लागि विमाको व्यवस्था गरिनेछ। आयोजनाको चारै तर्फ न्यूनतम ६ मि. सेटब्याक छोडिनेछ। संरचनाहरुमा क्षती भएमा क्षतीपुर्तीको व्यवस्था गरिने, विमाको व्यवस्था, वडा कार्यालय, धरधनी र प्रस्तावकको क्षतिपुर्तीको विस्तृत विवरण उल्लेख गरी त्रिपक्षीय सम्झौता गरिनेछ। निर्माण कार्यमा खटिएका कामदार स्थानीय वासिन्दा तथा सरोकारवालाहरुको गुनासाहरु प्रस्तावक, महानगरपालिका, वडा कार्यलयको समन्वयमा व्यवस्थापन गरिनेछ।	आयोजना क्षेत्र	आधारभूत सेवा सुबिधा प्रदान गरी तालिम	निर्माण चरण	प्रस्तावक, नि.व्या.	आयोजनाको लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
६) निर्माण कार्यमा प्रयोग गरिने सवारी साधनको आवागमनको समय, पार्किंग क्षेत्रको व्यवस्थापन	निर्माण कार्यमा प्रयोग गरिने सवारी साधनको आवागमनको समय, पार्किंग क्षेत्रको व्यवस्थापन, सवारीको आवात-जावतको अनुमगन गरिनेछ।	आयोजना क्षेत्र	पार्किङ्गको उचित व्यवस्थापन र	निर्माण चरण	प्रस्तावक, नि.व्या.	थप लागत नलग्ने	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	निर्माण सामग्री ढुवानीका साधनहरुको आवगमन बिहान ७ बजे अगाडि र बेलुका ८ बजे पछाडि मात्रै गरिनेछ। आयोजनासँग सम्बन्धित सवारी साधनहरु सार्वजनिक सडकमा पार्किङ गरिने छैन।		ढुवानीको समय तोकेर				
	निर्माण चरणका प्रतिकुल प्रभावहरुको न्युनीकरणका उपायहरुको अनुमानित लागतः ३२,००,०००।-						
ख) सञ्चालन चरण							
ख.१) भौतिक-रासायनिक अवयव							
१) ध्वनि र वायु प्रदूषणको न्यूनीकरणको लागि वैकल्पिक उर्जाको प्रयोगमा जोड तथा उपकरण र सवारी साधनको नियमित चेकजाँच	भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ, आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ। कम ध्वनि/धुवाँ उत्सर्जन गर्ने जेनेरेटरको प्रयोग गरिनेछ। आयोजना स्थलमा फोहोर जलाउने कार्य पूर्णरुपले निषेध गरिनेछ। सम्भव भए सम्म आवास गृहमा खाना पकाउनको लागि विद्युतीय चुलोको प्रयोगमा प्रोत्साहन गरिनेछ। आयोजना स्थलको विभिन्न स्थानमा	आयोजना क्षेत्र	कम ध्वनि/धुवाँ उत्सर्जन गर्ने जेनेरेटरको प्रयोग लगायतका कार्य गरी	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा नै गरिने, निर्माण लागतमा समावेश, अपुग रकम कार्यालय सञ्चालन लागतबाट	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	धुलो धुँवा सोस्न सक्ने स्थानीय प्रजातिका फलफूल र फूलका विरुवाहरु रोपिनेछ। आयोजनाको सञ्चालन चरणमा आयोजना स्थललाई वातावरणमैत्री राख्न आयोजना स्थलमा मानिसको स्वास्थ्य र वातावरणलाई असर नगर्ने (वा असर कम गर्ने विकल्पका) रंगहरु मात्र प्रयोग गरिनेछ।					व्यवस्थापन गरिने	
२) पानीको किफायती उपयोग प्रणाली विकास गर्नुका साथै वर्षाको पानी संकलनको लागि ट्यांकी र पुनः भरण पोखरीहरुको निर्माण	आयोजना परिसर भित्र भूमिगत पानीको पुनः भरणको लागि ३ वटा रिचार्ज पिट निर्माण गरिने आयोजना सञ्चालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ। आयोजना सञ्चालन चरणमा भुमिगत पानीको प्रयोग कम गर्नको लागि आयोजना वर्षातको पानी संकलन ट्याङ्क (rain water harvesting tank) निर्माण गरिनेछ। यस ट्याङ्कमा संकलन गरिएको पानीले सञ्चालन चरणको सुख्खायाम (कार्तिक देखि जेष्ठ सम्मको) अनुमानित पानीको प्रयोगको आवश्यकताको ७०% माग पुरा गर्दछ	आयोजना क्षेत्र	वर्षातको पानी संकलन, Recharge Pond को निर्माण, कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान, खुल्ला क्षेत्रलाई कंक्रिट विहिन राखिने	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण र सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	(काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट वितरत पानीको प्रयोग बाहेक)। भूमिगत पानीको प्रयोगलाई सन्तुलन राख्नको लागि आयोजना क्षेत्रमा करिब २०% भू-भाग कंक्रिट बिहिन राखिनेछ। शौचालयमा कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान गरिनेछ। ढल निकास योजना NBC २०८: २००३- Sanitary and Plumbing design requirements मा आधारित हुनेछ। फोहर पानी प्रशोधन प्लानट जडान गरी प्रशोधित पानीलाई पुनः प्रयोग गरिनेछ।		फोहर पानी प्रशोधन प्लानट जडान गर्ने				
३) दुषित पानी भुमिगत पानीमा मिसिएर हुने भुमिगत जल प्रदुषणको न्यूनीकरण	भुमिगत पानीको पुरःभरण र रिचार्जको व्यवस्था गरिनेछ। जमिनमा फोहर पानी चुहावट भएमा तत्कालै रोकथाम गरिनेछ भने फोहरपानी संकलन पाइप, manhole, र ढल प्रणालीको नियमित मर्मत-सम्भार गरिनेछ।	आयोजना क्षेत्र	नियमित अनुगमनर मर्मत-सम्भार	सञ्चालन चरणमा नियमित	प्रस्तावक	सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
४) हानिकारक फोहोरमैला सहित ठोस जन्य	आयोजना सञ्चालनको क्रममा निस्कने फोहरमैलाको व्यबस्थापनको लागि फोहरमैला व्यबस्थापन ऐन, २०६८ र फोहरमैला व्यबस्थापन नियमावली, २०७०	आयोजना क्षेत्र	फोहरमैलाको उचित व्यवस्थापन	सञ्चालन चरणमा नियमित	प्रस्तावक	सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
फोहरमैलाको उचित व्यवस्थापन	वमोजिम गरिनेछ। आयोजना स्थलबाट उत्पादित ठोस जन्य फोहोमैला पुन प्रयोग गर्न मिल्ने, कुहिने र नकुहिने गरी छुट्याएर संकलन गर्न प्रत्येक इकाई र परिसरमको विभिन्न स्थानमा भिन्न भिन्न रंगका Dustbin राख्ने व्यवस्था मिलाइनेछ भने फोहोरमैलालाई खुल्ला रुपमा विसर्जन गर्न रोक लगाउनुका साथै फोहोर जलाउने कार्य पूर्णरुपले निषेध गरिनेछ। पुन प्रयोग गर्न मिल्ने फोहोरहरु बिक्रेतालाई बिक्री गर्ने व्यवस्था गरिनेछ भने अन्य फोहोर मैलालाई का.म.न.पा. संग समन्वय गरेर Landfill Site मा विसर्जन गरिनेछ।		गरी का.म.न.पा. सँग समन्वय गरी				वडा कार्यालय, व.वा.म.
५) फोहर पानी तथा मानव मलमूत्र व्यवस्थापनको सेप्टिक ट्याङ्क र Soak pit निर्माण गरी नियमित सर-सफाई	शौचालयजन्य फोहर सेफ्टीट्यांकीमा संकलन गरिनेछ। स्नान कक्ष, भान्छा कोठा र सरसफाई गर्दा उत्सर्जित फोहोर पानीलाई विसर्जन गर्न छुट्टा छुट्टै Soak Pit को निर्माण गरिनेछ। सेफ्टीट्यांकीमा जम्मा भएको फोहोरपानी विसर्जन गर्नको लागि Soak Pit मा जडान गरिनेछ।	आयोजना क्षेत्र	NBC 208: 2003- Sanitary and Plumbing design requirements मा आधारित रहेर डिजाइन	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट नियमित	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
			गरी निर्माण गर्ने सेप्टिक ट्याङ्क र Soak pit निर्माण गरी			व्यवस्थापन गरिने	
६) ढल प्रणाली व्यवस्थापन	फोहोर पानी पाइपको चुहावट नियन्त्रण गर्न समय समयमा मर्मत र अनुगमन गरिनेछ; प्रचलित कानुनहरूको आधारमा फोहोर पानीको फोहोर नगरपालिका ढल निकास प्रणालीमा विसर्जन गरिनेछ ।	आयोजना क्षेत्र	NBC 208: 2003- Sanitary and Plumbing design requirements मा आधारित रहेर डिजाइन गरी निर्माण गर्ने	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट नियमित व्यवस्थापन गरिने	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
७) सौर्य ऊर्जाको प्रयोग गर्दै उर्जाको किफायती उपयोग	कम उर्जा खपत गर्ने उपकरण प्रयोग गरिनेछ। आयोजनाको सञ्चालन चरणमा कम उर्जा खपत गर्ने स्टार रेटेड र वातावरण मैत्री विद्युतीय उपकरणहरुको	आयोजना क्षेत्र	सौर्य उर्जा लगायत स्टार रेटेड र वातावरण	सञ्चालन चरणमा नियमित	प्रस्तावक	नियमित कार्यालय सञ्चालन लागतबाट	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	प्रयोगमा जोड दिइनेछ। पानी तताउन सौर्य उर्जा (सोलार) को प्रयोग गरिनेछ। रात्रीकालीन बत्तिको लागि सौर्य ऊर्जाको प्रयोग गरिनेछ। वैकल्पिक उर्जाको लागि डिजेल/पेट्रोल जेनेरेटरको प्रयोग गरिनेछ।		मैत्री विद्युतीय उपकरणहरुको प्रयोग गरी			व्यवस्थापन गरिने	
८) सम्भावित प्रकोपहरूसंग प्रतिरोध गर्ने प्रणालीको विकास	आगलागि, भूकम्प, जस्ता आपतकालीन अवस्थामा भीड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था गरिएको छ। आयोजना क्षेत्रमा पर्याप्त मात्रामा फायर एक्जिट, खुल्ला ठाउँ र हाइड्रन्ट तथा अग्नि प्रतिरोधी सामग्री राखिनेछ। जोखिम पूर्ण क्षेत्रमा फायर अलार्म प्रणाली र स्मोक डिटेक्टर जडान गरिनेछ। आयोजना स्थलमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड गर्ने भिडियो क्यामराको प्रयोग गरिनेछ। सबै भिडियोको अनुगमन सुरक्षा कोठा (Security room) बाट गरिनेछ। मुख्य प्रवेशद्वार र भवन प्रवेशद्वारहरुमा CCTV क्यामरा जडान गरिनेछ। सौर्य उर्जा प्रयोग गरी रात्रीको समयमा पर्याप्त उज्यालोको व्यवस्था गरिनेछ। यसका साथै, अग्निशयम यन्त्र जडान गरिनेछ साथै आकस्मिक संकेतका लागि	आयोजना क्षेत्र	भवन भुकम्प प्रतिरोधि निर्माण गरिनेछ; भवन ऐन, २०५५ बमोजिमको राष्ट्रिय भवन संहिता लाई पालना गरी भवन निर्माण गरी	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट नियमित व्यवस्थापन गरिने	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	साईरनको व्यवस्था गरिनेछ। कर्मचारी र बसोबास गर्ने वासिन्दाहरुलाई आपत्कालिन तयारीका विषयमा तालिम दिइनेछ। सार्वजनिक स्थानहरुमा सुरक्षाका लागि सुरक्षा साईरनको व्यवस्था गरिनेछ।						
९) एपार्टमेन्ट भित्र प्रयोग हुने ईलेक्टिकल र ईलेक्ट्रोनिक्स उपकरण विग्रने	आयोजनाको सञ्चालन चरणमा उत्सर्जित विद्युतीय फोहोर (E-Waste) हरु अन्य नियमित ठोस जन्य फोहरहरु देखि छुट्टै भण्डारण गरेर राखिनेछ। भण्डारण गरेर राखिएका विद्युतीय फोहोरहरुलाई उत्पादकले तय गरेको कार्यविधि अनुसार विसर्जन गरिनेछ।	आयोजना क्षेत्र	फोहरको प्रकृति अनुसार संकलन र विसर्जनन्	सञ्चालन चरणमा नियमित	प्रस्तावक	सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
ख.२) सामाजिक-आर्थिक र सांस्कृतिक अवयव							
१) एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावतबाट हुने हो-हल्ला र सम्भावित दुर्घटनाको रोकथाम	भवनको डिजाइनमा Acoustic or sound barriers डिजाइन गरी निर्माण चरणमा नै जडान गरिनेछ। आयोजना भित्र रहने सेट ब्याकमा स्थानीय रुखका प्रजातिहरु रोपिनेछ। आगन्तुकहरुको लागि waiting room र विश्रामस्थलको व्यवस्था गरिनेछ। आयोजना बाहिरको सडकमा पार्किङ नगर्न अनुरोध गरिनेछ, आयोजना भित्रबाट बाहिर निस्कने सवारीको	आयोजना क्षेत्र	स्विकृत डिजाइन अनुसार निर्माण गर्ने	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट नियमित	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	लागि बाहिरको मुख्य सडकको सवारीको अवस्था हेरेर मात्रै बाहिर निस्कनको लागि सुरक्षा गार्डले निर्देशन गर्नेछ।					व्यवस्थापन गरिने	
२) धार्मिक र जातिय सौहार्दता	विविध जाति र सामाजिक संस्कृतिलाई सम्मान गर्न सचेतना दिइनेछ। सामाजिक र सांस्कृतिक समस्याको बारेमा कुनै विवाद उत्पन्न भएमा तुरून्तै त्यस समस्याको समाधान गरिनेछ।	आयोजना क्षेत्र	स्विकृत डिजाइन अनुसार निर्माण गर्ने	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट नियमित व्यवस्थापन गरिने	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
३) सरुवा तथा संक्रमणीय रोगहरू सम्बन्धी मापदण्ड पालना गरी सचेतना जगाउने कार्यक्रम सञ्चालन, कार्यस्थल सफा र स्वच्छ राख्ने	सरुवा तथा संक्रमणीय रोगहरूको रोकथामको लागि संक्रमण रोग ऐन र नियमावलीमा भएका सम्पुर्ण प्रावधानहरु पालना गरिनेछ। यसका साथै, नेपाल सरकार, प्रदेश सरकार तथा का.म.न.पा. ले जारी गरेको विभिन्न जनस्वास्थ्य सम्बन्धी मापदण्ड तथा परिपत्रहरुको पालना गरिनेछ।	आयोजना क्षेत्र	स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी नियमित सर-सफाई गरी	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश, कार्यालय सञ्चालन लागतबाट	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	बासिन्दा र अगन्तुकहरुलाई सफा र सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ। आयोजना भित्र पर्याप्त शौचालयको व्यवस्था गरिनेछ। शौचालयमा सेप्टिक ट्यांक जडान गरिनेछ। सरुवा रोग सार्ने माध्यमहरु जस्तै लामखुट्टे, झिंगा, भुसुना आदिको वृद्धि रोक्न आजोजना क्षेत्रमा नियमित सर-सफाई गरिनेछ। तरल र ठोस जन्य फोहोरमैलालाई उचित व्यवस्थापन गरिनेछ भने का.म.न.पा. संग समन्वय गरेर विसर्जन गरिनेछ।		जनचेतना कार्यक्रम सञ्चालन गरी			नियमित व्यवस्थापन गरिने	
४) एपार्टमेन्ट भित्र बसोबास गर्ने मानिसहरु र आगन्तुकहरुको आवत-जावतले हुने भिडा-भाडको नियन्त्रण	ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनिकरण; आयोजना क्षेत्रमा प्रशस्त खुल्ला क्षेत्रको व्यवस्था गरिनेछ।	आयोजना परिसर र भवन भित्र	डिजाइनमा समावेश गरी सोही अनुसार कार्यालय सञ्चालन गर्ने	सञ्चालन चरणमा नियमित	प्रस्तावक	सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
५) ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरण	सडक क्षेत्रमा तथा सार्वजनिक स्थानमा पर्किङ्ग गर्न रोकिनेछ; भवन अगाडिको सडकमा ट्राफिक जाम भएको खण्डमा ट्राफिक व्यवस्थापनको लागि परिसर भित्रका	आयोजना क्षेत्र	पार्किङ व्यवस्थापन गरी	सञ्चालन चरणमा नियमित	प्रस्तावक	निर्माण चरणमा समावेश,	प्रस्तावक, क.म.न.पा. र

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	सुरक्षकर्मी खटाइनेछ र ट्राफिक प्रहरीसँग समन्वय गरिनेछ। भवनको वेशमेन्ट २७६ वटा दुई पाङ्ग्रे र २७५ वटा चार पाङ्ग्रे पार्किङ क्षमताको हुनेछ। यस्तै, भिडभाडको अवस्थामा भवन बाहिर रहेको खाली जमिनमा पनि पार्किङ गर्न मिल्ने व्यवस्था गरिने छ।					कार्यालय सञ्चालन लागतबाट नियमित व्यवस्थापन गरिने	वडा कार्यालय, व.वा.म.
५) अपराधिक गतिविधि न्यूनीकरणको लागि उचित सुरक्षा प्रबन्ध तथा उपकरण जडान	अपराधिक गतिविधि न्यूनीकरणको लागि उचित सुरक्षा प्रबन्ध तथा उपकरण जडान गरिनेछ। आयोजना स्थल भित्र पर्याप्त मात्रामा CCTV जडान गरिनेछ।	आयोजना क्षेत्र	नियमित अनुगमन गरी	सञ्चालन चरणमा नियमित	प्रस्तावक	सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
६) स्थानीय बासिन्दाको गुनासो सम्बोधन	सबैले देखिने स्थानमा उजुरी पेटिका राखिनेछ। जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाइनेछ ।	आयोजना क्षेत्र	नियमित गुनासोहरुको सम्बोधन गरी		प्रस्तावक	कार्यालय सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.
७) अपार्टमेन्टमा बस्ने मानिसहरूको भोगाधिकारको व्यवस्थापन	प्रस्तावित भवनको अपार्टमेन्ट खरिद गरी बस्ने मानिसहरूलाई जग्गा तथा भवन स्वामित्व प्रचलित कानुन अनुरप दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ; भवनको सामुहिक क्षेत्र (जस्तैः पार्किङ्ग, बगैंचा, छत) को	आयोजना क्षेत्र	प्रचलित कानुन अनुरुप	निर्माण र सञ्चालन चरण	प्रस्तावक	कार्यालय सञ्चालन लागतमा समावेश	प्रस्तावक, क.म.न.पा. र वडा कार्यालय, व.वा.म.

नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के —के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित रकम (रु.)	अनुगमन तथा मूल्याङ्कन
	प्रयोग सम्बन्धी नियमहरू बनाई सामुहिक क्षेत्रमा टाँस गरिनेछ; अपार्टमेन्ट सञ्चालक समितिले साझा सम्पतिको हेरचाह गर्ने प्रावधान मिलाउनेछ; प्रत्येक खरिदकर्ताहरूसँग बिक्री मूल्य, किस्ता खुल्ने गरी स्पष्ट कानुनी सम्झौता गरिनेछ; सबै खरिदकर्तालाई समान व्यवहारका साथै विवाद उत्पन्न भएमा तत्काल समाधान गर्न आन्तरिक समिति तयार गरिनेछ।						
प्रतिकुल प्रभावहरुको न्युनीकरणका उपायहरुको अनुमानित लागतः ३२,००,०००।-							

तालिका ८.५: वातावरणीय व्यवस्थापन उपायहरुको अनुमानित लागतको सारांश

क्र.स.	विवरण	अनुमानित लागत (रु)
१	अनुकूल प्रभाव बढोतरीका उपायहरु	५,००,०००।-
२	प्रतिकुल प्रभावहरुको न्युनीकरणका उपायहरु	३२,००,०००।-
कुल अनुमानित लागत		३७,००,०००।-

८.३ रेकर्ड र सुधारात्मक कार्यहरु (वातावरणीय व्यवस्थापन इकाई तथा गुनासो व्यवस्थापन संयन्त्र)

प्रस्तावकले आयोजनाको निर्माण, नियमित सञ्चालन र मर्मत-सम्भारको लागि एक आयोजना कार्यालय गठन गर्नेछ। यस आयोजना भित्र रहने भवनहरु लगायत अन्य संरचनाहरु निर्माण, नियमित सञ्चालन र मर्मत-सम्भार कार्य गर्नेछ। यस कार्यालय अन्तर्गत वातावरणीय व्यवस्थापन इकाई स्थापना गरी वातावरणीय व्यवस्थापन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ। वातावरणीय व्यवस्थापन इकाईमा प्रस्तावकको तर्फबाट वातावरण विज्ञको नेतृत्व रहने गरी पेशागत स्वस्थ्य र सुरक्षा विज्ञ, इन्जिनियर तथा समाजशास्त्री सम्मिलित भई वातावरणीय व्यवस्थापन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्नेछन्। यस ईकाईमा संलग्न हुने समाजशास्त्रीलाई गुनासोहरु संकलन र सम्बोधन गर्ने कार्य सम्बन्धी focal person तोकिनेछ। यस इकाईले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएका न्यूनीकरणका उपायहरु लागु गरे/नगरेको अनुगमन गर्ने, दैनिक सरोकारवालाहरुबाट प्राप्त सुझाव तथा गुनासाहरु संकलन गरी दैनिक रेकर्ड राख्ने र गुनासाहरुको व्यवस्थापन गर्ने जिम्मेवारी हुनेछ। गुनासाहरु संकलन प्रक्रियामा सहज वातावरण सिर्जना गर्न आयोजना क्षेत्र भित्र, बाहिर तथा कामदारलाई सहज हुने स्थानमा गुनासो संकलन पेटिका राखिने छ। यसबाहेक वातावरणीय व्यवस्थापन इकाईले कामदार, स्थानीय व्यक्ति, संस्था र अन्य निकायका गुनासा तथा भनाई समेटी समाधान गर्ने प्रयास गर्नेछ। प्रत्येक दिन गुनासाहरु संकलन गरी गुनासाहरुको व्यवस्थापन गरिनेछ। जटिल प्रकारका गुनासोहरु आयोजना प्रमुखको समन्वयमा व्यवस्थापन गरिनेछ। यसका साथै, वातावरणीय व्यवस्थापन इकाईले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले जारी गरेको अन्य वातावरणीय मापदण्डमा सिफारिस गरिएको प्रावधानलाई कार्यान्वयन गर्नेछ।

परिच्छेद -९

वातावरणीय अनुगमन

यस प्रस्तावका अनुकूल प्रभावहरूलाई बढोत्तरी गर्न तथा प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्नका लागि प्रस्तावित उपायहरू अवलम्बन गरे नगरेको सम्बन्धमा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०, वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ। वातावरण संरक्षण ऐनको दफा ३९ (१) र (२) तथा वातावरण संरक्षण नियमावलीको नियम ४५ (१) र (२) ले कुनै पनि प्रस्ताव वा आयोजनाको वातावरणीय अनुगमनको लागि कानूनी व्यवस्था गरेको छ। त्यसै गरी सोही ऐनको दफा (३९) को उपदफा (२) बमोजिम आफ्नो क्षेत्रभित्रको वातावरण संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकार वा स्थानीय तहलाई वातावरण संरक्षण ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन वा निरिक्षण गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम को नियम (४५) को उपनियम (१) मा व्यवस्था भए बमोजिम प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सो को प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्ने व्यवस्था रहेको छ।

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावको वातावरणीय अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छ :-

- कानूनले तोकेको सीमा भन्दा बढी मात्रामा प्रभाव पर्न नदिन
- वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपाय वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न
- सम्भावित क्षति बारे समयमै सचेत गराउन
- पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजिक भन्ने जानकारी लिन।

९.१ अनुगमनका प्रकार

क) प्रारम्भिक अवस्थाको अनुगमन

प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्ष (भौतिक, जैविक, आर्थिक-सामाजिक तथा साँस्कृतिक आदि) को सर्वेक्षण गर्नुलाई

प्रारम्भिक अवस्थाको अनुगमन भनिन्छ। यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ।

ख) नियमापालन अनुगमन

यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय विशेष सूचक वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राख्ने कार्य पर्दछ । नियमपालन अनुगमन निम्न कार्यहरू पर्दछ ।

- प्रस्तावित कार्ययोजनाको कार्यान्वयन गर्दा तोकिएको कार्यहरू तोकिएको समय, परिमाण र क्षेत्रमा उचित तरिकाले सञ्चालन गरिएको छ वा छैन ।
- सकारात्मक प्रभावहरूलाई बढाउन र नकारात्मक प्रभावहरूलाई न्यून गर्न तोकिएका उपायहरू कार्यान्वयन भए नभएको ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत हुँदा अनुगमन गर्ने भनी थपिएका शर्तहरूको पालना भए नभएको ।

ग) प्रभाव अनुगमन

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनको क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन प्रभाव अनुगमनले गर्दछ । प्रभाव अनुगमन अन्तर्गत प्रस्ताव कार्यान्वयन भएपछि अनुकूल प्रभावहरूलाई बढोत्तरी र प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न कतिको फलदायी भएको छ, सो सम्बन्धी सूचकहरू तयार पारी सुक्ष्म अनुगमन गरिनेछ ।

९.२ स्वअनुगमन

सङ्घीय वातावरण संरक्षण नियमावली, २०७७ को नियम को नियम (४५) को उपनियम (१) मा व्यवस्था भए बमोजिम प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गर्नु पर्ने कानूनी व्यवस्था भए अनुरुप यस प्रस्तावको प्रस्तावकले प्रत्येक छ महिनामा स्वःअनुगमन गरी स्वःअनुगमन प्रतिवेदन बागमती प्रदेश सरकार- वन तथा वातावारण मन्त्रालयमा पेश गर्नेछ।

९.३ वातावरणीय अनुगमनका सूचक

अनुगमनको लागि कम प्राकृतिक भिन्नता र फराकिलो उपयोगिता तथा मापनयोग्य हुने सूचकहरूलाई प्रयोग गरिनेछ। यस आयोजनाको वातावरणीय अनुगमनमा प्रयोग हुने सुचकहरु तालिका ९.१ मा प्रस्तुत गरिएको छ ।

९.४ अनुगमनको विधि

आयोजनाको अनुगमनको लागि स्थलगत अध्ययन, आयोजना कार्यालयबाट प्राप्त हुने तथ्याङ्कहरु, स्थानीयहरुसंगको अन्तरक्रिया तथा सरोकारवालाहरुसँगको छलफल आदि विधि अपनाइनेछ। यसका साथै आयोजना क्षेत्रको नमुना (वायु, ध्वनि, पानी, आदि) सङ्कलन गरी प्रयोगशालामा नमुना परीक्षण गरी थप विश्लेषण गरिनेछ। आयोजनाको अनुगमन गर्दा विज्ञद्वारा तयार परिएका सूचक/मानकहरुको साथ आयोजनाको अनुगमन गरिनेछ। आयोजनाको अनुगमन कार्य गर्दा आयोजनासँग सम्बन्ध राख्ने विभिन्न निकायहरु, आयोजना कार्यालय, प्रस्तावक तथा प्रस्तावक अन्तर्गतका निकायहरु, भवन विभाग, आयोजनाबाट प्रभावित स्थानीय तह तथा वडा कार्यालयहरुको सहकार्यमा गरिनेछ। थप विवरण तालिका ९.१ मा प्रस्तुत गरिएको छ।

९.५ अनुगमनको लागि समय तालिका

आयोजना निर्माण तथा सञ्चालन चरणका विभिन्न अवस्थाका अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका उल्लेख गरिनेछ। समय तालिकाको विवरण बारेमा तालिका ९.१ मा प्रस्तुत गरिएको छ ।

९.५ अनुगमन गर्ने निकाय

प्रस्तावित आयोजना निर्माणसँग सम्बन्धित वातावरणीय व्यवस्थापन तथा अनुगमनको जिम्मेवारीमा विभिन्न निकाय/संस्थाहरूलाई आयोजनाको फरक-फरक गतिविधिहरूको लागि फरक फरक दायित्व सहित संलग्न हुनेछन्। वातावरणीय सुरक्षा उपायहरुको कार्यान्वयन तथा अनुगमन कार्यको लागि जिम्मेवार मुख्य निकाय/संस्थाहरू निम्न बमोजिम छन्:

- बागमती प्रदेश सरकार - वन तथा वातावरण मन्त्रालय
- प्रस्तावक (शेर्पा डेभलपर्स प्रा.लि.)

यसका साथै, त्यस्तै, वातावरण संरक्षण ऐनको दफा ३९ (२) ले आफ्नो क्षेत्रभित्रको वातावरण संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकार वा स्थानीय तहलाई वातावरण संरक्षण ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यन्वयन भए नभएको सम्बन्धमा अनुगमन वा निरिक्षण गर्न सक्ने अधिकार प्रदान गरेकोले काठमाडौं महानगरपालिकाले पनि यस आयोजनाको निर्माण र सञ्चालन चरणको वातावरणीय अनुगमन गरी वातावरणीय प्रभाव देखिएमा त्यस्ता प्रभाव हटाउन वा हटाउने उपाय अवलम्वन गर्न निर्देशन दिन सक्ने छ र सो निर्देशनको प्रस्तावकले पालना गर्नेछ ।

तालिका ९.१: वातावरण अनुगमन म्याट्रिक्स

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
क) प्रारम्भिक अवस्थाको अनुगमन							
१	भौतिक संरचनाहरुमा असर	बिजुलीका पोल, ट्रान्सफर्मर, चार किल्लामा पर्ने सडक र वरिपरिका निजी संरचनाहरु	स्थलगत अवलोकन, सरोकारवालासँग छलफल	आयोजना स्थल		यो प्रतिवेदन स्वीकृति भए पश्चात निर्माण चरणमा मा जाने भएकोले थप खर्च नलाग्ने	प्रस्तावक, व.वा.म., का.म.न.पा., सरोकारावाला संघ संस्था
२	वायुको गुणस्तर	आयोजना स्थल वरपर वनस्पति र घरहरुमा कण पदार्थ, र धुलो संचय, आयोजना स्थलको TSP, PM1, PM2.5, PM10 CO, SO_2, NO_2	स्थलगत अवलोकन	निर्माण क्षेत्र र वरपर	निर्माण अघि		प्रस्तावक, व.वा.म., का.म.न.पा., सरोकारावाला संघ संस्था
३	ध्वनिको गुणस्तर	आयोजना स्थलको प्रत्यक्ष प्रभाव क्षेत्रको ध्वनिको गुणस्तर	ध्वनिको गुणस्तर मापन	निर्माण क्षेत्र र वरपर	निर्माण अघि		

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
४	पानीको गुणस्तर	आयोजना स्थल भित्र र नजिक रहेका पानीका मुहानहरुको पानीको गुणहरु विधुतीय सुचालन, अम्लियपना, टर्बिडीटी, अमोनिया, क्लोराइड, फलाम नाईट्रेट — यन, टोटल हार्डनेस टोटल अल्कालिनीटि, क्याल्सियम, म्यागनिज आदि	पानी नमूना संकलन गरी परीक्षण	आयोजना क्षेत्रको बोरिङ्गको पानी	निर्माण अघि		
५	आयोजना क्षेत्रमा रहेका रुख र वनस्पति	रुखहरुको विवरण	स्थलगत अध्ययन तथा अवलोकन	आयोजना क्षेत्रका	निर्माण अघि		प्रस्तावक/ व.वा.म.
६	आयोजना क्षेत्रका वन्यजन्तु	आयोजना क्षेत्रमा देखिने वन्यजन्तु	स्थलगत निरीक्षण तथा स्थानीयसँग छलफल	आयोजना क्षेत्रका र स्थानीयसँग छलफल	निर्माण अघि		प्रस्तावक/ व.वा.म.

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
७	सामाजिक सेवा-सुविधा	खानेपानी, स्वास्थ्य सेवा लगायात अन्य सामाजिक सेवाहरुको उपलब्धता	अवलोकन र स्थानीयहरुसंगको छलफल	निर्माण क्षेत्र र वरपर	निर्माण अघि		प्रस्तावक/ व.वा.म.
८	सामाजिक-आर्थिक र सांस्कृतिक गतिविधिहरु	सामाजिक-आर्थिक / सांस्कृतिक कृयाकलापहरु	स्थानीय मानिससँग छलफल, अवलोकन, समीक्षा	आयोजना प्रभावित र वडा	निर्माण अघि		व.वा.म.
ख) नियमापालन अनुगमन							
१	वा.प्र.मू. प्रतिवेदन सिफारिसको कार्यान्वयन	आयोजनामा वा.प्र.मू. सिफारिसको कार्यान्वयन सम्झौता पत्रका सर्तहरु	आयोजनाको विशिष्टता समीक्षा सम्झौता कागजात	आयोजना कार्यालय	सम्झौता पत्र पूरा भएपछि	कार्यालय सञ्चालन लागत बाट व्यवस्थापन गरिने	प्रस्तावक/ व.वा.म.
२	न्यूनीकरण र अभिवृदीको उपायहरुको कार्यान्वयनको	न्यूनीकरण र अभिवृदीको उपायहरुको कार्यान्वयनको लागि विनियोजन गरिएको बजेट	सम्बन्धित निकाय/आयोजना कार्यालयको खाताको समीक्षा अडिट प्रतिवेदन	आयोजना कार्यालय	वार्षिक		

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
	लागि पर्याप्त बजेट विनियोजन					कार्यालय सञ्चालन लागत बाट व्यवस्थापन गरिने	प्रस्तावक/ व.वा.म.
३	रोजगारिमा प्राथमिकता	रोजगार प्राप्त व्यक्तिहरुको नामावली, स्थानीय कामदारको विवरण, क्षमता अभिवृद्धिको लागि प्रदान गरिएको तालिमको संख्या	स्थलगत अध्ययन गरी रोजगार सूचीको विश्लेषण	आयोजना कार्यालय	त्रैमासिक		
४	तरल फोहर र ठोस जन्य फोहरमैलाको व्यवस्थापन	शौचालयको संख्या, फोहोर संकलनका लागि राखिएका कन्टेनरको संख्या, फोहोर विसर्जन तथा व्यवस्थापन प्रणाली	स्थलगत निरीक्षण, कामदार र स्थानीयसँग छलफल	आयोजना क्षेत्र	सञ्चालन चरणमा दैनिक		
५	पानीको गुणस्तर	आयोजना स्थल भित्र र नजिक रहेका पानीका मुहानहरुको पानीको गुणहरु मापन	पानी नमूना संकलन गरी परीक्षण	बोरिङ्गको पानी	निर्माण चरणमा हरेक बर्ष मार्च र डिसेम्बरमा		प्रस्तावक/ व.वा.म.

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
७	वायु गुणस्तर	आयोजना स्थल वरपरको कण पदार्थ, र धुलो संचय स्तर, आयोजना स्थलको TSP, PM1, PM2.5, PM10 CO, SO_2, NO_2	परिमाणको मापन र तुलना	आयोजना क्षेत्र	निर्माण चरणमा हरेक बर्ष मार्च र डिसेम्बरमा	कार्यालय सञ्चालन लागत बाट व्यवस्थापन गरिने	
८	ध्वनिको गुणस्तर	आयोजना क्षेत्र भित्रको ध्वनिको स्तर	ध्वनिको स्तर मापन	आयोजना क्षेत्र	निर्माण सुरु हुनु भन्दा पहिले		
९	विपद व्यवस्थापन प्रणाली	कामदार शिविर भएको ठाउँमा खुल्ला क्षेत्र, विपद सम्वन्धी तालिम, आयोजना क्षेत्रमा विपद न्यूनीकरणका उपायहरुको जडान	अवलोकन स्थानीय बासिन्दा र कामदारसंग अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण चरणमा वर्षको २ चोटी		प्रस्तावक/ व.वा.म.
१०	पेशागत स्वास्थ्य र सुरक्षा	आयोजना स्थलमा उपलब्ध PPE (Safety Helmets, Reflecting Jackets, Safety Boots, Mask, Earplugs), First Aid Kit र औषधी तथा उपकरणको नाम र परिणाम, कामदारको स्वास्थ्य अवस्था, खानेपानी र शौचालयको सुविधा	स्थलगत निरीक्षण तथा कामदारसँग छलफल	आयोजना क्षेत्र	निर्माण चरणमा दैनिक दैनिक		प्रस्तावक/ व.वा.म.

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
११	वाल श्रम र विभेद	वाल श्रम, महिला माथि भएका यौनजन्य हिंसा, कामदारलाई उपलब्ध गराइएका सेवा सुविधा, तलब/ भत्ताको विवरण, कामदार/ सथानीय बासिन्दाको र लैंगिक हिंसासँग सम्बन्धित गुनासोहरु	स्थलगत अध्ययन अवलोकन, कामदार र स्थानीय बासिन्दासंग अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण चरणमा वर्षको २ चोटी		प्रस्तावक/ व.वा.म.
प्रभाव अनुगमन							
१	वायुको गुणस्तर	आयोजना स्थल वरपर वनस्पति र घरहरुमा कण पदार्थ, र धुलो संचय, आयोजना स्थलको TSP, PM1, PM2.5, PM10 CO, SO_2, NO_2	स्थलगत अवलोकन	निर्माण क्षेत्र	सञ्चालन चरणमा प्रत्येक वर्ष अप्रिल	कार्यालय सञ्चालन लागत बाट व्यवस्थापन गरिने	प्रस्तावक/ व.वा.म.
२	ध्वनिको गुणस्तर	आयोजना क्षेत्रको ध्वनिको गुणस्तर	ध्वनिको गुणस्तर मापन	निर्माण क्षेत्र	सञ्चालन चरणमा प्रत्येक वर्ष अप्रिल		
३	पानीको गुणस्तर	आयोजना स्थल भित्र र नजिक रहेका पानीका मुहानहरुको पानीको गुणहरु विधुतीय सुचालन, अम्लियपना, टर्बिडीटी, अमोनिया, क्लोराइड, फलाम	पानी नमूना र परीक्षण	बोरिङ्गको पानी	सञ्चालन चरणमा प्रत्येक वर्ष अप्रिल		

क्र.स.	मानक	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (रु.)	अनुगमन गर्ने निकाय
		नाईट्रेट -एन, टोटल हार्डनेस टोटल अल्कालिनीटि, क्याल्सियम, आदि					
४	दुषित पानी तथा फोहरमैला	ढल निकासीको संरचना, आयोजना क्षेत्रका बासिन्दामा परेको प्रभाव	स्थलगत अध्ययन, अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण तथा सञ्चालन चरणमा ६ - ६ महिनामा		
५	विपद व्यवस्थापन प्रणाली	विपद सम्वन्धी सञ्चालन गरिएका तालिमको संख्या, आयोजनाका भवनमा विपद न्यूनीकरणका उपायहरुको जडान	स्थलगत अवलोकन कर्मचारीसँगको अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण चरणमा वर्षको २ चोटी		प्रस्तावक, व.वा.म.
६	आयोजनाको सहायक सुविधाहरूको पुनः स्थापना	आयोजनाको सहायक सुविधाहरू रहेको स्थलको सफाई, फोहोरमैलाको व्यवस्थापन, वृक्षारोपण गरिएको विरुवाहरुको संख्या र प्रजाति	स्थलगत अवलोकन	आयोजना कार्यालय	निर्माण कार्यको अन्त्यमा		प्रस्तावक, व.वा.म.
७	नयाँ रोजगारी र व्यवसाय	स्थानीयहरुको आयआर्जनको श्रोत	छलफल र अन्तरक्रिया	आयोजना क्षेत्र	हरेक २ बर्षमा एक पटक		

नोटः १. आवश्यकता अनुसार अन्य निकायहरु (व.वा.म./का.म.न.पा./सरोकारावाला संघ संस्था) ले पनि अनुगमनकारी निकायको भूमिका खेल्नेछन् ।

२. अनुगमन खर्च BoQ मा समावेश गरिएको छैन, आवश्यकता अनुसार प्रस्तावकले कार्यालय सञ्चालन लागतबाट व्यवस्था मिलाउने)।

९.६ अनुगमनको लागत अनुमान

वातावरण संरक्षण नियमावलीको नियम ४५ को उपनियम (१) अनुसार प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा हरेक ६/ ६ महिनामा स्वः अनुगमन गरी सोको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नेछ। प्रस्तावक आँफैमा स्वः अनुगमनका मानवश्रोत, उपकरण, प्रयोगशाला परीक्षण लगायतका सुविधा उपलब्ध हुन नसकेको अवस्था परामर्शदाता मार्फत वातावरणीय अनुगमन योजना प्रतिवेदन तयार गरिनेछ। यस आयोजनाको निर्माण अवधिभर प्रत्यक वर्ष २ चोटी (६-६ महिनामा) स्वःअनुगमन गरी छुट्टा-छुट्टै अनुगमन प्रतिवेदन तयार गरिनेछ। यस वातावरणीय अनुगमन योजनामा स्व-अनुगमनको लागि आवश्यकता अनुसार प्रस्तावकले कार्यालय सञ्चालन लागतबाट व्यवस्थापन गर्नेछ।

परिच्छेद -१०

वातावरणीय परीक्षण

बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७ को दफा ९ को उपदफा (१) बमोजिम प्रस्तावकले आयोजना सञ्चालन भएको दुई वर्ष भुक्तान भएको मितीले ६ महिना भित्र आयोजना सञ्चालनले पारेको प्रभाव, न्यूनीकरण उपायहरुको प्रभावकारिता तथा न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रभाव उत्पन्न भएमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी वातावरीय प्रतिवेदन स्वीकृत गर्ने निकायमा पेश गर्नु पर्ने व्यवस्था गरेकोछ। थप, दफा ९ उपदफा (२) ले वातावरीय प्रतिवेदन स्वीकृत गर्ने निकायमा पेश भएको वातावरणीय परीक्षण प्रतिवेदनमा आवश्यक अध्ययन गरी वातावरणीय प्रभाव निराकरणको लागि प्रस्तावकलाई थप आदेश दिन सक्ने छ र सो आदेशको प्रस्तावकले पालान गर्नु पर्दछ। वातावरणीय परीक्षणमा वातावरणीय मूल्याङ्कनको अनुसारको भैसकेका र भैरहेका वातावरणीय कार्यहरुको प्रमाणित गर्न प्रयोग गरिन्छ। कुनै आयोजनाको वातावरणीय व्यवस्थापनको सन्दर्भमा, वातावरणीय प्रभावको परीक्षणले वास्तविक वातावरणीय प्रभावहरूको मूल्याङ्कन गरी वातावरणीय प्रभाव न्यूनीकरण उपायहरूको पूर्वानुमान र प्रभावकारिताको मूल्याङ्कन गर्दछ वातावरणीय परीक्षणले पूर्व निर्माण, निर्माण र सञ्चालन चरणको अनुगमन संयन्त्रको कार्यक्षमताको पनि मूल्याङ्कन गर्दछ।

वातावरणीय परीक्षण प्रतिवेदनमा निम्न कुराहरु समावेश गरिएको हुनेछ :

- आयोजना कार्यान्वयन हुनुभन्दा पहिले र निर्माण कार्य पूरा भएपछि प्राकृतिक, सामाजिक र आर्थिक स्रोतहरूको अवस्था,
- वा.प्र.मू. द्वारा पूर्वानुमानित प्रभावहरू भए-नभएको यकिन गरी सो प्रभावहरूको सीमा यकिन गर्ने
- प्रतिकूल प्रभावहरू नियन्त्रण गर्न वा लाभदायक प्रभावहरू बढाउन लागू हुने उपायहरु प्रभावकारी छ कि छैन भनेर मूल्याङ्कन गर्ने
- सबै विशिष्ट पक्षहरू जस्तै बिग्रन व्यवस्थापन, उत्खनन, स्थानीय अर्थव्यवस्था, पुनर्स्थापना र आयोजनाहरूको कार्यान्वयनप्रति सामाजिक मनोवृत्ति, आदि वातावरणीय परीक्षण गर्दा सम्बोधन गरिनेछ।

वातावरणीय परीक्षणको उद्देश्य प्राप्त गर्नको लागि यस आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा देहाय अनुसार हुनेछ ।

तालिका १०.१: वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

अध्याय १	कार्यकारी सारांश
अध्याय २	परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि यो अध्यायमा समावेश गरिनेछ। साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित ताख्यांक तथा विवरण पनि समावेश गरिनेछ ।
अध्याय ३	परीक्षणको पूर्ण विवरण
अध्याय ४	आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाब तथा सुधारात्मक कार्य
अनुसूची	सम्बन्धित तथ्याङ्क र विवरण
परीक्षण गर्ने समुहमा समावेश हुनु पर्ने जनशक्ति प्राविधिक	प्रस्तावसँग विषय मिल्ने विज्ञ
	वातावारण विज्ञ
	सामाजिक, आर्थिक, सांस्कृतिक विज्ञ
	प्रस्तावको क्षेत्र, किसिम र यसले परेको प्रभावको गम्भीर्यताको आधारमा थप अन्य विज्ञ

वातावरणीय परीक्षणको लागि चेकलिष्ट	
१. भौतिक पक्ष	

क्र.स.	विवरण	आयोजनाको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खस प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत
१.	वायुको गुण							
	पानीको गुण							
	ध्वनिको मात्र							
	भूउपयोग							

	जल स्रोत							
२. जैविक पक्ष								
	वन जङ्गल							
	रुख र वनस्पति							
	वन्यजन्तु							
	गैर-काष्ठ							
	माछा							
	दुर्लभ प्रजाति							
३. सामाजिक आर्थिक तथा सांस्कृतिक पक्ष								
	शिक्षा							
	कृषि							
	रोजगारी							
	बसाइ सराइ							
	स्वास्थ्य र सरसफाइ							
	वातावरणीय सौन्दर्यता							
	लैङ्गिक सवाल							
	धार्मिक तथा सांस्कृतिक स्थिति							
	सामाजिक स्थिति							

परिच्छेद -११

निष्कर्ष तथा प्रतिबद्धता

११.१ निष्कर्ष

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका, वडा नं. ६, महाँकालमा ए.के. रेसिडेन्सी आयोजनाको प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि., काठमाडौं महानगरपालिका -६, बौद्ध, काठमाडौँ जिल्ला रहेको छ। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन परामर्शदाता संस्था ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौं रहेको छ।

प्रस्तावित ए.के. रेसिडेन्सी आयोजना काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ६, महाँकालमा प्रस्ताव गरिएको छ । यस आयोजनाको लागि प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि. ले प्रस्तावकको नाममा दर्ता कायम रहेको काठमाडौँ महानगरपालिका - ६, महाँकाल स्थित साविक का.म.न.पा. (चावहिल), वार्ड नं. ६, कित्ता नं. २८८, १६८, १३५,१३६, १०७, ९७, १८७, ३३१, ९०, १३९, १३८, ३७, ३८, १३७, १९०, ९८, ६८४, ६७४, ६७६, ६८३, ७६६, ५२२, २२१, ७८५, १७४ र ५२३ (क्षेत्रफल ६९६७.४२ वर्गमिटर, १३-११-०-२.१६) जमिनमा १ वटा बहुतले आवासीय भवन निर्माण गर्नेछ । यस आयोजना अन्तर्गत बन्ने भवन तल्लो वेशमेन्ट र माथिल्लो वेशमेन्ट बाहेक १३ तलाको हुनेछ भने वेशमेन्ट बाहेक जम्मा तलाहरुको क्षेत्रफल ३१,०२४.८४ वर्गमिटर हुनेछ। यस्तै, भवनहरुले जमिनमा २४०१.४ वर्ग मिटर (३४.७%) क्षेत्रफल ओगटनेछ भने भवनको तला - क्षेत्रफल अनुपान (Floor Area Ratio) ४.४५ हुनेछ । यस आयोजना अन्तर्गत जम्मा १७९ वटा आवासीय इकाईहरु हुनेछन्। यस आयोजनाको ३ वर्षको निर्माण चरणको लागि दैनिक १२६ जना दक्ष जनशक्ती तथा २६८ जना अदक्ष/ज्यामी जनशक्तिले रोजगारीको अवसर पाउने छन्। निर्माण अवधिमा, निर्माण कार्यमा संलग्नको माग पूरा गर्न विभिन्न प्रकारका व्यावसायिक गतिविधिहरू सञ्चालनमा आउँदछन्। आयोजनाको निर्माण सम्पन्न पश्चात सुविधा सम्पन्न १७९ वटा आवासीय इकाईहरु उपलब्ध हुनेछ। आयोजनाको ल्याण्डस्केपिङ्गको क्रममा डिजाइन अनुसार अत्याधुनिक र आकर्षक भवन निर्माण हुने तथा सुन्दर रङ-रोगन गरिने भएकाले समग्र आयोजना क्षेत्रको सुन्दरता बढाउछ।

प्रस्तावित आयोजना निर्माणका कारण भौतिक वातावरणमा केही प्रतिकूल असर पर्ने छन् जस्तैः भुमिगत पानीको ह्रास, जल प्रदूषण, फोहरको कारण हुने असर, धुलो र ध्वनि प्रदूषण, आदि रहेका छन्। यसै गरी सामाजिक-आर्थिक वातावरणमा पर्ने प्रभावहरुमा पेशागत स्वास्थ्य सुरक्षा, दुर्घटनाको सम्भावना र फोहर व्यवस्थापन आदि रहेका छन्। यस्तै, आयोजना स्थलमा रहेका

सार्वजनिक-भौतिक संरचनाहरुको व्यवस्थापन, प्रकोप व्यवस्थापन, शान्ति सुरक्षाका सवाल पनि आयोजना निर्माण र सञ्चालन चरणमा देखिनेछन्। सबै पहिचान भएका महत्त्वपूर्ण प्रभावहरूलाई ध्यानमा राखी न्यूनीकरण उपायहरूलाई प्रस्ताव गरिएको छ र जुन प्रस्तावक र निर्माण व्यवसायी मिलेर कार्यान्वन गरिनेछ।

प्रस्तावकले आयोजनाको निर्माण, नियमित सञ्चालन र मर्मत-सम्भारको लागि एक आयोजना कार्यालय गठन गर्नेछ। यस आयोजना भित्र रहने भवनहरु लगायत अन्य संरचनाहरु निर्माण, नियमित सञ्चालन र मर्मत-सम्भार कार्य गर्नेछ। वातावरणीय व्यवस्थापन इकाईमा प्रस्तावकको तर्फबाट वातावरण विज्ञको नेतृत्व रहने गरी पेशागत स्वस्थ्य र सुरक्षा विज्ञ, इन्जिनियर तथा समाजशास्त्री सम्मिलित बातावरणीय व्यवस्थापन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्नेछन्। यस इकाईले निर्माण चरणमा स्थानीय तथा सरोकारवालाहरुको गुनासो सम्बोधन गरी निर्माणकार्यलाई सहजिकरण गर्नेका साथै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएका न्यूनीकरणका उपायहरु लागु गरे/नगरेको अनुगमन गर्नेछ।

अनुगमन स्थापित मूल्य-मान्यता तथा विभिन्न सूचकहरुको आधारमा पारदर्शी र विश्वसनीय ढङ्गले गरिनेछ। प्रस्तावकले आयोजनाको निर्माण, नियमित सञ्चालन र मर्मत-सम्भारको लागि एक आयोजना कार्यालय गठन गर्नेछ। यस कार्यालय अन्तर्गत वातावरणीय व्यवस्थापन इकाई स्थापना गरी वातावरणीय व्यवस्थापन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ।

यस आयोजनाको प्रतिकूल/लाभदायक प्रभावको लागि वातावरणीय व्यवस्थापन कार्यको लागि ने.रू ३७,००,०००।— अनुमान गरिएको छ भने वातावरणीय अनुगमन कार्यको लागि आवश्यकता अनुसार प्रस्तावकले कार्यालय सञ्चालन लागतबाट व्यवस्थापन गर्नेछ।

शहरबासीहरू व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुने साथै खुल्ला क्षेत्र, पर्याप्त खानेपानीको व्यवस्था, फोहोर व्यवस्थापन प्रणाली तथा सरसफाई, व्यवस्थित ऊर्जा वितरण उपलब्ध गराएर व्यवस्थित सुरक्षित बसोबासको लागि अवसर सिर्जना गरी कोलाहाल र प्रदूषण मुक्त तथा सफा र सुबिधासम्पन्न आवास सुविधामा बस्न चाहने इच्छुक परिवारहरूलाई यस आयोजनाले सुविधा सम्पन्न अपार्टमेन्ट/ आवास स्थल प्रदान गर्दछ। यसैले, प्रस्तावित आयोजना निर्माण गर्दा हुने अनुमान गरिएका सम्भावित वातावरणीय प्रभावहरुको (तथा हाल अनुमान नगरिएका प्रभावहरु समेत) न्यूनीकरण गरी निर्माण गर्नु उपयुक्त देखिन्छ। यस आयोजनाको लागि अन्य वातावरणीय अध्ययनको आवश्यक पर्दैन।

११.२ प्रस्तावकको प्रतिबद्धता

- यस आयोजना मार्फत निर्माण हुने भवन लगायत अन्य संरचनाहरु काठमाडौं महानगरापलाकबाट नक्सा पास भए पश्चात मात्रै निर्माण गरिनेछ।
- आयोजनाबाट निष्कासित फोहोरमैलाको व्यवस्थापन फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम गरिनेछ।
- आयोजनाबाट निष्कासित फोहोर पानी तथा तरल पदार्थ फोहोर पानी प्रशोधन केन्द्रबाट प्रशोधित भई मापदण्ड पूरा गरेर मात्रै सार्वजनिक ढल निकासमा विसर्जन गरिनेछ ।
- आयोजनामा विपद् व्यवस्थापन योजना तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रष्ट देखिने गरी राखिनेछ। त्यस्तै, आगो नियन्त्रक प्रणालीलाई चुस्तदुरुस्त राखिनेछ। आयोजनाका कर्मचारी तथा अन्य जनशक्तिलाई विपद् व्यवस्थापनको लागि (आगजनी, भूकम्प, हुलदंगा) र आपत्कालीन उद्दार तथा उपचार गर्न प्रभावकारी विधिको कार्य योजना बनाई सो सम्बन्धी अभिमुखीकरण तालिम दिइनेछ। आयोजनाले सो कार्यको लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी दिइनेछ ।
- आयोजनाले सबैले देख्ने स्थानमा उजुरी पेटिका राख्नेछ । त्यस्तै, जनगुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी तोकी पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराइनेछ।
- आयोजनाको प्रस्तावकले यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएका सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभावहरु न्यूनीकरण गर्ने उपायहरु र वातावरणीय व्यवस्थापन योजना अक्षरस पालना गर्नेछ।

सन्दर्भ सामाग्री

- खा.स.म. (२०७९ वि.सं.): "*खानेपानी गुणस्तर मापदण्ड*", खानेपानी तथा सरसफाई मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- ना.वि. (१९९६ सन्): "*नेपालको भू-आकृति नक्सा*", नापी विभाग, काठमाडौं, नेपाल।
- ने.स (२०५० वि.सं.): " राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका", नेपाल सरकार, काठमाडौं, नेपाल।
- ने.स (२०७६ वि.सं.): *"वातावरण संरक्षण ऐन"*, नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- ने.स (२०७७ वि.सं.): *"वातावरण संरक्षण नियमावली"*, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- रा.त.का. (२०७८ वि.सं.): *"राष्ट्रिय जनगणना"*, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौं, नेपाल ।
- श.वि.म. (२०७७ वि.सं.): "नेपाल राष्ट्रिय भवन संहिता: NBC: १०५: २०२०, नेपाल भूकम्प प्रतिरोधी भवन निर्माण ढाँचा (डिजाइन)", शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल ।
- व.वा.म. (२०७५ वि.सं.): "*वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो*", वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ, नेपाल ।
- ADB (2012 AD): "*Status of Solid Waste Management in 58 Municipalities of Nepal*". Asian Development Bank.
- DUDBC (2003 AD): "*Nepal National Building Code NBC 208: 2003 (Sanitary and Plumbing Design Requirements)*", Department of Urban Development and Building Construction, Babar Mahal, Kathmandu, Nepal.
- PMEU (2023 AD): "*Wages Rate for Professional and Supporting Staff for Consulting Service*", Planning, Monitoring and Evaluation Unit, Department of Roads, Babarmahal, Kathmandu .

<u>वेबसाइट:</u>

- https://cites.org/eng/app/appendices.php (Accessed March 22, 2026)
- https://www.iucnredlist.org/ (Accessed March 22, 2026)
- https://dnpwc.gov.np/en/aves/ (Accessed March 22, 2026)
- https://dnpwc.gov.np/en/mammals (Accessed March 22, 2026)

अनुसूची

अनुसूची १: स्वीकृत कार्यसूची र पत्र

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:- २०८२।०८३

मितिः २०८२/१०/११

चलानी नम्बर:- ६४०

विषयः ए. के. रेसिडेन्सी आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची *स्वीकृत गरिएको बारे ।*

श्री शेर्पा डेभेलपर्स प्रा.लि.
बौद्ध, काठमाडौं महानगरपालिका-६, काठमाडौं।

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति, काठमाडौंको प.सं. ०८२/०८३ च.नं. १८ मिति २०८२/०९/०९ को पत्रानुसार पेश भएको शेर्पा डेभेलपर्स प्रा.लि., बौद्ध, काठमाडौं महानगरपालिका-६, काठमाडौं प्रस्तावक रहेको ए. के. रेसिडेन्सी आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची उपर कारबाही हुँदा प्रस्तावकबाट प्राप्त परिमार्जित (सुधार गरी पुनः पेश गरिएको) क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची बागमती प्रदेशको वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (१) बमोजिम बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८२/१०/११ को निर्णयानुसार स्वीकृत गरिएको व्यहोरा अनुरोध छ। साथै, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा तपसिल बमोजिमका शर्तहरु अनिवार्य पालन गर्नुहुन समेत अनुरोध छ। स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची थान १ (एक) यसैसाथ संलग्न छ।

शर्तहरुः

१. वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनका क्रममा कुनै नयाँ थप वातावरणीय सवाल पहिचान हुन गएमा तिनलाई समेत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा सम्बोधन गर्नुपर्नेछ ।
२. वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनका क्रममा गरिने सार्वजनिक सुनुवाईमा उपस्थित सरोकारवाला व्यक्ति/संस्थाको उपस्थिति र हस्ताक्षर सहितको माईन्यूटिङ तयार गरी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
३. वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन तथा प्रतिवेदन तयारीका क्रममा सम्बन्धित स्थानीय तहबाट लिइने सिफारिस सार्वजनिक सुनुवाई पश्चातको मितिको हुनुपर्ने तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ अनुसूची - १४ को ढाँचा वमोजिम हुनुपर्नेछ ।
४. प्रस्तावित आयोजना निर्माणको लागि आवश्यक पर्ने कामदार शिविर, Stock piling site, Spoil disposal site सम्बन्धमा विस्तृत रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।
५. प्रस्तावित आयोजना संचालनको चरणमा पर्ने प्रभाव जस्तै Solid/Liquid waste /Hazard waste management, Disaster Risk Reduction (DRR) Plan को सन्दर्भमा विस्तृत रुपमा उल्लेख गरी सोको लागि निराकरण/न्यूनीकरणका उपाय वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।
६. प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बागमती प्रदेशको वातावरण संरक्षण ऐन, २०७७ तथा नेपाल सरकारको वातावरण संरक्षण नियमावली, २०७७ मा भएका व्यवस्थाहरुको पूर्ण पालना गरी पेश गर्नुपर्नेछ ।

२०८२/१०/१९

.....

रमेश न्यौपाने
वातावरण निरीक्षक

बोधार्थः

श्री जिल्ला समन्वय समिति, काठमाडौं ।

मिति २०८२।१०।१९ को
श्रीमान् सम्बिधनीय निर्णयानुसार स्वीकृत

वागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (१) सँग सम्बन्धित

ए.के. रेसिडेन्सी आयोजनाको

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

काठमाडौं महानगरपालिका, वडा नं. ६, महाँकाल

काठमाडौं जिल्ला, वागमती प्रदेश

पेश गरिने निकायको नाम र ठेगाना

वागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा नेपाल

फोन नं. : ०४७-५२५६१७

ईमेल : mofe@bagamati.gov.np

मार्फत

जिल्ला समन्वय समितिको कार्यालय

बबरमहल, काठमाडौं

प्रस्तावक

शेर्पा डेभलपर्स प्रा.लि.

काठमाडौं महानगरपालिका -६, बौद्ध, काठमाडौं जिल्ला

फोनः ०१-४५३३८५६

ईमेलः sherpadevelopers23@gmail.com

माघ, २०८२

विषय सूची

विषय सूची i

तालिकाहरुको सूची v

चित्रहरु तथा नक्साहरुको सूची vi

अनुसूचीहरुको सूची vii

संक्षीकरणको सूची (नेपाली) viii

संक्षीकरणको सूची (अङ्ग्रेजी) x

परिच्छेद १ ..... १

पृष्ठभूमि १

१.१ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना १

१.२ भूमिका १

१.३ प्रस्तावकको नाम र ठेगाना २

१.४ प्रत्याचार गर्ने पुर्ण ठेगाना २

१.५ परामर्शदाताको नाम र ठेगाना २

१.६ कार्यसूचीको उद्देश्य २

१.७ वातावरणीय प्रभाव मुल्याङ्कनको उद्देश्य ३

१.८ वातावरणीय प्रभाव मूल्यांकनको औचित्य ३

परिच्छेद २ ..... ६

प्रस्तावको बारे जानकारी ६

२.१ प्रस्तावको सामान्य जानकारी ६

२.२ प्रस्तावको सान्दर्भिकता ७

२.३ अवस्थिति र पहुँच ८

२.४ प्रकृति/ किसिम १२

२.५ संरचनाको जानकारी र अवयव १२

२.५.१ संरचनाको जानकारी १२

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

२.५.२ डिजाइन र अन्य अवयव..... १५
२.६ आयोजना सम्बन्धि क्रियाकलाप..... १८
२.७ निर्माण योजना १९
२.८ आयोजनाको लागि आवश्यकता २१
२.८.१ आवश्यक जग्गा..... २१
२.८.२ आयोजनालाई आवश्यक पर्ने जनशक्ति..... २१
२.८.३ आवश्यक पर्ने निर्माण सामग्रीहरु..... २१
२.८.४ प्रयोग हुने उर्जा, स्रोत, खपत हुने परिमाण..... २२
२.८.५ निर्माण प्रविधि..... २३
२.८.६ आयोजनाको लागि आवश्यक पर्ने पानी..... २३
२.९ आयोजनाको सहायक सुविधाहरु निर्धारण..... २४
२.१० आयोजनाको प्रभाव क्षेत्र निर्धरण..... २५
परिच्छेद ३..... २७
प्रतिवेदन तयार गर्दा अपनाईने विधि..... २७
३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क..... २७
३.१.१ भौतिक तथा रासायनिक वातावरण..... २७
३.१.२ जैविक वातावरण २८
३.१.३ सामाजिक, आर्थिक तथा सौस्कृतिक वातावरण..... २८
३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाईने विधि..... २९
३.२.१ चेकलिस्ट तयारी..... २९
३.२.२ सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन र व्यक्तिहरुको अध्ययन..... २९
३.३ स्थलगत अध्ययन..... ३०
३.३.१ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य..... ३१
३.३.२ जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य..... ३२
३.३.३ सामाजिक- आर्थिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य..... ३३
३.४ सार्वजनिक सुनुवाई तथा सार्वजनिक सूचना र राय / सुझाव..... ३४

३.५ तथ्याङ्कको विश्लेषण ३५
३.६ प्रतिवेदन तयारी ३७
परिच्छेद ४ : प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता ३८
४.१ नेपालको संविधान ३८
४.२ प्रस्तावसँग सम्बन्धित नीति तथा रणनीतिहरु ३८
४.३ प्रस्तावसँग सम्बन्धित आवधिक योजना ३८
४.४ प्रस्तावसँग सम्बन्धित ऐनहरु ३८
४.५ प्रस्तावसँग सम्बन्धित नियमहरु ३९
४.६ प्रस्तावसँग सम्बन्धित निर्देशिका, दिग्दर्शनहरू तथा कार्यविधी ४०
४.७ प्रस्तावसँग सम्बन्धित वातावरणीय र अन्य मापदण्डहरू ४०
४.८ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता ४१
परिच्छेद ५ ..... ४२
प्रतिवेदन तयार गर्दा लाग्ने समय, बजेट तथा जनशक्ति ४२
५.१ समय ४२
५.२ अनुमानित बजेट ४४
५.३ विज्ञ जनशक्ति ४४
परिच्छेद ६ ..... ४५
प्रथामिकरण गरिएका सवाल ४५
६.१ सरोकारवालाले उठाएका सवाल ४५
६.२ अध्ययन दलले देखेका सवाल ४५
६.३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न प्राथमिकीकरण गरीएका सवाल ४८
६.४ सरोकारवालाले उठाएका तर प्राथमिकिकरणमा नपरेका सवाल हटाउनुको औचित्य ५१
परिच्छेद ७ ..... ५२
विश्लेषण ५२
७.१ प्रभावको वर्गिकरण र तह निर्धारण ५२

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

७.१.१ प्रभावको वर्गिकरण ५२
७.१.२ प्रभावको महत्व ५३
७.२ प्रभाव पहिचान, आकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन ५४
परिच्छेद ८ ..... ५७
विकल्प ५७
परिच्छेद ९ ..... ५८
प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषय ५८
परिच्छेद १० ..... ६०
वातावरणीय व्यवस्थापन योजना ६०
परिच्छेद ११ ..... ६२
अनुगमन योजना ६२
परिच्छेद १२ ..... ६५
वातावरणीय परीक्षण ६५

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

तलिकाहरुको सूची

तालिका १: वातावरण संरक्षण ऐन २०७७ मा भएको व्यवस्था र आयोजनाको विशेषताको तुलनात्मक तालिका ४
तालिका २: आयोजनाको प्रमुख विशेषताहरु १२
तालिका ३: आयोजनाको निर्माण तालिका २०
तालिका ४: आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु २१
तालिका ५: आयोजनालाई आवश्यक इन्धनको विवरण २२
तालिका ६: आयोजनाको प्रभाव क्षेत्र निर्धारण २६
तालिका ७: पेट्रोलियम पदार्थको खपतबाट हुने कार्बन उत्सर्जनको रुपान्तरण तालिका ३५
तालिका ८: पानीको गुणहरु र मापन विधि ३६
तालिका ९: प्रतिवेदन तयार गर्न लाग्ने समय ४२
तालिका १०: प्रस्तावित वातावरणीय प्रभाव मूल्यांकनको टोली संरचना ४४
तालिका ११: प्राथमिकीकरण गरीएका सवालहरु ४८
तालिका १२: प्रभाव मूल्याकन मेट्रिक्स ५३
तालिका १३: प्रभावको महत्व ५३
तालिका १४: प्रभाव पहिचान, आंकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन ५४
तालिका १५: अनुकूल प्रभाव अधिकतम तथा प्रतिकूल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी ५९
तालिका १६: वातावरणीय न्यूनीकरण र अभिवृद्धिका उपायहरुको लागतको सारांश ५९
तालिका १७: वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश हुने वातावरणीय व्यवस्थापन योजनाको खाका ६१
तालिका १८: वातावरणीय अनुगमन ६४
तालिका १९: वातावरणीय परीक्षणको खाका ६६

चित्रहरु तथा नक्साहरुको सूची

चित्र १: विद्यमान आयोजना निर्माण स्थल..... ७
नक्सा १: काठमाडौं महानगरपालिकाको खड़ा नक्सामा प्रस्तावित आयोजना स्थल..... ९
नक्सा २: टोपोग्राफिक नक्सामा प्रस्तावित आयोजना स्थल १०
नक्सा ३: आयोजना क्षेत्रको गुगल अर्थ नक्सा..... ११

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

अनुसूचीहरुको सूची

अनुसूची १: वातावरणीय अध्ययनको चेकलिष्ट
अनुसूची २ : समूहगत छलफलका विषयहरु
अनुसूची ३: सार्वजनिक सुचना तथा सिफारिस पत्रको ढाँचा
अनुसूची ४: निर्माण कार्यका कारण हुन सक्ने क्षति सम्बन्धी त्रिपक्षीय सम्झौताको ढाँचा
अनुसूची ५: आयोजनासँग सम्बन्धित कागजातहरु
अनुसूची ६: आयोजनासँग सम्बन्धित डिजाइन र नक्सांकन
अनुसूची ७: अध्ययन क्रममा खिचिएका तस्विरहरु
अनुसूची ८: अध्ययनमा संलग्न विज्ञको स्वःघोषण र बायोडाटा
अनुसूची ९: क्षेत्र निर्धारण र कार्यसूचीमा प्राप्त राय-सुझावहरु सो को सम्बोधन

संक्षेपीकरणको सूची (नेपाली)

आ.व.		आर्थिक वर्ष
एफ.एम.	:	फ्रिक्वेन्सी मोडुलस
का.म.न.पा	:	काठमाडौं महानगरपालिका
कि.मि.	:	किलो मिटर
कि.वा.घ.	:	किलो वाट घण्टा
के.जि.	:	किलो ग्राम
के.वा.	:	किलो वाट
के.वा.घ.	:	किलो वाट घण्टा
ग्रा.	:	ग्राम
घ.मि.	:	घन मिटर
नं.	:	भम्वर
ना.वि.	:	नापी विभाग
ने.स.		नेपाल सरकार
प्रा. लि.	:	प्राइभेट लिमिटेड
वि.सं.	:	विक्रम सम्वत्
म.न.पा.	:	महानगरपालिका
मा.ग्रा.	:	माइक्रो ग्राम
मि.	:	मिटर
मि.ग्रा.	:	मिलि ग्राम
मि.मि.		मिलि मिटर
मि.लि.	:	मिलि लिटर
मु.अ.क.	:	मूल्य अभिवृद्धि कर
रा.त.का.		राष्ट्रिय तथ्याङ्क कार्यालय
रु.	:	रुपैयाँ
लि.	:	लिटर
व.मि.	:	वर्ग मिटर
व.वा.म.		जल तथा वातावरण मन्त्रालय
वा.प्र.मू.		वातावरणीय प्रभाव मूल्याङ्कन

SHERPA DEVELOPERS Kathmandu, Nepal
Green Valley

वा.वि.		वातावरण विभाग
से.मि.	:	सेन्टीमिटर
"	:	सेकेण्ड
%	:	प्रतिशत
'	:	मिनेट
<	:	भन्दा कम
<	:	भन्दा कम
°	:	डिग्री

संक्षेपीकरणको सूची (अङ्ग्रेजी)

CCTV	:	Closed-circuit television
Cd	:	Cadmium
CITES	:	Convention on International Trade in Endangered Species of Wild Fauna and Flora
dB(A)	:	A-weighted decibel
DLP	:	Defects liability period
F	:	Fluoride
g	:	acceleration due to gravity
GIS	:	Geographical Information System
H	:	Height
HC	:	Hydrocarbon
Hg	:	Mercury
ILO	:	International Labour Organization
IUCN	:	International Union for Conservation of Nature
LC	:	Least Concern
Leq	:	Equivalent Continuous Sound Level
LPG	:	Liquidified Petroleum Gas
Ltr	:	Liter
m.	:	Meter
mm	:	Mili meter
NBC	:	Nepal National Building Code
no.	:	Number
NO2	:	Nitrogen Dioxide
NTU	:	Nephelometric Turbidity unit
PM	:	Particulate Matter
PM10	:	Particulate matter with a diameter of10 micrometers or less
PM2.5	:	Particulate matter with a diameter of 2.5 micrometers or less
PSTP	:	Packaged Sewage Treatment Plant
PWTS-AM	:	Package Wastewater Treatment System with Anaerobic treatment
RCC	:	Reinforced Cement Concrete
S	:	sulphur
Se	:	Selenium
TCU	:	true colour units
Zn	:	Zinc
µg/m³	:	micrograms per cubic meter
µs/cm	:	microSiemens per centimeter
3R	:	Three R (Reduce, Reuse and Recycle)
Ø	:	Diameter
"	:	Second

परिच्छेद १

पृष्ठभूमि

१.१ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

यस कार्यसूची तयार गर्ने संस्था प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि., काठमाडौं महानगरपालिका - ६, चौढ, काठमाडौंको तर्फबाट परामर्शदाता ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौंले तयार गरेको छ।

१.२ भूमिका

सन् २०२४ मा FRTC ले प्रकाशन गरेको National Land Cover Monitoring System of Nepal, २०२०-२०२२ अनुसार सन् २०२२ मा वन ४३.३८%, कृषि जमिन २२.५९%, घाँसे मैदान १४.७१%, हिउँ (snow and glacier) क्षेत्र ६.९७%, चट्टान क्षेत्र ५.२४%, बस्तीवास र शहरी क्षेत्र ३.२३% र अन्य क्षेत्रमा ३.८८% रहेको छ । यस्तै, राष्ट्रिय जनगणना, २०७८ को अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जुन २०६८ को जनसंख्याको तुलनामा ८.२२% ले बढी रहेको छ । यस समयमा शहरी जनसंख्या ६३.१९% बाट ६६.०८% पुगेको छ (स्रोतः राष्ट्रिय वस्तुगरी तथा जनसंख्या सर्वेक्षण, २०७८) । बढ्दो जनसंख्या सँगै भवन निर्माण तथा पूर्वाधार विकासका गतिविधिहरूले पनि गति लिएको छ । विकास निर्माणको महत्त्वपूर्ण कार्यभार बोकेको काठमाण्डौं शहर अधिकांश व्यक्तिहरूको रोजाईको शहर रहेको र यही विकास पूर्वाधारहरूको निर्माणसँगै शहरीकरण र बजारीकरण बढ्दै गईरहेको छ ।

शहरीकरण सँगै जनसंख्याको अत्याधिक चापको कारणले जग्गाको मूल्यमा वृद्धि हुनुका साथै जग्गाको उपलब्धतामा कमी आउनाले शहरवासीहरू व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुन सक्ने आवास सुविधाबाट वञ्चित भईरहेको अवस्था छ । शहरीकरण सँगै आउने आधुनिक जीवनशैलीमा मिश्रित र बहुतले एकिकृत आवासीय भवन अत्यन्त महत्त्वपूर्ण छन्। पहिलो, ऐतिहासिक दृष्टिले आवासीय भवनहरू र व्यापारिक भवनहरूले शहरी वातावरणको संरचनात्मक सौन्दर्य र व्यवस्थापनमा सकरात्मक टेवा पुर्याउदछ भने दोस्रो यस्ता भवनहरूले इच्छुक व्यक्तिहरूको जीवनशैली र आवासको आवश्यकताहरूलाई पूरा गर्न सहयोग गर्दछ।

यस अवस्थालाई मध्यनजर गर्दै शेर्पा डेभलपर्स प्रा.लि. ले बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका, वडा नं. ६, महाँकालमा एउटा बहुतले आवासीय भवन आयोजना, ए.के. रेसिडेन्सी आयोजना, बनाउन प्रस्ताव गरेको छ। यस ए.के. रेसिडेन्सी आयोजना १३ रोपनी, ११ आना, ० दाम २.१६ पैसा (६,९६७.४२ वर्गमिटर) क्षेत्रफल रहेको निजि जमिनमा कार्यान्वयन हुनेछ । यस आयोजनामा १८४ वटा आवासीय ईकाइ हुनेछ । यस आयोजना

मार्फत प्रस्तावकले काठमाडौंको मूख्य शहरी क्षेत्रमा सुविधा सम्पन्न आवासीय ईकाइ उपलब्ध गराउनेछ ।

१.३ प्रस्तावकको नाम र ठेगाना

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ६, मञ्जौकालमा ए.के. रेसिडेन्सी आयोजनाको प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि., काठमाडौं महानगरपालिका -६, बौद्ध, काठमाडौं जिल्ला रहेको छ। त्यसैले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (वा.प्र.मू.) प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी शेर्पा डेभलपर्स प्रा.लि. को रहेको छ।

१.४ प्रवाचार गर्ने पुर्ण ठेगाना

प्रस्तावकको प्रत्राचार गर्ने पुरा नाम र ठेगाना निम्नानुसार रहेको छः

शेर्पा डेभलपर्स प्रा.लि.

काठमाडौं महानगरपालिका -६, बौद्ध, काठमाडौं जिल्ला

फोनः ०१-४५३३८५६

ईमेलः sherpadevelopers२३@gmail.com

१.५ परामर्शदाताको नाम र ठेगाना

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची प्रस्तावकको तर्फबाट ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौं ले तयार गर्ने सम्झौता भएको छ। सोही अनुसार परामर्शदाता संस्थाले यस कार्यसूची तयार गरेको छ। सेवा प्रदायक परामर्शदाता संस्थाको पुरा नाम र ठेगाना निम्नानुसार रहेको छः

ग्रिन भ्याली कन्सल्टयान्ट प्रा.लि., अनामनगर, काठमाडौं

फोनः ९८५१११७४३४

ईमेल : consultant.greenvalley@gmail.com

१.६ कार्यसूचीको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीको मुख्य उद्देश्य अध्ययन विधि तयार गरी वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययनलाई मार्गनिर्देश गर्ने रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीको विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य विधि, कानुनी आधार र सम्भावित वातावरणीय र सामाजिक सवालहरुको पूर्वचित्रण गरी समग्र अध्ययन प्रक्रियालाई मार्गनिर्देशन गर्ने,

- वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको गरिने गतिविधिहरूको सूचि र वर्णन गर्ने
- वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन समयसीमा भित्र काम पूरा गर्न प्राविधिक मार्गदर्शन प्रदान गर्ने
- वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि आयोजनाले वातावरणमा पर्न सक्ने सम्भावित असरहरूको सूची बनाउने
- वातावरणीय प्रभाव मूल्याङ्कनका लागि अध्ययन क्षेत्रको चित्रण गर्ने

१.७ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य यस आयोजनाको सम्भावित प्रभाव बारेमा प्रस्तावकलाई सूचित गर्ने र यी प्रभावहरू न्यूनीकरणका विभिन्न उपायहरू प्रस्ताव गरी आयोजनालाई वातावरण मैत्री बनाउने रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनको अन्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

- आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको विद्यमान अवस्थाको जानकारी सङ्कलन गर्ने;
- आयोजनाको लाभदायक र प्रतिकूल प्रभावहरू पहिचान गर्ने;
- लाभकारी प्रभावहरूको अभिवृद्धि तथा प्रतिकूल प्रभावहरूको न्यूनीकरणका उपायहरूको सुझाव दिने;
- वातावरणीय प्रभाव न्यूनीकरण उपायहरूको व्यवस्थापन योजना, अनुगमन योजना र वातावरणीय परीक्षण योजनाको विकास गर्ने;
- आयोजनाको विभिन्न विकल्पहरुको अध्ययन गरी उत्तम विकल्पको सुझाव दिने;
- आयोजनाको वातावरणीय प्रभावको बारेमा निर्णय निर्माताहरू र इच्छुक पक्षहरूलाई जानकारी दिने ।

१.८ वातावरणीय प्रभाव मूल्यांकनको औचित्य

बागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को अनुसूची ३ (दफा ३ को उपदफा (३) र दफा ४ को उपदफा (४) सँग सम्बन्धित) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव अन्तर्गत खण्ड (ङ) आवास, भवन तथा सहरी विकास र सहरी विकास क्षेत्रको उपखण्ड १) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने तथा उपखण्ड ६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने आयोजनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्दछ । प्रस्तावित आयोजना अन्तर्गत यस्ते भवनको तलाहरुको क्षेत्रफल ३१,०३७.७९ वर्गमिटर तथा आयोजना निर्माण चरणमा

दैनिक ४४,४०० लिटर र संचालन चरणमा दैनिक ७१,६०० लिटर पानीको आवश्यक पर्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धित रेहकाले वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची तयार गरिएको हो ।

तालिका १: वातावरण संरक्षण ऐन २०७७ मा भएको व्यवस्था र आयोजनाको विशेषताको तुलनात्मक तालिका

जागमती प्रदेश — वातावरण संरक्षण ऐन २०७७ मा भाएको व्यवस्था	**आयोजनाको विशेषता**	वा.प्र.मू. आकर्षिक हुने वा नहुने
१) अनुसूची - ३ (दफा ३ को उपदफा (३) र दफा (४) को उपदफा (८) सँग सम्बन्धित "वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव" को खण्ड (ङ) आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्र		
उपखण्ड (१) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,	तलाहरुको कुल ३१०३७.७९ वर्गमिटर	आकर्षिक हुने
उपखण्ड (६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,	निर्माण चरण- दैनिक ४४,४०० लिटर संचालन चरण —दैनिक ७१,६०० लिटर	आकर्षिक हुने

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (२) को खण्ड (ख) को "उपखण्ड (५) अनुसार सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन तथा उपखण्ड (६) अनुसार राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन" स्थानिय तहको अधिकार क्षेत्र हुने व्यवस्था रहेको छ। नेपाल सरकार, वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा २ (ग) बमोजिम स्थानिय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रदेश कानुनले तोकेको प्रदेश सरकारको निकाय समक्ष पेश गर्ने व्यवस्था रहेको छ। यस्तै, जागमती प्रदेश - वातावरण संरक्षण ऐन २०७७ को दफा ४ को उपदफा (२) खण्ड (ख) अनुसार स्थानिय तहसँग सम्बन्धित प्रस्तावकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा जिल्ला सम्मन्वय समितिको राय सहित मन्त्रालय समक्ष सिफारिसको लागि पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। यसै अनुरुप जागमती प्रदेश

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

- वातावरण संरक्षण ऐन २०७७ को दफा ६ को उपदफा (१) र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्विकृत गर्ने निकाय बागमती प्रदेश सरकार- वन तथा वातावरण मन्त्रालय रहेको छ।

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

परिच्छेद २

प्रस्तावको खरे जानकारी

२.१ प्रस्तावको सामान्य जानकारी

प्रस्तावित ए.के. रेसिडेन्सी आयोजना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६, महाँकालमा प्रस्ताव गरिएको छ । यस आयोजनाको लागि प्रस्तावक शेर्पा डेभलपर्स प्रा.लि. ले प्रस्तावकको नाममा दर्ता कायम रहेको काठमाडौं महानगरपालिका - ६, महाँकाल स्थित साविक का.म.न.पा. (घायहिल), वार्ड नं. ६, किल्ला नं. ९०, ३३१, १०७, १३५, १३६, ५२२, ६७४, ३७, ३८, १३७, ६८३, १७४, १३८, १३९, २२१, ७६६, १९०, ६७६, ६८४, ९८, ७८५, ५२३, ९७, १२७, १६८, १७१, १८७, ५२३ (क्षेत्रफल ६९६७.४२ वर्गमिटर, १३-११-०-२.१६) जमिनमा १ वटा बहुतले आवासीय भवन निर्माण गर्नेछ । यस आयोजना अन्तर्गत बस्ने भवन तल्लो बेशमेन्ट र माथिल्लो बेशमेन्ट बाहेक १३ तलाको हुनेछ भने बेशमेन्ट बाहेक जम्मा तलाहरुको क्षेत्रफल ३१,०३७.७९ वर्गमिटर हुनेछ। यस्तै, भवनहरुले जमिनमा २४१७.०० वर्ग मिटर (३४.६५%) क्षेत्रफल ओगटनेछ भने भवनको तला - क्षेत्रफल अनुपात (Floor Area Ratio) ४.४५ हुनेछ । यस आयोजना अन्तर्गत जम्मा १८४ वटा आवासीय ईकाइहरु हुनेछन्।

यस प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक भवन हुनेछ । आयोजनाको मुख्य प्रवेशद्वारमा सुरक्षाकर्मी कक्ष हुनेछ। यस्तै, भुई तलामा रिसेप्सन, कुरुवा स्थल, शौचालय, लबी, लगायतका सुविधाहरु रहने छन् । यस्तै, यस भवनमा आन्तरिक प्रयोजनको लागि ६ वटा सिढी र ४ वटा लिफ्ट तथा आपत्कालिन प्रयोजनको लागि १ वटा आपतकालिन बहिर्गमन सिढी हुनेछ। यस आयोजनाको कुल लागत रु. २,४३,०५,८०,९१० (मु.अ.क. बाहेक) रहने अनुमान गरिएको छ । यस भवन लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार सहितको भवन हुनेछ। प्रस्तावित आयोजना निर्माणस्थलमा हाल निनवटा साना आवासिय घर रहेका छन् भने बाँकी स्थान हाल खाली रहेको छ। निर्माणपुर्ण यी भवनहरु भत्काएर जमिन सम्माउने कार्य गरिनेछ। आयोजना मार्फत निर्माण हुने भवन लगायत अन्य संरचनाहरु सम्बन्धित निकायबाट (काठमाडौं महानगरपालिका, नगर कार्यापालिकाको कार्यालय) भवन निर्माणको लागि नक्सा स्वीकृत भए पश्चात मात्रै निर्माण गरिनेछ।



चित्र १: विद्यमान आयोजना निर्माण स्थल

२.२ प्रस्तावको सान्दर्भिकता

काठमाडौंमा बढ्दो शहरीकरणसँगै जनसंख्याको अत्याधिक चापको कारणले जग्गाको मूल्यमा वृद्धि हुनुका साथै जग्गाको उपलब्धतामा कमी आउनासे शहरबासीहरू व्यवस्थित, सुरक्षित र सुलभ मूल्यमा उपलब्ध हुन सक्ने आवास सुविधाबाट वञ्चित भईरहेको अवस्था छ । खुल्ला क्षेत्र, चौडा बाटो, मानिस पैदी, पर्याप्त खानेपानीको व्यवस्था, फोहोर व्यवस्थापन प्रणाली तथा सरसफाई, व्यवस्थित ऊर्जा वितरण उपलब्ध हुनुका साथै मापदण्ड अनुरूपको भवन तथा ढल निकास, हरियाली वातावरण तथा सामाजिक सुरक्षा आदि इत्यादि विशेषताहरूका कारण शहरी सुगम स्थलहरूमा बहुतले आवासीय भवनहरूको माग बढेको पाइन्छ । मानिसहरूको आवश्यकता तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दै शेर्पा डेभलपर्स प्रा.लि. ले बागमती प्रदेशको काठमाण्डौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६, महाँकालमा ए.के. रेसिडेन्सी आयोजना निर्माण तथा सञ्चालन गर्ने उद्देश्य राखेको छ । काठमाण्डौं महानगरपालिकको व्यवस्थित शहरीकरणको योजनालाई सार्थक बनाउँदै व्यवस्थित सुरक्षित बसोबासको लागि अवसर सिर्जना गर्ने, अव्यवस्थित शहरीकरण, कोसाहाल र प्रदूषण मुक्त तथा सफा र सुविधासम्पन्न आवास सुविधामा बस्न चाहने इच्छुक परिवारहरूलाई सुविधा सम्पन्न अपार्टमेन्ट बिक्रि गरी सुविधा सम्पन्न आवास स्थल प्रदान गर्ने भएकाले यस आयोजनाको सान्दर्भिकता रहेको छ।

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

२.३ अवस्थिति र पहुँच

यस आयोजना बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. - ६, महाँकालमा (२७°४३'३३.७०" उत्तरी अक्षांश, ८५°२१'३१.११" पूर्वी देशान्तर र समुन्द्र सतह देखि १३३० मि.) अवस्थित हुनेछ । आयोजना स्थलको पुर्व र उत्तरतर्फ निजि आवासहरु रहेका छन्, पश्चिम तर्फ जनकल्याण मा.वि. तथा दक्षिण तर्फ सडक (चावहिल-महाँकाल सडक) रहेको छ । आयोजना क्षेत्र घना वस्ती तथा व्यावसायिक क्षेत्रमा रहेको छ । आयोजना स्थल सम्म यातायात पहुँच सरल र सहज छ ।

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley



नक्सा १: काठमाडौं महानगरपालिकाको वडा नक्सामा प्रस्तावित आवोयना स्थल

(स्रोत: नापी विभाग, २०७६)

SHERPA DEVELOPERS
Kathmandu, Nepal

Green Valley



नक्सा २: टोपोग्राफिक नक्सामा प्रस्तावित आयोजना स्थल

(स्रोतः नापी विभाग, २०७६)



नक्सा ३: आयोजना क्षेत्रको गुगल अर्थ नक्सा

(स्रोत:गुगल अर्थ, २०२४, retrieved on 2025/10/10)

२.४ प्रकृति/ किसिम

प्रस्तावित आयोजना भवन निर्माण कार्यसँग सम्बन्धित रहेको छ । प्रस्तावित आयोजनाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले निर्धारण गरेको भवन निर्माण सम्बन्धी मापदण्ड र संहितालाई पूर्ण रुपमा पालना गर्दछ । भवन ऐन २०५५ को दफा ८ अनुसार यस आयोजना "क" वर्गको भवनमा (विकसित मुलकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इन्टरनेसनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवन) पर्दछ ।

२.५. संरचनाको जानकारी र अवयव

२.५.१ संरचनाको जानकारी

प्रस्तावित आयोजना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. - ६, महाँकालमा अवस्थित हुनेछ । यस आयोजना स्थलको ३४.६५ ४ (२४१७.० वर्गमिटर) भू-भागमा भवनको भौतिक पूर्वाधार निर्माण हुनेछन् भने ६५.३४ ४ (४५५९.४२ वर्गमिटर) भू-भागमा निर्माण कार्य हुनेछैन। यस निर्माण कार्य नहुने क्षेत्रमा हरियाली क्षेत्र, पार्किङ्ग क्षेत्र, पानी भण्डारण तथा वितरण क्षेत्र तथा सेट ब्याकले ओगट्ने छ। यस आयोजना अन्तर्गत एकवटा भवन (बेशमेन्ट र माथिल्लो बेशमेन्ट बाहेक १३ तला) तथा भवनको उचाई ४३.६० मिटर हुनेछ। यस प्रस्तावित भवनमा रिसेप्सन, जिम हल, सभा हल, स्टोर, ईलेट्रिकल रुम, शौचालय, लिफ्ट, सिढी, पार्किङ्ग, लगायत सुविधाहरु रहनेछन् । यस विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: आयोजनाको प्रमुख विशेषताहरु

विवरण	आयोजनाको मुख्य विशेषताहरु
आयोजनाको नाम	ए.के. रेसिडेन्सी आयोजना
आयोजना सञ्चालन हुने प्रदेश, जिल्ला, स्थानिय तह र वडा	बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. - ६, महाँकाल
भू-गर्भ	बलौटे ढुङ्गा (sandstone), माटेढुङ्गा (mudstone) र सङ्गुटिका (conglomerate)
माटो	बलौटे दोमट माटो, पागो दोमट माटो र चिम्टाईलो माटो
आयोजना सञ्चालन हुने जमिनको विवरण	का.म.न.पा. (पाबहिल), वार्ड नं. - ६, कित्ता नं. २८८, १६८, १३५, १३६, १०७, ९७, १८७, ३३१.९०, १३९, १३८, ३८, ३७, १२७, १९०, ९८, ६८४, ६७४, ६७६, ६८३, ७६६, ३९१, ५२२, १७१, १७४, क्षेत्रफल ६९६७.४२ वर्गमिटर (१३-११-०-२.१६)
जग्गाको स्वामित्व	शेर्पा डेभलपर्स प्रा.लि.

भवनको उचाई	प्रत्येक तलाको उचाई (Floor to floor height) - न्यूनतम ३.२ मि. Plint level - जमिनको सतह देखी ०.५ मि. माथि Plint level देखि भवनको उचाई — ४३.६ मि. जमिनको सतह देखी भवनको उचाई - ४४.१ मि.
Ground coverage	२४१७.० वर्गमिटर (३४.६५%)
Floor area Ratio	४.४५
खुला क्षेत्र र हरित क्षेत्र	खुला क्षेत्र — ४५५९.४२ वर्गमिटर (६५.३५%) हरित क्षेत्र — ९४१.८२ वर्गमिटर (१३.५०%)
सेट ब्याक	भवन देखी ६ मि. बेशमेन्ट देखि — ३ मि.
भवनको संख्या	१
स्लाबको (slab) प्रकार	Two ways
जगको किसिम (Type of foundation)	Pile Foundation
तलाहरुको क्षेत्रफल	३१,०३७.७९ (बेशमेन्ट बाहेक) (बेशमेन्ट सहित — ४२,००३.३१ वर्गमिटर)

तलाहरुको क्षेत्रफल र उचाई

तला नं	क्षेत्रफल (वर्गमिटर)	उचाई (मि.)
तल्लो बेसमेन्ट	५४८२.७६	३.६
माथिल्लो बेसमेन्ट	५४८२.७६	३.०
भुई तला	४२१७.०	४.०
पहिलो देखि दशौं तला	२४५१.८९	३.२
एघारौं तला	२४५१.८९	३.६
बाह्रौं तला	१६५०.०	३.६
जम्मा	३१०३७.७९ (बेशमेन्ट बाहेक)	४३.६ (बेशमेन्ट बाहेक)

भवनमा रहेने तला अनुसार एपार्टमेन्ट संख्या

तला नं	एपार्टमेन्टको प्रकार			जम्मा
	1BHK	2BHK	3BHK	
भुई तला	२	२	८	१२
पहिला तला	२	३	११	१६
दोस्रो तला	२	३	११	१६
तेस्रो तला	२	३	११	१६
चौथो तला	२	३	११	१६
पाचौं तला	२	३	११	१६

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

	छैठौं तला	२	१	११	१६
	सातौं तला		१	११	१४
	आठौं तला	२	३	११	१६
	नवौं तला	२	३	११	१६
	दशौं तला	२	३	११	१६
	एघारौं तला		३	११	१४
	जम्मा	२०	३५	१२९	१८४

आयोजनामा रहने मानिसहरुको संख्या	निर्माण चरण कामदार - दैनिक औसतमा ३९४ जना सञ्चालन जम्मा बस्ने मानिस: ७७६ जना (आयोजनामा बस्ने ६९६ जना र आगन्तुक ९८ जना।				
	एपार्टमेन्टको प्रकार	1BHK	2BHK	3BHK	जम्मा
	एपार्टमेन्ट संख्या	२०	३५	१२९	१८४
	औसतरुपमा बसोबास गर्ने संख्या	४०	१४०	५१६	६९६

अन्य सुविधहरु	
पानी भण्डारण क्षमता	अण्डरग्राउण्ड पानी ट्याङ्की -कुल १,८०,००० लिटर
	३५ वटा २००० लिटर क्षमताको ओभरहेड ट्याङ्क, तातो पानी वितरणको लागि १५ वटा ५५० लिटरको पानी तताउने सोलार प्यानल (which includes 2 no of 275 litre solar tube panel)
	अग्नी नियन्त्रण प्रणालीको लागि १,००,००० लिटरको ट्याङ्की
ढल फोहर व्यवस्थापन	PSTP, PWTS, Anaerobic sewerage treatment (जडान क्षमता ५०,००० प्रतिदिन।
सिढीको संख्या	६ वटा आन्तरिक प्रयोजन र १ वटा आपतकालिन प्रयोजन
लिफ्टको संख्या	४
अपाङ्ग मैत्री संरचना	Ramp र Lift
पार्किङ्ग क्षमता	दुई पाङ्ग्रे — २१३ वटा; चार पाङ्ग्रे — २७९ वटा
भवनको प्रकार	बहुतले आवासीय भवन
आयोजनाको लागत	प्रारम्भिक निर्माण लागत - रु.२,४३,०५,८,९१० (मु.अ.क. बाहेक।

(सुचक - 1 BHK – सुत्ने कोठा - १, हल - १, भान्सा - १; 2 BHK - सुत्ने कोठा - २, हल - १, भान्सा - १; 3 BHK – सुत्ने कोठा - ३, हल - १, भान्सा - १, 3.5 BHK – सुत्ने कोठा - ३ र १ सानो कोठा, हल - १, भान्सा - १)

(स्रोत: ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५।

२.५.२ डिजाइन र अन्य अवयव

क) आयोजनाको संरचनागत डिजाइन

यस आयोजना अन्तर्गत भवनको डिजाइन नेपाल राष्ट्रिय भवन संहिता पूर्ण रुपमा अनुसरण गरी गरिएको छ। नेपाल राष्ट्रिय भवन संहिताहरु जस्तै: NBC 206: 2024 - Architectural design requirements, NBC 207: 2024 - Electrical design requirements, NBC 208: 2003 - Sanitary and Plumbing design requirements, NBC 105:2020 - Seismic design of buildings in Nepal, NBC 114 : 1994 - Construction safety, आदिको अनुसरण गरिएको छ । आयोजनाको भवन Reinforced Cement Concrete (RCC) संरचनामा आधारित हुनेछ । निर्माण कार्यका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ। नेपाल राष्ट्रिय भवन संहिता NBC 206:2015 - Architectural design requirements को अनुसरण गरी आवश्यकता अनुसार अपाङमैत्री भवन निर्माण गरिनेछ। भवनको Stability र भासिने जोखीम न्यूनीकरणको लागि भवनको फाउण्डेशन पाइल फाउण्डेशनको हुनेछ। पाइलको डिजाइन अनुसूची ६ मा समावेश गरिएको छ। यस्तै, प्रस्तावित आयोजना क्षेत्रमा १३.४.४ (१४१.८२ वर्गमिटर) क्षेत्रफल हरित क्षेत्र कायम गरिनेछ भने भवनमा interior garden र vertical garden को पनि व्यवस्था हुनेछ। यसका साथै, भवन डिजाइन र निर्माण चरणमा काठमाडौं उपत्यका विकास प्राधिकरण र काठमाडौं महानगरपालिकाबाट जारी भएका भवनसँग सम्बन्धित सम्पूर्ण मापदण्ड र कार्यविधीहरुको पुर्णरुपमा पालना गरिनेछ। यसका साथै, यस आयोजना मार्फत निर्माण हुने भवन निर्माण कार्य वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन बागमती प्रदेश सरकार-वन तथा वातावरण मन्त्रालयबाट स्विकृत तथा काठमाडौं महानगरपालिकाबाट नक्सा पास भए पश्चात मात्रै गरिनेछ । थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

ख) सरुवा रोग तथा जनस्वास्थ्यको सुरक्षा

यस आयोजनाको निर्माण तथा सञ्चालन चरणमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहले (काठमाडौं महानगरपालिका) तोकेको सरुवा रोग तथा जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र पेशागत स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण मापदण्डको पूर्ण पालना गरिनेछ। थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

ङ) प्रकोप व्यवस्थापन

भवनको डिजाइन भवन संहिताको अधिनमा रहेर गरिएको छ । भुकम्पिय जोखिम न्यूनीकरणको लागि भवनको फाउण्डेशन पाइल फाउण्डेशनको हुनेछ (प्रत्येक पाइल २० मि. गहिरो र ८० से.मि. व्यासको हुनेछ) । आगलागी, भूकम्प इत्यादी जस्ता आपत्कालीन अवस्थामा भिड व्यवस्थापनको लागि खुल्ला स्थानको व्यवस्था रहने छ । आयोजना क्षेत्रमा पर्याप्त मात्रामा फायर एक्सिट, फायर हाइड्रेन्ट तथा अग्नि प्रतिरोधी सामग्री राखिनेछ । जोखिम पूर्ण क्षेत्रमा आगलागी नियन्त्रण प्रणाली र स्मोक डिटेक्टर जडान गरिनेछ । भवनमा फायर एक्सटिङ्गयुसर

सिलिन्डर, फायर होज रिल, वाटर स्प्रिङ्कलर, फायर अलार्म, स्मोक डिटेक्टर, अलार्म सिस्टमको व्यवस्था गरिनेछ । भवन भित्र सबै र सार्वजनिक क्षेत्रहरुमा आपतकालीन बहिर्गमन योजना राखिनेछ । आयोजना स्थलमा उच्च रिजोलुसनको रात्रि भिडियो रेकर्ड गर्ने भिडियो क्यामराको जडान गरिनेछ । सबै भिडियोको अनुगमन सुरक्षा कोठा (Security room) मा गरिनेछ । मुख्य प्रवेशद्वार र भवन प्रवेशद्वारहरुमा CCTV क्यामरा जडान गरिनेछ । बिजुली (वा वैकल्पिक रुपमा सौर्य उर्जा) प्रयोग गरी रातीको समयमा पर्याप्त उज्यालोको व्यवस्था गरिनेछ। आगलागी, भुकम्पिय जोखिम लगायत अन्य जोखिम सम्बन्धित आपतकालिन प्रतिक्रिया योजना (Emergency Response Plan) को विस्तृत रूपरेखा र थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

ई) उर्जाको खपत, सौर्य उर्जा र वातावरण मैत्री प्रविधिको प्रयोग

खुल्ला क्षेत्र र मुख्य प्रवेशद्वारमा रात्रीको समयमा पर्याप्त उज्यालोको लागि बिजुली (वा वैकल्पिक रुपमा सौर्य उर्जा) प्रयोग गरी बत्ती बालिनेछ। भवनमा विद्युत खपत कम गर्न सोलार वाटर हिटरको प्रयोग गरिनेछ। आयोजना निर्माण तथा सञ्चालन चरणमा आयोजना स्थल वातावरणमैत्री राख्न आयोजना स्थलमा मानिसको स्वास्थ्य र वातावरणलाई असर नगर्ने (वा कम गर्ने विकल्प) रंगहरु मात्र प्रयोग गरिनेछ।

यस भवन निर्माण र संचालनको क्रममा आवश्यक पर्ने उर्जाको नेपाल विद्युत प्राधिकरणको वितरण प्रणालीबाट विद्युत जडान गरी आपुर्ती गरिने छ। यस्तै, पानी तताउन सोलार प्यानलको प्रयोग गरिनेछ। यस भवन संचलानको क्रममा आवश्यक पर्ने उर्जा खपत कम गर्न निर्माणको क्रममा विभिन्न उर्जा किफायती प्रविधिहरु जडान गरिने छ; जस्तैः thermal insulation, solar panel, free cooling, vegetation and lighting । आयोजनाको निर्माण चरण र सञ्चालन चरणमा कम उर्जा खपत गर्ने स्टार रेटेड र वातावरण मैत्री विद्युतीय उपकरणहरुको प्रयोगमा जोड दिइनेछ। यस्तै, आयोजना संचालन चरणमा उर्जाको खपत कम गर्नको लागि प्रकृतिक प्रकाश प्रयास मात्रमा भवन भित्र छिर्ने (Maximum use of natural light) हुने गरी डिजाइन गरिएको छ। थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

उ) पानीको आपूर्ति र किफायती प्रयोग

आयोजना भित्र पानीको आपुर्तीको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट वितरित खानेपानी प्रणालीबाट दुईवटा धारा जडान गरिनेछ। थप अपुग हुने पानीको आपुर्तीको लागि आयोजना स्थलमा निर्माण चरणमा एकवटा बोरिङ जडान गरिनेछ। बोरिङ जडान गर्नु पुर्व सम्बन्धित निकायबाट (काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं महानगरपालिका) अनुमति वा स्वीकृती लिईनेछ।

आयोजना संचालनको चरणमा पानीको दैनिक आवश्यकता पूरा गर्न वर्षाको पानी संकलनका लागि Rain Water Harvesting Technology को प्रयोग गरिनेछ। आयोजना संचालन चरणमा भुमिगत पानीको प्रयोग कम गर्नको लागि आयोजना स्थलमा (प्रस्तावित भवनको पश्चिम पट्टी) ५.५ मि.×३० मि.×८ मि. आकारको वर्षातको पानी संकलन ट्याङ्क (rain water harvesting tank) निर्माण गरिनेछ। यस ट्याङ्कमा संकलन गरिएको पानीले आयोजना संचालन चरणमा प्रयोग हुने भुमिगत पानीको प्रयोगलाई कम गर्नेछ। यस ट्याङ्कमा संकलन गरिएको पानीले संचालन चरणको सुख्खायाम (कार्तिक देखि जेठ सम्मको) अनुमानित पानीको प्रयोगको आवश्यकताको ७०% मात्रा पुरा गर्दछ। भूमिगत पानीको प्रयोगलाई सन्तुलन राख्नको लागि आयोजना क्षेत्रमा करिब २०% भू-भाग कंक्रिट बिहिन राखिनेछ। यस कंक्रिट बिहिन क्षेत्रले ground water recharge गर्न मद्दत गर्दछ। आयोजना क्षेत्रमा ground water recharge को लागि water recharge pit हरु निर्माण गरिनेछ। Rain Water Harvesting Technology र ground water recharge सम्बन्धित थप विवरणहरू वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिनेछ।

यस आयोजनामा शौचालयमा कम पानी खपत हुने धारा तथा फ्लसहरु जडान गरिनेछ। ढल निकास योजना NBC 208: 2003- Sanitary and Plumbing design requirements मा आधारित हुनेछ। यस आयोजना अन्तर्गत स्नानेपानी संकलनको लागि १८०,००० लिटर क्षमताको भूमिगत ट्याङ्क, ३५ वटा २००० लिटर क्षमताको ओभरहेड ट्याङ्क, तातो पानी वितरणको लागि १५ वटा ५५० लिटरको पानी तताउने सोलार प्यानल (which includes 2 no. of 275 litre solar tube panel) र अग्नी नियन्त्रण प्रणालीको लागि १,००,००० लिटरको ट्याङ्की निर्माण गरिनेछ। थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

ऊ) ठोस जन्य फोहरमैला तथा फोहरपानी व्यवस्थापन

आयोजना स्थलबाट उत्पादन हुने ठोस फोहरलाई कुहिने र नकुहिने फोहर छुट्याई डस्टबिनहरुमा संकलन गरिनेछ । काठमाढौं महानगरपालिकामा दैनिक प्रति व्यक्ति ४६४.६ ग्राम फोहर उत्सर्जन हुने आधारमा (स्रोत: ADB, 2013) आयोजनाको निर्माण चरणमा दैनिक १८३.०५ के.जि. ठोस फोहर (निर्माणजन्य बाहेक) उत्सर्जन हुने अनुमान गरिएको (३९४ जना कामदारबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) छ । पुनः प्रयोग योग्य फोहरहरुलाई पुनःप्रयोग गरिनेछ भने पुनः चक्रिय फोहरहरुलाई बिक्री गरिनेछ । अन्य फोहरहरुलाई सुरक्षित भण्डारण गरी निर्माण क्षेत्रमा भरणको लागि र जमिन सम्याउन प्रयोग गरिनेछ । यस्तै निर्माण सामग्री धोईपखाली गर्दा निस्कने तरल फोहरहरुलाई निर्माण क्षेत्रमा Soak pit निर्माण गरी व्यवस्थापन गरिनेछ ।

यस्तै, आयोजना संचालन चरणमा निस्कने फोहरमैलाको व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन [illegible] र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम गरिनेछ ।

संचालन चरणमा दैनिक ४६४.६ के.जि. गरिएको (७७६ जना मानिसहरुबाट औषतमा दैनिक ४६४.६ ग्राम प्रति व्यक्ति प्रति दिन) उत्सर्जन हुने अनुमान गरिएको छ। यी फोहरहरुलाई कुहिने र नकुहिने गरी संकलन गरी संकलन गरिनेछ। संकलित फोहर वर्गिकरणको लागि फोहर वर्गिकरण स्थल भण्डरण गरिनेछ। फोहर वर्गिकरणको लागि Zero Waste अवधारणा लागु गरिनेछ। कुहिने फोहरलाई संकलन गरी जैविक मल बनाई बगैंचा वा गमलामा प्रयोग गरिनेछ। फोहरको प्रकृती अनुसार पुनः प्रयोगिय फोहर र पुनः चक्रिय फोहर वर्गिकरण गरीनेछ र सोही अनुसार प्रयोग गरिनेछ।

संचालन चरणमा शौचालय जन्य फोहरलाई सेप्टिक ट्याङ्कीमा संकलन गरिनेछ। आयोजना संचालनको क्रममा दैनिक ३०,००० लिटर फोहर पानी उत्सर्जन हुने अनुमान गरिएको छ। आयोजना स्थलबाट निस्कने फोहर पानीलाई व्यवस्थापन गर्न MSTP, PWTS, Anaerobic sewerage treatment (जडान क्षमता ५०,००० प्रतिदिन) जडान गरिनेछ। फोहरपानीलाई प्रशोधन प्लान्टमा प्रशोधन गरेपछि मात्र सार्वजनिक ढलमा मिसाइनेछ। ढलमा मिसाउने फोहरपानीको गुणस्तर निष्काशन हुने फोहर पानीको मापदण्ड, २०६९ ले तोके बमोजिम हुनेछ। निर्माण र संचालन चरणमा उत्सर्जित विसर्जन गर्नु पर्ने फोहरमैलालाई काठमाडौं महानगरपालिकाको फोहरमैला संकलन प्रणालीलाई हस्तान्तरण गरिनेछ। आयोजनाको निर्माण चरण पुर्व प्रस्तावकले काठमाडौं महानगरपालिकासँग फोहर व्यवस्थापनको लागि सम्झौता गरिनेछ। निर्माण र संचालन चरणमा उत्सर्जन हुने ठोस र तरल फोहर र फोहर व्यवस्थापन सम्बन्धी थप विवरण वा.प्र.मू. प्रतिवेदनमा समावेश गरिनेछ।

२.६ आयोजना सम्बन्धि क्रियाकलाप

➢ निर्माण अघिको चरण

निर्माण अघिको चरणमा प्रस्तावक र निर्माण व्यवसायीको संयुक्त प्राविधिक टोलीबाट यस आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरिएका सम्पुर्ण डिजाईन र लागत सम्बन्धी प्रारम्भिक अध्ययन गरिनेछ। यस आयोजनालाई आवश्यक पर्ने जग्गा रेखांकित गरी संयुक्त सर्वेक्षण गरिनेछ। कुनै परिमार्जन वा परिष्कृत गर्नुपरेमा प्रस्तावक र निर्माण व्यवसायीको संयुक्त प्राविधिक टोलीबाट सोको परिष्कृत नक्सा तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गरिनेछ। वा.प्र.मू. प्रतिवेदनमा पहिचान गरिएका आयोजनालाई आवश्यक पर्ने सहायक सुविधाहरु (कम्पदार शिविर र निर्माण सामग्री भण्डारण स्थल) निर्माण गरिनेछ। आयोजनामा प्रयोग हुने हरेक प्रकारको निर्माण सामग्रीहरू जस्तै ढुंगा, इट्टा, गिट्टी, बालुवा, सिमेन्ट, फलामको छण्डी, तार आदिको नमुना संकलन गरी गुणस्तरीय जाँच गराई आवश्यक गुणस्तरको पुर्गेको खण्डमा मात्रै प्रयोग गरिनेछ। कंक्रिटमा डिजाइन अनुसारको चेक जाँच गराई र मिश्रणको अनुपात सम्बन्धित निकायबाट स्वीकृत गरिनेछ।

➢ निर्माण चरण

माथिका सम्पूर्ण कार्य पूरा भएपछि भवन निर्माण तथा आयोजनासँग सम्बन्धित अन्य भौतिक निर्माणका कार्यहरुको थालनी गरिनेछ। यसको लागि आवश्यक माटो काट्ने र पुनें काम सुरु गरिनेछ। सो कार्य स्वीकृत नक्सा अनुसार छ/छैन भनी नियमित रुपमा चेक जाँच गरिनेछ।

विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरिए अनुसारको डिजाईन अनुसार भवनको जग हाल्ने काम सुरु गर्दै अन्य निर्माण कार्यलाई सुचारु गरिनेछ। निर्माण कार्य सुरु हुनु भन्दा अगाडी सम्बन्धित निकायबाट (काठमाडौं महानगरपालिका) नक्सा पास गराइने छ। निर्माण कार्यहरु स्वीकृत मापदण्ड तथा उचित गुणस्तर अनुसार भएको/नभएको नियमित रुपमा चेक जाँच गरिनेछ। यस बीचमा भवनको geometry, structure आदि नक्सा अनुसार छ/छैन भनी अध्ययन तथा चेकजाँच गरिनेछ र कुनै परिमार्जन गर्नु परेमा यसै बीचमा गरिनेछ। भवनको निर्माण भए पश्चात भवनसँग सम्बन्धित अन्य कार्यहरु (रंग-रोगन, धारा, बत्ति आदि) लाई पूर्णता दिईनेछ। यस आयोजना पूर्णरूपमा तयार भएपछि निर्माण सम्पन्न नक्सा तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराईनेछ। प्रस्तावकले आयोजनाको निर्माणसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापको चेकजाँच पश्चात आयोजना स्थललाई संचालनमा ल्याउनेछ।

➢ संचालन चरण

संचालन चरण गरिने मुख्य क्रियाकलापहरुमा आयोजना स्थलमा रहेको भवनको नियमित मर्मत सम्भार, सरसफाई एवं रङ्गरोगन रहेका छन्। संचालन चरणमा आवश्यकता अनुसार कामको प्रकृति हेरेर वातावरणीय अध्ययन गराई भवनसँग आधारित संरचनाहरुको थपघट समेत गरिनेछ।

२.७ निर्माण योजना

यस आयोजनाको भौतिक संरचना निर्माण तथा भवन तयारीको लागि ४ वर्ष र निर्माण अवधिमा भएका त्रुटी सच्याउने अवधि (Defects liability period- DLP) १ वर्ष गरी आयोजनाको अवधी ५ वर्ष अनुमान गरिएको छ। आयोजना संचालन तथा कार्यान्वयन गर्नका लागि लाग्ने समय निम्न तालिकामा प्रस्तुत गरिएको छ।

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

तालिका ३: आयोजनाको निर्माण तालिका

आयोजना सँग सम्बन्धित क्रियाकलापहरु	पहिलो वर्ष		दोश्रो वर्ष		तेश्रो वर्ष		चौथो वर्ष		पाचौं वर्ष	
	पहिलो ६ महिना	अन्तिम ६महिना	पहिलो ६ महिना	पहिलो ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना	अन्तिम ६ महिना	अन्तिम ६ महिना	पहिलो ६ महिना	अन्तिम ६ महिना
१) विद्यमान पूर्वाधारहरुको व्यवस्थापन										
२) बोलपत्र आव्हान तथा आयोजनाको ठेक्का										
३) आयोजनाको भौतिक चरण										
४) आयोजनाको अनुगमन तथा मूल्यांकन										
५) निर्माण अवधिमा भएका त्रुटी सच्याउने अवधि										

(स्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५)

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

२.८ आयोजनाको लागि आवश्यकता

२.८.१ आवश्यक जग्गा

प्रस्तावित आयोजना प्रस्तावकको (शेर्पा डेभलपर्स प्रा.लि.) नाममा दर्ता कायम रहेको काठमाडौं महानगरपालिका वार्ड नं. - ६ महाँकाल स्थित साविक का.म.न.पा. (चावहिल), वार्ड नं. - ६ अन्तर्गत कित्ता नं. ९०, ३३१, १०७, १३५, १३६, ५२२, ६७४, ३७, ३८, १३७, ६८३, १७४, १३८, १३९, २२१, ७६६, ११०, ६७६, ६८४, ९८, ७८५, ५२३, ९७, १२७, १६८, १७१, १८७, ५२३ तथा जमिन क्षेत्रफल ६९६७.४२ वर्गमिटर (१३-११-०-२.१६) क्षेत्रफलमा फैलिएको जग्गामा कार्यान्वयन हुनेछ। यस आयोजनाले कुनै पनि सरकारी वा वन क्षेत्रको जमिन प्रयोग गर्नेछैन।

२.८.२ आयोजनालाई आवश्यक पर्ने जनशक्ति

यस आयोजनालाई चार वर्षमा (१३२० कार्य दिन) सम्पन्न गर्नको लागि दैनिक रुपमा जम्मा १२६ जना दक्ष कामदार (१० जना प्राविधिक र ११६ जना अन्य दक्ष) र २६८ अदक्ष कामदार गरी जम्मा ३९४ कामदार आवश्यक पर्दछ। यसरी, आयोजनाको निर्माण चरणमा 1,66,320 दक्ष मानव दिन र 3,53,760 अदक्ष मानव दिन गरी जम्मा 5,20,080 मानव दिन आवश्यक पर्ने अनुमान गरिएको छ (श्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५)।

२.८.३ आवश्यक पर्ने निर्माण सामग्रीहरु

यस आयोजनामा ईंट्टा, ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, सिमेन्ट, टाइलहरू, एलुमिनियम पाता, आदि निर्माण सामग्रीहरु प्रयोग हुनेछ। निर्माण कार्यको लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि आयोजनाले (निर्माण व्यवसायी) नजिकमा रहेका बिक्रेताबाट (वातावरणीय अध्ययन प्रक्रिया पुरा गरेका स्थानबाट खुवानी गर्ने) खरिद गर्नेछ। आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्रीहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

तालिका ४: आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु

क्र.स.	सामग्री	परिमाण	एकाई
१	ग्राभेल	१६०६.८४	घन मिटर
२	बालुवा	१८५९९.६८	घन मिटर

क्र.स.	सामग्री	परिमाण	एकाई
३	गिट्टी	२४६२४.५६	घन मिटर
४	काठ	३६१७.३४	घन मिटर
५	प्लाई	१४२९१.२४	घन मिटर
६	फलामको डण्डी	१६३३८.८८	मेट्रिक टन
७	सिमेन्ट	३२७६५	मेट्रिक टन
८	ईंट्टा	५४५२२३८	वटा

स्रोत: ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५।

२.८.४ प्रयोग हुने उर्जा, स्रोत, खपत हुने परिमाण

आयोजनाको निर्माण र संचालन चरणमा आवश्यक पर्ने उर्जाको लागि नेपाल विद्युत प्राधिकरणको स्थानित वितरण प्रणालीवाट विद्युत जडान गरिनेछ। निर्माण चरणको लागि ५० KVA को ट्रान्सफर्मर जडान गरिने छ भने संचालन चरणको लागि ५०० KVA र ८०० KVA को ट्रान्सफर्मर जडान गरिने छ। यस्तै, वैकल्पिक रुपमा डिजेल जेनेरेटर जडान गरिने छ, निर्माण चरणको लागि २५ KVA र संचालन चरणको लागि ५०० KVA को डिजेल जेनेरेटर जडान गरिने छ।

निर्माण कार्य संचालनको क्रममा विभिन्न इन्धनहरुको प्रयोग हुनेछ। प्रस्तावित आयोजना कार्यान्वयनको लागि निम्न वमोजिमको मात्रा र किसिममा इन्धनहरुको प्रयोग हुने अनुमान गरिएको छ।

तालिका ५: आयोजनालाई आवश्यक इन्धनको विवरण

क.स.	इन्धनको किसिम	स्रोत	ईकाइ	मात्रा
१	डिजेल	नजिकका नेपाल आयल निगमका डिलर	लि.	४०,०००
२	पेट्रोल		लि.	५०००
३	मट्टितेल		लि.	१२००
४	खाना पकाउने ग्यास (LPG)	नजिकका सिकेता	सिलिन्डर	२५०

(श्रोत: ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५।

२.८.५ निर्माण प्रविधि

आयोजना संचालन तथा कार्यान्वयन गर्दा वातावरण मैत्री सजिलै उपलब्ध र सकेसम्म स्थानीय निर्माण प्रविधिमा जोड दिइनेछ। लक्षित समयसीमा भित्र निर्माण कार्य सम्पन्न गरीसक्नु पर्ने भएकोले उपलब्ध आधुनिक प्रविधि र उपकरणहरुको अधिकतम प्रयोग गर्नुका साथै अधिकतम मानवश्रोतको समेत प्रयोग गरी आयोजना कार्यान्वयन गरिनेछ। आयोजना निर्माणको क्रममा जमिन कटान, भरण तथा सम्याउन लागि एक वटा ब्याकहो लोडर, निर्माण सामग्री ढुवानीको लागि २ वटा ट्रिप्पर, ५ वटा ट्रक, बालुवा सिमेन्ट रोडा घोल्नको लागि कंक्रिट मिक्सर, क्रेन र अन्य निर्माणसँग सम्बन्धित यन्त्रहरुको प्रयोग गरिनेछ। यस आयोजनाको निर्माणको क्रममा प्रयोग हुने मुख्य उपकरणहरु निम्न अनुसार रहेका छन्।

- एस्काभेर, डोजर
- ग्रेडर
- ट्रक, ट्रिप्पर, ट्र्याक्टर
- पानी तान्ने पम्प
- पाइल driving rig
- कन्क्रिट मिक्सर
- रिइन्फोर्समेन्ट/ रिबार कट्टर र बेन्डिङ्ग मेसिन
- भाईब्रेटर
- क्रेन र लिफ्ट
- कन्क्रिट मिक्सर र पम्प
- टायल र ग्रानाइट कट्टर, ग्रिन्डर, पोलिसर

२.८.६ आयोजनाको लागि आवश्यक पर्ने पानी

यस भवनको निर्माण कार्यको लागि निर्माण अवधीभर दैनिकरुपमा औसतमा ५,००० लिटर प्रति दिन) आवश्यक पर्ने अनुमान गरिएको छ (स्रोतः ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन, २०२५)। यसैगरी, NBC 208. 2003 (Sanitary and Plumbing Design Requirements) अनुसार आवासीय भवनको लागि दैनिक १०० लिटर पानी प्रति व्यक्ति आवश्यक पर्नेछ। यही मापदण्डको आधारमा निर्माण कार्यमा खटिएका ३९४ जना कामदारहरुबाट औसतमा दैनिक ३९,४०० लिटर पानी खपत हुने अनुमान गरिएको छ। निर्माण क्रियाकलापहरु र निर्माण

कामदारहरुको आवश्यकतालाई जोड गर्दा आयोजनाको निर्माण चरणमा दैनिक ४४,४०० लिटर पानी आवश्यक पर्ने अनुमान गरिएको छ।

Nepal National Building Code NBC 208: 2003 (Sanitary and Plumbing Design Requirements) अनुसार आयोजना संचालन चरणमा यस एपार्टमेन्टमा बसोबास गर्ने ६९६ जना लागि दैनिक ६९६०० लिटर आवश्यक पर्दछ । यस्तै, भवनको सरसफाई, बँगैचा तथा अन्य प्रयोजनको लागि दैनिक २,००० लिटर गरी संचालन चरणको लागि दैनिक ७१,६०० लिटर पानी खपत हुने अनुमान गरिएको छ ।

यस आयोजनाको निर्माण र संचालन चरणको लागि आवश्यक पर्ने पानी काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत तथा आयोजना स्थलमा एउटा बोरिङ्ग जडान (भूमिगत पानीको लागि) गरी आपुर्ती गरिनेछ । भूमिगत पानीको उत्खनन् तथा उपयोग गर्दा स्थानीय सरकारको (काठमाडौं महानगरपालिका) नीति, नियम अनुसार गरिनेछ भने अन्य प्रचलित नियम-कानुनको पालना गरिनेछ । निर्माण चरणमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत औसतमा दैनिक ४४,४०० लिटर र बाँकी (४,४०० लिटर) पानीको लागि भूमिगत पानीको प्रयोग गरिनेछ । यस्तै, संचालन चरणमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत औसतमा दैनिक ४०,००० लिटर र बाँकी (२७,२०० लिटर) पानीको लागि वर्षातको पानी र भूमिगत पानीको प्रयोग गरिनेछ।

२.९ आयोजनाको सहायक सुविधाहरु

> कामदार शिविर

आयोजनाको लागि आवश्यक पर्ने कामदार शिविर आयोजना स्थल भित्र रहेको खुल्ला क्षेत्रमा निर्माण गरिनेछ। शिविरमा पुरुष र महिलालाई सुत्ने स्थान फरक-फरक स्थानमा व्यवस्थापन गरिनेछ। कामदार सुत्नको लागि जमिनबाट करिब १ मि. अग्लो खाटको व्यवस्था गरिनेछ। यस बाहेक शिविर स्थलमा शौचालय सुविधाको लागि हाल रहेको पार्किङ्ग सँगै रहेको शौचालयको प्रयोग गरिनेछ। महिला र पुरुषको लागि छुट्टा-छुट्टै शौचालयको व्यवस्थापन गरिनेछ। थप विवरणहरू वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिनेछ।

कामदार शिविरमा कामदारहरुको खानेपानी आपुर्तीको लागि हाल आयोजना परिसर भित्र रहेको दुईवटा धाराको पानी (काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट वितरित खानेपानी प्रणालीबाट) प्रयोग गरिनेछ। पिउने बाहेक अन्य प्रयोजनाको लागि अपुग हुने पानीको आपुर्तीको लागि आयोजना स्थलमा निर्माण चरणमा एकवटा बोरिङ्ग जडान गरिनेछ।

➢ निर्माण सामग्री भण्डारण

आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामग्री भण्डारण स्थल आयोजना स्थल भित्र रहेको खुल्ला क्षेत्रमा निर्माण गरिनेछ। भण्डारण क्षेत्रमा तार आर तथा सामग्री छोप्ने व्यवस्था गरिनेछ। भण्डारण क्षेत्रमा बालुवा, गिट्टी जस्ता धुलो उत्सर्जनन् हुन सक्ने सामग्री भण्डारण गर्दा त्रिपालले छोपिनेछ भने सिमेन्ट भण्डारणको लागि अस्थाई भण्डारण कक्ष (वा गोदाम) निर्माण गरिनेछ। यस्तै, डिजेल, पेट्रोल, लुब्रिकेन्ट्स, पेन्ट्स तथा अन्य रासायनिक पदार्थ भण्डारण गर्दा भूइमा प्लास्टिक सिट राखि स्टिल, फाइबरग्लास वा कन्क्रिटको ट्याङ्कमा अथवा उत्पादकले तय गरेको भण्डारण विधि अनुसार भण्डारण गरिनेछ।

➢ विग्रन व्यवस्थापन क्षेत्र

निर्माण कार्यका क्रममा विभिन्न भौतिक संरचनाहरुको लागि जमिन सम्याउँदा, जग खन्दा, हाल विद्यमान भवन भत्काउँदा केही मात्रामा विग्रन उत्पन्न हुन्छ। विद्यमान भवन भत्काउदा करिब १,७०० घ.मि. विग्रन (कन्क्रिट र अन्य निर्माणजन्य) तथा प्रस्तावित भवनको जग खन्ने क्रममा ३,८०० व.मि. विग्रन (माटो तथा अन्य) गरी जम्मा ५,५०० घ.मि. विग्रन उत्सर्जनन् हुनेछ। यी विग्रनजन्य सामग्रीहरु आयोजना क्षेत्रमा जमिन सम्याउन, ब्याक फिलिंग, Landscaping र अन्य प्रयोजनमा प्रयोग गरिनेछ। यसै, यस आयोजनाको लागि विग्रन व्यवस्थापन क्षेत्र आवश्यक रहेको छैन। यस विवरणहरू वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिनेछ।

२.१० आयोजनाको प्रभाव क्षेत्र निर्धारण

प्रस्तावित आयोजनाको गतिविधिहरुको निकटता र प्रभावहरुको परिमाणको आधारमा आयोजनाको प्रभाव क्षेत्र निर्धारण गरिएको छ। स्थलगत सर्वेक्षणको क्रममा मुख्य जानकार व्यक्तिहरुसँग प्रस्तावित आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको बारेमा छलफल गर्नुका साथै आयोजना स्थलमा भवनले ओगटेको क्षेत्र, निर्माण समाग्री ढुवानीको लागि प्रयोग गरिने साधन, निर्माण कार्यमा प्रयोग हुने प्रविधि तथा उपकरण, निर्माण समाग्री भण्डारण स्थल, आयोजनाका सहायक सुविधाहरु आदिको विश्लेषण गरी अध्ययन टोलीको विज्ञताको आधारमा आयोजना प्रभावित क्षेत्रहरुलाई निम्नानुसार वर्गीकरण गरिएको छ।

SHERPA DEVELOPERS Kathmandu, Nepal

Green Valley

तालिका ६: आयोजनाको प्रभाव क्षेत्र निर्धारण

प्रभाव वर्गीकरण	प्रभाव क्षेत्रको विवरण
प्रत्यक्ष प्रभाव क्षेत्र	आयोजनाको सिमानाबाट ५० मिटर सम्मको क्षेत्र
अप्रत्यक्ष प्रभाव क्षेत्र	प्रत्यक्ष प्रभाव क्षेत्रबाट ५०० मिटर अर्धव्यासमा रहेका क्षेत्र
समग्र प्रभाव क्षेत्र	काठमाण्डौं महानगरपालिकाको चौकी क्षेत्र

परिच्छेद ३

प्रतिवेदन तयार गर्दा अपनाईने विधि

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तथा बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ मा व्यवस्था भएका प्रकृयाहरूको अनुसरण गरी प्रस्तावित आयोजनाको वातावरणीय अध्ययन गरिनेछ। बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसुची १० बमोजिम तयार गरिएको यस कार्यसूची स्वीकृत पश्चात आयोजनासँग सम्बन्धित सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन गर्नुका साथै आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक आर्थीक र सांस्कृतिक वातावरणको आधारभुत तथ्याङ्क संकलन गर्न अध्ययनमा संग्लन टोली सदस्यहरुद्वारा स्थलगत सर्वेक्षण गरिनेछ। स्थलगत सर्वेक्षण तथा द्वितीय स्रोतबाट संकलन गरिएको आधारभूत तथ्याङ्कहरुलाई विश्लेषण गरी तथा बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसुची ६ बमोजिमको ढाँचामा वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन तयार गरिनेछ ।

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क

३.१.१ भौतिक तथा रासायनिक वातावरण

आयोजना क्षेत्रको भौतिक स्रोतहरुसंग सम्बन्धी स्थान विशिष्ट जानकारी स्थलगत निरीक्षण, विस्तृत आयोजना प्रतिवेदन तथा आयोजना क्षेत्रको भौगोलिक नक्सा, Hydrological map, आदिको अध्ययन तथा प्रयोगशाला परीक्षण मार्फत संकलन गरिनेछ। भौतिक तथा रासायनिक वातावरण सम्बन्धीत निम्न उल्लेखित तथ्यांक/विवरण संकलन गरिनेछ।

- आयोजना क्षेत्रको भौगोलिक अवस्था र भूकम्पिय विवरण
- आयोजना क्षेत्रको माटोको विवरण
- भू-आकृति र भू-गर्भ
- आयोजना क्षेत्र तथा नजिकमा रहेका खानीज पदार्थहरु
- भुमिगत पानिको अवस्था
- आयोजना निर्माण र संचलान चरणको लागी आवश्यक पानीको स्रोत
- नदी/ नालाको विवरण
- भू-उपयोग तथा प्रयोगको विवरण
- जलवायु / मौसम विवरण/ तथ्यांक
- आयोजना क्षेत्रको वायु, ध्वनी र पानीको गुणस्तर

- यातायतको अवस्था
- निजि/सार्वजनिक पूर्वाधार तथा सम्पतिको विवरण

३.१.२ जैविक वातावरण

स्थलगत भ्रमणको क्रममा अध्ययन अवलोकन गर्नुका साथै मुख्य जानकार व्यक्तिहरुसँग छलफल गरि आयोजना क्षेत्रको जैविक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन गरिनेछ। जैविक वातावरणसँग सम्बन्धीत निम्न तथ्यांङ्क/विवरण संकलन गरिनेछ।

३.१.२.१ वन तथा वनस्पति

- वनस्पतिहरुको विवरण
- दुलभ/सङ्कटापन्न/संरक्षित वनस्पतिहरुको विवरण

३.१.२.२ वन्यजन्तु

- आयोजना क्षेत्रका स्तनधारी, चराचुरुङ्गी, घस्रने जिवजन्तु जलचर तथा उभयचर
- दुर्लभ/सङ्कटापन्न/ संरक्षित वन्यजन्तु र चराहरुको विवरण

३.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

वातावरणीय प्रभाव मूल्यांकनका लागी आयोजना क्षेत्रका प्रत्यक्ष प्रभावित परिवारहरुको जानकारी नमुना सर्वेक्षण (Sampling survey) र समुहगत छलफलबाट लिईनेछ। अप्रत्यक्ष रुपमा प्रभावित क्षेत्रहरुका लागी आवश्यक जानकारी समुहगत छलफलबाट संकलन गरिनेछ। निम्न विषयहरुका जानकारीलाई व्याख्या गरिनेछ:

- प्रभावित घरधुरी र जनसंख्याको विवरण
- आयोजना क्षेत्रको जनसंख्याको धर्म, जाति, जनजाती सम्बन्धी विवरण
- आयोजना क्षेत्रमा साक्षरताको विवरण
- आयोजना क्षेत्रका स्थानीयको पेशा/ व्यवसायको विवरण
- प्रभावित क्षेत्रमा खानेपानी तथा सरसफाईको अवस्था
- उर्जा र बिजुली
- आयोजना क्षेत्रका स्थानीयको खाद्यन्न पर्याप्तताको स्थिति र आयको स्तर
- प्रभावित क्षेत्रका संघ/ संस्थाहरु
- आयोजनाको कारणले विस्थापित हुनेको संख्या

- रोजगारीको अवसर
- सांस्कृतिक एवं धार्मिक महत्वपूर्ण स्थान वा स्मारकहरुको विवरण
- आयोजना क्षेत्रको सामाजिक आर्थिक र सांस्कृतिक सुविधाहरुको विस्तृत जानकारी
- आयोजनाबाट प्रत्यक्ष प्रभाव पर्ने परिवारहरुको विस्तृत विवरण

३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाईने विधि

३.२.१ चेकलिस्ट तयारी

क्षेत्र निर्धारण र कार्यसूची तयारीको क्रममा गरिएको संक्षिप्त स्थलगत भ्रमणको आधारमा भौतिक, जैविक र सामाजिक तथा सांस्कृतिक वातावरणको अवस्था र संभावित वातावरणीय प्रभावहरु आंकलनको लागि चेकलिस्ट तयार गरिएको छ (अनुसूची- १)। यस चेकलिस्ट वातावरणीय प्रभाव मूल्यांकनको स्थलगत अध्ययनको क्रममा प्रयोग गरिनेछ। चेकलिस्टमा समावेश नभएका तर स्थलगत अध्ययनको क्रममा पहिचान गरीएका अन्य प्रभावहरु/मुद्दाहरुलाई समेत समेटिनेछ।

३.२.२ सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन र नक्साहरुको अध्ययन

आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक- आर्थिक र सांस्कृतिक वातावरणको द्वितीय तथ्याङ्क हासिल गर्न सन्दर्भ सामाग्रीहरु जस्तै आयोजना संग सम्बन्धीत नेपाल सरकारको नीति, ऐन, नियम तथा निर्देशिकाहरु, अघिल्ला मिल्दाजुल्दा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन, आयोजना कार्यान्वयन हुने काठमाढौं महानगरपालिकाको प्रोफाईल, के.त.का. ले प्रकाशन गरेको जिल्लाको वस्तुगत विवरण आदिको पुनरावलोकन गरिनेछ। खानी तथा भूगर्भ विभागले सन् १९९४ मा प्रकाशन गरेको नेपालको भौगोलिक नक्सा, शहरी विकास मन्त्रालयले २०७७ मा प्रकाशन गरेको नेपालको संभावित भूकम्पीय खतरा आंकलन नक्सा, नापी विभागबाट सन् २००१ मा प्रकाशित टोपोग्राफिक नक्सा तथा स्थानीय तह र वडा नक्सा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सन् २०२२ मा प्रकाशन गरेको Birds of Nepal (An Official Checklist), IUCN ले प्रकाशन गरेको The Status of Nepal's Mammals: The National Red List Series, नेपाल सरकारले सन् २००० मा प्रकाशन गरेको National Register of Medicinal Plants, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २०७५ मा प्रकाशन गरेको नेपालमा पाईने सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिहरु आदिको अध्ययन गरी आवश्यक द्वितीय तथ्यांक हासिल गरी प्रतिवेदनमा समावेश गरिनेछ।

वा.प्र.मू. अध्ययनको क्रममा अध्ययन गरिने सन्दर्भ सामाग्रीहरु निम्न अनुसार रहेका छन्।

- ए.के. रेसिडेन्सी निर्माण आयोजनाको इन्जिनियरिङ्ग तथा लागत प्रतिवेदन २०२५

- नेपालमा वायु गुणस्तरको स्थिति वार्षिक प्रतिवेदन २०२१
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित राष्ट्रिय घरधुरी तथा जनसंख्या सर्वेक्षण २०७८ को प्रतिवेदन
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्रकाशित Birds of Nepal: An Official Checklist, 2022
- राष्ट्रिय वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका २०५०
- वातावरण विभागबाट प्रकाशित नेपालको वायुको गुणस्तरको अवस्था वार्षिक प्रतिवेदन, २०२१
- वातावरण विभागबाट प्रकाशित वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो
- वातावरण विभागबाट प्राकाशित Status of Air Quality in Nepal Annual Report, 2021
- शहरी विकास मन्त्रालयबाट प्रकाशित विभिन्न राष्ट्रिय भवन संहिता
- Design Guideline, 2021: Urban Water Supply and Sanitation (Sector) Project, Project Management Office, Panipokhari, Kathmandu.
- Rajbhandari, K. R., Rai, S. K. & Chhetri, R. (2021). A handbook of the flowering plants of Nepal, Volume-3, 331 pp. (including 131 plates). Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-8-7
- Rajbhandari, K.R., Joshi, L., Chhetri, R. & Khatri, S. (2020). A handbook of the gymnosperms of Nepal. Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-7-0
- Shrestha, K., Bhandari, P. & Bhattarai, S. (2022). Plants of Nepal (Gymnosperms and Angiosperms). pp.102 and 48 colour plates. Heritage Publishers & Distributors Pvt.Ltd., Kathmandu, Nepal
- Rokaya, M.B., Sigdel, S.R., Kasaju, S.K. & Sherpa, La D. (2024). Plants of Kathmandu Valley: A Pictorial Guide. 2024. illus. (col.). VIII, 500 p.

३.३ स्थलगत अध्ययन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत भ्रमण गरी भौतिक, जैविक र सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको आधारभुत तथ्याङ्क संकलन गरिनेछ । आधारभुत तथ्याङ्क सङ्कलन गर्न स्थलगत निरिक्षण, अध्ययन, अनुसन्धान, प्रश्नावली, अन्तर्वार्ता, लक्षितसमूह छलफल गरिनेछ ।

३.३.१ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रक भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन क्षेत्रमा स्थलगत अवलोकन, पैदल मार्ग सर्वेक्षण र समुहगत छलफल गरिनेछ। भौतिक वातावरण सम्बन्धी तथ्याङ्क निम्न विधिद्वारा सङ्कलन गरिनेछ ।

क. तापक्रम र वर्षा : जल तथा मौसम विभागको आयोजना संचालन हुने क्षेत्र नजिकको रहेको स्टेशनबाट प्राप्त सूचना/ तथ्यांकहरुलाई विश्लेषण गरि आयोजना क्षेत्रको तापक्रम, वर्षा, आर्द्रता जस्ता मौसमी परिमितिहरु पत्ता लगाईनेछ ।

ख. नदीका विशेषताहरु: आयोजना क्षेत्रको स्थलगत अध्ययन तथा अवलोकनको क्रममा चेकलिस्टको प्रयोग गरी आयोजना स्थल भएर बग्ने नदी/ खोला/ खोल्सिहरुको विवरण सूचिकृत गरी खोला खोल्सिमा प्रदूषणको अवस्था, नदी कटानको अवस्था, आदिको बारे विश्लेषण गरिनेछ।

ग. वायुको गुणस्तर: आयोजना कार्यन्वयन क्षेत्रमा दुई स्थानमा (मुख्य सडकमा रहेको प्रवेशद्वार र प्रस्तावित भवनको पछाडी) वायुको गुणस्तर संकलन गरिनेछ। उक्त स्थानहरुको २४ घण्टाको PM1, PM2.5, PM10, Humidity सम्बन्धी तथ्यांक Smart CAIR Air Monitor बाट संकलन गरिनेछ।

प्रस्तावको कार्यान्वयन गर्दा सवारी साधन र मेसिनरीहरुमा पेट्रोलियम पदार्थको प्रयोगबाट हुनसक्ने सम्भावित कार्बन उत्सर्जनको मात्रा नेशनल ग्रीनहाउस ग्यास ईन्भेन्टरीहरुका लागि IPCC Guidelines for National Greenhouse Gas Inventories, 2006 ले निर्दिष्ट गरे बमोजिम पत्ता लगाईनेछ।

घ. पानीको गुणस्तर: आयोजना कार्यन्वयन गर्दा पानीको गुणस्तरमा प्रभाव पर्न सक्ने आयोजना क्षेत्रबाट पानीको नमूना संकलन गरी नेपाल सरकारद्वार मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गरि उक्त पानीको विभिन्न गुणहरु जस्तै रंग, अम्लियपना, Electrical Conductivity, Total Suspended Solids, Turbidity, Ammonia, Chloride, आदीको परिक्षण गरिनेछ। परीक्षण गरिएको पानीको गुणस्तरलाई राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ सँग तुलना गरी विश्लेषण गरिनेछ।

ङ. ध्वनिको गुणस्तर : डिजिटल साउण्ड लेवल मिटर (Sound Level Meter) को सहायतामा लगातार तिन दिन बिहान, दिउँसो र बेलुका (प्रत्येक पटक ३० मिनेटसम्म) आयोजना कार्यन्वयन क्षेत्रमा दुई स्थानमा (मुख्य सडकमा रहेको प्रवेशद्वार र प्रस्तावित भवनको पछाडी। ध्वनिको गुणस्तर मापन गरिनेछ।

छ. भौगर्भिक अनुसन्धान : स्थलगत अध्ययन तथा अवलोकन गरि चेकलिस्टको र भौगर्भिक नक्साको आधारमा आयोजना स्थलको माटोको प्रकार, चट्टानको प्रकार, आयोजना क्षेत्र तथा नजिकमा रहेका

खनीज पदार्थहरु भौगर्भिक संरचनाहरुको गठनको र भूमिगत पानीको सतह, आदी बारेमा तथ्यांक सकलन गरि विश्लेषण गरिनेछ।

ज. निजि र सर्वजनिक सम्पतिहरु : स्थलगत अध्ययन/अवलोकन गरि आयोजना निर्माणको क्रममा क्षती हुने वा प्रभावित हुने निजि घर/संरचना तथा सार्वजनिक पुर्वाधार/संरचनाहरु जस्तै:-विद्युतीय पोल, टेलिफोन पोल, पानीको धारा आदिको टिपोट गरि सूचीकरण गरिनेछ।

झ. अन्य : यसका अतिरिक्त टोलीले स्थानीय वासिन्दाहरुसँग त्यस क्षेत्रको भौतिक अवस्था खास गरेर फोहोरमैला व्यवस्थापन पद्धति, चट्टान, माटोको अवस्था बारे समूहगत छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्नसक्ने सम्भावित प्रभावका बारेमा समेत जानकारी संकलन गरिनेछ।

३.३.२ जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य

आयोजना क्षेत्रको स्थलगत अवलोकन तथा अध्ययन गरी निम्न विधिद्वार जैविक वातावरण सम्बन्धी तथ्याङ्क/ सूचना संकलन गरिनेछ।

क। वनस्पती

प्रस्ताव कार्यान्वयन गरिने क्षेत्रमा पाईने वनस्पतिका प्रजातिहरु (रुख, घाँस, झाडी, सुट्यान र मिसाहा) प्रजातिहरुको विवरण, उपलब्धता र स्थितिको बारेमा जानकारीहरु लिन अध्ययन टोलीद्वारा स्थलगत अवलोकन गरिनुका साथै आयोजना नजिकका स्थानीयहरुसँग समूहगत छलफल गरी प्राप्त गरिनेछ। परम्परागत रुपमा प्रयोग हुने वनस्पतिको पहिचान र तिनको उपयोगको सन्दर्भमा जानकारी प्राप्त गर्न अन्तर्वार्ता र समुहगत छलफल समेत संचालन गरिनेछ। आयोजना क्षेत्रमा पाइने वनस्पतीहरुको विवरण विवरण अनुसूची-२ (ख) बमोजिम टिपोट गरिनेछ। वनस्पतीहरु पहिचानको लागि निम्न अनुसार पुस्तकहरुको प्रयोग गरिनेछ।

- Rajbhandari, K. R., Rai, S. K. & Chhetri, R. (2021). A handbook of the flowering plants of Nepal, Volume-3, 331 pp. (including 131 plates). Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-8-7
- Rajbhandari, K.R., Joshi, L., Chhetri, R. & Khatri, S. (2020). A handbook of the gymnosperms of Nepal. Department of Plant Resources, Ministry of Forests and Environment, Kathmandu. ISBN: 978-9937-9248-7-0
- Shrestha, K., Bhandari, P. & Bhattarai, S. (2022). Plants of Nepal (Gymnosperms and Angiosperms). pp.102 and 48 colour plates. Heritage Publishers & Distributors Pvt.Ltd., Kathmandu, Nepal
- Rokaya, M.B., Sigdel, S.R., Kasaju, S.K. & Sherpa, La D. (2024). Plants of Kathmandu Valley: A Pictorial Guide. 2024. illus. (col.). VIII, 500 p.

ख. वन्यजन्तु विवरण (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप):

द्वितिय स्रोतका तथ्यांकहरुको पुनरावलोकन, आयोजना प्रभावित क्षेत्रको स्थलगत अध्ययन र अवलोकन, आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुसंग समुहगत छलफल, आयोजना प्रभावित क्षेत्रका मुख्य जानकार व्यक्तिहरुसँग छलफल आदि गरी आयोजना क्षेत्रमा पाईने वन्यजन्तु (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप) को प्रजाति, संरक्षित वन्यजन्तु सम्बन्धी तथ्यांक संकलन गरिनेछ। वन्यजन्तु (स्तनधारी, चरा, जलचर, उभयचर, अभयचर, सरीसृप) पहिचानको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्रकाशित Birds of Nepal: An Official Checklist, 2022 र The Status of Nepal's Mammals: The National Red List Series पुस्तकहरुको प्रयोग गरिने छ।

